अध्यक्ष माओ त्सेतुङ्का उद्धृत उक्तिहरू

★

सबै देशका मजदूरहरू हो, एकगठ होऊ!

अध्यक्ष माओ त्सेतुङका उद्धृत उक्तिहरू

★

विदेशी भाषा प्रेस
पेकिङ १९७२

जन-गणतन्त्र चीनमा मुद्रित

विषय-सूची

१. कम्युनिस्ट पार्टी — १
२. वर्गहरू र वर्ग-सङ्घर्ष — ६
३. समाजवाद र साम्यवाद — २६
४. जनताका अन्तरविरोधहरूको सही सन्चालन — ५१
५. युद्ध र शान्ति — ६६
६. साम्राज्यवाद र सबै प्रतिक्रियावादी कागतका बाघ हुन् — ८२
७. सङ्घर्ष गर्ने आँट गर र जित्ने आँट गर — ९४
८. जन-युद्ध — १०१
९. जन-सेना — ११५
१०. पार्टी-समितिहरूको नेतृत्व — १२०

११. जन-नीति १३५
१२. राजनैतिक काम १५३
१३. सेना-नायक र जवानहरूको सम्बन्ध १६६
१४. सेना र जनताको सम्बन्ध १७५
१५. तीन मुख्य क्षेत्रमा जनतन्त्र १८०
१६. शिक्षा र फौजहरूको तालीम १८६
१७. जनताको सेवा गर १६४
१८. देशभक्ति र अन्तरराष्ट्रियवाद १६६
१९. क्रान्तिकारी शून्याइँ २०६
२०. कड़ा मिहिनेत र फारोतिलो गरेर आफ्नो देश बनाउनु २१२
२१. स्वावलम्बन र गाह्रो सङ्घर्ष २२०
२२. विचार गर्ने काइदा र काम गर्ने काइदा २३०
२३. जाँचबुझ र अध्ययन २६१
२४. गलत विचारहरूलाई सच्याउनु २६६
२५. एकता २८४
२६. अनुशासन २८७
२७. आलोचना र स्व-आलोचना २६२
२८. कम्युनिस्ट ३०४
२९. कार्यकर्ता ३१३
३०. युवक ३२६
३१. महिला ३३२
३२. संस्कृति र कला ३३८
३३. अध्ययन ३४४

१. कम्युनिस्ट पार्टी

हाम्रो कार्यमा नेतृत्व गर्ने केन्द्रीय शक्ति चिनियाँ कम्युनिस्ट पार्टी हो ।

हाम्रो विचारधारालाई निर्देशन गर्ने सैद्धान्तिक आधार मार्क्सवाद-लेनिनवाद हो ।

जन-गणतन्त्र चीनको प्रथम राष्ट्रिय जन-कांग्रेसको प्रथम अधिवेशनमा दिइएको उद्घाटन-भाषण (सेप्टेम्बर १५, १९५४)

क्रान्ति हुनु छ भने क्रान्तिकारी पार्टी हुनैपर्छ । क्रान्तिकारी पार्टी बिना, मार्क्सवादी-लेनिनवादी क्रान्तिकारी सिद्धान्त र क्रान्तिकारी पद्धति अनुसार बनेको पार्टी बिना, साम्राज्यवाद तथा यसका दलालहरूलाई

पराजित गर्न मजदूर-वर्ग र विशाल जन-समुदायलाई नेतृत्व गर्नु असम्भव छ।

"संसारका क्रान्तिकारी शक्तिहरू एकगठ होऊ, साम्राज्यवादी आक्रमणका विरुद्ध जुध!" (नभेम्बर १९४८)

चिनियाँ कम्युनिस्ट पार्टीका प्रयत्नहरू बिना, चिनियाँ जनताका प्रधान अवलम्बन चिनियाँ कम्युनिस्टहरू बिना, चीन कहिले पनि स्वाधीन र मुक्त हुनसक्तैन, न त चीनको औद्योगीकरण र यसको कृषिको आधुनिककरण नै हुनसक्छ।

"संयुक्त सरकारका विषयमा" (अप्रिल २४, १९४५)

चिनियाँ कम्युनिस्ट पार्टी समस्त चिनियाँ जनताको नेतृत्वको केन्द्रीय शक्ति हो। यो शक्ति बिना, समाजवादको उद्देश्य विजयी हुन सक्तैन।

चीनको नयाँ जनवादी युवक-सङ्घको तेस्रो राष्ट्रिय महाधिवेशनका प्रतिनिधिहरूसितको सामान्य भेटघाट-समारोहमा प्रवचन (मे २५, १९५७)

मार्क्सवाद-लेनिनवादको सिद्धान्तबाट सुसज्जित, स्व-आलोचनाको पद्धतिलाई अँगालेको र जन-समूहसँग गाँसिएको अनुशासनबद्ध पार्टी; यस्तो पार्टीको नेतृत्वका मातहतमा सेना; यस्तो पार्टीको नेतृत्वका अन्तर्गत सबै क्रान्तिकारी वर्ग र सबै क्रान्तिकारी डफ्फाहरूको संयुक्त मोर्चा — यिनै तीन मुख्य हतियार हुन् जसबाट हामीले शत्रुलाई हरायौं।

"जनताको जनवादी अधिनायकत्वका विषयमा" (जून ३०, १९४९)

हामीले जनतामा विश्वास गर्नैपर्छ र हामीले पार्टीमा विश्वास गर्नैपर्छ। यी दुइ मूलभूत सिद्धान्त हुन्। हामीले यी सिद्धान्तमा शङ्का गऱ्यौं भने हामी केही पनि गर्न सक्नेछैनौं।

"कृषि-सहयोगको प्रश्नका विषयमा" (जुलाई ३१, १९५५)

मार्क्सवादी-लेनिनवादी सिद्धान्त र विचारधाराले सुसज्जित भएर चिनियाँ कम्युनिस्ट पार्टीले चिनियाँ

जनतामा नयाँ कार्य-शैली ल्याइदिएको छ जसमा मुख्यतया सिद्धान्तलाई व्यवहारसित मिलाउने, जन-समुदायसँग घनिष्ठ सम्बन्ध स्थापित गर्ने र स्व-आलोचनाको व्यवहार गर्ने पद्धतिहरू छन्।

"संयुक्त सरकारका विषयमा" (अप्रिल २४, १९४५)

क्रान्तिकारी सिद्धान्त तथा इतिहासको ज्ञान र व्यावहारिक आन्दोलनको गहिरो ज्ञान नहोउन्जेल कुनै राजनैतिक दलले पनि महान् क्रान्तिकारी आन्दोलनलाई विजयतर्फ लैजानु सम्भव छैन।

"राष्ट्रिय युद्धमा चिनियाँ कम्युनिस्ट पार्टी-को भूमिका" (अक्टोबर १९३८)

जस्तो कि हामी भन्ने गर्थ्यौं, शुद्धिकरण-आन्दोलन "मार्क्सवादी शिक्षाको व्यापक आन्दोलन" हो। शुद्धिकरण भनेको पूरा पार्टीले आलोचना र स्व-आलोचनाद्वारा मार्क्सवादको अध्ययन गर्नु हो। शुद्धि-

करण-आन्दोलनको क्रममा हामी निश्चय नै मार्क्स-वादबारे बर्ता कुरा सिक्न पाउँछौं।

"चिनियाँ कम्युनिस्ट पार्टीको प्रचार-कार्य सम्बन्धी राष्ट्रिय सम्मेलनमा भाषण" (मार्च १२, १९५७)

चीनका करोड़ौं जनताको निम्ति सुन्दरतर जीवन-को व्यवस्था मिलाउनु, र आर्थिक तथा सांस्कृतिक रूपले पछि परेको हाम्रो देशलाई उच्च सांस्कृतिक स्तर भएको समृद्ध र शक्तिशाली राष्ट्र बनाउनु सारै गाह्रो काम हो। र वास्तवमा यसै अभिभा-रालाई बर्ता कुशलताका साथ वहन गर्न र उच्च आकाङ्क्षाबाट प्रेरित भएर सुधार ल्याउन कम्मर कसेका पार्टी बाहिरका व्यक्तिहरूसँग पनि संयुक्त भएर समान रूपले काम गर्न हामीले अहिले र भवि-ष्यमा पनि यस्तो शुद्धिकरण-आन्दोलन चलाउनुपर्छ, र कुनै किसिमको अनुचित वा गलत कुराबाट आफू-लाई बराबर मुक्त पारिरहनुपर्छ।

उपर्युक्त

नीति नै क्रान्तिकारी पार्टीका समस्त व्यावहारिक कारवाईहरूको आरम्भ-विन्दु हो र त्यस पार्टीका कामहरूको क्रममा र तिनका अन्तिम परिणाममा नै यो नीति प्रकट हुन्छ। कुनै काम गर्दा पनि क्रान्तिकारी पार्टीले कुनै न कुनै नीतिलाई लागू गरिरहेकै हुन्छ। यसले ठीक नीति लिएर चलेको छैन भने, यसले गलत नीति लिइरहेको हुन्छ ; कुनै नीतिलाई यसले सचेत भएर लागू गरिरहेको छैन भने, यसले त्यस नीतिलाई आँखा चिम्लेर लागू गरिरहेको हुन्छ। कुनै नीतिलाई लागू गर्ने क्रम र त्यसबाट निस्कने परिणामलाई नै हामी अनुभवको संज्ञा दिन्छौं। जनताले गर्ने व्यवहार-बाट नै, अर्थात्, अनुभवद्वारा नै हामी कुनै नीति ठीक छ वा छैन भनेर पत्ता लगाउँछौं र यो कतिसम्म ठीक वा बेठीक छ भन्ने कुरा पनि ठम्याउन सक्छौं। तर मानिसहरूको व्यवहार, खास गरेर क्रान्ति-कारी पार्टी र क्रान्तिकारी जन-समूहको व्यवहार, कुनै न कुनै नीतिसँग अवश्य सम्बन्धित हुन्छ। त्यसैले कुनै कारवाई गर्नुभन्दा अघि हामीले पार्टीका सदस्य-हरू र जन-समूहलाई कुनै खास परिस्थितिमा हामीले

यस्तो नीति किन बनायौं भन्ने कुरा स्पष्ट गरिदिनु आवश्यक छ। नत्र भने पार्टीका सदस्य र जन-समूह हाम्रो नीति-निर्देशनबाट अलग्गिन पुग्नेछन्, आँखा चिम्लेर काम गर्नेछन् र गलत नीति लिएर चल्ने छन्।

"उद्योग-वाणिज्य सम्बन्धी नीतिका विष-यमा" (फरवरी २७, १९४८)

हाम्रो पार्टीले चिनियाँ क्रान्तिका सामान्य दिशा र सामान्य नीतिका साथै कामका लागि अनेकौं विशेष दिशा र विशेष नीतिहरूको निर्धारण गरेको छ। तैपनि हाम्रा धेरै कामरेडहरू हाम्रो पार्टी-कार्यका निम्ति विशेष दिशाहरू र विशेष नीतिहरूलाई सम्झि-राख्छन् भने पार्टीका सामान्य दिशा र सामान्य नीतिलाई उनीहरू बेला-बेलामा बिर्सिदिन्छन्। हामीले पार्टीका सामान्य दिशा र सामान्य नीतिलाई साँच्ची नै बिर्सिदियौं भने हामी मूढ़, अधकल्चा र अल्मलि-एका क्रान्तिकारी हुनेछौं, र कामको विशेष दिशा र

विशेष नीति कार्यान्वित गर्दा बिराउनेछौं र कहिले वामपन्थी तथा कहिले दक्षिणपन्थी धरमरमा पर्नेछौं, र काममा हानि हुनेछ।

"शान्सी-सुइयुग्रान मुक्त क्षेत्रका कार्यकर्ता-हरूको सम्मेलनमा भाषण" (अप्रिल १, १९४८)

नीति र कार्य-नीति पार्टीका ज्यान हुन्; सबै स्तरका नेता-कामरेडहरूले यसबारे पूरा ध्यान दिनैपर्छ र कुनै हालतमा पनि यसबारे लापरवाही गर्नुहुन्न।

"परिस्थितिका विषयमा परिपत्र" (मार्च २०, १९४८)

२. वर्गहरू र वर्ग-संघर्ष

वर्गहरू सङ्घर्ष गर्छन्, केही वर्ग विजय पाउँछन्, अरूहरू निर्मूल हुन्छन्। इतिहास यस्तै छ, सभ्यताको हजारौं वर्षको इतिहास यस्तै छ। यस दृष्टिबाट इतिहासको व्याख्या गर्नु नै ऐतिहासिक भौतिकवाद हो; यस दृष्टिको विपरीत उभिने विचारधारा ऐतिहासिक आदर्शवाद हो।

"भ्रमहरूलाई मिल्काऊ, सङ्घर्षको तयारी गर" (अगस्ट १४, १९४९)

वर्गीय समाजमा हरेक मान्छे कुनै न कुनै विशेष वर्गको सदस्य भएर रहन्छ, र बिना कुनै अपवादले, हरेक किसिमको विचारमा विशिष्ट वर्गको छाप परेकै हुन्छ।

"व्यवहारका विषयमा" (जुलाई १९३७)

मुख्यतया समाजका भित्री अन्तरविरोधहरूको विकासबाट नै समाजमा परिवर्तनहरू हुन्छन्, अर्थात्, उत्पादक शक्तिहरू र उत्पादनका सम्बन्धहरूका बीचको अन्तरविरोध, वर्गहरूका बीचको अन्तरविरोध, पुराना र नौलाका बीचको अन्तरविरोध ; यिनै अन्तरविरोधहरूको विकासले नै समाजलाई अगाड़ि बढ़ाउँछ र पुरानो समाजमाथि नौलो समाजको विजयको निम्ति यो भित्री प्रेरक-शक्ति बन्छ ।

"अन्तरविरोधका विषयमा" (अगस्ट १९३७)

किसानहरूमाथि जमीनदार वर्गद्वारा गरिएको निर्मम आर्थिक शोषण र राजनैतिक अत्याचारले गर्दा उनीहरूको शासनका विरोधमा किसानहरूले अनेकौं पल्ट विद्रोह गरेर उठ्न कर लाग्यो।... चीनको सामन्ती समाजमा किसानहरूद्वारा गरिएका यस्तै वर्ग-सङ्घर्षहरू, किसान-विद्रोह र किसान-युद्धहरू नै ऐतिहासिक विकासका सच्चा प्रेरक-शक्ति थिए।

"चिनियाँ क्रान्ति र चिनियाँ कम्युनिस्ट पार्टी" (डिसेम्बर १९३९)

आखिरमा गएर, जातीय सङ्घर्ष वर्ग-सङ्घर्षकै समस्या हो । अमेरिकामा पनि हब्सी जनतामाथि अत्याचार गर्ने प्रतिक्रियावादी शासक गुटका गोराहरू मात्रै हुन् । कुनै पनि हालतमा उनीहरू गोरा जनताका अधिकांश मजदूर, खेतीवाल, क्रान्तिकारी बुद्धिजीवी समुदाय र अरू चेतनशील व्यक्तिहरूको प्रतिनिधित्व गर्दैनन् ।

"अमेरिकाली साम्राज्यवादले चलाएको जातीय भेदभावको विरुद्ध न्यायोचित सङ्घर्ष गरिरहेका अमेरिकाली हब्सीहरूको समर्थनमा दिइएको वक्तव्य" (अगस्ट ८, १९६३)

जनतालाई सङ्गठित गर्नुपर्ने कुरा हामीमा निर्भर छ। जहाँसम्म चीनका प्रतिक्रियावादीहरूको सवाल छ तिनीहरूलाई उखेलेर फ्याँक्न जनतालाई सङ्गठित गर्नुपर्ने कुरा हामीमा नै निर्भर छ। सबै प्रतिक्रियावादीहरू उस्तै हुन्छन्, तपाईंले नहिर्काउन्जेल उनीहरू खस्दैनन्। यो आँगन बढ़ार्नु जस्तै हो। यो त

स्वाभाविकै छ, जहाँ कुचो पुग्दैन, त्यहाँको कसिङ्गर आफैं बिलाउँदैन ।

"जापानी आक्रमण-विरोधी युद्धमा विजय प्राप्त भएपछिको स्थिति र हाम्रो नीति" (अगस्ट १३, १९४५)

शत्रु आफूखुशी नाश भएर जाँदैन । चिनियाँ प्रतिक्रियावादीहरू हुन् अथवा चीनमा अमेरिकाली साम्राज्यवादका आक्रामक शक्तिहरू हुन् – कोही पनि आफैं राजीखुशी भएर इतिहासको मन्चबाट तल ओर्लने छैनन् ।

"क्रान्तिलाई आखिरसम्म बढ़ाउँदै लैजाऊ" (डिसेम्बर ३०,१९४८)

क्रान्ति भनेको भोज-भतेर होइन, न लेख लेख्नु हो, न चित्रकारी गर्नु हो, न त कारचोपी भर्नु हो, यो त्यति परिस्कृत हुंदैन, यो त्यति सुविस्ताको र नम्र हुंद्रैन, यो त्यति शान्त, दयालु, शिष्ट, संयमित र उदार हुंदैन । क्रान्ति भनेको विद्रोह हो, हिंसाद्वारा गरिने

यस्तो क्रिया हो जसबाट एउटा वर्गले अर्को वर्गलाई पल्टाइदिन्छ ।

"हुनानको किसान-आन्दोलन सम्बन्धी जाँचको रिपोर्ट" (मार्च १९२७)

च्याङ काइ-शेक सधैं जनताबाट शक्तिको एक-एक तोला र फाइदाको एक-एक टुक्रा खोस्न चाहन्छ । र हामी नि ? उसलाई ईंटको सट्टा ढुङ्गाको जबाफ दिनु, र एकेक इन्च भूईंको निम्ति लड्नु चाहिं हाम्रो नीति हो । हामीहरू उ जस्तो गर्छं, त्यही अनुसार नै चल्छौं । एउटा तरवार दाहिने हातमा र अर्को तरवार देब्रे हातमा लिएर उ सधैं जनतामाथि युद्ध थोपर्ने प्रयत्न गर्छ । उसैको सिको गरेर हामी पनि तरवार लिन्छौं । . . . जसरी च्याङ काइ-शेक अहिले आफ्नो तरवारलाई धारिलो पार्दैछ, त्यसै गरी हामीले पनि आफ्नो तरवारलाई धारिलो पार्नैपर्छ ।

"जापानी आक्रमण-विरोधी युद्धमा विजय प्राप्त भएपछिको स्थिति र हाम्रो नीति" (अगस्ट १३, १९४५)

हाम्रा शत्रुहरू को हुन् ? हाम्रा साथीहरू को हुन् ? क्रान्तिको निम्ति यो प्रमुख प्रश्न हो। चीनमा अघि अघि भएका सबै क्रान्तिकारी सङ्घर्षहरूले किन त्यति थोरै उपलब्धि प्राप्त गरे भन्ने कुराको मूल कारण आफ्ना सच्चा शत्रुहरूमाथि आक्रमण गर्न आफ्ना सच्चा साथीहरूलाई एकगठ तुल्याउने काममा तिनको असफलता हो। क्रान्तिकारी पार्टी भनेको जनताको पथ-प्रदर्शक हो, र क्रान्तिकारी पार्टीले उनीहरूलाई गलत बाटोमा लग्छ भने कुनै क्रान्ति पनि कहिल्यै सफल हुन सक्तैन। हामीले आफ्नो क्रान्तिमा जनतालाई गलत बाटोमा लग्ने होइन भने र अवश्य नै विजय पाउने हो भने हामीले आफ्ना सच्चा साथीहरूलाई एकगठ पारेर सच्चा दुश्मनमाथि आक्रमण गर्नुपर्छ भन्ने कुरामा अवश्य नै ध्यान दिनुपर्छ। सच्चा मित्रलाई सच्चा दुश्मनबाट छुट्याउन हामीले चिनियाँ समाजका विभिन्न वर्गहरूको आर्थिक स्थिति र क्रान्तिप्रति तिनीहरूका आ-आफ्ना दृष्टिकोणबारे सामान्य विश्लेषण गर्नैपर्छ।

"चिनियाँ समाजका वर्गहरूको विश्लेषण"
(मार्च १९२६)

साम्राज्यवादसँग मिले-मतो गर्ने युद्ध-सरदारहरू, नोकरशाहहरू, दलाल-पूंजीपति-वर्ग, ठूलो जमीनदार-वर्ग र उनीहरूको अधीनमा रहेको प्रतिक्रियावादी बुद्धिजीवी समुदाय सबै हाम्रा दुश्मन हुन्। हाम्रो क्रान्तिको नेतृत्वदायी शक्ति चाहिं औद्योगिक सर्वहारा-वर्ग हो। हाम्रा सबभन्दा नजीकका साथी सबै अर्ध-सर्वहारा-वर्ग र निम्न-पूंजीपति-वर्ग हुन्। जहाँसम्म ढलमलाउने मध्यम-पूंजीपति-वर्गको कुरा छ, त्यसको दक्षिणपन्थी भाग हाम्रो शत्रु हुनसक्छ र त्यसको वामपन्थी भाग हाम्रो मित्र हुनसक्छ—तर हामीले सधैं उनीहरूप्रति सतर्क भएरै बस्नुपर्छ र हाम्रो मोर्चामा उनीहरूलाई भ्रम फिंजाउन कहिल्यै दिनुहुन्न।

उपर्युक्त

क्रान्तिकारी जनतापट्टि जो लाग्छ उही नै क्रान्तिकारी हो। जो साम्राज्यवाद, सामन्तवाद, नोकरशाही पूंजीवादको पक्ष लिन्छ, त्यो चाहिं प्रतिक्रान्तिकारी हो। जो मुखले मात्र क्रान्तिकारी जनतापट्टि लाग्छ

तर काम भने अर्कै किसिमको गर्छ त्यो बोलीमा मात्र क्रान्तिकारी हो। जो वचनका साथसाथै काममा पनि क्रान्तिकारी जनताको पक्ष लिन्छ, उ नै साँचो अर्थमा क्रान्तिकारी हो।

चिनियाँ जनताको राजनैतिक सल्लाहकार-सम्मेलनको प्रथम राष्ट्रिय समितिको दोस्रो बैठकमा विसर्जन-भाषण (जून २३, १९५०)

मेरो विचारमा कुनै व्यक्ति, राजनैतिक पार्टी, सेना वा स्कूलको दुश्मनबाट विरोध गरिएको छैन भने यो हाम्रो निम्ति नराम्रो कुरा हो, किनभने त्यस स्थितिमा हामीहरू दुश्मनकै दर्जामा खसिसकेका रहेछौं भन्ने कुरा पक्का बुझिन्छ। दुश्मनबाट हाम्रो विरोध गरिएको छ भने त्यो राम्रो कुरा हो, किनभने त्यसले यो कुरा प्रमाणित गर्छ—हामीले शत्रु र हाम्रा माझमा रहेको भिन्नताको स्पष्ट रेखा कोरेका रहेछौं। हाम्रो शत्रुले हाम्रो झन् बेसरी विरोध गर्छ र हाम्रो एउटा पनि असल कुरा नदेखाएर हामीलाई बिल्कुलै नराम्रो रूपमा चित्रित गर्छ भने त यो झन् बेश कुरा हो। यसले के देखाउँछ भने हामीले शत्रु र हाम्रा माझमा रहेको भिन्नताको स्पष्ट रेखामात्र कोरेका रहेनछौं, हामीले आफ्नो काममा निकै ठूलो उपलब्धि समेत पाइसकेका रहेछौं।

"शत्रुबाट विरोध गरिनु नराम्रो कुरा होइन, राम्रो कुरा हो" (मे २६, १९३९)

शत्रुले जुन-जुन कुराको विरोध गर्छ, त्यस-त्यस कुराको हामीले समर्थन गर्नुपर्छ र उसले जुन-जुन कुराको समर्थन गर्छ, त्यस-त्यस कुराको हामीले विरोध गर्नुपर्छ।

"केन्द्रीय संवाद-समिति, साओ ताङ पाओ र सिन मिन पाओका तीन संवाददाताहरूसँग अन्तरवार्ता" (सेप्टेम्बर १६, १९३९)

हामी सर्वहारा-वर्ग र जनताको पक्ष लिन्छौं। कम्युनिस्ट पार्टीका सदस्यहरूको निम्ति यसको माने

पार्टीको अड़ान, पार्टीको भावना र पार्टीको नीतिका अनुकूल हिंड्नु हो।

"साहित्य र कला सम्बन्धी येनान-गोष्ठीमा प्रवचन" (मे १९४२)

बन्दूकधारी शत्रुहरू सिद्धिइसकेपछि पनि बन्दूक-विहीन शत्रुहरू बांकी नै रहन्छन्। उनीहरूले हाम्रो विरुद्ध सकेसम्म सङ्घर्ष गर्नेछन् र हामीले यी शत्रु-हरूलाई कहिल्यै साना ठान्नुहुंदैन। हामी यी समस्या-हरूलाई अहिले उठाउन्नौं र यस रूपमा बुझ्दैनौं भने पछि हामीबाट हुनुसम्म भयङ्कर भूलहरू हुनजा-नेछन्।

"चिनियाँ कम्युनिस्ट पार्टीको सातौं केन्द्रीय समितिको दोस्रो प्लेनममा रिपोर्ट" (मार्च ५, १९४९)

साम्राज्यवादीहरू र राष्ट्रिय प्रतिक्रियावादीहरूले अवश्य पनि आफ्ना हारबाट चेत्तैनन्, र उनीहरू

आखिरी सास रहुन्जेलसम्म पनि जुधिरहनेछन्। मुलुकभरिमा शान्ति र सुव्यवस्था स्थापित भैसकेपछि पनि उनीहरू तोड़फोड़ गर्ने र अशान्ति मचाउने काममा विभिन्न किसिमबाट लागिनैरहनेछन् र हरेक दिन तथा हरेक मिनेट चीनमा आफ्नो शासन-को पुनर्प्राप्तिका लागि प्रयत्न गरिनैरहनेछन्। यो हुन्छ हुन्छ र यसमा कुनै शङ्का छैन। त्यसैले कुनै हालतमा पनि हामीले अलिकति पनि आफ्नो सतर्क-ता छोड्नुहुंदैन।

चिनियाँ जनताको राजनैतिक सल्लाहकार-सम्मेलनको प्रथम प्लेनममा उद्घाटन-भाषण (सेप्टेम्बर २१, १९४९)

चीनमा जहाँसम्म स्वामित्व-व्यवस्थाको प्रश्न छ, यद्यपि धेरै अंशमा समाजवादी रूपान्तर पूरा भैस-केको छ, र अघिका क्रान्तिकारी समयमा बरोबर भइरहने जनताका ठूल्ठूला र भयङ्कर वर्ग-सङ्घर्षहरू आज यद्यपि धेरै अंशमा समाप्तप्राय: भइसकेका छन्, तैपनि उखेलिएको जमीनदार वर्ग र दलाल-पूंजीपति

वर्गका अवशेषहरू बाँकी नै छन्, पूंजीपति वर्ग अझै बाँकी छ र निम्न पूंजीपति-वर्गलाई सुधार्ने काम भर्खरै हुनथालेको छ। वर्ग-सङ्घर्ष कुनै पनि अर्थमा समाप्त भैसकेको छैन। सर्वहारा-वर्ग र पूंजीपति-वर्गका बीचको वर्ग-सङ्घर्ष, विभिन्न राजनैतिक शक्तिहरूका बीचको वर्ग-सङ्घर्ष र सर्वहारा-वर्ग र पूंजीपति-वर्गका बीच विचारधाराको क्षेत्रमा हुने वर्ग-सङ्घर्षहरू लामा तथा जटिल नै भैरहनेछन् र कहिलेकाहीं त ती ज्यादै तीव्र पनि हुन जानेछन्। सर्वहारा वर्गले आफ्नै विश्व-दृष्टिकोण अनुसार संसारलाई फेर्न खोज्छ, र पूंजीपति वर्गले पनि त्यसै गर्न खोज्छ। यस विषयमा, समाजवादले जित्ने हो कि पूंजीवादले भन्ने सवाल वास्तवमा अझै राम्ररी टुंगिन सकेको छैन।

"जनताका अन्तरविरोधहरूको सही सन्चालनका विषयमा" (फरवरी २७, १९५७)

हाम्रो मुलुकमा समाजवाद र पूंजीवादको बीच हुने विचारधारात्मक सङ्घर्षको विषयलाई समाधान

गर्न निकै लामो समय लाग्नेछ। यसको कारण के हो भने पूंजीपति वर्ग र पुरानो समाजबाट आएका बुद्धिजीवीहरूको प्रभाव अझै धेरै दिनसम्म हाम्रो मुलुकमा कायमै रहनेछ, र तिनका वर्गीय विचारधाराहरू पनि कायमै रहनेछन्। यो कुरा राम्ररी बुझिएन वा बिल्कुलै बुझिएन भने हुनसम्म भयङ्कर भूलहरू हुनजानेछन् र विचारधारात्मक क्षेत्रमा चलाउनुपर्ने सङ्घर्षको आवश्यकताप्रति वास्ता गरिनेछैन।

उपर्युक्त

हाम्रो मुलुकमा पूंजीवादी र निम्न पूंजीवादी विचारधारा, मार्क्सवाद-विरोधी विचारधारा अझै धेरै वर्षसम्म कायम रहनेछन्। मूलतः समाजवादी व्यवस्था हाम्रो देशमा स्थापित भैसकेको छ। हामीले उत्पादनका साधनहरूको स्वामित्वको हेरफेर गर्ने मूलभूत कुराबारे विजय पाइसकेका छौं, तर राजनैतिक तथा विचारधारात्मक मोर्चाहरूमा भने अझै हामीले पूर्ण विजय पाइसकेका छैनौं। विचारधारात्मक क्षेत्रमा, सर्वहारा वर्ग र पूंजीपति वर्गका बीच

चलिरहेको सङ्घर्षमा कल्ले जित्ने हो भन्ने सवाल अझै साँचो अर्थमा टुङ्गिइसकेको छैन । पूंजीवादी र निम्न पूंजीवादी विचारधाराहरूका विरुद्ध हामीले अझै दीर्घकालीन सङ्घर्ष चलाउनु छ। यो कुरा नबुझ्नु र विचारधारात्मक सङ्घर्षलाई त्यसै छाड़िदिनु गलत हुनजान्छ । सबै गलत विचारहरू, सबै विषालु झारपातहरू, सबै भूतप्रेत र राक्षसहरूलाई खण्डनको विषय तुल्याउनैपर्छ ; कुनै हालतमा पनि उनीहरूलाई निर्विरोध भएर फैलिन दिनुहुंदैन । त्यसो भए तापनि खण्डन चाहिं युक्तिसङ्गत, विश्लेषणात्मक र चित्तबुझ्दो हुनुपर्छ, अशिष्ट, नोकरशाही, आध्यात्मिक वा कट्टर होइन।

"चिनियाँ कम्युनिस्ट पार्टीको प्रचार-कार्य सम्बन्धी राष्ट्रिय सम्मेलनमा भाषण" (मार्च १२, १९५७)

कट्टरतावाद र संशोधनवाद दुवै मार्क्सवादका विपरीत जान्छन् । मार्क्सवाद अवश्य नै अगाड़ि बढ्-

नेछ, व्यवहारको विकासका साथसाथै यसको पनि विकास हुंदैजानेछ र यो ठिङ्ग उभिइरहन सक्तैन । स्थिर र अपरिवर्तनशील हुन थाल्यो भने यो निर्जीव हुनजानेछ। तैपनि मार्क्सवादका मूलभूत सिद्धान्तहरूको उल्लङ्घन कदापि गर्नुहुंदैन, नत्रभने भूलहरू हुन जानेछन् । मार्क्सवादलाई अवस्तुवादी दृष्टिकोणले हेर्नु र यो सधैं स्थिर रहन्छ भन्ने ठान्नु कट्टरतावाद हो । मार्क्सवादका मूलभूत सिद्धान्तहरूलाई नमान्नु, र यसको सार्वभौमिक सत्यलाई नकारात्मक रूपले हेर्नु संशोधनवाद हो । संशोधनवाद पूंजीवादी विचारधाराकै एउटा रूप हो । संशोधनवादीहरू समाजवाद र पूंजीवादका बीचमा रहेका विभिन्नताहरूलाई र सर्वहारा वर्गको अधिनायकत्व र पूंजीपति वर्गको अधिनायकत्वका बीच रहेका विभिन्नतालाई अस्वीकार गर्छन् । वास्तवमा उनीहरू समाजवादी दिशाको होइन, पूंजीवादी दिशाकै वकालत गर्छन् । हिजोआजको परिस्थितिमा कट्टरतावाद भन्दा संशोधनवाद ज्यादा हानिकारक छ। संशोधनवादको आलोचना गरेर यसको भित्री रूप छर्लङ्ग पारिदिने

काम हाल विचारधारात्मक क्षेत्रमा हामीले गर्नुपर्ने महत्वपूर्ण कामहरूमध्ये एक हो।

उपर्युक्त

संशोधनवाद वा दक्षिणपन्थी अवसरवाद पूंजीवादी ढङ्गको विचार-प्रवृत्ति हो र यो कट्टरतावादभन्दा पनि ज्यादा डरलाग्दो हुन्छ। संशोधनवादीहरू र दक्षिणपन्थी अवसरवादीहरू मुखले मात्र मार्क्सवादी हुन् ; तिनीहरू पनि "कट्टरतावाद" को विरोध गर्छन्। तर उनीहरू वास्तवमा मार्क्सवादका मूलभूत सिद्धान्तकै विरोध गरिरहन्छन्। उनीहरू भौतिकवाद र द्वन्दवादको विरोध गर्छन् वा तिनलाई विकृत पार्छन्, जनताको जनवादी अधिनायकत्वको र कम्युनिस्ट पार्टीको नेतृत्वदायी भूमिकाको विरोध गर्छन् वा यिनलाई कमजोर तुल्याउने कोशिश गर्छन्, र समाजवादी संक्रमण तथा समाजवादी निर्माणको विरोध गर्छन् वा तिनलाई कमजोर तुल्याउने प्रयत्न गर्छन्। हाम्रो मुलुकमा समाजवादी क्रान्तिको आधारभूत विजय भैसकेपछि पनि समाजमा केही यस्ता मानिसहरू अझै छन् जो पूंजीवादी व्यवस्थालाई पुनर्स्थापित गर्ने दुराशा लिन्छन्, र मजदूर-वर्गसँग विचारधारात्मक लगायत प्रत्येक मोर्चामा भिड़न्त गर्छन्। यस सङ्घर्षमा तिनका दाहिने हात बन्ने मानिस संशोधनवादीहरू नै हुन्छन्।

"जनताका अन्तरविरोधहरूको सही सन्चालनका विषयमा" (फरवरी २७, १९५७)

३. समाजवाद र साम्यवाद

साम्यवाद सर्वहारावादी विचारधाराको पूर्ण व्य-वस्था हुनाका साथै नौलो सामाजिक व्यवस्था पनि हो। यो कुनै पनि अरू विचारधारात्मक र सामाजिक व्यवस्थाहरूभन्दा बेग्लै छ, र यो मानव-इतिहासमा सबभन्दा पूर्ण, प्रगतिशील, क्रान्तिकारी र युक्तिस-ङ्गत व्यवस्था हो। सामन्तवादको विचारधारात्मक र सामाजिक व्यवस्था त अब इतिहासको अजायब-घरमा मात्र रहेको छ। पूंजीवादको विचारधारात्मक-र सामाजिक व्यवस्था पनि संसारको एक भागमा (सोभियत सङ्घमा) अजायब-घरको एक चीज भइ-सकेको छ, र अरू देशहरूमा यो "छिट्छिटो डुब्दै-गइरहेको मरणशील मान्छे, पश्चिममा पहाड़पारि अस्ताउन लागेको सूर्य झैं" छ, र यसलाई छिटै,

अजायब-घरमा लगेर राखिनेछ। साम्यवादको विचारधारात्मक र सामाजिक व्यवस्था मात्रै आज सुन्दर जवानीले भरिभराउ छ र यो पहाड़ पन्छाउने र समुद्र पल्टाउने गति र वज्रको शक्ति लिएर संसारमा फिंजिदैछ।

"नौलो जनवादका विषयमा" (जनवरी १९४०)

आखिरमा गएर समाजवादी व्यवस्थाले पूंजीवादी व्यवस्थाको ठाउँ ओगट्नेछ; यो मान्छेको इच्छाभन्दा बाहिरको वस्तुगत नियम हो। प्रतिक्रियावादीहरू इतिहासका पाङ्ग्रालाई पछाड़ि घचेट्न जतिसुकै कोशिश गरून्, छिटो वा ढिलो क्रान्ति भइछाड्छ र यसले विजय पनि पाइछाड्छ।

"महान् अक्टोबर समाजवादी क्रान्तिको ४० सौं वार्षिकोत्सव समारोहमा सो०स० ग०सं०को सर्वोच्च सोभियतको सभामा भाषण" (नभेम्बर ६, १९५७)

हामी कम्युनिस्टहरू आफ्ना राजनैतिक दृष्टिकोण-लाई कहिले पनि लुकाउन्नौं। निश्चय नै र निस्सन्देह नै, हाम्रो भविष्यको वा सर्वोच्च कार्यक्रम चीनलाई समाजवाद र साम्यवादतिर अग्रसर गराउनु नै हो। हाम्रो पार्टीको नाउँ र हाम्रो मार्क्सवादी विश्व-दृष्टिकोण दुवैले स्पष्ट रूपमा भविष्यको यसै सर्वोच्च आदर्श – जसको उज्ज्वलता र सौम्यताको तुलनै हुन सक्तैन – तिर औंल्याउँछन्।

"संयुक्त सरकारका विषयमा" (अप्रिल २४, १९४५)

चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा चलिरहेको सम्पूर्ण चिनियाँ क्रान्तिकारी आन्दोलन जनवादी क्रान्ति र समाजवादी क्रान्तिका दुवै क्रम समेतको पूरै क्रान्तिकारी आन्दोलन हो। यी दुइ बिल्कुलै बेग्लै खालका क्रान्तिकारी क्रमहरू हुन्, र पहिलो क्रम पार गरिसकेपछि मात्र दोस्रो क्रम पार गर्न सकिनेछ। जनवादी क्रान्ति समाजवादी क्रान्तिको निम्ति

आवश्यक तयारी हो, र समाजवादी क्रान्ति जनवादी क्रान्तिको अनिवार्य परिणाम हो। सारा कम्युनिस्ट-हरूले जुन आखिरी उद्देश्यका लागि प्रयत्न गर्दछन् त्यो हो समाजवादी र साम्यवादी समाजको स्थापना।

"चिनियाँ क्रान्ति र चिनियाँ कम्यु-निस्ट पार्टी" (डिसेम्बर १९३९)

समाजवादी क्रान्तिको उद्देश्य उत्पादक शक्ति-हरूलाई मुक्त पार्नु हो। कृषि तथा घरेलु उद्योगमा व्यक्तिगत स्वामित्वबाट समाजवादी, सामूहिक स्वा-मित्वमा, र निजी उद्योग तथा वाणिज्यमा पूंजीवादी स्वामित्वबाट समाजवादी स्वामित्वमा हुने परिवर्तनले उत्पादक शक्तिहरूलाई बृहत् मुक्ति दिनु अवश्य-म्भावी छ। यसरी औद्योगिक र कृषि-उत्पादनको महान् विकासको निम्ति अहिले सामाजिक अव-स्थाहरू तयार पारिंदैछन्।

सर्वोच्च राजकीय सम्मेलनमा भाषण (जनवरी २५, १९५६)

हामी अहिले सामाजिक व्यवस्थामा, अर्थात्, निजीबाट सार्वजनिक स्वामित्वको परिवर्तनमा मात्र क्रान्ति गरिरहेका छैनौं, यसका साथै कालिगड़ीमा, अर्थात्, हस्तकला-उद्योगबाट विस्तृत स्तरको आधुनिक मेशीन उत्पादनको क्षेत्रतर्फ पनि हाम्रो क्रान्ति चलिरहेछ, र यी दुवै क्रान्ति एक अर्कासँग गाँसिएका छन् । कृषिमा, हाम्रो मुलुकमा अहिले जे-जस्तो स्थिति छ (पूंजीवादी मुलुकहरूमा खेतीको विकास पूंजीवादी किसिमबाटै हुन्छ), त्यो हेर्दा, ठूल्ठूला मेशीनहरू व्यवहार गर्नुभन्दा अघि हामीले परस्पर सहयोगको कार्यक्रम चलाउनुपर्छ । त्यसैले हामीले कहिले पनि उद्योग र कृषि, समाजवादी उद्योगीकरण र कृषिको समाजवादी रूपान्तरलाई दुइ बेग्लाबेग्लै र छुट्टाछुट्टै चीज हुन् भनेर ठान्नुहुन्न, र कुनै हालतमा पनि हामीले एउटालाई बेवास्ता गरेर अर्कोतिर मात्रै बल दिने काम गर्नुहुन्न ।

"कृषि-सहयोगको प्रश्नका विषयमा"
(जुलाई ३१, १९५५)

नयाँ सामाजिक व्यवस्था भर्खरै मात्र स्थापित भएको छ र यसले सुदृढ़ हुन समय लाग्नेछ। यो नयाँ व्यवस्था स्थापित हुने बित्तिकै सुदृढ़ पनि भइहाल्छ भन्ने कहिल्यै सम्झनुहुन्न, किनभने यो असम्भव छ। विस्तारै विस्तारै यसले सुदृढ़ बन्नु छ। यसको सुदृढ़ीकरणको अन्तिम उद्देश्यको पूर्तिका लागि मुलुकको समाजवादी औद्योगीकरण र आर्थिक मोर्चामा समाजवादी क्रान्तिको निम्ति निरन्तर मिहिनेत गर्नु मात्र आवश्यक छैन, राजनैतिक र विचारधारात्मक मोर्चाहरूमा समेत हामीले निरन्तर र कठोर समाजवादी क्रान्तिकारी सङ्घर्ष र समाजवादी शिक्षालाई अगाड़ि बढ़ाउँदै लैजानु पनि आवश्यक छ। अझ, यसका साथै अनेकौं अन्तरराष्ट्रिय स्थितिहरूको सहयोग पनि चाहिन्छ।

"चिनियाँ कम्युनिस्ट पार्टीको प्रचार-कार्य सम्बन्धी राष्ट्रिय सम्मेलनमा भाषण"
(मार्च १२, १९५७)

चीनमा समाजवादी व्यवस्थालाई सुदृढ़ पार्ने सङ्घर्ष, समाजवाद र पूंजीवादमा कसले आखिर जित्ने

हो भन्ने कुराको निष्कर्ष पाउन गरिने सङ्घर्ष अझै धेरै लामो ऐतिहासिक कालसम्म चलिरहनेछ। तर हामी सबैले यो कुरा बुझ्नुपर्छ ; समाजवादको यो नयाँ व्यवस्था निर्विवाद रूपले सुदृढ़ हुनेछ। हामीले आधुनिक उद्योग, आधुनिक कृषि, आधुनिक विज्ञान र आधुनिक संस्कृतिले सुसज्जित समाजवादी राष्ट्र बनाउनेछौं भन्ने कुरा निश्चित छ।

उपर्युक्त

हाम्रो राज्यप्रति द्रोह लिने बुद्धिजीवीहरूको संख्या ज्यादै थोरै छ। उनीहरू हाम्रो राज्यलाई, अर्थात्, सर्वहारा-वर्गको अधिनायकवादलाई मन पराउँदैनन् र उही पुरानै समाजको इच्छा गर्दछन्। जहिले जहिले उनीहरूले मौका पाउँछन्, उनीहरू सङ्कट खड़ा गरिदिएर कम्युनिस्ट पार्टीलाई उखेलेर फ्याँक्ने प्रयत्न गर्दछन् र उही पुरानै चीनलाई पुनर्स्थापित गर्न खोज्दछन्। सर्वहारा-वर्ग र पूंजीपति-वर्गका पथ-हरूमा, समाजवादी र पूंजीवादी पथहरूमा उनीहरू अड्डी लिएर पछिल्लै पथमा लाग्न खोज्छन्। वास्तवमा यो बाटो असम्भव छ, र वास्तवमा त्यसै कारणले उनीहरू साम्राज्यवाद, सामन्तवाद र नोकरशाही पूंजीवादका अगाड़ि घुँड़ा टेक्न तयार हुन्छन्। राजनैतिक क्षेत्रहरूमा, औद्योगिक तथा व्यापारिक, सांस्कृतिक तथा शैक्षिक, वैज्ञानिक तथा प्राविधिक, र धार्मिक क्षेत्रहरूमा यस्ता व्यक्तिहरूलाई भेट्टाउन सकिन्छ, र उनीहरू घोर प्रतिक्रियावादी हुन्।

उपर्युक्त

किसानहरूको शिक्षाको समस्या गम्भीर छ। किसानहरूको अर्थ-व्यवस्था छरिएको छ, र सोभियत सङ्घको अनुभवबाट विचार गर्दा कृषिको समाजीकरणको निम्ति लामो समय र सावधान कार्यको आवश्यकता छ। कृषिको समाजीकरण नभै, सम्पूर्ण र सुदृढ़ समाजवादको स्थापना हुन सक्तैन।

"जनताको जनवादी अधिनायकत्वका विषयमा" (जून ३०, १९४९)

हामीले विश्वास मान्नुपर्ने पहिलो कुरा हो — किसान जन-समूह पार्टीको नेतृत्वमा विस्तारै-विस्तारै समाजवादको बाटोतिर अघि बढ्न तम्सेका छन्, र दोस्रो कुरा के हो भने किसानहरूलाई यस बाटोतर्फ अग्रसर गराउन पार्टी सक्षम छ। यी दुइ कुरा वास्तविक तथ्यका मूलस्वरूप हुन्, मुख्य धारा हुन् !

"कृषि-सहयोगको प्रश्नका विषयमा"
(जुलाई ३१, १९५५)

सहयोग-समितिका नेतृत्वदायी अङ्गहरूले यी अङ्गभित्र रहेका गरीब किसानहरू र नयाँ निम्न मध्यम-वर्गीय किसानहरूलाई अधिकारयुक्त स्थान दिनैपर्छ र पुराना निम्न मध्यम-वर्गीय किसानहरू र उच्च मध्यम-वर्गीय किसानहरूलाई, चाहे ती पुराना हुन् वा नयाँ, पूरक शक्तिको रूपमा लिनैपर्छ। यसो गर्नाले मात्र पार्टी-नीतिका अनुकूल गरीब किसान र मध्यम किसानहरूका बीच एकता स्थापित हुन सक्छ र सहयोग-समितिहरूलाई सुदृढ पार्न सकिन्छ, उत्पा-

दन विस्तृत हुनेछ, र समस्त ग्राम्य क्षेत्रको समाजवादी रूपान्तर ठीक ढङ्गबाट गर्न सकिनेछ। नत्रभने मध्यम र गरीब किसानहरूका बीच एकता स्थापित गर्न सकिंदैन, सहयोग-समितिहरू सुदृढ हुनेछैनन्, उत्पादनलाई विस्तृत पार्न सकिनेछैन, र समस्त ग्राम्य क्षेत्रको समाजवादी रूपान्तर गर्न सकिनेछैन।

"वुताङ सहयोग-समितिको अधिकारसूत्र मध्यम किसानहरूबाट गरीब किसानहरूको हातमा कसरी सऱ्यो" को परिचयात्मक टिप्पणी (१९५५)

मध्यम किसानहरूका साथ एकता स्थापित गर्नु अझै जरूरी छ र यसो नगर्नु भूल हो। तर मजदूर-वर्गले र कम्युनिस्ट पार्टीले ग्राम्य क्षेत्रहरूमा मध्यम किसानहरूसँग एकता स्थापित गर्न र सम्पूर्ण ग्राम्य क्षेत्रमा समाजवादी रूपान्तर गर्न कोमाथि भर गर्नुपर्छ ? निस्सन्देह अरू कसैमाथि होइन गरीब किसानहरूमाथि नै भर पर्नुपर्छ। जब जमीनदारहरूको विरोधमा सङ्घर्ष गरिंदैथियो र भूमि-सुधारलाई का-

र्यान्वित गरिंदैथियो त्यस बेला हामीले त्यसै गरेका थियौं, र आज खेतीको समाजवादीकरण गर्ने उद्देश्य पूरा गर्न हामीले धनी किसानहरू र अरू पूंजीवादी तत्वहरूसँग सङ्घर्ष गरिरहेको बेलामा पनि त्यसै गर्नुपरेको छ। यी दुवै क्रान्तिकारी कालमा मध्यम वर्गीय किसानहरू शुरू-शुरूमा धरमराए । घटनाहरूको सामान्य प्रवृत्तिलाई र क्रान्तिको विजय नजिक आइपुगेको छर्लङ्गसित देखेपछि मात्र मध्यम किसानहरू क्रान्तिको पक्षतिर आउनेछन्। गरीब किसानहरूले मध्यम किसानहरूलाई आफ्नो पक्षमा ल्याउन अवश्य नै उनीहरूका माझमा काम गर्नुपर्छ जसले गर्दा अन्तिम विजय नहोउन्जेल क्रान्ति दिन-पर-दिन फराकिलो हुंदै जाओस्।

"फुआन जिल्लाका 'मध्यम किसानहरूको सहयोग-समिति' र 'गरीब किसानहरूको सहयोग-समिति' को पाठ" को परिचयात्मक टिप्पणी (१९५५)

सम्पन्न किसानहरूमा पूंजीवादतर्फ ढल्कने डरलाग्दो प्रवृत्ति हुन्छ। यस सहयोग-आन्दोलनको

बेलामा र त्यसपछि पनि धेरै समयसम्म हामीले किसानहरूका बीचमा राजनैतिक काम गर्न अलिकति पनि हेलचक्र्याइँ गर्‍यौं भने यो प्रवृत्ति झन् चर्को हुन जानेछ।

"पूंजीवादतर्फको प्रवृत्तिका विरुद्ध दृढ़ सङ्घर्ष चलाउनैपर्छ" को परिचयात्मक टिप्पणी" (१९५५)

कृषि-सहयोगी आन्दोलन शुरूदेखि नै तीव्र विचारधारात्मक र राजनैतिक सङ्घर्षको विषय रहेको छ। यस्तो सङ्घर्षबाट नगुज्री कुनै पनि सहयोगी संस्था स्थापित नै हुन सक्तैन। नवीन किसिमको सामाजिक व्यवस्था पुरानो व्यवस्थाले ओगटिराखेको ठाउँमा खड़ा गर्नु अघि त्यस ठाउँलाई अवश्य राम्ररी सफा पार्नुपर्छ। पुरानो व्यवस्थालाई प्रतिबिम्बित गर्ने पुरानो विचारधाराका अवशेषहरू धेरै दिनसम्म जनताको मनमा रहिनैरहने छन् र ती सजिलैसित मेटिंदैनन् । स्थापित भैसकेपछि पनि सुदृढ़ हुनाका लागि सहयोग-समितिहरूले यस्ता धेरै धेरै सङ्घर्षहरूलाई

पार गर्नैपर्छ। त्यस अवस्थामा समेत यसले आफ्ना प्रयत्नहरूलाई अलिकति शिथिल पार्‍यो भने पनि यो भताभुङ्ग भएर जान पनि सक्छ।

"एउटा गम्भीर पाठ" को परिचयात्मक टिप्पणी (१९५५)

पूंजीवादका स्व-स्फूर्त शक्तिहरू यता केही वर्षदेखि ग्रामीण क्षेत्रमा दिन-प्रति-दिन बढ्दै गैरहेका छन्, हरेक ठाउँमा नयाँ धनी किसान-वर्ग देखा पर्दैछ र धेरैजसो सम्पन्न मध्यम वर्गीय किसानहरू धनी किसान हुन प्रयत्नशील छन्। अर्कोतिर, उत्पादनका पर्याप्त साधनहरू नहुंदा धेरैजसो गरीब किसानहरू अझै गरीबीको जीवन काटिरहेका छन् र तीमध्ये केही रिनमा परेका छन् र केही आफ्नो जग्गा बेच्दैछन् वा बहालमा लाउंदैछन्। यस प्रवृत्तिलाई यसरी खुरुखुरु बढ्न दिइयो भने अनिवार्यतः ग्रामीण क्षेत्रमा दिन-पर-दिन यो भिन्नता तीव्रतर हुंदैजानेछ। आफ्नो जग्गा सिद्धिदैगएका र गरीबी अवस्थामा भएका

किसानहरूले गुनासो पोख्ने छन् — हामी उनीहरूलाई बरबादीबाट बचाइरहेका छैनौं र उनीहरूलाई कठिनाइहरूमाथि विजय प्राप्त गर्न मद्दत गरिरहेका छैनौं। न त पूंजीवादी दिशातिर लाग्न खोज्ने सम्पन्न मध्यमवर्गीय किसानहरू नै हामीसँग सन्तुष्ट हुनेछन्; किनभने पूंजीवादी बाटो नसमाउन्जेल हामी उनीहरूको माग पूरा गर्न कहिल्यै सफल हुनेछैनौं, यस्तो परिस्थितिमा मजदूर-किसानहरूको सहयोग बलियो रहिरहन सक्ला? निश्चय नै रहनेछैन। एउटा नयाँ आधार नलिइकन यो समस्याको समाधान हुंदैन। र यसको अर्थ हो — बिस्तारै बिस्तारै हामीले पूंजीवादी हस्तकला र पूंजीवादी उद्योग-बेपारमा समाजवादी रूपान्तर र क्रमशः समाजवादी औद्योगीकरणका साथसाथै सम्पूर्ण कृषिको समाजवादीकरण गर्नुपर्छ; अर्को शब्दमा, यसको अर्थ हो — सहयोग बढ़ाउनु र ग्रामीण क्षेत्रमा धनी-किसान-अर्थव्यवस्था र व्यक्तिगत अर्थव्यवस्थालाई खतम पार्नु जसले गर्दा ग्रामीण जनता एकसाथै झन्‌झन् सम्पन्न हुंदैजानेछन्।

हामीहरूको के भनाइ छ भने मजदूर-किसान सहयोगलाई सुदृढ़ पार्ने यही मात्र एउटा बाटो हो ।

"कृषि-सहयोगको प्रश्नका विषयमा" (जुलाई ३१, १९५५)

...व्यापक योजनाको हाम्रो अभिप्राय हो—यस्तो योजना जसले हाम्रो देशका ६० करोड़ जनताका हितहरूलाई ध्यानमा राख्दछ । कुनै योजना बनाउँदा वा कुनै कार्य सन्चालन गर्दा वा समस्याहरूबारे विचार गर्दा चीनको जनसंख्या ६० करोड़ छ भन्ने तथ्यबाट नै हामीले थाल्नुपर्छ र यस तथ्यलाई कहिल्यै बिर्सनुहुन्न ।

"जनताका अन्तरविरोधहरूको सही सन्चालनका विषयमा" (फरवरी २७, १९५७)

पार्टीको नेतृत्वका साथै हाम्रो ६० करोड़ जनसंख्या पनि एउटा निर्णयात्मक तत्व हो । धेरै मानिसहरूको मतलब हुन्छ विचारहरूको धेरै मात्रामा सिर्जना,

उत्साहको धेरै मात्रा र शक्तिको धेरै मात्रा । यसभन्दा अघि कहिले पनि हाम्रा जन-समुदायहरू यतिको प्रेरणाले भरिएका, यतिका मुस्तैद र यतिका आंटिला थिएनन् जस्ता अचेल छन् ।

"सहयोग-समितिको परिचय" (अप्रिल १५, १९५८)

आफ्ना अरू विशेषताहरू बाहेक चीनका ६० करोड़ जनताको प्रमुख विशेषता के हो भने उनीहरू "गरीब र अशिक्षित" छन् । बाहिरबाट हेर्दा यो नराम्रो देखिएला, तर यथार्थमा यो राम्रो कुरा हो । गरीबीको स्थितिले परिवर्तन गर्ने इच्छालाई जगाउँछ, काम गर्न तम्सिने इच्छालाई जगाउँछ र क्रान्ति गर्ने इच्छालाई जगाउँछ । अलिकति पनि दाग नलागेको खाली कागतमा ज्यादै ताजा र ज्यादै रमाइला अक्षरहरू लेख्न सकिन्छ, ज्यादै ताजा र ज्यादै रमाइला चित्रहरू बनाउन सकिन्छ ।

उपर्युक्त

चिनियाँ क्रान्तिको देशव्यापी विजयपछि र भूमि-समस्यालाई समाधान गरिसकेपछि पनि चीनमा दुइ आधारभूत अन्तरविरोधहरू रहिनै रहनेछन्। पहिलो आन्तरिक हो, अर्थात्, मजदूर-वर्ग र पूंजीपति-वर्गका बीचको अन्तरविरोध। दोस्रो चाहिं बाह्य हो, अर्थात्, चीन र साम्राज्यवादी देशहरूका बीचको अन्तर-विरोध। त्यसै हुनाले, जनताको जनवादी क्रान्तिको विजयपछि मजदूर-वर्गको नेतृत्वका मातहतमा रहेको जन-गणतन्त्रको राज्यशक्तिमा कमजोरी आउनैहुंदैन, बरू यसले अवश्य नै झन् दृढ़ हुनुपर्छ।

"चिनियाँ कम्युनिस्ट पार्टीको सातौं केन्द्रीय समितिको दोस्रो प्लेनममा रिपोर्ट" (मार्च ५, १९४९)

"तपाईंले राजसत्तालाई उन्मूलन गर्न चाहेको होइन?" हो, हामी चाहन्छौं, तर अहिले नै यति बेलै होइन; हामीहरू अझै त्यसो गर्न सक्दैनौं। किन? किनभने साम्राज्यवाद अझै बाँचिरहेको छ, किनभने

देशभित्रका प्रतिक्रियावादीहरू अझै बाँचिरहेका छन् किनभने हाम्रो देशभित्र वर्गहरू अझै कायम नै छन्। हाम्रो हालको काम राष्ट्रिय प्रतिरक्षालाई सुदृढ़ पार्न र जनताका हितहरूलाई बचाउन जनताको शासन-यन्त्रलाई खास गरेर जन-सेनालाई, जन-पुलिस र जन-अदालतहरूलाई सुदृढ़ पार्नु हो।

"जनताको जनवादी अधिनायकत्वका विषयमा" (जून ३०, १९४९)

हाम्रो राज्य जनताको जनवादी अधिनायकत्वको राज्य हो जसको नेतृत्व मजदूर-वर्गले गरेको छ र जो मजदूर-किसान सहयोगमा आधारित छ। यो अधिनायकत्व केका निम्ति हो? यसको पहिलो काम हाम्रो देशभित्र प्रतिक्रियावादी वर्ग तथा तत्वहरू र समाजवादी क्रान्तिमा गतिरोध उत्पन्न गर्ने शोषकहरूलाई दबाउनु हो, हाम्रो समाजवादी निर्माणलाई भत्काउन कोशिश गर्नेहरूलाई दबाउनु हो, अर्थात्, हाम्रो देशभित्र हाम्रो र शत्रुका बीचका

अन्तरविरोधहरूको समाधान गर्नु हो। जस्तै, केही प्रतिक्रान्तिकारी तत्वहरूलाई समात्नु, उनीहरूमाथि मुद्दा चलाउनु र दण्ड दिनु, र केही समयका लागि जमीनदार र नोकरशाही पूंजीपतिहरूलाई मतदानको हक र भाषण गर्ने स्वतन्त्रताबाट वंचित गर्नु — यी सबै हाम्रो अधिनायकत्व अन्तर्गतका कुरा हुन्। त्यसै गरी, समाजमा सुव्यवस्था कायम राख्न र आम जनताका हितहरू सुरक्षित राख्नका लागि चोर र डाँकूहरू, ठग, अग्निद, ज्यानमारा, बदमाशहरूको डफ्फा र समाजको सुव्यवस्थालाई गहिरो गरी खलबल्याइदिने अरू कुतत्वहरूमाथि पनि हामीले आफ्नो अधिनायकत्वको प्रयोग गर्नु आवश्यक हुन्छ। यस अधिनायकवादको अर्को काम हो — बाहिरिया शत्रुहरूबाट हुने तोड़फोड़ र सम्भावित आक्रमणबाट हाम्रो देशलाई बचाउनु। त्यस्तो पर्न आएमा, यस अधिनायकवादको कर्तव्य हामी र शत्रुका माझमा रहने बाह्य अन्तरविरोधको समाधान गर्नु हो। यस अधिनायकवादको उद्देश्य हाम्रा सबै जनतालाई रक्षा गर्नु हो, जसबाट उनीहरू आफूलाई शान्तिपूर्वक श्रममा

लगाउन सकून् र चीनलाई आधुनिक उद्योग, कृषि, विज्ञान र संस्कृति भएको समाजवादी देश बनाउन सकून्।

"जनताका अन्तरविरोधहरूको सही सन्चालनका विषयमा" (फरवरी २७, १९५७)

जनताको जनवादी अधिनायकत्वलाई मजदूर-वर्गको नेतृत्वको आवश्यकता पर्छ। किनभने मजदूर-वर्ग मात्र सबभन्दा दूरदर्शी, सबभन्दा निस्स्वार्थी र सबभन्दा पूर्ण रूपको क्रान्तिकारी हुन्छ। क्रान्तिको सम्पूर्ण इतिहास के सिध्द गर्छ भने मजदूर-वर्गको नेतृत्व बिना क्रान्ति असफल हुन्छ र मजदूर-वर्गको नेतृत्व हुंदा क्रान्तिले विजय पाउंछ।

"जनताको जनवादी अधिनायकत्वका विषयमा" (जून ३०, १९४९)

जनताको जनवादी अधिनायकत्व मजदूर-वर्ग, किसान समुदाय र शहरिया निम्न पूंजीपतिहरूको सहयोगमा आधारित हुन्छ, र यो विशेष गरेर मजदूर

र किसानहरूको सहयोगमा आधारित रहन्छ, किनभने यी दुइ वर्गबाट नै चीनको ८० देखि ९० प्रतिशत जनसंख्या बन्दछ । साम्राज्यवाद र कुओमिन्ताङ प्रतिक्रियावादीहरूलाई उखेलेर फाल्नमा यी दुइ वर्ग नै मुख्य शक्ति हुन् । नयाँ जनवादबाट समाजवाद-तर्फको संक्रमण पनि खास गरेर यिनकै सहयोगमा निर्भर गर्दछ ।

उपर्युक्त

वर्ग-सङ्घर्ष, उत्पादनका लागि सङ्घर्ष र वैज्ञानिक प्रयोग – शक्तिशाली समाजवादी मुलुकको निर्माण गर्नाका लागि तीन महान् क्रान्तिकारी आन्दोलनहरू हुन् । यी आन्दोलनहरू कम्युनिस्टहरू नोकरशाहीबाट मुक्त हुनेछन्, संशोधनवाद तथा कट्टरतावादबाट सुर-क्षित रहनेछन् र सधैंभरि अपराजेय रहनेछन् भन्ने कुराका ग्यारण्टी हुन् । सर्वहारा-वर्ग विस्तृत श्रमिक जन-समुदायसँग एकगठ हुन समर्थ हुनेछ र जनवादी अधिनायकत्वलाई कार्यान्वित गर्न सक्नेछ भन्ने कुराका लागि पनि भरपर्दो ग्यारण्टी हुन् । यी आन्दोलनहरूको

अभावमा जमीनदारहरू, धनी किसानहरू, प्रतिक्रान्ति-कारीहरू, खराब तत्वहरू र सबै भूतप्रेत तथा राक्षस-हरूलाई बाहिर टाउको निकाल्न दिइयो र हाम्रा कार्यकर्ताहरूले चाहिं आँखा चिम्लेर बसे र धेरैजसो स्थितिमा शत्रु र हाम्रा बीचको फरकलाई बुझ्न सकेनन् र झन् शत्रुहरूसँग घनिष्ठता कायम गरे र शत्रु द्वारा भ्रष्ट, र नैतिकताहीन, छिन्नभिन्न बनाइए, र यसरी हाम्रा कार्यकर्ताहरू भाँड़िए र शत्रु हाम्रो माझमा सुटुक्क पस्न समर्थ भयो, र हाम्रा धेरैजसो मजदूर, किसान र बुद्धिजीवीहरू यसरी शत्रुका नरम र कठोर छल-कपटहरूका अगाड़ि निशस्त्र भएर रहे भने धेरै होइन केही वर्ष वा दशक वा ज्यादाभन्दा ज्यादा केही दशकभित्रैमा राष्ट्रिय स्तरमै प्रतिक्रा-न्तिकारी पुनर्स्थापना नभइछाड्नेछैन, मार्क्सवादी-लेनिनवादी पार्टी निस्सन्देह संशोधनवादी पार्टी वा फासिस्ट पार्टी बन्न जानेछ र पूरा चीनले आफ्नो रङ्ग नै फेर्नुपर्नेछ ।

"शारीरिक श्रममा कार्यकर्ताहरूले भाग लिने विषयमा चेकियाङ प्रान्तका सात सु-लिखत" को टिप्पणी (मे ९, १९६३)

जनताको जनवादी अधिनायकत्वले दुइ किसिमका पद्धति अपनाउँछ । दुश्मनप्रति यसले अधिनायकत्वको तरीका अपनाउँछ, अर्थात्, आवश्यक परेको बेलासम्म यसले उनीहरूलाई राजनैतिक क्रिया-कलापहरूमा भाग लिन दिंदैन, उनीहरूलाई जन-सरकारका कानून अनुसार हिंड्न बाध्य गर्छ, श्रम गर्न कर लगाउँछ र श्रमद्वारा आफूलाई नयाँ मान्छेको रूपमा ढाल्न लगाउँछ । यसको विपरीत, जनताप्रति यसले कर-कापको होइन जनवादी पद्धतिको व्यवहार गर्छ, अर्थात्, राजनैतिक क्रिया-कलापहरूमा उनीहरूलाई स्वाभाविक रूपले भाग लिन दिन्छ र यसो वा उसो गर्नु भनी उनीहरूमाथि कर-काप गर्दैन, बरु उनीहरूलाई शिक्षित पार्न र उनीहरूको चित्त बुझाएर काम गर्न जनवादी पद्धतिको उपयोग गर्छ ।

चिनियाँ जनताको राजनैतिक सल्लाहकार-सम्मेलनको पहिलो राष्ट्रिय समितिको दोस्रो अधिवेशनमा विसर्जन-भाषण (जून २३, १९५०)

कम्युनिस्ट पार्टीको नेतृत्वमा चिनियाँ जनता सुदृढ़ आधारमा चीनमा समाजवादको छिटो विकास गर्न भनी उत्साहबर्धक शुद्धिकरण-आन्दोलनमा लागेका छन् । राष्ट्रव्यापी स्तरमा निर्देशित र स्वतन्त्र दुवै रूप भएको छलफल चलाउन यो आन्दोलन गरिएको हो, जसले शहर र ग्रामीण क्षेत्र सबै ठाउँमा समाजवादी बाटो कि पूंजीवादी बाटो, राज्यको आधारभूत व्यवस्था र यसका मुख्य नीतिहरू, पार्टी र सरकारका कार्यकारिणीहरूको कार्य-शैली, लोक-कल्याणको प्रश्न आदि विषयहरूमा छलफल गर्दा तथ्यहरूलाई ध्यानमा राख्दै र तर्कसङ्गत ढङ्गले चल्दै यसरी छलफल चलाउनेछ जसले गर्दा उचित ढङ्गबाट छिटै समाधान गर्नुपर्ने जनताका ती यथार्थ अन्तरविरोधहरूको समाधान गर्न सकियोस् । जनताको स्व-शिक्षा र स्व-परिमार्जनका लागि चलाइएको यो समाजवादी आन्दोलन हो ।

"महान् अक्टोबर समाजवादी क्रान्तिको ४० सौं वार्षिकोत्सवका समयमा सोभियत सङ्घको सर्वोच्च सोभियतको बैठकमा भाषण" (नभेम्बर ६, १९५७)

निर्माणको महान् काम गर्ने हाम्रो अगाड़ि ज्यादै कठिन कार्यहरू तेर्सिएका छन् । हुन त हाम्रो पार्टीमा एक करोड़भन्दा बर्ता सदस्य छन्, तैपनि देशको समस्त जनसंख्याका अघिल्तिर यो सारै सानो संख्या हो । सरकारी विभागहरू र सार्वजनिक सङ्गठन तथा व्यावसायिक संस्थाहरूमा धेरै काम पार्टी बाहिरका मानिसहरूद्वारा नै गर्नु छ । जनतामा भर पर्ने र पार्टी बाहिरका मानिसहरूसँग घनिष्ठता गर्ने काममा हामीले सिपालु नहुन्जेल यी कामहरूलाई राम्ररी गर्नु असम्भव छ । सम्पूर्ण पार्टीको एकता सुदृढ़ पार्ने कामका साथै हामीले हाम्रा सबै जातिहरूको, जनवादी वर्गहरूको, जनवादी पार्टीहरूको र जन-सङ्गठनहरूका बीचको एकतालाई पनि सुदृढ़ पार्दै लग्नु आवश्यक छ । जनताको जनवादी संयुक्त मोर्चालाई सुदृढ़ र विस्तृत पार्दै लग्नैपर्छ र हाम्रो कामको कुनै पनि कड़ीमा देखापर्ने जनता तथा पार्टीका बीचको एकतामा हानि पुऱ्याउने खालको हरेक अस्वस्थ प्रवृत्तिबाट हामीले सावधानीसाथ मुक्त हुनैपर्छ ।

"चिनियाँ कम्युनिस्ट पार्टीको आठौं राष्ट्रिय महाधिवेशनमा उद्घाटन-भाषण" (सेप्टेम्बर १५, १९५६)

४. जनताका अन्तरविरोधहरूको सही सञ्चालन

हामीले दुई किसिमका सामाजिक अन्तरविरोधहरूको सामना गर्नु छ—हामी तथा शत्रुको बीचका अन्तरविरोधहरू र स्वयं जनताकै अन्तरविरोधहरू । यी दुई आफ्ना प्रकृतिमा बिल्कुलै भिन्न छन् ।

"जनताका अन्तरविरोधहरूको सही सञ्चालनका विषयमा" (फरवरी २७, १९५७)

यी दुई भिन्न किसिमका अन्तरविरोधहरूलाई राम्ररी बुझ्न हामीले "जनता" र "शत्रु" यी दुई शब्दका अर्थको बारेमा शुरूमै स्पष्ट हुनु आवश्यक

छ। . . . अहिलेको स्थितिमा, समाजवादको निर्माण-कालमा, समाजवादी निर्माणको उद्देश्यको पक्ष लिने, समर्थन गर्ने र यसका निम्ति काम गर्ने वर्गहरू, तह र सामाजिक डफ्फाहरू सबै जनताको सूचीभित्र आउँछन्, समाजवादी क्रान्तिको विरोध गर्ने र समाजवादी निर्माणप्रति वैरभाव लिने वा त्यसलाई तोड़फोड़ गर्ने सामाजिक शक्तिहरू र डफ्फाहरू सबै जनताका शत्रु हुन्।

उपर्युक्त

चीनमा हालको स्थिति हेरेर जनताका अन्तरविरोध यी हुन्: मजदूर-वर्गका अन्तरविरोधहरू, किसान-समुदायका अन्तरविरोधहरू, बुद्धिजीवी समुदायका अन्तरविरोधहरू, मजदूर-वर्ग र किसान-समुदायका अन्तरविरोधहरू, एकतर्फ मजदूर-वर्ग तथा किसान-समुदाय र अर्कोतर्फ बुद्धिजीवी समुदायका अन्तरविरोधहरू, एकतर्फ मजदूर-वर्ग तथा श्रमिकहरूका अरू भाग र अर्कोतर्फ राष्ट्रिय पूंजीपतिहरूका अन्तरविरोधहरू, राष्ट्रिय पूंजीपति-वर्गकै अन्तर-

विरोधहरू र यस्तै अरू अरू। हाम्रो जनवादी सरकारले साँचो अर्थमा जनताका हितको प्रतिनिधित्व गर्छ, यो जनताको सेवा गर्ने सरकार हो। यसो हुंदाहुंदै पनि, सरकार र जनताका बीच अझै केही अन्तरविरोध छन्। यिनमा राज्यका हितहरू, समूहका हितहरू र व्यक्तिका हितहरूको माझका अन्तरविरोधहरू; जनतन्त्र र केन्द्रीयताका अन्तरविरोधहरू; नेतृत्व दिने र नेतृत्व गरिनेका अन्तरविरोधहरू; र जन-समुदायका साथको सम्बन्धमा सरकारका केही कर्मचारीहरूको काम गर्ने नोकरशाही तरीकाबाट उब्जेका अन्तरविरोधहरू सामेल छन्। यी सबै जनताकै अन्तरविरोध हुन्। सामान्य रूपले भन्दा, जनताका अन्तरविरोधहरूमा जनताका हितहरूको आधारभूत एकता रहेको हुन्छ।

उपर्युक्त

हामी र शत्रुहरूको माझका अन्तरविरोध प्रतिद्वन्दात्मक अन्तरविरोधहरू हुन्। जनताका पङ्क्तिभित्र श्रमिक जनतामा पाइने अन्तरविरोध प्रति-

द्वन्दिताहीन हुन्छन् भने शोषक र शोषित वर्गहरूका अन्तरविरोधहरूमा प्रतिद्वन्दिताको पक्षका साथै अ-प्रतिद्वन्दिताको पक्ष पनि हुन्छ ।

उपर्युक्त

हाम्रा जनताको राजनैतिक जीवनमा, आफ्ना वचन र कर्ममा उचित र अनुचित पक्षलाई कसरी छुट्याउने हो ? हाम्रो संविधानका सिद्धान्तहरूको आधारमा, हाम्रा जनताको अति ठूलो भागको स्वेच्छाको आधारमा, र हाम्रा राजनैतिक पार्टीहरू र डफ्फाहरूद्वारा बेला-बेलामा व्यक्त गरिएका समान राजनैतिक धारणाहरूको आधारमा सामान्य किसिमबाट हेर्दा निम्नलिखित मापदण्ड हुनुपर्छ :

(१) हाम्रा वचन र कर्महरू हाम्रा विभिन्न जातिहरूलाई संयुक्त गर्न मदत दिने, उनीहरूमा फूट नपार्ने हुनुपर्छ ।

(२) तिनले समाजवादी रूपान्तर र समाजवादी निर्माणमा, हानिकारक होइन, लाभदायक हुनुपर्छ ।

(३) तिनले जनताको जनवादी अधिनायकत्वको जरो खन्ने वा त्यसलाई कमजोर तुल्याउने होइन, बरु त्यसलाई सुदृढ़ पार्न मदत पुऱ्याउने हुनुपर्छ ।

(४) तिनले जनवादी केन्द्रीयतालाई बिगार्ने वा कमजोर पार्ने होइन, त्यसलाई बलियो पार्न मदत पुऱ्याउने हुनुपर्छ ।

(५) तिनले कम्युनिस्ट पार्टीको नेतृत्वलाई पन्छाउने वा कमजोर पार्ने होइन, त्यसलाई बलियो पार्न मदत पुऱ्याउने हुनुपर्छ ।

(६) तिनले अन्तरराष्ट्रिय समाजवादी एकता र संसारका शान्तिप्रेमी जनताको एकताका लागि लाभदायक हुनुपर्छ, हानिकारक होइन ।

यी ६ मापदण्डहरूमध्ये सबभन्दा महत्वपूर्ण चाहिं समाजवादी बाटो र पार्टीको नेतृत्व नै हुन् ।

उपर्युक्त

प्रतिक्रान्तिकारीहरूलाई दबाउने प्रश्न हामी र शत्रुका माझको सङ्घर्षको कुरा हो, हामी र शत्रु-

हरूको माझको अन्तरविरोध हो। जनतामध्ये केही यस प्रश्नलाई अलि अर्कै दृष्टिबाट हेर्छन्। दुई प्रकारका व्यक्तिहरू हामीभन्दा बेग्लै किसिमका विचार लिन्छन्। दक्षिणपन्थी दृष्टिबाट सोच्नेहरू हामी र हाम्रा शत्रुमा कुनै भेद गर्दैनन् र शत्रुलाई पनि हाम्रा आफ्नै मानिस सरह ठान्छन्। जसलाई व्यापक जन-समुदायले शत्रु ठान्दछन् उनैलाई तिनीहरू मित्र ठान्दछन्। "वामपन्थी" दृष्टिबाट सोच्नेहरू हामी र शत्रुका माझका अन्तरविरोधहरूलाई कतिसम्म ठूलो पारेर हेर्छन् भने जनताका केही अन्तरविरोध-हरूलाई उनीहरू हाम्रा शत्रुहरूसितका अन्तरविरोध-हरूका रूपमा लिन्छन् र जो प्रतिक्रान्तिकारी हो-इनन्, तिनलाई पनि प्रतिक्रान्तिकारी ठान्दछन्। यी दुवै दृष्टिकोण अनुचित हुन्। यीमध्ये कुनैबाट पनि प्रतिक्रान्तिकारीहरूलाई कसरी दबाउने हो भन्ने प्रश्नको उचित समाधान गर्न वा यस कार्यको उचित मूल्याङ्कन गर्न सकिनेछैन।

उपर्युक्त

गुणात्मक ढङ्गका विभिन्न अन्तरविरोधहरूको समाधान गुणात्मक ढङ्गकै विभिन्न पद्धतिहरूबाट गर्न सकिन्छ। जस्तै, सर्वहारा र पूंजीपतिका बीच-को अन्तरविरोधलाई समाजवादी क्रान्तिको पद्धति-द्वारा समाधान गरिन्छ; व्यापक जन-समुदाय र सामन्तवादी व्यवस्थाका बीचको अन्तरविरोधलाई जनतान्त्रिक क्रान्तिद्वारा समाधान गरिन्छ; उप-निवेशहरू र साम्राज्यवादका बीचको अन्तरविरोध-लाई राष्ट्रिय क्रान्तिकारी युद्धद्वारा समाधान गरिन्छ; समाजवादी समाजमा मजदूर-वर्ग र किसान-वर्गका बीचको अन्तरविरोधलाई कृषिको सामूहिककरण र यन्त्रीकरणको पद्धतिद्वारा समाधान गरिन्छ; कम्यु-निस्ट पार्टीभित्रका अन्तरविरोधलाई आलोचना र स्व-आलोचनाको पद्धतिद्वारा समाधान गरिन्छ; र समाज र प्रकृतिका बीचको अन्तरविरोधलाई उत्पा-दक शक्तिहरूको विकास गर्ने पद्धतिद्वारा समा-धान गरिन्छ।......यसरी विभिन्न किसिमका अन्तरविरोधहरूलाई विभिन्न पद्धतिहरूको उपयोग-द्वारा समाधान गर्ने सिद्धान्त यस्तो हो जसलाई

मार्क्सवादी-लेनिनवादीहरूले अवश्य नै कड़ाइका साथ पालन गर्नुपर्छ।

"अन्तरविरोधहरूका विषयमा" (अगस्ट १९३७)

हामी र शत्रुको बीचका अन्तरविरोधहरू र जनताका अन्तरविरोधहरू बेग्लाबेग्लै प्रकृतिका भएकाले तिनको समाधान पनि बेग्लाबेग्लै पद्धतिहरूबाट गर्नुपर्छ। सङ्क्षेपमा भन्दा, पहिलो चाहिं हामी र शत्रुका बीचमा भिन्नताको स्पष्ट रेखा खिच्नु हो, र दोस्रो चाहिं ठीक र बेठीकका बीचमा भिन्नताको स्पष्ट रेखा खिच्नु हो। हुन त हामी र शत्रुका बीचको फरक पनि ठीक र बेठीककै कुरा हो। जस्तै, हामी अथवा साम्राज्यवादी, सामन्तवादी र नोकरशाही पूंजीपतिहरू जस्ता स्वदेशी र विदेशी प्रतिक्रियावादीहरूमध्ये को चाहिं सही छ भन्ने प्रश्न पनि ठीक र बेठीककै कुरा हो, तर जनताका बीचमा

भएका ठीक र बेठीकका प्रश्नहरूभन्दा यो कुरा बेग्लै श्रेणी अन्तर्गत पर्छ।

"जनताका अन्तरविरोधहरूको सही सन्चालनका विषयमा" (फरवरी २७, १९५७)

विचारधारात्मक प्रकृतिका प्रश्नहरूको वा जनताका माझमा रहेका विवादास्पद विषयहरूको समाधान गर्ने एकमात्र बाटो जनतान्त्रिक पद्धतिको बाटो हो, छलफल, आलोचना, तर्क र शिक्षाको बाटो हो, कर-काप वा थिचोमिचोको होइन।

उपर्युक्त

आफ्ना उत्पादन र अध्ययनहरूलाई सुचारु रूपबाट सन्चालित गर्न र आफ्ना जीवनलाई राम्ररी चलाउन आफ्ना सरकार र उत्पादन, संस्कृति र शिक्षा सम्बन्धी संस्थाहरूका जिम्मा लिएर बसेकाहरूबाट जनता के चाहन्छन् भने तिनले कर्तव्य पालन गर्न लाउने किसिमका उचित आदेशहरू दिऊन्।

यो सहज-ज्ञानकै कुरा हो, यस्ता प्रशासनिक नियमहरू बिना सार्वजनिक शान्ति-सुव्यवस्था कायम राख्नु असम्भव हुनेछ। जनताका अन्तरविरोधहरूको समाधान गर्न यस्ता प्रशासनिक आदेशहरू र शिक्षा तथा तर्कका पद्धतिहरूले एक अर्काको पूरकका काम गर्छन्। सार्वजनिक शान्ति-सुव्यवस्था कायम गर्न बनेका प्रशासनिक आदेशहरूका साथसाथै शिक्षा र सम्झाउने-बुझाउने पद्धति पनि लिनुपर्छ किनभने धेरै अवस्थामा प्रशासनिक आदेशहरूबाट मात्र काम चल्न सक्दैन।

उपर्युक्त

यो अकाट्य छ, बुर्जुवा र निम्न-बुर्जुवाहरूले आ-आफ्नै विचारधाराहरू व्यक्त गर्नेछन्। यो पनि अकाट्य छ, राजनैतिक र सैद्धान्तिक प्रश्नहरूमा ती हरेक सम्भव उपायद्वारा आ-आफ्नै दृष्टिकोण लिएर ढिपी गर्नेछन्। उनीहरूले यसो नगरून् भनी उम्मेद राख्नु असम्भव छ। हामीले दमन गर्ने पद्धति लिएर उनीहरूलाई व्यक्त गर्नाबाट रोक्नुहुंदैन बरु उनीहरूलाई त्यसो गर्न दिनुपर्छ र व्यक्त गर्दा उनीहरूसँग तर्क गर्ने र उनीहरूको उचित आलोचना पनि गर्ने गर्नुपर्छ। निस्सन्देह कुनै पनि किसिमको बेठीक विचारको हामीले आलोचना गर्नैपर्छ। समालोचना गर्ने कामबाट टाढ़ा बस्ने वा आफ्नो आँखा अगाड़ि बेठीक विचार फिंजिएको टुलुटुलु हेर्दै तिनलाई बेरोकटोक झांगिन दिएर एकछत्र गर्न दिनु निश्चय नै उचित कुरा होइन। भूलहरूको आलोचना गर्नैपर्छ र जहाँ-जहाँ विषालु झारपात उम्रन्छन्, त्यहाँ-त्यहाँ तिनलाई उखेल्नैपर्छ। तैपनि, यस्ता आलोचना कट्टर हुनुहुंदैन, अवस्तुवादी पद्धति त्यहाँ लिनुहुंदैन, बरु त्यहां द्वन्दात्मक पद्धतिको उपयोग गर्नुपर्छ। चाहिएका कुरा वैज्ञानिक विश्लेषण र चित्त बुझाउने खालका तर्कहरू हुन्।

उपर्युक्त

जनताका कमजोरीहरूको आलोचना गर्नु जरूरी छ, ...तर यसो गर्दा हामीले जनपक्षीय दृष्टिकोण लिनुपर्छ र तिनको रक्षा गर्ने र तिनलाई शि-

क्षित पार्ने उद्देश्यले नै दिल खोलेर ईमानदारीका साथ हामीले बोल्नुपर्छ। आफ्ना कामरेडहरूलाई शत्रुहरू झैं व्यवहार गर्नुको अर्थ हो शत्रु-पक्षीय दृष्टि लिनु।

"साहित्य र कला सम्बन्धी येनान-गोष्ठीमा प्रवचन" (मे १९४२)

अन्तरविरोध र सङ्घर्ष विश्वव्यापी र निरपेक्ष हुन्छन्, तर अन्तरविरोधहरूको समाधान गर्ने पद्धतिहरू, अर्थात्, सङ्घर्षका रूपहरू भने अन्तरविरोधका प्रकृति अनुसार नै बेग्लाबेग्लै हुन्छन्। केही अन्तरविरोधहरूमा प्रतिद्वन्दिता छर्लङ्ग स्पष्ट भएको हुन्छ, केहीमा हुंदैन। वस्तुहरूका यथार्थ विकास अनुसार पहिलेका प्रतिद्वन्दिताहीन अन्तरविरोधहरू पछि गएर प्रतिद्वन्दितापूर्ण अन्तरविरोधहरूमा विकसित हुन्छन् र पहिलेका प्रतिद्वन्दितापूर्ण अन्तरविरोधहरू पछि गएर प्रतिद्वन्दिताहीन अन्तरविरोधहरूमा विकसित हुन्छन्।

"अन्तरविरोधहरूका विषयमा" (अगस्ट १९३७)

सामान्य परिस्थितिहरूमा, जनताका अन्तरविरोधहरू प्रतिद्वन्दितापूर्ण हुंदैनन्। तर तिनको सन्चालन सही किसिमले गरिंदैन भने वा हामीले होशियार भएनौं वा सचेतताको मात्रा कम गर्‍यौं भने प्रतिद्वन्दिता जन्मिन सक्छ। समाजवादी देशमा, यस्तो किसिमको अवस्था सामान्यत: आंशिक र अस्थायी रूपमा रहन्छ। कारण के हो भने समाजवादी देशहरूमा मान्छेद्वारा मान्छेको शोषणको व्यवस्था उखेलिएको हुन्छ र जनताका मूलभूत हितहरू समान नै हुन्छन्।

"जनताका अन्तरविरोधहरूको सही सन्चालनका विषयमा" (फरवरी २७, १९५७)

हाम्रो देशमा, मजदूर-वर्ग र राष्ट्रिय पूंजीपति-वर्गका बीचको अन्तरविरोध जनताका अन्तरविरोधहरूको श्रेणी अन्तर्गत पर्दछ। सामान्य रूपले हेर्ने हो भने, यी दुवैका बीचको वर्ग-सङ्घर्ष जनताकै पङ्क्तिभित्र रहेको वर्ग-सङ्घर्ष हो, किनभने चि-

नियाँ राष्ट्रिय पूंजीपतिको दुईपक्षीय चरित्र हुन्छ। पूंजीवादी जनतान्त्रिक क्रान्तिको कालमा, यसको चरित्रमा क्रान्तिकारी पक्ष हुनाका साथै समझौतावादी पक्ष पनि थियो। समाजवादी क्रान्तिको बेलामा, राष्ट्रिय पूंजीपतिको चरित्रको एउटा पक्ष नाफाको निम्ति मजदूर-वर्गको शोषण गर्नु हुन्छ भने संविधानको समर्थन गर्नु र समाजवादी सुधारलाई स्वीकार गर्ने इच्छा देखाउनु अर्को पक्ष हुन्छ। राष्ट्रिय पूंजीपति साम्राज्यवादी, जमीनदार र नोकरशाही-पूंजीपतिहरूभन्दा बेग्लै हुन्छ। राष्ट्रिय पूंजीपति र मजदूर-वर्गका बीचको अन्तरविरोध शोषक र शोषितका बीच पाइने अन्तरविरोध हो, र यो स्वभावतः प्रतिद्वन्दितापूर्ण हुन्छ। तर चीनका वास्तविक परिस्थितिमा, यो प्रतिद्वन्दितापूर्ण वर्ग-अन्तरविरोधलाई राम्ररी सन्चालित गरियो भने प्रतिद्वन्दिताहीन अन्तरविरोधको रूपमा रूपान्तरित हुनसक्छ र शान्तिपूर्ण ढङ्गबाट समाधान हुनसक्छ। तैपनि, यसको राम्ररी सन्चालन गरिएन भने राष्ट्रिय पूंजीपतिसित एकता गर्ने, उसको आलोचना गर्ने वा उसलाई शिक्षित पार्ने नीति लिइएन भने वा राष्ट्रिय पूंजीपतिले हाम्रो यस नीतिलाई मानेन भने यो हामी र शत्रुका बीच रहने अन्तरविरोधका रूपमा फेरिनेछ।

उपर्युक्त

यो (हङ्गेरीमा १९५६मा भएको प्रतिक्रान्तिकारी विद्रोह) जनताका अन्तरविरोधहरूबाट फाइदा उठाउँदै, तिनमा झगड़ा पार्दै र शान्ति-सुव्यवस्था भङ्ग गर्दै समाजवादी देशभित्रका प्रतिक्रियावादीहरूले साम्राज्यवादीहरूसंग सांठगांठ गरेर आफ्ना षड्यन्त्रकारी उद्देश्यहरू पूरा गर्ने काण्ड थियो। हङ्गेरीका घटनाहरूबाट पाइएको यो शिक्षा सबैले ध्यान दिन लायक छ।

उपर्युक्त

५. युद्ध र शान्ति

वर्गहरू, राष्ट्रहरू, राज्यहरू वा राजनैतिक गुटहरूका बीच रहने अन्तरविरोधहरू जब विकासको एक निश्चित अवस्थामा पुग्छन्, त्यस बेला अन्तरविरोधहरूको समाधान गर्नका लागि हुने सङ्घर्षको उच्चतम रूप नै युद्ध हो र व्यक्तिगत सम्पत्ति तथा वर्गहरूको उत्पत्ति भएदेखि नै युद्ध हुंदैआएको छ।

"चीनको क्रान्तिकारी युद्धमा रणनीतिका समस्याहरू" (डिसेम्बर १९३६)

"युद्ध राजनीतिकै विस्तार हो।" यस अर्थमा युद्ध राजनीति हो र युद्ध स्वयं एक राजनैतिक स्वरूपको कार्य हो; प्राचीन कालदेखि नै आजसम्म

कहिल्यै त्यस्तो कुनै युद्ध भएको छैन जसको राजनैतिक स्वरूप नरहेको होस्।

तर युद्धको आफ्नै किसिमको विशेष स्वभाव हुन्छ र यस अर्थमा सामान्यतया यसलाई राजनीतिकै बराबरीमा राख्न सकिन्न। "युद्ध भनेको विशेष पद्धतिहरूबाट राजनीतिलाई अगाड़ि बढ़ाउँदै लग्नु हो।" जब राजनीति निश्चित अवस्थामा विकसित हुन्छ र त्यसभन्दा अघि बढ्न आफ्ना सामान्य उपायहरूबाट यो असमर्थ हुन्छ, तब राजनैतिक बाटोमा आइपरेका यसका बाधक तत्वहरूलाई हटाई फ्याँक्न युद्ध आरम्भ हुन्छ... जब त्यो बाधा हटिसक्छ र राजनैतिक उद्देश्यको प्राप्ति भइसक्छ, अनि युद्ध पनि थामिनेछ। तर त्यो बाधालाई पूर्णतया निर्मूल गरिएन भने आफ्नो उद्देश्य पूर्णतया प्राप्त नहोउन्जेल युद्ध जारी नै रहनेछ।... त्यसैले यो भन्न सकिन्छ—राजनीति भनेको रक्तपातहीन युद्ध हो भने युद्ध रक्तपातयुक्त राजनीति हो।

"दीर्घकालीन युद्धका विषयमा" (मे १९३८)

इतिहासले देखाउँछ, युद्ध दुई किसिममा विभाजित छन्, न्यायपूर्ण र अन्यायपूर्ण। सबै प्रगतिशील युद्ध न्यायपूर्ण हुन्छन्, प्रगतिमा तगारो हाल्ने खालका सबै युद्ध अन्यायपूर्ण हुन्छन्। हामी कम्युनिस्टहरू प्रगतिमा तगारो हाल्ने खालका र अन्यायपूर्ण सबै युद्धको विरोध गर्दछौं, तर हामी प्रगतिशील र न्यायपूर्ण युद्धहरूको विरोध गर्दैनौं। न्यायपूर्ण युद्धहरूको विरोध नगर्ने मात्र होइन, हामी कम्युनिस्टहरू त्यस्ता युद्धमा सक्रिय भएर भाग नै लिन्छौं। अन्यायपूर्ण युद्धहरूका विषयमा, प्रथम विश्वयुद्ध यस्तो उदाहरण हो जसमा दुवै पक्षले साम्राज्यवादी स्वार्थको निम्ति लड़े; त्यसैले संसारभरिका कम्युनिस्टहरूले दृढ़तापूर्वक त्यस युद्धको विरोध गरे। यस किसिमको युद्धको विरोध गर्ने काइदा, युद्ध शुरू हुनुभन्दा अघि नै यसलाई रोक्न हरेक सक्दो कोशिश गर्नु र यो शुरू भइहालेछ भने, जहाँसम्म सकिन्छ यस्ता युद्धको युद्धद्वारा नै विरोध गर्नु, अन्यायपूर्ण युद्धलाई न्यायपूर्ण युद्धद्वारा विरोध गर्नु हो।

उपर्युक्त

वर्ग-समाजमा क्रान्तिहरू र क्रान्तिकारी युद्धहरू अवश्यम्भावी हुन्छन् र ती भएनन् भने समाजको प्रगतिमा कुनै फड्को मार्नु, प्रतिक्रियावादी शासनारूढ़ वर्गहरूलाई हुत्याउनु असम्भव हुन्छ र यस कारण जनताले राजनैतिक शक्ति प्राप्त गर्नु नै असम्भव हुन्छ।

"अन्तरविरोधहरूका विषयमा" (अगस्ट १९३७)

क्रान्तिकारी युद्ध यस्तो विषाणुनाशक ओखती हो जसले शत्रुको विषलाई मात्र समाप्त पार्ने होइन हामीभित्र रहेका फोहरमैलालाई पनि पखालेर हामीलाई निरोगी पार्छ। हरेक न्यायपूर्ण र क्रान्तिकारी युद्धमा असाध्य ठूलो शक्ति हुन्छ जसले अनेकौं वस्तुलाई हेरफेर गरिदिन्छ वा तिनको हेरफेरका लागि बाटो प्रशस्त पारिदिन्छ। चिनियाँ-जापानी युद्धले चीन र जापान दुवै मुलुकलाई बद्लिदिनेछ। चीनले जापानी आक्रमण-विरोधी युद्धमा र संयुक्त मोर्चामा अटल भएर अड़िरह्यो भने पुरानो

जापान अवश्य नै नयाँ जापानमा बद्लिनेछ र पुरानो चीन नयाँ चीनमा, र युद्धका बेलामा र त्यसपछि पनि चीन र जापान दुवै मुलुकका जनता र प्रत्येक कुरा बद्लिनेछन् ।

"दीर्घकालीन युद्धका विषयमा" (मे १९३८)

हरेक कम्युनिस्टले यस सत्यलाई हृदयङ्गम गर्नैपर्छ, "राजनैतिक शासन बन्दूकको नालबाट निस्कन्छ ।"

"युद्ध र रणनीतिका समस्याहरू" (नभेम्बर ६, १९३८)

सशस्त्र सैनिकद्वारा राजनैतिक शासन हत्याउनु, समस्यालाई युद्धद्वारा टुङ्ग्याउनु क्रान्तिको प्रमुख काम र उच्चतम रूप हो । यो क्रान्ति सम्बन्धी मार्क्सवादी-लेनिनवादी सिद्धान्त विश्वव्यापी रूपले सत्य छ, चीन र अरू सबै मुलुकका लागि पनि ।

उपर्युक्त

सशस्त्र सङ्घर्ष नगरी न सर्वहारा, न जनता, न त कम्युनिस्ट पार्टी कसैको पनि चीनमा कुनै स्थान नै रहनेछैन र क्रान्तिले विजय प्राप्त गर्नु पनि असम्भव छ । यी वर्षहरूमा (पार्टीको स्थापना भएको अठार वर्षदेखि यता) हाम्रो पार्टीको विकास, सुदृढीकरण र बोल्शेविकरण सबै क्रान्तिकारी युद्धहरूकै माझमा भएका छन् ; सशस्त्र सङ्घर्ष नगरेको भए आज कम्युनिस्ट पार्टी जस्तो अवस्थामा छ, त्यस अवस्थामा पुग्ने थिएन भन्ने कुरा निश्चित छ । पार्टीका सबै कामरेडहरूले यस अनुभवलाई कहिल्यै बिर्सनुहुंदैन जुन अनुभव हामीले रगत दिएर हासिल गरेका छौं ।

"'कम्युनिस्ट' को निम्ति सन्देश" (अक्टोबर ४, १९३९)

राज्यसम्बन्धी मार्क्सवादी सिद्धान्तका दृष्टिकोण अनुसार सेना राज्यशक्तिको मुख्य अङ्ग हो । राज्य शक्तिलाई खोस्न र कायम राख्न चाहनेहरू जोसुकैसँग पनि बलियो सेना हुनैपर्छ । केही मानिस

हामीलाई "युद्ध सर्वशक्तिमान् हुन्छ" भन्ने मतका पक्षपाती भनी हाम्रो हाँसो उड़ाउँछन्। हो, हामी क्रान्तिकारी युद्धको सर्वशक्तिमान् स्वरूपका पक्ष-पाती हौं; यो त उचित कुरा हो, कमसल कुरा होइन, यो मार्क्सवादी कुरा हो। रसियाली कम्यु-निस्ट पार्टीका बन्दूकहरूले समाजवादको सृष्टि गरे। हामी जनवादी गणतन्त्रको सृष्टि गर्नेछौं। साम्रा-ज्यवादको युगमा वर्ग-सङ्घर्षको अनुभवले हामीलाई के बताउँछ भने बन्दूकको बलबाट मात्र मजदूर-वर्ग र श्रमजीवी जनसमुदायले सशस्त्र पूंजीपति र जमीन-दारहरूलाई पराजित गर्न सक्छन्; यस अर्थमा हामी भन्न सक्छौं—केवल बन्दूकबाट नै सारा संसारलाई बदल्न सकिन्छ।

"युद्ध र रणनीतिका समस्याहरू"
(नभेम्बर ६, १९३८)

हामी युद्धको उन्मूलनका पक्षपाती हौं, हामी युद्ध चाहन्नौं; तर युद्धबाट मात्रै युद्धलाई निर्मूल

पार्न सकिन्छ, र बन्दूकबाट छुट्टी पाउन बन्दूक समात्नु जरूरी छ।

उपर्युक्त

मानिसहरूमा परस्पर मारकाट मच्चाउने यो दानवी स्वरूप युद्ध मानव समाजको विकासद्वारा आखिरमा निर्मूल पारिनेछ र त्यसको निम्ति धेरै टाढ़ा भविष्यमा जानुपर्ने छैन। तर यसलाई निर्मूल पार्ने एउटा मात्र बाटो छ, त्यो हो युद्धद्वारा युद्धको विरोध गर्नु, प्रतिक्रान्तिकारी युद्धको क्रान्तिकारी युद्धद्वारा विरोध गर्नु, राष्ट्रिय प्रतिक्रान्तिकारी युद्ध-को राष्ट्रिय क्रान्तिकारी युद्धद्वारा विरोध गर्नु, र प्रतिक्रान्तिकारी वर्ग-युद्धको क्रान्तिकारी वर्ग-युद्धद्वारा विरोध गर्नु। . . . जब मानव समाज त्यस अवस्था-सम्म विकास गरिसक्नेछ जब वर्गहरू र राज्यहरू निर्मूल भइसक्नेछन्, त्यस बेला युद्धहरू हुनेछैनन्, ती प्रतिक्रान्तिकारी हुन् वा क्रान्तिकारी, अन्यायपूर्ण हुन् वा न्यायपूर्ण; र त्यो मानव जातिको निम्ति अनन्त शान्तिको युग हुनेछ। क्रान्तिकारी युद्धका

नियमहरूको हाम्रो अध्ययन सबै युद्धलाई निर्मूल पार्ने इच्छाबाट जन्मेको हो; हामी कम्युनिस्टहरू र अरू सबै शोषक वर्गहरूका बीचको भिन्नता यसै कुरामा निहित छ।

"चीनको क्रान्तिकारी युद्धमा रणनीतिका समस्याहरू" (डिसेम्बर १९३६)

हाम्रो मुलुक र अरू सबै समाजवादी मुलुकहरू शान्ति चाहन्छन्; संसारका सबै मुलुकका जनता यही चाहन्छन्। त्यस्ता युद्ध-पिपासु र शान्ति नचाहनेहरू चाहिं दुईचार साम्राज्यवादी मुलुकभित्र केही एकाधिकार पूंजीपतिका गुटहरू मात्र हुन् जो आफ्नो नाफाको निम्ति आक्रमणमाथि भर पर्दछन्।

"चिनियाँ कम्युनिस्ट पार्टीको आठौं राष्ट्रिय महाधिवेशनमा उद्घाटन-भाषण" (सेप्टेम्बर १५, १९५६)

स्थायी विश्वशान्ति प्राप्त गर्न हामीले समाजवादी शिविरका बन्धु राष्ट्रहरूसँग मित्रता र सहयोग-

लाई अरू बढ़ाउनैपर्दछ, र सबै शान्तिप्रेमी देशहरूसँग हाम्रो एकतालाई बलियो पार्नैपर्छ। हामीसँग शान्तिपूर्ण सम्बन्ध राखेर बस्न इच्छुक हुने राष्ट्रहरूसित हामीले क्षेत्रीय अक्षुण्णता तथा सार्वभौमिकताको निमित्त पारस्परिक आदर, समानता र पारस्परिक लाभको आधारमा हामीले सामान्य कूटनैतिक सम्बन्ध कायम गर्ने प्रयास अवश्य गर्नुपर्दछ। एशिया, अफ्रिका र ल्याटिन अमेरिकाको राष्ट्रिय स्वाधीनता र मुक्ति-आन्दोलनका साथै संसारका सबै देशमा हुने शान्ति-आन्दोलन र न्यायपूर्ण सङ्घर्षहरूको हामीले सक्रिय समर्थन गर्नैपर्छ।

उपर्युक्त

साम्राज्यवादी देशहरूका विषयमा, हामीले ती देशका जनताहरूसँग एकगठ हुनुपर्छ र ती देशसँग शान्तिपूर्ण सहअस्तित्व कायम राख्ने, तीसँग व्यापार गर्ने, र तिनीहरूका साथ कुनै सम्भावित युद्ध हुन नदिने प्रयास हामीले गर्नुपर्छ, तर कुनै पनि

हालतमा हामीले तिनका विषयमा भ्रमात्मक धारणा चाहिं लिनुहुंदैन।

"जनताका अन्तरविरोधहरूको सही सन्चालनका विषयमा" (फरवरी २७, १९५७)

हामी शान्ति चाहन्छौं। तैपनि साम्राज्यवादीहरू युद्ध गर्न करै लाउँछन् भने त अन्त्यसम्म जुध्ने र युद्ध सिद्धिएपछि फेरि निर्माण गर्ने दृढ़ निर्णय लिनु बाहेक हामीसँग विकल्प रहनेछैन। तपाईं युद्धसित रातदिन तर्सिरहनु हुन्छ भने आखिरमा युद्ध आइनैलाग्यो भने तपाईं के गर्नुहोला ? पहिले मैले भनें — पश्चिमा हावामा पुर्विया हावाको हावी हुँदैछ र लड़ाई हुनेछैन, र अहिले चाहिं मैले कतै युद्ध भइहालेछ भने के स्थिति होला भन्ने कुरा बारेको व्याख्या यहाँ थपेको छु। यसरी दुवै सम्भावनाहरू हाम्रा दृष्टिभित्र पारिएका छन्।

"कम्युनिस्ट र मजदूर-पार्टीहरूको मास्को-सभामा भाषण" (नभेम्बर १८, १९५७)

संसारभरिका मानिसहरू अहिले तेस्रो विश्वयुद्ध छेड़िएला वा नछेड़िएला भनी छलफल गर्दैछन्। यस प्रश्नका विषयमा पनि, हामीले मानसिक तवरले तयार भएर बस्नैपर्छ र केही विश्लेषण गर्नुपर्छ। हामी शान्तिको पक्षमा र युद्धको विरोधमा दृढ़तापूर्वक उभिएका छौं। तर साम्राज्यवादीहरूले अर्को युद्ध थाल्ने अड्डी नै लिन्छन् भने पनि हामीले यसबाट तर्सिनुहुंदैन। यसबारे हाम्रो दृष्टिकोण त्यही छ जस्तो अरू कुनै गड़बड़बारे रहेको छ : पहिलो कुरा त हामी यसका विरुद्ध छौं ; दोस्रो, हामी यसबाट तर्सिदैनौं। पहिलो विश्वयुद्धको लगत्तैपछि २० करोड़ जन-संख्या भएको सोभियत सङ्घको जन्म भयो। दोस्रो विश्वयुद्धपछि ९० करोड़को कुल जन-संख्या भएको समाजवादी शिविरको उदय भयो। साम्राज्यवादीहरू तेस्रो विश्वयुद्ध थाल्ने जिद्दी गर्छन् भने यो पक्का छ अझ सयौं करोड़ समाजवादतर्फ लाग्नेछन्, र त्यसपछि त साम्राज्यवादीहरूको निम्ति धरतीमा धेरै ठाउँ बाँकी रहनेछैन, र सम्भावना

त अझ के छ भने साम्राज्यवादको सम्पूर्ण व्यवस्था नै चकनाचूर भएर ढल्नेछ ।

"जनताका अन्तरविरोधहरूको सही सन्चालनका विषयमा" (फरवरी २७, १९५७)

संसारभरिका साम्राज्यवादीहरू र सबै प्रतिक्रियावादीहरूले जनताका कार्य बारेमा लिने तर्क हो—खलबल्याउनु, असफल, फेरि खलबल्याउनु, फेरि असफल, जबसम्म आफ्नो अन्तिम अवस्था आइपुग्दैन र उनीहरू कहिल्यै यस नीतिभन्दा बाहिर जांदैनन् । यो मार्क्सवादी नियम हो । "साम्राज्यवाद मापाको हुन्छ" भन्दा हाम्रो तात्पर्य के हुन्छ भने यसको स्वभाव कहिल्यै फेरिनेछैन, साम्राज्यवादीहरूले आफ्नो बगरे-चुपीलाई कहिल्यै भुईंमा राख्नेछैनन्, अन्तिम साससम्म पनि उनीहरू कहिल्यै बुद्ध हुनेछैनन् ।

जनताको तर्क चाहिं हो—सङ्घर्ष गर्नु, असफल, फेरि सङ्घर्ष गर्नु, फेरि असफल, विजय प्राप्त नगरुन्जेल सङ्घर्ष गरिरहनु, र उनीहरू पनि यो नीति बाहिर कहिल्यै जाने होइनन् । यो अर्को मार्क्सवादी नियम हो । रसियाली जनताको क्रान्ति यही नीति अनुसार चलेको थियो, र चिनियाँ जनताको क्रान्ति पनि यसै नियमलाई मानेर चलेको छ ।

"भ्रमहरूलाई हटाऊ, सङ्घर्षको तयारी गर" (अगस्ट १४, १९४९)

हामीले विजय पायौं भन्दैमा साम्राज्यवादीहरू र तिनका पिट्ठूहरूले प्रतिशोधका निम्ति गर्ने बहुलट्टीपूर्ण षड्यन्त्रहरूपट्टि हामीले कहिल्यै आँखा चिम्लनुहुंदैन । आफ्नो सतर्कतालाई खुकुलो पार्नेहरू राजनैतिक रूपले आफूलाई निःशस्त्र तुल्याउँछन् र निष्क्रियताको स्थितिमा पुग्छन् ।

"नयाँ राजनैतिक सल्लाहकार सभाको तयारी-समितिलाई सम्बोधन" (जुन १५, १९४९)

चीनको यस भूमिमा साम्राज्यवादीहरू, तिनका पिट्ठूहरू — चिनियाँ प्रतिक्रियावादीहरू — त्यसै आत्मसमर्पण गरेर आफ्नो पराजय स्वीकार गर्नेछैनन्। हरेक सम्भव उपायबाट तिनीहरू चिनियाँ जनताका खिलाफ सांठ-गांठ गरिरहनेछन् । जस्तै तिनीहरू चीनमा आफ्ना गुमस्ताहरू खुसुक्क हुलेर फाटो पार्न र बाधा उत्पन्न गर्न लगाउनेछन्। यो पक्का हो ; उनीहरू कहिले पनि यस्ता कामलाई हेलचक्र्याइँ गरेर छोड्नेछैनन्। अर्को उदाहरण लिऊँ, साम्राज्यवादीहरूले चिनियाँ प्रतिक्रियावादीहरूलाई उचाल्नेछन् र चीनका बन्दरगाहहरूलाई बन्द गर्न आफ्ना फौज पनि घुसाउन बेर लाउनेछैनन्। जहाँसम्म गर्न सकिन्छ, उनीहरू यो गर्नेछन्। अझ, उनीहरू दुःसाहसपूर्ण कदमहरू चाल्न लालायित छन् भने उनीहरू चीनका सीमा-प्रदेशमा आक्रमण गर्न वा त्यहांका जनतालाई दुःख दिन आफ्ना केही फौज पनि पठाउनेछन्, र यो पनि असम्भव छैन। यी सबै कुरालाई हामीले राम्ररी बुझ्नुपर्छ।

उपर्युक्त

संसार प्रगति गर्दैछ, भविष्य उज्यालो छ, इतिहासको यस सामान्य प्रवृत्तिलाई कसैले बदल्न सक्दैन। विश्व-प्रगति र अघिल्तिरको उज्यालो भविष्यका तथ्यहरूलाई हामीले सधैं जनतामा फिंजाउनुपर्छ जसले गर्दा ती विजयप्रति आफ्नो पत्यारलाई बलियो पारून्।

"चुङकिङ सम्झौता-वार्ताका विषयमा"
(अक्टोबर १७, १९४५)

चिनियाँ जन-मुक्तिसेनाका सम्पूर्ण सेनापति र योद्धाहरूले कहिल्यै आफ्नो लड्ने इच्छालाई अलिकति पनि कमजोर पार्नुहुंदैन ; लड्ने इच्छालाई कमजोर पार्ने र शत्रुलाई हलुका तवरले लिने कुनै पनि विचार गलत हो।

"चिनियाँ कम्युनिस्ट पार्टीको सातौं केन्द्रीय समितिको दोस्रो प्लेनममा रिपोर्ट" (मार्च ५, १९४९)

६. साम्राज्यवाद र सबै प्रतिक्रियावादी कागत-का बाघ हुन्

सबै प्रतिक्रियावादीहरू कागतका बाघ हुन् । देख्दा सबै प्रतिक्रियावादी तर्साउने हुन्छन्, तर यथार्थमा ती उत्तिको शक्तिशाली हुंदैनन् । दूरदर्शिताको दृष्टि-कोणले विचार गर्दा प्रतिक्रियावादीहरू होइनन्, जनता नै वास्तविक शक्तिशाली हुन्छन् ।

"अमेरिकाली संवाददात्री अन्ना लुइस स्ट्रङ्गसँग कुराकानी" (अगस्ट १९४६)

जसरी संसारमा द्विपक्षीय प्रकृति नभएको कुनै पनि वस्तु छैन (विरोधहरूको एकताको नियम यही

हो) त्यसै गरी साम्राज्यवाद र सबै प्रतिक्रियावादी-हरूको द्विपक्षीय प्रकृति हुन्छ – उनीहरू साँच्चीकै बाघ हुन् र साथै कागतका बाघ हुन् । गत इति-हासमा, राज्यशक्ति जित्नुभन्दा पहिले र केही काल पछिसम्म पनि कमाराहरू राख्ने वर्ग, सामन्ती जमीन-दार-वर्ग र बुर्जुवाहरू उत्साही, क्रान्तिकारी र प्रग-तिशील थिए ; तिनीहरू साँच्चीकै बाघ थिए । तर समय बित्दैगएपछि, तिनका विरोधी वर्ग – कमारा-वर्ग, किसान-वर्ग र सर्वहारा-वर्ग – विस्तारै विस्तारै बलिया हुंदैगएका र तिनका विरोधमा झन्झन् तीव्र-ताका साथ सङ्घर्ष गर्दै गएकाले, यी शासक वर्ग विस्तारै विस्तारै उल्टो रूपमा बदलिंदैगए, प्रतिक्रि-यावादीका रूपमा परिवर्तित भए, पछौटे वर्गका रूपमा परिवर्तित भए, कागतका बाघका रूपमा परिवर्तित भए, र आखिरमा जनताद्वारा यी उखे-लिएर मिल्काइए वा मिल्काइनेछन् । यी प्रतिक्रि-यावादी, पछौटे, ह्रासोन्मुख वर्गहरूले जनताद्वारा चलाइएका आखिरी जीवन-मृत्युका सङ्घर्षहरूमा पनि यस द्विपक्षीय स्वभावलाई कायमै राखे । एकतर्फ

उनीहरू साँच्चीकै बाघ थिए, तिनले हजारौं, लाखौं, करोड़ौं मानिसलाई चपाएर निले। जन-सङ्घर्षको उद्देश्यले गाह्रा र कष्टमय बेलाहरू पार गर्नुपऱ्यो र लामो बाटोमा निकै बाङ्गाटिङ्गा घुम्तीहरू देखा परे। चीनबाट साम्राज्यवाद, सामन्तवाद र नोकर-शाही पूंजीवादको शासनलाई खतम पार्न चिनियाँ जनतालाई सय वर्षभन्दा बर्ता लाग्यो र १९४९ को विजय पाउनुभन्दा अघि उनीहरूले करोड़ौं ज्यान-को बलिदान दिनुपऱ्यो। हेर्नोस् न! के ती जिउंदा बाघ, फलामका बाघ, साँच्चीकै बाघ थिएनन् त? तर आखिरमा ती कागतका बाघ, मरेका बाघ, खेलौना बाघमा परिवर्तित भए। यी ऐतिहासिक तथ्य हुन्। मानिसहरूले यी तथ्यलाई देखे वा सुनेका छैनन् र? सांच्चीकै कुरा हो—यस्ता त हजारौं र दसौं हजार भएका छन्! हजारौं र दसौं हजार! त्यसैले गड़ेर उनको भित्री मर्मलाई हेर्दा, दूरदर्शिताको दृष्टिले हेर्दा, रणनीतिको दृष्टिले विचार गर्दा, साम्राज्य-वाद र सबै प्रतिक्रियावादीलाई तथ्यको आधारमा कागतका बाघ सम्झिराख्नुपर्छ। यसैमा हाम्रो रण-

नीतिक विचार आधारित हुनुपर्छ। अर्कोतर्फ, ती मान्छेहरूलाई खान-पचाउन सक्ने जिउँदा बाघ, फलामका बाघ र साँच्चीकै बाघ पनि हुन्। यसैमा हाम्रो कार्यनीति र युद्ध-कौशल सम्बन्धी विचार आधारित हुनुपर्छ।

चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय समि-तिको राजनैतिक ब्युरोको वुचाङ-सभामा भाषण (डिसम्बर १, १९५८), "अमे-रिकाली संवाददात्री अन्ना लुइस स्ट्रङसंग कुराकानी" को व्याख्यात्मक टिप्पणीमा उद्धृत।

शक्तिशाली भनेर नाउँ कमाइटोपलेका सबै प्रति-क्रियावादी केवल कागतका बाघ हुन् भनेर मैले भनेको छु। यसको कारण के हो भने तिनीहरू जनताबाट बेग्लिएका छन्। हेर्नोस् न! के हिटलर कागतको बाघ थिएन? के हिटलर उखेलिएर मि-ल्काइएन? रूसका जार, चीनका सम्राट र जापानी

साम्राज्यवाद सबै कागतका बाघ थिए भनेर पनि मैले भनें। ती सबै निर्मूल पारिए भन्ने कुरा त हामीलाई थाहै छ। अमेरिकाली साम्राज्यवाद अझै उखेलिएको छैन र यससँग अणु बम छ। यो पनि उखेलिनेछ भन्ने मलाई विश्वास छ। यो पनि कागतको बाघ हो।

कम्युनिस्ट र मजदूर-पार्टीहरूको मास्को-
सभामा भाषण (नभेम्बर १८, १९५७)

केही मूर्खहरूको चालचलनको वर्णन गर्ने एउटा चिनियाँ उखान छ – "आफ्नै खुट्टामाथि खसाल्न ढुङ्गा उचाल्नु।" सबै मुलुकका प्रतिक्रियावादीहरू यस्तै खालका मूर्ख हुन्छन्। आखिरी विश्लेषणमा, क्रान्तिकारी जनतालाई सताउने तिनका अनेक कारवाईले जन-क्रान्तिलाई झन् तीव्रताका साथ विस्तृत क्षेत्रमा बढ़ाइदिन्छन्। रूसमा जारले र चीनमा च्याङ काइ-शेकले क्रान्तिकारी जनतामाथि गरेका अनेक अत्याचारपूर्ण कामले रूस र चीनका महान् क्रान्तिहरूमा यस्तो किसिमको भूमिका पूरा गरेन त?

"महान् अक्टोबर समाजवादी क्रान्तिको
चालीसौं वार्षिकोत्सव समारोहमा सो०
स०ग०सं०को सर्वोच्च सोभियतको सभामा
भाषण" (नभेम्बर ६, १९५७)

अमेरिकाली साम्राज्यवादले चीनको प्रादेशिक भूमि ताइवानमाथि आक्रमण गऱ्यो र गत नौ वर्षदेखि यसमाथि कब्जा जमाइराखेको छ। केही दिन अघि यसले लेबनानमाथि आक्रमण र कब्जा गर्न आफ्नो सशस्त्र फौज पठायो। संसारभरका धेरै मुलुकमा अमेरिकाले सयौं सैनिक अड्डाहरू स्थापित गरेको छ। चीनको ताइवान प्रदेश, लेबनान र विदेशी धरतीमा अमेरिकाले स्थापित गरेका सबै सैनिक अड्डाहरू अमेरिकाली साम्राज्यवादका घाँटीमा बेरिएका कैयन् पासोहरू हुन्। यी पासोहरू अरू कसैले होइन अमेरिकालीहरू आफैंले बनाएका हुन्, र यी पासोहरू आफ्ना घाँटीका वरिपरि बेर्ने

पनि उनीहरू आफैं हुन्। चिनियाँ जनता, अरब राष्ट्रका जनता र संसारभरका आक्रमण-विरोधी शान्तिप्रेमी जनताहरूका हातमा तिनले ती पासोका छेउहरू समात्न लाएका छन्। अमेरिकाली आक्रमणकारीहरू ती ठाँउमा जति बर्ता बस्नेछन् उतिउति बर्ता तिनका घाँटी वरिपरि यी पासोहरू कसिंदै जानेछन्।

सर्वोच्च राजकीय सम्मेलनमा भाषण
(सेप्टेम्बर ८, १९५८)

साम्राज्यवाद धेरै समयसम्म टिक्नेछैन, किनभने यो सधैं कुकर्महरू मात्र गरिरहन्छ। सबै राष्ट्रमा जनताका विरोधी प्रतिक्रियावादीहरूलाई पुठ दिने र समर्थन गर्ने काममा यो लाग्दछ, यसले अनेकौं उपनिवेश, अर्ध-उपनिवेश र अनेकौं सैनिक अड्डाहरूलाई बलजफती खोसेको छ, र आणविक युद्धको डर देखाएर यो शान्तिलाई तर्साउँछ। यसरी साम्राज्यवादबाट बाध्य गरिएर संसारका ९० प्रतिशतभन्दा बर्ता मानिसहरू यसका खिलाफमा सङ्घर्ष

गर्न उभिंदैछन् वा उभिनेछन्। तैपनि साम्राज्यवाद अझै बाँचेको छ, र एशिया, अफ्रिका र ल्याटिन अमेरिकामा यो अझै मनपरी गर्दैछ। पश्चिममा आफ्नै देशका जनतालाई साम्राज्यवादले अझै दबाइराखेको छ। यो स्थिति अवश्य बदलिनुपर्छ। साम्राज्यवाद, खास गरेर अमेरिकाली साम्राज्यवादले गरेका यी आक्रमण र अत्याचारलाई खतम पार्नु संसारभरका जनताको अभिभारा हो।

सिन्ह्वा संवाद-समितिका संवाददातासंगको
अन्तरवार्ता (सेप्टेम्बर २९, १९५८)

हरेक ठाउँमा मनपरी गर्दै कुल्चदै हिंड्ने अमेरिकाली साम्राज्यवादले आफूलाई संसारभरका जनताको शत्रु बनाएको छ र यो आफूलाई झन्झन् एक्लो पार्दैछ। कमारा हुन नमान्नेहरू अमेरिकाली साम्राज्यवादको हातमा अणु बम र हाइड्रोजन बम देखेर कहिले पनि घुँडा टेक्नेछैनन्। अमेरिकाली आक्रमणकारीहरूका खिलाफ बढ्दैगएको संसारका जनताको उच्च छाल रोकेर रोकिंदैन। अमेरिकाली

साम्राज्यवाद र त्यसका पिट्ठूहरूका खिलाफको तिनको सङ्घर्षले अवश्यनै झन् ठूल्ठूला विजयहरू प्राप्त गर्नेछ।

"अमेरिकाली साम्राज्यवादका विरोधमा पनामाली जनताको न्यायोचित देशभक्तिपूर्ण सङ्घर्षको समर्थनमा वक्तव्य" (जनवरी १२, १९६४)

अमेरिकाली एकाधिकार पूंजीपति गुटहरूले यसै गरी आक्रमण र युद्धका आफ्ना नीतिहरूलाई जारी राख्तै गए भने, त्यो दिन अवश्य नै आइछाड्नेछ जब सारा संसारका जनताहरूबाट उनीहरू झुन्ड्याइनेछन्। अमेरिकाका अरू सहयोगीहरूको पनि त्यही गति हुनेछ।

सर्वोच्च राजकीय सम्मेलनमा भाषण (सेप्टेम्बर ८, १९५८)

लामो अवधिको क्रममा हामीले शत्रुहरूका खिलाफ युद्ध गर्न यस धारणालाई विकसित गरेका छौं—

रणनीतिको दृष्टिले हामीले आफ्ना सबै शत्रुहरूलाई हेप्नुपर्छ, तर कार्यनीतिको दृष्टिबाट हामीले ती सबैलाई गम्भीरतापूर्वक लिनुपर्छ। यसको यो पनि मतलब हो—सम्पूर्णताको दृष्टिबाट हामीले आफ्ना शत्रुलाई हेप्नैपर्छ, तर एक-एक गरी विशेष प्रश्नका सम्बन्धमा भने हामीले उसलाई गम्भीरताका साथ नै लिनुपर्छ। सम्पूर्णताको दृष्टिले हामीले शत्रुलाई हेपेनौं भने हामी अवसरवादको भूल गर्नेछौं। ती शुरू शुरूका दिनहरूमा मार्क्स र एङ्गेल्स दुई जना मात्र व्यक्ति थिए, तर संसारभरबाट पूंजीवाद निर्मूल पारिनेछ भन्ने कुराको उनीहरूले त्यस बेलै घोषणा गरे। तर विशेष समस्याहरूको र विशेष शत्रुहरूको प्रश्नबारे विचार गर्दा हामीले उनीहरूलाई गम्भीरतापूर्वक लिएनौं भने हामीबाट दुःसाहसवादको भूल हुन जानेछ। युद्धमा लड़ाईंहरू एक-एक गरी मात्र लड्न सकिन्छ, शत्रुका सेनाहरूलाई एक-एक गरेर मात्र सखाप पार्न सकिन्छ। कारखानाहरू एक-एक गरी मात्र बनाउन सकिन्छ। किसानहरू आफ्नो खेत एक-एक चकला गरेर मात्र

जोत्न सक्छन्। खाने कुरा खांदा समेत यो कुरा साँचो हुन्छ। रणनीतिको दृष्टिबाट खाने कामलाई हामी हलुका रूपमा लिन्छौं, हामीलाई थाहा छ हामी त्यो सिध्याउन सक्छौं। तर वास्तविक रूपमा भने हामी एक-एक गाँस गरेर खान्छौं। एउटै गाँसमा पूरै भोजलाई निल्नु असम्भव छ। यसलाई क्रमबद्ध समाधान भन्दछन्। सैनिक शब्दावलीमा यसलाई शत्रु पक्षको सेनालाई एक-एक गरी मेटिदिनु भन्छन्।

कम्युनिस्ट र मजदूर-पार्टीहरूको मास्को-सभामा भाषण (नभेम्बर १८, १९५७)

मेरो के धारणा छ भने अन्तरराष्ट्रिय स्थिति अहिले नौलो युगान्तर-विन्दुमा पुगिसकेको छ। हाल संसारमा दुई किसिमका हावा चलेका छन्, पुर्विया हावा र पश्चिमा हावा। एउटा चिनियाँ उखान छ। "कि त पुर्विया हावाले पश्चिमा हावालाई जित्छ, कि त पश्चिमा हावाले पुर्विया हावालाई

जित्छ।" म के ठान्छु भने हालको स्थिति हेर्दा पुर्विया हावाले नै पश्चिमा हावालाई जितिरहेको छ। अर्थात्, समाजवादका शक्तिहरू साम्राज्यवादका शक्तिहरूभन्दा अत्यधिक मात्रामा बर्ता शक्तिशाली भएका छन्।

उपर्युक्त

७. संघर्ष गर्ने आँट गर र जित्ने आँट गर

संसारका जनता हो, एकगठ होऊ र अमेरिकाली आक्रमणकारी र तिनका सबै भरौटेहरूलाई हराऊ! संसारका जनता हो, साहसी बन, जुध्ने आँट गर, अप्ठ्याराहरूदेखि नडराऊ र छालमाथि छाल झैं अघिअघि बढ्दैजाऊ। त्यसोभए सारा संसार निश्चयनै जनताको हुनेछ। सबै किसिमका राक्षसहरूलाई निर्मूल पारिनेछ।

"अमेरिकाली आक्रमणका विरुद्ध कङ्गो (लियोपोल्डभिल) का जनतालाई समर्थन गर्दै दिइएको वक्तव्य" (नभेम्बर २८, १९६४)

मार्क्सवादी-लेनिनवादी विज्ञानको आधारमा अन्तरराष्ट्रिय र राष्ट्रिय स्थितिको विचारपूर्वक स्पष्ट मूल्याङ्कन गरेपछि चिनियाँ कम्युनिस्ट पार्टीले के ठम्याएको छ भने देशभित्र र बाहिरका प्रतिक्रियावादीहरूका सबै आक्रमणलाई हराउनुपर्छ र हराउन सकिन्छ पनि। आकासमा काला बादलहरू देखा पर्दा हामीले के औंल्याएका थियौं भने ती अस्थायी मात्र हुन्, र छिटै अँध्यारो सिद्धिनेछ र सूर्य त्यसलाई चिर्दै प्रकट हुनेछ।

"वर्तमान स्थिति र हाम्रा कर्तव्यहरू" (डिसेम्बर २५, १९४७)

मानवजातिको इतिहासमा, नष्ट हुन लागेका सबै प्रतिक्रियावादी शक्तिहरू क्रान्तिकारी शक्तिहरूका विरुद्ध आखिरी तीव्रताका साथ युद्ध गरिछाड्छन्। केही क्रान्तिकारीहरूले उनीहरूको यस भित्री खोक्रोपना तर बाहिरी शक्ति देखेर केही समय भ्रममा पनि पर्न बेर छैन, उनीहरू के कुरालाई देख्न सक्दैनन् भने उनका शत्रुहरू आफ्नो अन्तिम अवस्थामा पुगि-

सकेका छन्, बरु उनीहरू आफैं पो विजयको नजिकमा पुग्न लागेका छन् !

"द्वितीय विश्वयुद्धमा मोड़" (अक्टोबर १२, १९४२)

उनीहरू (कुओमिन्ताङ) लड्न आउंछन् भने, हामी तिनीहरूलाई पूराका पूरा सखाप पारिदिनेछौं। तथ्य यस्तै छ : उनीहरू आक्रमण गर्छन् र हामीहरू तिनलाई निर्मूल पारिदिन्छौं भने उनीहरूलाई त्यही सन्तोष हुनेछ ; अलिकति निर्मूल पार्‍यौं भने अलिकति सन्तोष र त्यसभन्दा बढ़ी निर्मूल पार्‍यौं भने झन् बढ़ी सन्तोष र अझ जम्माजम्मी सबै निर्मूल पारिदियौं भने त पूराका पूरा सन्तोष हुनेछ। चीनका समस्याहरू जटिल छन् र हाम्रा मगजहरूले पनि अलि जटिल हुनै पर्‍यो। उनीहरू लड्न थाल्छन् भने, हामी लघाछौं — हामी शान्तिको विजयको निम्ति लड्छौं।

"चुङकिङ समझौता-वार्ताका विषयमा" (अक्टोबर १७, १९४५)

कसैले हामीमाथि आक्रमण गर्छ भने र युद्धको निम्ति स्थिति अनुकूल छ भने, स्व-रक्षाको निम्ति उसलाई दृढ़ भएर, एउटै पनि बाँकी नराखी, जम्मै-लाई र पूर्ण रूपले सखाप पार्न हामी निश्चय नै कार्यरत हुनेछौं, (हामीहरू त्यसै नबुझी लड्न जान्नौं, तर गएपछि हामीले जित्नैपर्छ।) हामीले प्रतिक्रियावादी-हरूको शेखी देखेर कहिल्यै तर्सिनुहुन्न।

"कुओमिन्ताङसँग शान्ति सम्बन्धी समझौता-वार्ताका विषयमा चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको परिपत्र" (अगस्ट २६, १९४५)

जहाँसम्म हाम्रो इच्छाको कुरा हो, हामी एक दिनका लागि पनि लड्न चाहंदैनौं। तर परिस्थितिले हामीलाई लड्न बाध्यै गर्छ भने त हामी आखिरसम्म पनि लड़िरहन सक्छौं।

"अमेरिकाली संवाददात्री अन्ना लुइस स्ट्रङ-सँग कुराकानी" (अगस्ट १९४६)

हामी शान्तिको पक्षमा छौं। तर अमेरिकाली साम्राज्यवादले आफ्ना जिद्दीयुक्त र अविवेकपूर्ण माग-हरू र आक्रमणलाई बढ़ाउँदै लग्ने षड्यन्त्रलाई त्याग्न तयार नहुन्जेल चिनियाँ जनताका अगाड़ि कोरि-याली जनताका साथसाथ मिलेर दृढ़ताका साथ लड़िर-हनु बाहेक अरू कुनै बाटो छैन। हामी बझुवा छौं भन्ने कुरा होइन। हामीहरू युद्धलाई अहिले नै थाम्न र बाँकी कुरालाई पछिका लागि समाधान गर्न छाड़ि-दिन तयार छौं। तर अमेरिकाली साम्राज्यवाद भने त्यसो गर्न तयार छैन। त्यसो भए उसै सही, लड़ाई चलिनैरहोस् त ! जतिसुकै वर्षसम्म अमेरिकाली साम्राज्यवादले लड्न चाहे पनि हामीहरू त्यस बखत्सम्म लड्न तयार छौं जुन बखत् यो आफैं युद्ध रोक्न तयार हुनेछ, चिनियाँ र कोरियाली जनताको पूर्ण विजय नहुन्जेल हामी लड्न तयार छौं।

चिनियाँ जनताको राजनैतिक सल्लाहकार
सभाको प्रथम राष्ट्रिय समितिको चौथो
अधिवेशनमा भाषण (फरवरी ७, १९५३)

हामीले आफ्ना पङ्क्तिहरूलाई सबै किसिमका लुरे विचारहरूबाट मुक्त पार्नुपर्छ, शत्रुको शक्तिलाई भएकोभन्दा बर्ता ठान्ने र जनताको शक्तिलाई भए-कोभन्दा कम ठान्ने सबै विचार बेठीक हुन्।

"हालको परिस्थिति र हाम्रा कर्तव्यहरू"
(डिसेम्बर २५, १९४७)

दलित जनता र राष्ट्रहरूले कहिले पनि आफ्नो मुक्ति साम्राज्यवादी र तिनका भरौटेहरूको "विवेक" को आशामा झुण्ड्याउनुहुंदैन। आफ्नो एकतालाई सुदृढ़ पारेर र आफ्नो सङ्घर्षमा लगनशील रहेर मात्रै उनीहरूले विजय प्राप्त गर्नेछन्।

"अमेरिकाली – नगो दिन दिएम गुटद्वारा
दक्षिण भियतनाममा आक्रमण र त्यहाँ-
का जनताको हत्याको विरोध गर्दै दिइए-
को वक्तव्य" (अगस्ट २९, १९६३)

देशव्यापी गृहयुद्ध जहिले थालिए पनि हामीले राम्ररी तयार रहनैपर्छ। भनौं, यो छिटै, भोलि बिहानै

थालिए पनि हामीले तयार रहनैपर्छ। यो पहिलो बुंदा हो। हालको अन्तरराष्ट्रिय र राष्ट्रिय परिस्थितिले केही समयसम्म गृहयुद्धलाई आंशिक क्षेत्रमा मात्र सीमित राख्नु सम्भव छ र गृहयुद्ध चाहिं केही समय-सम्म क्षेत्रीय युद्धको रूपमा हुन सक्छ। यो दोस्रो बुंदा हो। पहिलो कुराको निम्ति हामीले तयार भएर बस्नुपर्छ भने दोस्रो चाहिं धेरै समयदेखि भइआएको कुरा हो। संक्षेपमा, हामीले तयार रहनैपर्छ। तयार रह्यौं भने हामी सबै किसिमका जटिल स्थितिहरूको पनि राम्ररी सामना गर्न समर्थ हुनेछौं।

"जापानी आक्रमण-विरोधी युद्धमा विजय पाएपछिको परिस्थिति र हाम्रो नीति" (अगस्ट १३, १९४५)

८. जन-युद्ध

क्रान्तिकारी युद्ध जन-समुदायको युद्ध हो; जन-तालाई सङ्गठित गरेर र उनीहरूमाथि भर परेर मात्र यसलाई चलाउन सकिन्छ।

"जन-समुदायको कल्याणको विचार राख, कार्य-पद्धतिहरूमा ध्यान देऊ" (जनवरी २७, १९३४)

साँच्चीकै फलामे किल्ला के हो? त्यो जन-समुदाय हो, ती लाखौं-लाखौं जनता हुन् जो वफा-दारीपूर्वक र ईमानदारीपूर्वक क्रान्तिको समर्थन गर्द-छन्। यही त्यो वास्तविक फलामे किल्ला हो जस-लाई कुनै पनि शक्तिले भत्काउनु असम्भव, बिल्कुलै असम्भव छ। प्रतिक्रान्तिले हामीलाई नष्ट पार्न

सक्दैन; बरु हामीले नै त्यसलाई सखाप पारिदिनेछौं। क्रान्तिकारी सरकारको वरिपरि लाखौं-लाखौं जनतालाई एकत्र गर्दै, हाम्रो क्रान्तिकारी युद्धलाई फिजाउँदै हामीहरू सबै प्रतिक्रान्तिलाई सखाप पारिदिनेछौं र पूरा चीनमाथि नै कब्जा जमाउनेछौं।

उपर्युक्त

लड़ाई गर्दा सबभन्दा महत्वपूर्ण शक्तिको स्रोत जन-समुदायमा नै निहित रहन्छ। खास गरी चिनियाँ जन-समुदायको असङ्गठित स्वरूपले गर्दा नै जापान हामीलाई तर्साउने साहस गर्दछ। जब यो दोष हटाइएला, तब आगाका लप्काहरूको घेराभित्र पर्न गएको बौलाहा सांढ़े जस्तै जापानी आक्रमणकारी दृढ़ भएर खड़ा भएका हाम्रा करोड़ौं जनताबाट घेरिनेछ र तिनका शब्द मात्र सुन्नासाथ उ डरले थरथर हुनेछ र आखिरमा उ डढ़ेर मर्नेछ।

"दीर्घकालीन युद्धका विषयमा" (मे १९३८)

साम्राज्यवादीहरू हामीलाई यसरी सताइरहेछन् कि हामीले उनीहरूका साथ कड़ा व्यवहार गर्नुपर्नेछ। हामीले शक्तिशाली स्थायी सेना मात्र होइन, त्यसका साथै विस्तृत मात्रामा जनताका मिलिसियाका जमातहरू पनि सङ्गठित गर्नुपर्छ। यसले गर्दा आक्रमणको बखतमा साम्राज्यवादीहरूलाई हाम्रो मातृभूमिभित्र एक इन्ची पनि प्रवेश गर्न गाह्रो पर्नेछ।

सिन्ह्वा संवाद-समितिका संवाददातासँग अन्तरवार्ता (सेप्टेम्बर २९, १९५८)

सम्पूर्ण क्रान्तिकारी युद्धको दृष्टिले हेर्दा, जनताका गुरिल्ला-युद्ध र मुख्य शक्ति—लाल सेना—का दाहिने र देब्रे पाखुरा जस्तै एक अर्काका पूरक हुन्छन्, र जनताका गुरिल्ला-युद्ध बिना हामीसँग खालि मुख्य सैन्यशक्ति लाल सेना मात्र रह्यो भने, हामी एउटा पाखुरा मात्र भएको सेनापति जस्तै हुनेछौं। ठीक ठीक शब्दमा, विशेष गरेर सैनिक कारवाईहरूका सम्बन्धमा, जब हामी आधार क्षेत्रका

जनतालाई एउटा तत्वका रूपमा लिन्छौं, तब हाम्रो अर्थ सशस्त्र जनतासितै छ। हाम्रो आधार क्षेत्रमा शत्रु आउन डराउने मुख्य कारण पनि यहीनै हो।

"चीनको क्रान्तिकारी युद्धमा रणनीतिका समस्याहरू" (डिसेम्बर १९३६)

निःसन्देह युद्धमा जीत वा हार दुवैतर्फका सैनिक, राजनैतिक, आर्थिक र प्राकृतिक स्थितिहरूबाट निर्णित हुन्छ। तर यी कुराबाट मात्र होइन। यो प्रत्येक तर्फको युद्धलाई संचालित गर्ने मनोगत योग्यताबाट पनि निर्णित हुन्छ। युद्ध जित्ने प्रयत्न गर्दा कुनै सैन्य-रणनीतिज्ञले भौतिक परिस्थितिहरूबाट दिइएको सीमा नाघ्नु हुंदैन ; तैपनि यिनै सीमाभित्र रहेरै उसले विजयको निम्ति प्रयत्न गर्नसक्छ वा गर्नैपर्छ। भौतिक स्थितिहरूमा आधारित रहेर नै सैन्य-रणनीतिज्ञले आफ्नो कार्य संचालित गरेको हुन्छ, तिनै स्थितिहरूको आधारमा नै उभिएर उसले आवाज र रङ्ग, शक्ति र महत्वले

परिपूर्ण भएका अनेकौं नाटकहरूको सन्चालन गर्न सक्छ।

उपर्युक्त

युद्धको उद्देश्य अरू होइन, "आफ्नो सुरक्षा र शत्रुको नाश" गर्नुमा छ (शत्रुको नाश गर्नुको अर्थ उसलाई निःशस्त्र पार्नु वा "उसको अड़ेर लड्ने शक्तिबाट उसलाई वंचित गराइदिनु हो", र यसको अर्थ उसका सेनाको प्रत्येक सदस्यलाई शारीरिक रूपले नै नष्ट गरिदिनु होइन)। प्राचीन कालका युद्धहरूमा, भाला र ढाल व्यवहार गरिन्थे, भाला चाहिं आक्रमण गर्न र शत्रुलाई सिध्याउन र ढाल चाहिं आफूलाई बचाउन र आफ्नो सुरक्षा गरिराख्न। अहिलेसम्म, सबै हतियारहरू उही भाला र ढालकै विस्तृतिकरण हुन्। बम-वर्षक, मेशीनगन, टाढ़ासम्म हिर्काउन सक्ने तोप, र बिषालु ग्यास भालाका विकसित स्वरूप हुन् भने विमान-आक्रमणबाट रक्षा गर्न बनेका आश्रय-स्थल, इस्पातका टोप, सिमेन्टका किल्ला-गढ़ी र ग्यासबाट जोगाउने म-

कुन्डाहरू ढालका विकसित रूप हुन् । ट्याङ्क भाला र ढाल दुवैको उपयोगिता भएको नौलो किसिम-को हतियार हो । आक्रमण शत्रुलाई नष्ट गर्ने सब-भन्दा प्रमुख उपाय हो, तर प्रतिरक्षालाई पनि छाड्न सकिन्न । आक्रमणमा तात्कालिक उद्देश्य शत्रुको नाश गरिदिनु हो, तर यसका साथै यो स्व-रक्षा पनि हो, किनभने शत्रुको नाश गरिएन भने तपाईं नै नष्ट हुनुहुनेछ । प्रतिरक्षामा चाहिं तात्कालिक उद्देश्य आ-फूलाई सुरक्षित राखिछाड्नु हो, तर यसका साथै प्रतिरक्षा भनेको आक्रमणको पूरक बन्दैजाने वा आक्रमणका लागि तयारी गर्ने साधन हो । पछि हट्नु प्रतिरक्षाकै किसिम र प्रतिरक्षाको क्रम हो भने शत्रुलाई लखेट्दै जानु आक्रमणकै क्रम हो । के कुरा औंल्याउनुपर्छ भने शत्रुको नाश गर्नु नै युद्धको मुख्य उद्देश्य हो र स्व-रक्षा चाहिं गौण हो, किनभने शत्रुलाई धेरै संख्यामा नष्ट गरेर नै आफ्नो सुरक्षाबारे निश्चिन्त रहन सकिन्छ । त्यस-कारण शत्रुलाई नष्ट गर्ने प्रमुख साधन भएकोले आक्रमण नै प्रमुख महत्वको हुन्छ, र शत्रुलाई नष्ट

गर्ने पूरक साधनको रूपमा र स्व-रक्षाको साधनको रूपमा प्रतिरक्षाको स्थान दोस्रो महत्वको हुन्छ । वास्तविक युद्धमा धेरै जसो बेला प्रतिरक्षाले प्रमुख भूमिका खेल्छ र बाँकी समयमा आक्रमणको भूमि-का रहन्छ । तर युद्धलाई सम्पूर्ण रूपले हेर्ने हो भने, आक्रमण नै प्रमुख हुन्छ ।

"दीर्घकालीन युद्धका विषयमा" (मे १९३८)

सबै सैनिक क्रिया-कलापका निर्देशक सिद्धान्तहरू एउटा मूलभूत सिद्धान्तबाट निस्कन्छन् : आफ्नो जिउ-ज्यानले भ्याएसम्म आफ्नो शक्तिलाई बचाइराख्ने र शत्रुको शक्तिलाई समाप्त गर्ने प्रयत्न गर्नु । . . . यसो हो भने युद्धमा वीरतापूर्वक बलिदान दिनुपर्छ भन्ने कुरालाई प्रोत्साहन दिने हामीसँग न्याय-सङ्गत अधिकार के छ त ? हरेक युद्धले मूल्य ति-राउँछ, कहिलेकाहीं त यो सारै चर्को हुन्छ । यो "आफूलाई बचाइराख्नुपर्छ" भन्ने कुराको अन्तर-विरोध भएन त ? वास्तवमा यसमा कत्ति पनि

अन्तरविरोध छैन। यसलाई अझ ठीकसँग भन्ने हो भने, बलिदान र स्व-रक्षा दुवै एक अर्काका विरोधीका साथै पूरक पनि हुन्। किनभने शत्रुलाई नष्ट गर्न मात्र होइन आफ्नै रक्षाको निम्ति पनि यस्ता बलिदान अति आवश्यक हुन्छन्। आंशिक र अस्थायी "अ-निजरक्षा" (बलिदान वा मूल्य चुकाउनु) सम्पूर्ण र स्थायी सुरक्षाको निम्ति आवश्यक छ। यसै मूलभूत सिद्धान्तबाट सैनिक क्रिया-कलापका अरू निकै निर्देशक सिद्धान्तहरू निस्कन्छन्, जसमा गोली हान्ने सिद्धान्तदेखि (आफूलाई जोगाउन कतै लुकिराख्ने र शत्रुलाई सखाप पार्ने शस्त्रास्त्र-शक्तिको पूरापूरा उपयोग गर्ने) रणनीतिका सिद्धान्तहरूसम्म सबै यसै मूलभूत सिद्धान्तको भावनाबाट प्रेरित छन्। सबै प्राविधिक सिद्धान्त र कार्यनीति, अभियान र रणनीतिका सबै सिद्धान्तले यस मूलभूत सिद्धान्तको व्यवहारिकतालाई प्रतिनिधित्व गर्छन्। आफूलाई जोगाइराख्ने र शत्रुलाई सखाप पार्ने सिद्धान्त नै सबै सैनिक सिद्धान्तको आधार हो।

"जापानी आक्रमण-विरोधी गुरिल्ला-युद्धमा रणनीतिका समस्याहरू" (मे १९३८)

सैनिक कारवाई सम्बन्धी हाम्रा सिद्धान्तहरू हुन्:

(१) छरिएका र एक्लिएका शत्रु-सेनामाथि पहिले आक्रमण गर; सुसङ्गठित र बलियो शत्रु-सेनामाथि चाहिं पछि आक्रमण गर।

(२) साना र मझौला खालका सहरहरू र विस्तृत गाउँले क्षेत्रलाई पहिले कब्जा गर; ठूलठूला सहरहरूलाई चाहिं पछिबाट लेऊ।

(३) शत्रुको प्रभावशाली शक्तिलाई नष्ट गर्नु नै आफ्नो मुख्य उद्देश्य बनाऊ; कुनै सहर वा ठाउँलाई लिने वा कब्जा गर्ने कुरालाई आफ्नो मुख्य उद्देश्य नबनाऊ। शत्रुको प्रभावशाली शक्तिलाई नष्ट गरिदिएकै परिणाम स्वरूप कुनै सहर वा ठाउँलाई लिन वा कब्जा गर्न पाइन्छ। प्रायः धेरै पल्ट अनेकौं हातबाट गुज्रिसकेपछि मात्र कुनै सहर वा ठाउँलाई सधैंको निम्ति लिन वा कब्जा गर्न सकिन्छ।

(४) हरेक लड़ाईमा, आफ्नो अत्यन्त शक्तिशाली फौजलाई नै एकत्र गर (शत्रुको शक्तिभन्दा दुई, तीन, चार र कहिलेकाहीं त पाँच

वा छ गुना बर्ता शक्तिशाली), शत्रु-सेनालाई चारैतिरबाट घेर, उनीहरूलाई पूर्ण रूपले सखाप पार्ने प्रयत्न गर र आफ्नो जालबाट कसैलाई पनि उम्कन नदेऊ। विशेष परिस्थितिहरूमा, शत्रुलाई धूलोपिठो पार्ने गरी चोट पुर्‍याउने पद्धति लेऊ, अर्थात् आफ्ना सबै सैनिकहरूलाई एकत्र गरेर शत्रुको अगिल्तिर तथा उसको एकतर्फ वा दुवैतर्फ जाइलाग, यसमा तिम्रो उद्देश्य एउटा भागलाई सखाप पारेर अर्को भागलाई छिन्नभिन्न पार्दै पछि लघार्ने हुनुपर्छ जसमा हाम्रो सेनाले छिट्छिटै आफ्ना सैनिकहरूलाई चलाएर शत्रु-पक्षका अरू सैन्यहरूलाई छिन्नभिन्न पार्न सकोस्। घर्षण-युद्धबाट पन्छिने प्रयत्न गर जसमा हामीलाई फाइदाभन्दा बर्ता नोक्सान नै हुन्छ अथवा हामीलाई फाइदा पनि नोक्सान पनि हुन्छ। यसरी पूर्ण रूपबाट हेर्दा निम्न स्तरको (संख्याको दृष्टिबाट) भए पनि हामीहरू प्रत्येक भागमा अथवा प्रत्येक विशिष्ट अभियान-हरूमा शत्रुभन्दा एकदमै उच्चतर स्तरका हुने-

छौं र अभियानमा यसले हाम्रो विजयलाई पक्का पारिदिन्छ। समय बित्दैगएपछि सम्पूर्ण अङ्गको दृष्टिबाट हामी उच्च स्तरका हुंदै जानेछौं र आखिरमा सबै शत्रुलाई नष्ट पारिदिनेछौं।

(५) तयारी नगरी कुनै पनि लड़ाई नलड़, आफ्नो जीत हुन्छ भन्ने कुराको ठोकुवा गर्न सक्दैनौ भने त्यस्तो कुनै पनि लड़ाई नलड़; हरेक युद्धका लागि राम्रो तयारी गर्न हरेक सम्भव कोशिश गर, हामी र शत्रुका बीच रहेका यथार्थ स्थितिको पृष्ठभूमिमा आफ्नो जीत पक्का होस् भन्ने कुराको निम्ति हरेक सम्भव प्रयत्न गर।

(६) हाम्रो युद्ध-शैलीको पूराका पूरा उपयोग गर—युद्धमा साहस, बलिदानमा निर्भयता, थकाइबाट नडराउनु, र एकनाससित लड़िरहनु (अर्थात्, थकाइ नमारेर थोरै समयमा एक-पछि अर्को लड़ाई लड़िरहनु)।

(७) शत्रु हिंड़ेको बेलामा उसलाई खतम पार्ने प्रयत्न गर। त्यसका साथै पोजिसन लिएर गरिने आक्रमणका युद्ध-कौशलहरूमाथि ध्यान

देऊ र शत्रुद्वारा किल्लाबन्दी गरिएका ठाउँ र सहरहरूमाथि कब्जा गर ।

(८) सहरहरूमा आक्रमण गर्ने विषयमा, कमजोर स्थितिमा रहेका शत्रुका किल्लाबन्दी ठाउँहरू र सहरहरू जति सबैलाई दृढतापूर्वक कब्जा गर। अनुकूल मौका पाएको बेलामा हुन सक्छ भने शत्रुहरूबाट मझौला ढङ्गले रक्षा गरिएका किल्लाबन्दी ठाउँहरू र सहरहरू जति सबैलाई कब्जा गर । शत्रुहरूले बलियो गरी कब्जा जमाइराखेका किल्लाबन्दी ठाउँहरू र सहरहरूबारे भने मौका पाको नहोउन्जेल पर्खेर बस, अनि मौका आइपुगेपछि तिनलाई लेऊ ।

(९) शत्रुबाट खोसिएका सबै हतियारहरू र कब्जामा परेका उसका धेरैजसो कर्मचारीहरूबाट आफ्नो शक्तिलाई बढाउँदैलग । हाम्रो सेनाका मनुष्य-शक्ति र सामग्रीहरूका मुख्य स्रोत मोर्चामा हुन्छन् ।

(१०) अभियानहरूका बीचमा आइपर्ने मध्यान्तरहरूको राम्रो उपयोग आफ्ना सैनिक-

हरूलाई थकाइ मार्न दिन, तालीम दिन र सुगठित पार्नामा लगाऊ । आराम, तालीम र सुदृढीकरणका अवधिहरू सामान्यतः धेरै लामो हुनुहुन्न, र शत्रुलाई भने सकेसम्म सास फेर्ने फुर्सत पनि दिनुहुन्न ।

यिनै मुख्य पद्धतिहरू हुन् जसलाई जन-मुक्ति-सेनाले च्याङ काइ-शेकलाई हराउन प्रयोग गऱ्यो । स्वदेशी र विदेशी शत्रुहरूसँग धेरै कालसम्म लड्दा लड्दा खारिएको जन-मुक्तिसेनाका अनुभवका यी परिणाम हुन् र हाम्रो हालको स्थितिमा यी पूर्ण रूपले उपयोगी छन्।. . . जन-युद्धका आधारमा नै हाम्रा रणनीति र कार्यनीतिहरूको निर्माण भएको हो ; जनताको विरोधमा उभिने कुनै पनि सेनाले हाम्रा यी रणनीति र कार्यनीतिको उपयोग गर्न सक्दैन ।

"वर्तमान परिस्थिति र हाम्रा कर्तव्यहरू"
(डिसेम्बर २५, १९४७)

तयारी नभई श्रेष्ठता वास्तविक श्रेष्ठता हुंदैन र त्यस स्थितिमा तत्परता भन्ने कुरा पनि आउन

सक्दैन । यस कुरालाई राम्ररी बुझेर, निम्न स्तर भएको तर राम्रो तयारी पुगेको कुनै सेनाले अप्रत्याशित आक्रमणद्वारा आफूभन्दा बलियो सेनालाई पनि प्रायः पराजित गर्न सक्छ ।

"दीर्घकालीन युद्धका विषयमा" (मे १९३८)

९. जन-सेना

जन-सेना नभएको जनतासँग आफ्नो भन्नु केही हुंदैन !

"संयुक्त सरकारका विषयमा" (अप्रिल २४, १९४५)

यो सेना शक्तिशाली छ, किनभने यसका सबै सदस्य सचेत अनुशासनमा रहेका छन् ; एक दुइ जनाको व्यक्तिगत स्वार्थको लागि वा कुनै संकीर्ण गुटका लागि होइन, विस्तृत जन-समुदाय र समस्त राष्ट्रका लागि उनीहरू सँगसँगै कार्य गर्दछन् र लड्दछन् । यस सेनाको एकमात्र उद्देश्य चिनियाँ जनताको पक्षमा दृढ़तापूर्वक उभिनु र दिलोज्यानले तिनको सेवा गर्नु हो ।

उपर्युक्त

चिनियाँ लाल सेना क्रान्तिका राजनैतिक कार्यहरूलाई कार्यान्वित गर्न बनेको सशस्त्र संस्था हो। खास गरेर अहिले, लाल सेनाले आफूलाई लड़ाईं गर्ने काममा मात्रै सीमित राख्नुहुंदैन ; शत्रुको सैन्य शक्तिलाई ध्वंस्त पार्न लड्नाका साथसाथै यसले जन-समुदायमा प्रचार गर्ने, जन-समुदायलाई सङ्गठित पार्ने, उनीहरूलाई शस्त्रसज्जित गर्ने, उनीहरूलाई क्रान्तिकारी राजनैतिक शासनको स्थापना गर्ने र पार्टी-सङ्गठनहरू स्थापित गर्ने काममा सघाउने जस्ता महत्वपूर्ण कामहरू पनि बोक्नुपर्छ। खालि लड्नाका लागि लड्नु नै लाल सेनाको काम होइन, बरू जन-समुदायमा प्रचार-कार्य गर्न, उनीहरूलाई सङ्गठित पार्न, उनीहरूलाई सशस्त्र तुल्याउन र क्रान्तिकारी राजनैतिक शासन स्थापित गर्न उनीहरूलाई सघाउन भनेर यो लड्दछ। यी उद्देश्यहरू बिना लड्नुको मतलब नै अर्थहीन हुन्छ र लाल सेनाको अस्तित्वको पनि केही मतलब रहंदैन।

"पार्टीभित्रका गलत विचारहरूलाई सुधार्ने विषयमा" (डिसेम्बर १९२९)

जन-मुक्तिसेना सधैं जुधारू शक्ति हो। देशभरि विजय प्राप्त भैसकेपछि पनि—त्यस ऐतिहासिक कालमा जब हाम्रो देशमा विभिन्न वर्गहरू समाप्त भैसक्नेछैनन् र संसारमा साम्राज्यवादी व्यवस्था रहि-रहन्छ — हाम्रो सेना जुधारु शक्तिकै रूपमा कायम रहिरहनेछ । यस कुरामा कुनै भ्रम वा धरमर रहनुहुंदैन।

"चिनियाँ कम्युनिस्ट पार्टीको सातौं केन्द्रीय समितिको दोस्रो प्लेनममा रिपोर्ट" (मार्च ५, १९४९)

हाम्रो यो सेना लड्नाका लागि हो, साथसाथै श्रमका लागि पनि हो। लड्नाका लागि हामीसँग आठौं मार्ग-सेना र नयाँ चौथो सेना छन् ; तर ती पनि दुइ किसिमका काम गर्छन् — लड़ाईं र उत्पादन। हामीसँग यस्ता दुइ प्रकारका सेनाहरू छन् भने, र हाम्रा सेनाहरू यी दुइ काममा र जन-संसर्गमा बसेर काम गर्न सिपालु छन् भने हामी अप्ठ्याराहरूमाथि

विजय पाउन र जापानी साम्राज्यवादलाई पराजित गर्न सक्छौं ।

"सङ्गठित होऊ!" (नभेम्बर २९, १९४३)

हाम्रो राष्ट्रिय प्रतिरक्षालाई सुदृढ़ पारिनेछ र हाम्रो भुईं मिच्न कुनै पनि साम्राज्यवादीले फेरि पाउनेछैन । वीर र पाको भैसकेको जन-मुक्तिसेनालाई आधार तुल्याएर हाम्रो जनताका सशस्त्र शक्तिहरूलाई अवश्य कायम राख्नु र विकसित पार्नुपर्छ । हामीसँग शक्तिशाली स्थल-सेना मात्र होइन शक्तिशाली वायु-सेना र शक्तिशाली जल-सेना पनि हुनेछन् ।

चिनियाँ जनताको राजनैतिक सल्लाहकार सम्मेलनको पहिलो प्लेनममा उद्घाटन-भाषण (सेप्टेम्बर २१, १९४९)

हाम्रो सिद्धान्त छ — पार्टीले बन्दूकलाई निर्देशन गर्छ, र बन्दूकलाई कहिले पनि पार्टीमाथि हुकुम चलाउन दिनुहुंदैन ।

"युद्ध र रणनीतिका समस्याहरू" (नभेम्बर ६, १९३८)

हाम्रा सबै सेना-नायक र योद्धाहरूले सधैं के कुरा अवश्य सम्झिराख्नुपर्छ भने हामी महान् जन-मुक्ति-सेना हौं, हामी महान् चिनियाँ कम्युनिस्ट पार्टीद्वारा नेतृत्व गरिएका फौज हौं । हामीले पार्टीका निर्देशनहरूलाई बराबर मानेर चलिरह्यौं भने हाम्रो जीत अवश्य नै हुनेछ ।

"चिनियाँ जन-मुक्तिसेनाको घोषणा-पत्र" (अक्टोबर १९४७)

१०. पार्टी-समितिहरू-को नेतृत्व

पार्टी-समितिको प्रथा सामूहिक नेतृत्वलाई सुरक्षित राख्न र मामिलाहरूको सञ्चालनलाई कसैको व्यक्तिगत एकलौटी हुन नदिने महत्वपूर्ण पार्टी-व्यवस्था हो। हालै केही नेतृत्वदायी अङ्गहरूमा (निश्चय नै सबैमा होइन) के पाइएको छ भने एक जना व्यक्तिले मामिलाहरूको सञ्चालनमा एकलौटी गर्नु र महत्वपूर्ण समस्याहरूबारे निर्णय गर्नु स्वाभाविक चलन नै भइआएको छ। महत्वपूर्ण समस्याहरूको समाधान पार्टी-समितिका बैठकहरूद्वारा नगरिएर एक जना व्यक्तिद्वारा गरिन्छ, र पार्टी-समितिको सदस्यता नाउँ मात्रको भएको छ। समितिका सदस्यहरूको मतभेदलाई टुङ्ग्याउन सकिंदैन र धेरै समयसम्म नटुङ्ग्याएर त्यसै छाड़िन्छ। पार्टी-समितिका सदस्यहरू आफसमा, साँच्चीको होइन, देखौवा एकताको मात्र पालन गर्छन्। यस्तो अवस्था अवश्य बदलिनुपर्छ। अबदेखि, केन्द्रीय समितिका क्षेत्रीय कार्यालयहरूदेखि लिएर माथिल्ला तहका पार्टी-समितिहरूसम्म; मोर्चाका पार्टी-समितिहरूदेखि लिएर वाहिनीहरू (ब्रिगेडहरू) तथा सैनिक क्षेत्रहरू (क्रान्तिकारी सैनिक आयोगका उप-आयोगहरू अथवा नेतृत्वदायी डफ्फाहरू) सम्म ; र सरकारी अङ्गहरूमा, जन-सङ्गठनहरूमा, संवाद-समितिमा तथा समाचारपत्रका कार्यालयहरूमा भएका नेतृत्वदायी पार्टी-सदस्यहरूको डफ्फासम्म सबै नेतृत्वदायी अङ्गहरूमा पार्टी-समितिका बैठकहरूको स्वस्थ व्यवस्थालाई अवश्य लागू गर्नुपर्छ। सबै महत्वपूर्ण समस्याहरूलाई (निश्चय नै, महत्वहीन, सानातिना समस्याहरू अथवा बैठकहरूमा छलफल गरेर समाधानबारे निर्णय गरिसकिएका र कार्यान्वित मात्र गर्नुपर्ने समस्याहरूलाई होइन) समितिमा छलफलका लागि अवश्य पेश गर्नुपर्छ, र समितिका उपस्थित सदस्य-

हरूले आफ्नो दृष्टिकोण पूरा तवरबाट प्रकट गर्नुपर्छ र निश्चित निर्णयहरूमा पुग्नुपर्छ। अनि ती निर्णयलाई सम्बन्धित सदस्यहरूले कार्यान्वित गर्नुपर्छ।...पार्टी-समितिका बैठकहरूलाई अवश्य दुइ तहमा बाँड्नुपर्छ, स्थायी समितिका बैठकहरू र प्लेनमहरू, र यी दुइका विषयमा भ्रम रहनुहुंदैन। यस बाहेक, सामूहिक नेतृत्व र व्यक्तिगत उत्तरदायित्वमध्ये एउटालाई बेवास्ता गरेर अर्कोमाथि बर्ता बल नदिइयोस् भनी हामीले अवश्य ध्यान दिनुपर्छ। सेनामा, नेतृत्वमा भएको व्यक्तिलाई लड़ाईका बेलामा र जरूरी परिस्थिति पर्न गएमा आपतकालीन निर्णयहरू गर्ने अधिकार छ।

"पार्टी-समितिको व्यवस्थालाई दरो पार्ने विषयमा" (सेप्टेम्बर २०, १९४८)

पार्टी-समितिको सचिवले "दल-नेता" बन्न अवश्य सिपालु हुनुपर्छ। पार्टीको एउटा समितिमा दशदेखि बीस जनासम्म सदस्य हुन्छन् ; यो सेनामा दल सरह हो र सचिव चाहिं "दल-नेता" सरह। यस दलको राम्ररी नेतृत्व गर्नु साँच्ची नै सजिलो छैन। केन्द्रीय

समितिको प्रत्येक क्षेत्रीय कार्यालय अथवा क्षेत्रीय उप-कार्यालयले हाल ठूलो क्षेत्रफलको नेतृत्व गर्छ र सारै गह्रौं उत्तरदायित्वहरू बोक्छ। नेतृत्व गर्नुको अर्थ सामान्य तथा विशेष नीतिहरूको निर्धारण गर्नु मात्र नभएर कार्य-पद्धतिका सही उपायहरू गर्नु पनि हो। सामान्य तथा विशेष नीतिहरू सही भए पनि कार्य-पद्धतिहरूको वास्ता राखिएन भने बाधा-अड्काउहरू आइलाग्न सक्छन्। नेतृत्वको सन्चालन-कार्यलाई पूरा गर्न, पार्टी-समितिले आफ्ना "दल-सदस्यहरू" को अवश्य भर गर्नुपर्छ र आफ्नो काम पूरा मात्रामा गर्न उनीहरूलाई समर्थ पार्नुपर्छ। असल "दल-नेता" बन्न, सचिवले कड़ा अध्ययन गर्नुपर्छ र पूरा मात्रामा जाँच-बुझ गर्नुपर्छ। सचिव अथवा उप-सचिवले आफ्नै "दल-सदस्यहरू" मा प्रचार तथा सङ्गठनात्मक काम गर्न ध्यान दिएन भने, समितिका सदस्यहरू-सितको आफ्नो सम्बन्धलाई राम्ररी चलाउन जान्दैन अथवा बैठकहरूलाई सफलतापूर्वक कसरी सन्चालित गर्ने भनी अध्ययन गर्दैन भने, आफ्नो "दल" लाई राम्ररी निर्देशन गर्न उसलाई अप्ठ्यारो पर्नेछ।

"दल-सदस्यहरू" ले मिल्ने किसिमले पाइला अघि सार्दैनन् भने, लड़ाई र निर्माणमा करोड़ौं जनताको नेतृत्व गर्ने आशा उनीहरूले कहिल्यै गर्न सक्दैनन्। निश्चय नै, सचिव र समितिका सदस्यहरूको सम्बन्ध यस्तो हो जसमा अल्पमतले बहुमतलाई मान्नैपर्छ, त्यसो हुंदा यो सम्बन्ध दल-नेता र उसका जवानहरूको सम्बन्धभन्दा बेग्लै छ। यहाँनिर उपमा दिन मात्र हामी यसो भन्छौं।

"पार्टी-समितिहरूको काम गर्ने काइदा"
(मार्च १३, १९४९)

समस्याहरूलाई अघिल्तिर राख। यो काम "दल-नेता" ले मात्र होइन समितिका सदस्यहरूले पनि गर्नुपर्छ। मानिसका पछिल्तिर कुरा नकाट। समस्याहरू आइपरेपछि, बैठक डाक, छलफल गर्न भनी समस्याहरूलाई अघिल्तिर राख, केही निर्णयहरू लेऊ र समस्याहरूको समाधान हुनेछ। समस्या छन् र तिनलाई अघिल्तिर राखिंदैन भने, ती धेरै समयसम्म थाती रहन्छन् र वर्षौंसम्म पनि घिस्रिरहन्छन्। "दल-नेता" र समितिका सदस्यहरूले आफस्तको सम्बन्धमा समझदारी देखाउनुपर्छ। सचिव तथा समितिका सदस्यहरूमा, केन्द्रीय समिति तथा यसका क्षेत्रीय कार्यालयहरूमा र क्षेत्रीय कार्यालयहरू तथा क्षेत्रीय पार्टी-समितिहरूमा पारस्परिक समझदारी, समर्थन तथा मित्रताभन्दा ज्यास्ती महत्वको कुरा अर्को केही छैन।

उपर्युक्त

"सूचनाहरूको आदान-प्रदान गर।" यसको अर्थ के हो भने पार्टी-समितिका सदस्यहरूले आफूले थाहा पाएका विषयमा एक-दोस्रालाई सूचित गर्नुपर्छ र ती विषयमा विचार-विनिमय गर्नुपर्छ। समान भाषा फेला पार्न यो सारै ठूलो महत्वको कुरा हो। केही व्यक्ति यसो गर्दैनन् र, लाओ त्जुले बयान गरेका मानिसहरू झैं "एक-दोस्राका कुखुरा कराएको र कुकुर भुकेको दुवै थरीले सुने पनि, ती आफू-आफूमा जिन्दगीभर भेटघाट गर्दैनन्।" फलस्वरूप उनीहरूमा समान भाषाको अभाव हुन्छ।

उपर्युक्त

आफूले नबुझेका अथवा थाहा नपाएका विषयमा आफ्नो मातहतमा काम गर्नेहरूसित सोध र आफ्नो सहमति अथवा असहमति सजिलैमा नजनाऊ।... आफूले थाहा नपाएको कुरा पनि जानेको जस्तो कहिल्यै गर्नुहुंदैन, हामीले "आफूभन्दा मुनिका मानिसहरूसित सोध्न र तिनबाट सिक्न सङ्कोच मान्ने गर्नु" हुंदैन। हामीले तल्ला तहमा भएका कार्यकर्ताहरूको दृष्टिकोणलाई ध्यान दिएर सुन्नुपर्छ। गुरु हुनुभन्दा अघि तिमी चेला होऊ ; आफूले आदेशहरू दिनुभन्दा अघि तल्ला तहमा भएका कार्यकर्ताहरूबाट सिक।... तल्ला तहका कार्यकर्ताहरूले भनेको कुरा सही हुन पनि सक्छ नहुन पनि सक्छ ; सुनिसकेपछि, यसलाई हामीले अवश्य विश्लेषण गर्नुपर्छ। हामीले सही दृष्टिकोणलाई अवश्य सुन्नुपर्छ र ती अनुसार कारवाई गर्नुपर्छ।... तलका गलत दृष्टिकोणलाई पनि सुन ; तिनलाई पटक्कै नसुन्नु गलत हो। त्यसो भए पनि, त्यस्ता दृष्टिकोण अनुसार काम गर्ने होइन तर तिनको आलोचना हुनुपर्छ।

उपर्युक्त

"पियानो बजाउन" सिक। पियानो बजाउँदा दश वटै औंला गतिमा हुन्छन् ; केही औंला मात्र चाल्ने र अरूलाई नचाल्ने गर्नाले काम चल्दैन। तर दश वटै औंलाले एकै चोटि थिचेमा, राग निस्कंदैन। मीठो सङ्गीत उत्पन्न गर्न, दशै औंलाले सामञ्जस्य राखेर तालसुर अनुसार चल्नुपर्छ। पार्टी-कमिटीले आफ्नो केन्द्रीय कार्यलाई राम्ररी बुझ्नुपर्छ र साथसाथै केन्द्रीय कार्यका वरिपरि भएका अरू क्षेत्रका कामलाई चलाउनुपर्छ। हाल, हामीले धेरै क्षेत्रमा ध्यान दिनुपरेको छ ; हामीले सबै इलाकाहरू, सशस्त्र एकाइहरू तथा विभागहरूका कामको हेर-विचार अवश्य गर्नुपर्छ, र अरू समस्याहरूलाई छाड़ेर थोरै समस्याहरूमै सारा ध्यान लाउनुहुंदैन। जहाँ समस्या छ त्यहाँ हामीले आफ्नो औंला अवश्य राख्नुपर्छ, र यस काइदामा हामीले सिपालु हुनैपर्छ। कोही पियानो राम्ररी बजाउँछन् र कोही नराम्ररी, र उनीहरूले झिक्ने राग-रागिनीमा आन-का-तान फरक हुन्छ। पार्टी समितिका सदस्यहरूले "पियानो बजाउन" राम्ररी जान्नुपर्छ।

उपर्युक्त

"बेसरी समात।" भनाइ के भने, पार्टी-समितिले आफ्ना मुख्य कामहरू अवश्य "समात्ने" मात्र होइन, तर अवश्य "बेसरी समात्नु" पर्छ। कसैले कुनै कुरालाई त्यसै बेलामात्र राम्ररी समात्न सक्छ जब उसले अलिकति पनि शिथिलता बिना त्यस कुरालाई बेसरी समातेको हुन्छ। समात्ने गरे पनि बेसरी नसमात्नु पटक्कै नसमात्नु बराबर हुन्छ। स्वभावतः, कसैले पनि हत्केला फुक्का राखेर कुनै कुरालाई अँठ्याउन सक्तैन। कुनै कुरो समाते झैं गरी मुठी पारे पनि कसेर मुठी नपारुन्जेल अँठ्याइ हुंदैन। हाम्रा केही कामरेडहरू मुख्य कामलाई समाउन त समाउँछन् तर बेसरी समाउँदैनन् र त्यसो हुंदा उनीहरू आफ्नो कामलाई सफल पार्न सक्तैनन्। पटक्कै नसमाउनाले पनि हुंदैन, न त बेसरी समातिएन भने नै काम बन्छ।

उपर्युक्त

"संख्याको विचार राख।" भनाइ के भने, हामीले परिस्थिति अथवा समस्याको मात्रा-पक्षमा अवश्य ध्यान दिनुपर्छ र आधारभूत मात्रात्मक विश्लेषण गर्नुपर्छ। हरेक गुण स्वयं केही मात्रायुक्त हुन्छ, र मात्रा बिना गुण हुनैसक्तैन। आजसम्म पनि हाम्रा कैयन् कामरेडहरूले वस्तुहरूको मात्रा-पक्ष – मूल तथ्याङ्कहरू, मुख्य प्रतिशतहरू र वस्तुहरूको गुणलाई निश्चित गर्ने मात्रात्मक सीमामा अवश्य ध्यान दिनुपर्छ भनी अझै बुझेका छैनन्। उनीहरूले "अङ्कहरू" को विचार राखेको हुंदैन र फलस्वरूप गल्तीहरू गर्नुबाट जोगिन सक्तैनन्।

उपर्युक्त

"जनतालाई ढुक्क पार्न इश्तिहार देऊ।" बैठकहरूको सूचना अघिबाटै दिनुपर्छ; यो "जनतालाई ढुक्क पार्न इश्तिहार" दिनु सरह हो। त्यसो भए प्रत्येक व्यक्तिले कुन कुरामा छलफल हुने हो तथा कुन कुन समस्याहरूको समाधान गर्नुपर्ने हो भन्ने कुरा थाहा पाउँछन् र बेलैमा तयारी गर्न सक्छन्। कति ठाउँमा, अघिबाट रिपोर्टहरू र मसौदा प्रस्तावहरू तयार नपारिकन नै कार्यकर्ताहरूको बैठक डाकिन्छ, र बैठकको निम्ति मानिसहरू आइपुगेपछि मात्र क्षणिक भाषण-

हरू गरिन्छ ; यो "फौज र घोड़ाहरू आइपुगे, तर खाना र दाना अझै तयार छैनन्" भन्ने आह्वान सरह हो र यो राम्रो कुरा होइन। चाँजो मिलाइसकिएको छैन भने हतारो गरी बैठक नडाक।

उपर्युक्त

"थोरै तथा असल फौज र सजिलो प्रशासन।" प्रवचन, भाषण, लेख र प्रस्तावहरू सबै कुरा संक्षिप्त र सार-गर्भित हुनुपर्छ। बैठकहरू पनि धेरै लामो हुनुहुंदैन।

उपर्युक्त

आफ्नोभन्दा फरक मत भएका कामरेडहरूसित मिलेर काम गर्नेतिर ध्यान देऊ। यस विषयमा स्थानीय ठाउँहरू र सेना दुवैतिर ध्यान दिनुपर्छ। यो कुरा पार्टीदेखि बाहिरका मानिसहरूसितको सम्बन्धमा पनि लागू हुन्छ। हामीहरू मुलुकका कुना-कुनाबाट आएर जम्मा भएका छौं र हाम्रो काममा हामीले हाम्रो जस्तै दृष्टिकोण भएका कामरेडहरूसित मात्र होइन हाम्रो-भन्दा फरक दृष्टिकोण भएका कामरेडहरूसित पनि

एकता स्थापित गर्न सिपालु हुनुपर्छ।

उपर्युक्त

अभिमानका विरुद्ध खबरदारी गर। नेतृत्व गर्ने स्थितिमा भएका कसैको निम्ति पनि यो सिद्धान्तको विषय हो र एकता कायम गर्न महत्वपूर्ण शर्त हो। गम्भीर गल्तीहरू नगरेका र आफ्नो काममा निकै ठूलो सफलता पाएकाहरूले पनि घमण्डी हुनुहुंदैन।

उपर्युक्त

भिन्नताका दुइ रेखाहरू खिंच। पहिलो, क्रान्ति र प्रतिक्रान्तिको बीचमा, येनान र सिआनका[१] बीचमा। भिन्नताको यो रेखा खिंच्नैपर्छ भन्ने कुरा कोही-कोही बुझ्दैनन्। उदाहरणको निम्ति, जब उनीहरू कर्मचारी-तन्त्रको विरोध गर्छन्, येनानमा "जाती कुरा केही

---

१ येनान जनवरी १९३७ देखि मार्च १९४७ सम्म चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको मूल अड्डा थियो ; सिआन चाहिं उत्तर-पश्चिम चीनमा कुओमिन्ताङको प्रति-क्रियावादी शासनको केन्द्र थियो। कामरेड माओ त्से-तुङले दुइ शहरलाई क्रान्ति तथा प्रतिक्रान्तिका प्रतीकहरूको रुपमा उल्लेख गर्नुभएको हो।

छैन" भने झैं गरी उनीहरू त्यहाँको कुरा गर्छन् र येनानको कर्मचारीतन्त्र र सिम्रानको कर्मचारीतन्त्रमा तुलना गर्न तथा भेद छुट्याउन असफल हुन्छन् । यो मौलिक रूपले गलत छ । दोस्रो, क्रान्तिकारी पङ्क्तिहरूमै उचित र अनुचितमा, उपलब्धिहरू र कमीहरूमा प्रष्ट भेद छुट्याउनु र दुइमध्ये कुन प्रमुख र कुन गौण छ भनी स्पष्ट गर्नु आवश्यक छ । उदाहरणको निम्ति, उपलब्धिहरू सम्पूर्णको ३० प्रतिशत अथवा ७० प्रतिशत कति छन्? घटाएर भन्नाले अथवा बढ़ाएर भन्नाले पनि काम बन्दैन । हामीले व्यक्तिको कामको अवश्य नै मौलिक रूपले मूल्याङ्कन गर्नुपर्छ र उसका उपलब्धिहरू ३० प्रतिशत र गल्तीहरू ७० प्रतिशत हुन्छन् वा यसको उल्टो हुन्छन् भनी राय स्थिर गर्नुपर्छ । उसका उपलब्धिहरू सम्पूर्ण कामको ७० प्रतिशत पुग्छन् भने, उसको कामको मुख्य रूपबाट अनुमोदन हुनुपर्छ । उपलब्धिहरू प्रमुख भएको कामलाई गल्तीहरू प्रमुख भएको कामको रूपमा वर्णन गर्नु पूर्णतः अनुचित हुनेछ । समस्याहरूलाई केलाउँदा हामीले क्रान्ति र प्रतिक्रान्तिको बीचमा र उपलब्धिहरू र कमीहरूको बीचमा, फरक छुट्याउने यी दुइ

रेखा खिंच्न अवश्य बिर्सनुहुंदैन । यी दुइ भिन्नतालाई मनमा राख्यौं भने हामी राम्ररी कार्य-सञ्चालन गर्न सक्ने हुनेछौं ; नत्र हामीले समस्याहरूको स्वरूपलाई नै गड़बड्याउनेछौं । यी भिन्नताहरूलाई राम्ररी खिंच्न, सावधानीपूर्ण अध्ययन र विश्लेषण निश्चय नै आवश्यक छन् । प्रत्येक व्यक्ति र प्रत्येक विषयप्रति हाम्रो दृष्टिकोण विश्लेषण र अध्ययन गर्ने हुनुपर्छ ।

उपर्युक्त

सङ्गठनको क्षेत्रमा, केन्द्रीकृत निर्देशनका अन्तर्गत जनतन्त्रलाई सुरक्षित राख । यो काम तपसीलका नीतिहरू बमोजिम गर्नुपर्छ :

(१) पार्टीका नेतृत्वदायी अङ्गहरूले आफूलाई नेतृत्वका केन्द्रहरूको रूपमा स्थापित गर्न निर्देशनको सही नीति अवश्य दिनुपर्छ र समस्याहरू उत्पन्न हुंदा समाधान फेला पार्नुपर्छ ।

(२) माथिल्ला अङ्गहरूले तल्ला अङ्गहरूको परिस्थिति र जन-समूहको जीवन अवश्य राम्ररी

बुझेको हुनुपर्छ जसबाट सही निर्देशनको निम्ति वस्तुगत आधार होस् ।

(३) कुनै तहको पार्टी-सङ्गठनले पनि समस्याहरूको समाधान गर्दा राम्ररी विचार नपुऱ्याई निर्णयहरू गर्नुहुंदैन । एक पटक निर्णय गरिसकेपछि, त्यसलाई दृढतापूर्वक कार्यान्वित गर्नैपर्छ ।

(४) थोरथोर जतिसुकै महत्वका भए पनि पार्टीका माथिल्ला अङ्गहरूले गरेका सबै निर्णयलाई पार्टीका तल्ला अङ्गहरू र सर्वसाधारण सदस्यहरूमा छिटो पुऱ्याउनुपर्छ ।...

(५) पार्टीका तल्ला अङ्गहरू र सर्वसाधारण सदस्यहरूले माथिल्ला अङ्गहरूका निर्देशनहरूको अर्थ पूर्णरूपले बुझ्न तिनका विषयमा विस्तृत रूपबाट छलफल अवश्य गर्नुपर्छ र तिनलाई कार्यान्वित गर्ने काइदाहरूबारे निर्णय लिनुपर्छ ।

"पार्टीमा भएका गलत विचारहरूलाई सच्याउने विषयमा" (डिसेम्बर १९२९)

११. जन-नीति

जनता, जनता मात्र, विश्व-इतिहासको सिर्जना गर्ने चालक-शक्ति हुन् ।

"संयुक्त सरकारका विषयमा" (अप्रिल २४, १९४५)

जन-समुदाय नै वास्तविक वीरहरू हुन्, हामी आफू चाहिं प्रायः बालख र अज्ञानी हौं, यो समझदारी बिना अत्यन्त आरम्भिक ज्ञान प्राप्त गर्नु पनि असम्भव छ ।

"ग्राम्य निरीक्षणको भूमिका तथा परिशिष्ट" (मार्च र अप्रिल १९४१)

जन-समूहमा असीम सिर्जनात्मक शक्ति हुन्छ। उनीहरू आफूले आफैंलाई सङ्गठित पार्न र आफ्नो शक्तिको पूरा उपयोग गर्न सकिने ठाउँहरू तथा कामका शाखाहरूमा आफूलाई केन्द्रित पार्न सक्छन् ; उनीहरू उत्पादन-कार्यलाई व्यापक र गहिरो रूपमा पुऱ्याउन र आफ्ना निमित्त झन्झन् बर्ता कल्याणकारी कार्यहरूको सिर्जना गर्न सक्छन्।

"अतिरिक्त श्रम-शक्तिले युक्ति फेला पारेको छ" को परिचयात्मक टिप्पणी (१९५५)

किसान-आन्दोलनको वर्तमान लहर सारै ठूलो घटना हो। सारै छोटो समयमा, चीनका केन्द्र, दक्षिण र उत्तरका प्रान्तहरूमा, करोड़ौं किसानहरू प्रचण्ड हुरी झैं, आँधी-बेहरी झैं उठ्नेछन्। यो यस्तो तीव्र र प्रलयकारी शक्ति हुनेछ जसलाई जतिसुकै ठूलो भए पनि कुनै सत्ताले पछाड़ि घचेट्न सक्नेछैन। तिनले आफूलाई थुन्ने सारा जालहरूलाई ध्वस्त पार्नेछन् र मुक्तिको बाटोमा तीव्र गतिले अगाड़ि बढ्नेछन्।

तिनले साम्राज्यवादी, युद्धपति, भ्रष्ट हाकिम, स्थानीय अत्याचारी र ठूलाबड़ा भइखाएका साइँदुवाहरू सारालाई बढ़ार-कुँड़ार पारेर उनीहरूका चिहानमा पुऱ्याउनेछन्। प्रत्येक क्रान्तिकारी पार्टी र प्रत्येक क्रान्तिकारी कामरेडले जाँच दिनुपर्नेछ, आफूले निधो गरे बमोजिम स्वीकृत अथवा अस्वीकृत हुनुपर्नेछ। तीन विकल्पहरू छन्। उनीहरूको अघिल्तिर लागेर उनीहरूको नेतृत्व गर्ने कि ? उनीहरूका पछिल्तिर घिसारिई हाउभाउ लाउने र आलोचना गर्ने ? अथवा उनीहरूको बाटो छेकी उनीहरूको विरोध गर्ने ? प्रत्येक चिनियाँ रोज्न फुक्का छन्, तर परिस्थितिले तपाईंलाई छिटो रोज्न बाध्य पार्नेछ।

"हुनानको किसान-आन्दोलनको जांचबुझका विषयमा रिपोर्ट" (मार्च १९२७)

हाल गाउँतिर सामाजिक परिवर्तनको उच्च लहर, सहयोगको उच्च लहर केही ठाउँमा पुगिसकेको छ र छिटै मुलुकभरिमै फिंजिनेछ। पचास करोड़भन्दा बर्ता गाउँले जनसंख्याको यो व्यापक समाजवादी

क्रान्तिकारी आन्दोलन हो, र यसको हुनुसम्म ठूलो र विश्वव्यापी महत्व छ। हामीले यस आन्दोलनलाई सक्रिय, उत्साहपूर्ण र व्यवस्थित नेतृत्व दिनुपर्छ, र एक वा अर्को थरी निहुँले यसलाई पछाड़ि तान्नु- हुंदैन । अगाड़ि बढ्ने क्रममा केही भूलहरू अपरि- हार्य छन् ; यो बुझ्न सकिने कुरा हो, र तिनलाई सच्याउनु गाह्रो हुंदैन। कार्यकर्ताहरू र किसानहरूमा पाइने कमी र गल्तीहरूलाई हामीले दिने युक्तियुक्त वास्तविक सहायताद्वारा ठीक पार्न वा हटाउन सकिन्छ।

"कृषि-सहयोगका प्रश्नहरूको विषयमा"
(जुलाई ३१, १९५५)

जन-समूहमा समाजवादलाई साकार तुल्याउने अनन्त उत्साह छ। क्रान्ति-कालमा पुरानै नियम-क्रमको मात्र अनुसरण गर्न सक्नेहरू यस उत्साहलाई देख्न बिल्कुलै असमर्थ हुन्छन्। तिनीहरू अन्धा हुन् र उनीहरूका अघिल्तिर अँध्यारैअँध्यारो हुन्छ। मौका-मा उनीहरू सत्य र असत्यलाई छ्यासमिस पार्न पनि

पुग्छन् र वस्तुहरूलाई घोप्ट्याऊँछन्। हामीले यस किसिमका धेरै जना भेटेका छैनौं र? पुरानै नियम-क्रमको मात्र अनुशरण गर्नेहरू जनताको उत्साहलाई अनिवार्य रूपले घटाएर हेर्छन्। नौलो कुरो देखा पर्दा ती सधैं असहमत हुन्छन् र त्यसको विरोध गर्न अघि सर्छन्। पछि, उनीहरूले हार स्वीकार गर्नुपर्छ र ती अलिकति स्व-आलोचना गर्छन्। तर अर्को पटक कुनै नौलो कुरा देखा पर्छ, उनीहरू उस्तै छाँटबाट बारम्-बार हिंड्छन्। कुनै नौलो कुरा र प्रत्येक नौलो कुराप्रति उनीहरूको व्यवहारको रूप यही हो। यस्ता मानिस-हरू सधैं उदासीन हुन्छन्, सङ्कष्टको घड़ीमा अगाड़ि बढ्न सधैं असफल हुन्छन्, र उनीहरूले पाइला सार्नु-भन्दा अघि उनीहरूका पिठिउँमा सधैं नै धक्का दिनुपर्ने हुन्छ।

"यो मौजाको दुइ वर्षमा सहयोगीकरण भयो" को परिचयात्मक टिप्पणी (१९५५)

बीस वर्षभन्दा बर्ता समयदेखि हाम्रो पार्टीले जन-कार्यलाई दिनहुँ अघि बढ़ाएको छ, र गत दश-बाह्र

वर्षदेखिन् यसले जन-नीतिका विषयमा दिनहुँ कुरा गरेको छ। क्रान्तिले जन-समूहमा अवश्य भर गर्नुपर्छ, प्रत्येक व्यक्तिले यसमा हात लाउनुपर्छ भन्ने कुराको हामीले सधैं अवलम्बन गरेका छौं, र आदेश जारी गर्ने केही व्यक्तिउपर मात्र भर पर्ने कुराको विरोध गरेका छौं। तैपनि, यो जन-नीति, केही कामरेडहरूको काममा अझसम्म राम्ररी क्रियान्वित गरिएको छैन ; उनीहरू अझै पनि एकान्तमा काम गर्ने थोरै मानिसहरूमाथि नै पूर्णतया भर पर्छन्। एउटा कारण के हो भने, उनीहरूले जेसुकै गरेपनि, आफूले नेतृत्व गर्ने मानिसहरूलाई त्यस विषयमा विस्तारपूर्वक बताउन सधैं अनिच्छुक हुन्छन् र आफूले नेतृत्व गरिएकाहरूको कार्यतत्परता तथा सिर्जनात्मक शक्तिलाई किन अथवा कसरी जागृत गर्ने भन्ने कुरा उनीहरू बुझ्दैनन्। मनोगत रूपमा त उनीहरू पनि काममा प्रत्येक व्यक्तिले हात हालून् भन्ने चाहन्छन्, तर उनीहरू अरू मानिसलाई के गर्नुपर्ने हो अथवा कसरी गर्ने हो भन्ने कुरा थाहा दिंदैनन्। त्यस्तो भएपछि, प्रत्येकव्यक्ति अघि सरून् भन्ने आशा कसरी गर्न सकिन्छ र

कुनै कुरा राम्रो हिसाबबाट कसरी हुन सक्छ? यस समस्याको समाधान गर्ने मूल कुरा, निश्चय नै, जन-नीतिका आधारमा विचारधारात्मक शिक्षालाई क्रियान्वित गर्नु हो, तर साथसाथै हामीले यी कामरेडहरूलाई कैयन् वास्तविक कार्य-पद्धतिहरू अवश्य सिकाउनुपर्छ।

"शान्सी-सुइयुआन दैनिकको सम्पादकीय कर्मचारीहरूसित कुराकानी" (अप्रिल २, १९४८)

चौबीस वर्षको अनुभवले हामीलाई के बताउँछ भने उचित कार्य, नीति र कार्य-शैली अनिवार्य रूपले सम्बन्धित समय र ठाउँका जन-समूहका मागहरूको अनुरूप हुन्छन्, जन-समूहसित गाँसिएका हुन्छन्, र गलत कार्य, नीति र कार्यशैली अनिवार्य रूपले सम्बन्धित समय र ठाउँका जन-समूहका मागहरूको प्रतिकूल हुन्छन् र अनिवार्य रूपबाट तिनले हामीलाई जन-समूहबाट टाढ़ा लैजान्छन्। कट्टरता, अनुभववाद, हुकुमवाद, पुच्छरवाद, गुटवाद, कर्मचारीतन्त्र र का-

ममा घमण्डी दृष्टिकोण जस्ता दुर्गुणहरू निश्चित रूपले हानिकारक तथा असह्य किन छन्, र यी रोगबाट ग्रस्त भएको जोसुकैले पनि तिनलाई किन पन्छाउनुपर्छ भने तिनले हामीलाई जन-समूहबाट परतिर पुऱ्याउँछन् ।

संयुक्त सरकारका विषयमा" (अप्रिल २४, १९४५)

आफूलाई जन-समूहसित जोर्न, जनताका आवश्यकता र इच्छा अनुसार चल्नुपर्छ । जन-समूहको निमित्त गरिने सबै काम उनीहरूका आवश्यकताहरूबाट नै थाल्नुपर्छ, र जतिसुकै असल आशयले भए पनि कुनै व्यक्तिको इच्छानुसार होइन । प्रायः के हुन्छ भने वस्तुगत रूपमा जन-समूहले कुनै परिवर्तन खोज्छन्, तर मानसिक रूपबाट त्यस आवश्यकताको निम्ति उनीहरू सजग भइसकेका हुंदैनन्, परिवर्तन गर्न इच्छुक अथवा दृढनिश्चयी भइसकेका हुंदैनन् । त्यस्तो अवस्थामा, हामीले धैर्यपूर्वक पर्खनुपर्छ । हाम्रो कामबाट, अधिकांश जन-समुदाय आवश्यकताप्रति सजग नहोउन्जेल र यसका विषयमा इच्छुक तथा यसलाई क्रियान्वित गर्न दृढनिश्चयी नहोउन्जेल, हामीले परिवर्तन गर्नुहुंदैन । यसो नगरे हामीले आफूलाई जन-समूहबाट फुट्टा पार्नेछौं । उनीहरू सजग र इच्छुक नहोउन्जेल, उनीहरूले भाग लिनुपर्ने जुनसुकै काम पनि केवल औपचारिकतामा परिणत हुनेछ र असफल बन्नेछ। . . . यहाँ दुइ सिद्धान्त छन् : एउटा जन-समूहको हामीले अनुमान गरेको आवश्यकता नभएर उनीहरूको वास्तविक आवश्यकता हो, र अर्को जन-समूहको इच्छा हो, जसबाट हामीले उनीहरूलाई सङ्कल्प गराउनुको सट्टा आफ्नो सङ्कल्प उनीहरू आफूले नै गरून् ।

"सांस्कृतिक काममा संयुक्त मोर्चा" (अक्टोबर ३०, १९४४)

हाम्रो महाधिवेशनले सम्पूर्ण पार्टीलाई जुनसुकै पदमा भए पनि कुनै कामरेड पनि जन-समुदायबाट अलग हुन नपाउन् भन्ने कुरामा सतर्क रहियोस् भनी आह्वान गर्नुपर्छ । यसले प्रत्येक कामरेडलाई जनता-

लाई प्यारो गर्न र जन-समूहको आवाजलाई ध्यान दिएर सुन्न ; जहाँ गए पनि जन-समुदायभन्दा माथि उभिनुको सट्टा उनीहरूसितै आफूलाई एकाकार पार्न, उनीहरूमा नै फिंजिन ; र उनीहरूको अहिलेको चेतना-स्तर अनुसार, उनीहरूलाई सजग पार्न अथवा उनीहरूको राजनैतिक चेतनालाई उकास्न सिकाउनुपर्छ र आफूखुशी सङ्गठित हुन र सम्बन्धित समय र ठाउँको भित्री तथा बाहिरी परिस्थितिहरूले दिएका सबै आवश्यक सङ्घर्षहरूमा क्रमिक रूपबाट लागिपर्न उनीहरूलाई सहायता गर्नुपर्छ।

"संयुक्त सरकारका विषयमा" (अप्रिल २४, १९४५)

जन-समूह सजग हुन नपाउँदै हामी जाइलाग्ने काम गर्न खोज्छौं भने, त्यो दुस्साहसवाद हुनेछ। जन-समूहलाई उनीहरूका इच्छाको विरुद्ध कुनै कुरा गर्न भनी अघि सार्न बल गर्‍यौं भने हामी निश्चय नै असफल हुनेछौं। जन-समूहले प्रगतिको माग गर्दा

पनि हामी अगाड़ि बढ्दैनौं भने, त्यो दक्षिणपन्थी औसरवाद हुनेछ।

"शान्सी-सुइयुआन दैनिकको सम्पादकीय कर्मचारीहरूसित कुराकानी" (अप्रिल २, १९४८)

जुनसुकै किसिमको काममा पनि हुकुमवाद गलत हो, किनभने जन-समूहको राजनैतिक चेतना-स्तरभन्दा बाहिर गएर तथा स्वेच्छिक जन-कारवाईको सिद्धान्तलाई नाघेर यसले हड़बड़को रोगलाई प्रतिबिम्बित गर्छ। हाम्रा कामरेडहरूले आफूले बुझेको प्रत्येक कुरा जन-समूहले पनि बुझेका हुन्छन् भनी अवश्य ठान्नुहुंदैन। जन-समुदायले यसलाई बुझ्न सक्छन् वा सक्तैनन् र कारवाई गर्न ती तयार छन् कि छैनन् भन्ने कुरा उनीहरूका माझमा जानाले र जाँचबुझ गर्नाले मात्र पत्ता लाग्छ। हामीले त्यसो गर्‍यौं भने, हामी हुकुमवादलाई फाल्न सक्छौं। जुनसुकै किसिमको काममा पुच्छरवाद पनि गलत हो, किनभने जन-समूहको राज-

नैतिक चेतना-स्तरभन्दा मुनि वर्लेर र जन-समूहको नेतृत्व गर्नुपर्ने सिद्धान्तलाई नाघेर यसले धिङ्गन्याइँ रोगलाई प्रतिबिम्बित गर्छ। हाम्रा कामरेडहरूले आफूले नबुझेका कुरा जन-समूहले बुझेका हुंदैनन् भनी अवश्य ठान्नुहुंदैन। प्रायः कस्तो पनि हुन्छ भने जन-समूहले हामीलाई उछिन्छन् र एक पाइला अघि बढ्न उत्सुक हुन्छन्। तैपनि हाम्रा कामरेडहरू जन-नेताले झैं काम गर्न चुक्छन् र कुनै-कुनै पछौटे तत्वहरूको दृष्टिकोणलाई प्रतिबिम्बित गर्छन् र, अझ बर्ता, तिनैलाई व्यापक जन-समूहको दृष्टि-कोण ठान्ने गल्ती गर्छन्, यसरी ती पछौटे तत्वह-रूको पुच्छर बन्छन्।

"संयुक्त सरकारका विषयमा" (अप्रिल २४, १९४५)

जन-समूहको विचारलाई लेऊ र तिनलाई के-न्द्रित गर, अनि जन-समूहमा नै जाऊ, ती विचार-धारामा अड़िरहूं र तिनलाई अगाड़ि बढ़ाऊ, जसबाट

नेतृत्वको सही विचार बनोस् – नेतृत्वको आधारभूत पद्धति यस्तै हुन्छ।

"नेतृत्व-पद्धति सम्बन्धी केही प्रश्न" (जून १, १९४३)

हाम्रो पार्टीको सबै व्यावहारिक काममा, पूर्ण सही नेतृत्व आवश्यक रूपले नै "जन-समूहबाट ल्याई जन-समूहमा नै लैजानु" हो। यसको अर्थ हो : जन-समूह-का विचारहरूलाई (छरिएका र अव्यवस्थित विचार-हरूलाई) केन्द्रित गरेर, (अध्ययनद्वारा तिनलाई निश्चित तथा व्यवस्थित विचारहरूमा परिणत गर), अनि जन-समूहमा जाऊ र जन-समूहले आफ्नै ठानेर नलिउन्जेल उनीहरूमा यी विचारको प्रचार र व्याख्या गर, यिनलाई दरो गरी समात र काममा परिणत गर, र त्यस्ता क्रियाहरूमा यी विचारहरूको औचित्यलाई जाँच। त्यसपछि जन-समूहबाट आएका विचारलाई फेरि केन्द्रित गर र फेरि जन-समूहमा जाऊ जसबाट ती विचारहरू निरन्तर रहून् र तिनलाई राम्ररी कार्यान्वित

गरियोस्। अन्त्यहीन फन्कोमा बारम्बार यसै गरिरहने, जसबाट विचारहरू प्रत्येक पटक झन सही, झन सजीव र झन् समृद्ध बनून्। ज्ञानको मार्क्सवादी सिद्धान्त यस्तो हुन्छ।

उपर्युक्त

हामीले जन-समूहमा जानुपर्छ र उनीहरूबाट सिक्नुपर्छ, उनीहरूका अनुभवलाई झन् उत्तम र सुसम्बद्ध सिद्धान्त तथा कार्य-पद्धतिहरूका रूपमा संक्षिप्तीकरण गर्नुपर्छ, अनि जन-समूहमा प्रचार गर्नुपर्छ, र यी सिद्धान्त तथा कार्य-पद्धतिहरूलाई समस्याको समाधान गर्ने आशयबाट व्यवहारमा प्रयोग गर्न उनीहरूलाई आह्वान गर्नुपर्छ र मुक्ति तथा सुखको प्राप्तिका लागि उनीहरूको सहायता गर्नुपर्छ।

"सङ्गठित होऊ!" (नवम्बर २९, १९४३)

हाम्रो नेतृत्वदायी सङ्गठनका केही ठाउँमा यस्ता मानिसहरू छन् जो पार्टीका नीतिहरूबारे नेताहरूले

मात्र थाहा पाए पुग्छ र जन-समूहलाई थाहा दिइरहनुपर्ने खाँचो छैन भन्ने ठान्छन्। हाम्रा केही काम राम्ररी हुन नसक्नाका मुख्य कारणहरूमध्ये यो पनि एउटा हो।

"शान्सी-सुइयुआन दैनिकका सम्पादकीय कर्मचारीहरूसित कुराकानी" (अप्रिल २, १९४८)

हामीले सबै जन-आन्दोलनहरूमा सक्रिय समर्थक, विरोधी र तटस्थहरूका संख्याको आधारभूत अन्वेषण र विश्लेषण अवश्य गर्नुपर्छ र समस्याहरूबारे मनोगत रूपबाट तथा आधार बिना निर्णय कदापि गर्नुहुंदैन।

"पार्टी-समितिका कार्य-पद्धतिहरू" (मार्च १३, १९४९)

कुनै ठाउँका जन-समुदाय सामान्यतया तीन भागबाट बनेका हुन्छन्, अपेक्षाकृत सक्रिय, मध्यवर्ती र अपेक्षाकृत पछि परेका। त्यसकारण नेताहरूले सानो

संख्यामा भएका सक्रिय तत्वहरूलाई नेतृत्वका चारैतिर एकताबद्ध गर्न सिपालु हुनुपर्छ र मध्यवर्ती तत्वहरूको स्तरलाई उकास्न तथा पछि परेका तत्वहरूलाई आफ्नो पक्षमा तान्न उनीहरूमाथि (सक्रिय तत्वहरूमाथि— अनु०) भर गर्नुपर्छ ।

"नेतृत्व-पद्धति सम्बन्धी केही प्रश्न" (जून १, १९४३)

पार्टीको नीतिलाई जन-समूहका कारवाईहरूको रूप दिन सिपालु हुनु, हामीले चलाउने प्रत्येक आन्दोलन र सङ्घर्षका विषयमा अगुवा कार्यकर्ताहरूलाई मात्र होइन विशाल जन-समूहलाई पनि बुझाउन र समर्थ पार्न सिपालु हुनु — यो मार्क्सवादी-लेनिनवादी नेतृत्वको कला हो । यो हामीले काममा गल्ती गर्छौं वा गर्दैनौं भनी छुट्याउने रेखा पनि हो ।

"शान्सी-सुइयुआन दैनिकका सम्पादकीय कर्मचारीहरूसित कुराकानी" (अप्रिल २, १९४८)

नेतृत्वदायी डफ्फा जतिसुकै सक्रिय भए पनि, जन-समूहको क्रिया-कलापसित नगाँसुन्जेल यसको क्रिया-कलाप एक मुठी व्यक्तिको निष्फल प्रयत्न हुनेछ । अर्कोतिर, आफ्ना क्रिया-कलापलाई राम्ररी सङ्गठित पार्ने दरो नेतृत्वदायी डफ्फा बिना विशाल जन-समूह मात्र सक्रिय छन् भने पनि त्यस्तो क्रिया-कलाप लामो समयसम्म जीवित रहन, अथवा ठीक दिशातर्फ बढ्न अथवा उच्च स्तरसम्म उकासिन पनि सक्तैन ।

"नेतृत्व-पद्धति सम्बन्धी केही प्रश्न" (जून १, १९४३)

जन-समूहद्वारा उत्पादन, जन-समूहका हितहरू जन-समूहका अनुभव र भावनाहरू — यी कुरामा अगुवा कार्यकर्ताहरूले निरन्तर ध्यान दिनुपर्छ ।

पार्टीको केन्द्रीय समिति र आठौं मार्ग सेनाको मूल अड्डाका सोझै मातहतमा रहेका सङ्गठनहरूबाट आयोजित उत्पादन-प्रदर्शनीको निमित्त अभिलेख (नवम्बर २४, १९४३)

भूमि र श्रमदेखि लिएर दाउरा, चामल, भुटन र नूनसम्मका समस्याहरू लगायत जन-समूहका सन्चो-सुविस्ताहरूबारे हामीले पूरा-पूरा ध्यान दिनुपर्छ। . . . जन-समूहका सन्चो-सुविस्ता सम्बन्धी यस्ता सबै समस्याहरूलाई हाम्रो कार्य-सूचीमा सामेल गर्नुपर्छ। हामीले तिनका विषयमा छलफल गर्नुपर्छ, निर्णयहरू-लाई स्वीकृत तथा कार्यान्वित गर्नुपर्छ र परिणामका विषयमा जाँचबुझ गर्नुपर्छ। हामीले जन-समूहलाई हामी तिनका हितहरूको प्रतिनिधित्व गर्छौं, हाम्रो जीवन उनीहरूको जीवनसित घनिष्ठ रूपले बाँधिएको छ भनी अनुभव गर्न सघाउनुपर्छ। यी कुराबाट बढ़ेर हामीले अघिल्तिर राखेका उच्चतर कार्यहरू, क्रान्ति-कारी युद्धका कार्यहरू बुझ्न हामीले उनीहरूको सहायता गर्नुपर्छ, त्यसो भए तिनले क्रान्तिको समर्थन गर्नेछन् र यसलाई मुलुकभरि फिंजाउनेछन्, हाम्रा राजनैतिक अपीलहरूमा लाग्नेछन् र क्रान्तिमा विजयका लागि पछिसम्म लड्नेछन्।

"जनताका सुविस्ताहरूको वास्ता राख र काम गर्ने काइदाहरूमा ध्यान देऊ" (जनवरी २७, १९३४)

१२. राजनैतिक काम

चीनमा पहिलो पटक लिइएको पार्टी-प्रतिनिधिहरू र राजनैतिक विभागहरूको व्यवस्थाले, यी सशस्त्र सैन्यको स्वरूपलाई पूरै फेरिदियो।१ १९२७ मा स्थापित लाल सेना, र आजको आठौं मार्ग सेनाले यस व्यवस्थालाई परम्पराबाटै पाएका हुन् र यसलाई विकसित पारेका छन्।

"ब्रिटिस पत्रकार जेम्स बर्ट्रमसित अन्तर-वार्ता" (अक्टोबर २५, १९३७)

---

१ यस कुराले पहिलो क्रान्तिकारी गृह-युद्धको समयको (१९२४–२७) सहयोगका वर्षहरूमा चिनियाँ कम्युनिस्ट पार्टी र कुओमिन्ताङबाट संयुक्त रूपले सङ्गठित क्रान्ति-कारी सशस्त्र सैन्यलाई जनाउँछ।—अनु०

जन-मुक्तिसेनाले यसको बलियो क्रान्तिकारी राजनैतिक कामलाई विकसित पारेको छ, जुन जन-युद्धको आधारमा र सेना तथा जनताको एकता, सेनापतिहरू तथा योद्धाहरूको एकता र शत्रु-सैन्यलाई फुटाउने सिद्धान्तहरूका आधारमा, शत्रुमाथि विजय पाउन महत्वपूर्ण कुरा हो।

"वर्तमान परिस्थिति र हाम्रा कर्तव्यहरू" (डिसेम्बर २५, १९४७)

यस सेनाले राजनैतिक कामको व्यवस्था बसालेको छ जुन कुरा जन-युद्धको निम्ति अत्यावश्यक छ र जो आफ्नो सेनामा एकताको बृद्धि गर्ने, मित्र-सेनाहरूसित एकता गर्ने तथा जनतासित एकता गर्ने, र शत्रु-सैन्यमा फाटो पार्ने तथा लड़ाईंमा विजयलाई निश्चित तुल्याउने उद्देश्य राख्तछ।

"संयुक्त सरकारका विषयमा" (अप्रिल २४, १९४५)

राजनैतिक काम सबै आर्थिक कामको जीवनदायी रक्त हो। सामाजिक तथा आर्थिक व्यवस्था आधारभूत परिवर्तनबाट गुज्रिरहेको बेलामा यो कुरा विशेष तवरबाट साँचो हुन्छ।

"गम्भीर पाठ" को विषयमा परिचयात्मक टिप्पणी" (१९५५)

"पार्टी-शाखा गुल्म (कम्पनी) को आधारमा सङ्गठित गरिन्छ"; यही मुख्य कारणले गर्दा लाल सेना हार नखाइकन यस्तो गाह्रो सङ्घर्ष चलाउन समर्थ रहिआएको छ।

"चिङकाङ पर्वतहरूमा सङ्घर्ष" (नवम्बर २५, १९२८)

आठौं मार्ग सेनाको राजनैतिक काम तीन मूल सिद्धान्तबाट निर्देशित छ। पहिलो, सेना-नायक र जवानहरूको एकताको सिद्धान्त, जसको अर्थ सेनामा सामन्ती व्यवहारलाई हटाउनु, कुटपिट र गाली-गोफ्तालाई रोक्नु, सचेत अनुशासनको निर्माण गर्नु,

र हिताहितमा भाग लिनु हो – जसको फलस्वरूप सम्पूर्ण सेना घनिष्ठ तवरबाट एक छ। दोस्रो, सेना र जनतामा एकताको सिद्धान्त, जसको अर्थ हो अनुशासनको पालन गर्नु जसले जनताका हितहरूको अलिकति उल्लङ्घनलाई पनि रोक्तछ, जन-समूहमा प्रचार गर्नु, उनीहरूलाई सङ्गठित र सशस्त्र तुल्याउनु, उनीहरूका आर्थिक भारीलाई हलौं पार्नु र सेना तथा जनतालाई हानि गर्ने देशद्रोही तथा शत्रुपट्टि लागी काम गर्नेहरूको दमन गर्नु – जसको फलस्वरूप सेना जनतासित घनिष्ठ रूपले एक छ र यसको सर्वत्र स्वागत हुन्छ। तेस्रो, शत्रुका फौजहरूमा फाटो पार्ने र युद्धबन्दीहरूप्रति नरम व्यवहार गर्ने सिद्धान्त। हाम्रो विजय हामीले गर्ने सैनिक कारवाईहरूमा मात्र निर्भर नभएर शत्रु-सैन्यमा विग्रहउपर समेत निर्भर गर्दछ।

"ब्रिटिस पत्रकार जेम्स बर्ट्रमसित अन्तरवार्ता" (अक्टोबर २५, १९३७)

हाम्रा फौजहरूले सेना तथा जनता, सेना तथा सरकार, सेना तथा पार्टी, सेना-नायक तथा जवानहरू

र सैनिक तथा राजनैतिक कामका सम्बन्धहरू र कार्यकर्ताहरूको पारस्परिक सम्बन्धलाई चलाउने सही सिद्धान्तहरूको अवश्य पालन गर्नुपर्छ, र युद्ध-सरदारवादका गल्तीहरू अवश्य पनि कहिल्यै गर्नुहुंदैन। सेनानायकहरूले आफ्ना जवानहरूको हेर-विचार अवश्य गर्नुपर्छ र उनीहरूको सन्चो-सुविस्ताप्रति वास्ता नराख्ने अवश्य पनि कहिल्यै हुनुहुंदैन अथवा शारीरिक सजायको आश्रय लिनुहुंदैन; सेनाले जनताको हेर-विचार अवश्य गर्नुपर्छ र उनीहरूका हितहरूको अतिक्रमण कहिल्यै गर्नुहुंदैन; सेनाले सरकार र पार्टीको आदर अवश्य गर्नुपर्छ र कहिल्यै "आफूखुशी चल्ने गर्नुहुंदैन।"

"सङ्गठित होऊ!" (नवम्बर २९, १९४३)

जन-समूहको तीखो घृणाप्रति जवाफदेही भएका तथा ज्यान-सजाय पाउनैपर्ने र उच्च अधिकारीहरूबाट मृत्यु-दण्ड तोकिइसकेकाहरू बाहेक, जापानी फौज, कठपुतली फौज अथवा कम्युनिस्ट-विरोधी फौज-

हरूबाट पक्रिएका बन्दीहरूप्रतिको हाम्रो नीति ती सबैलाई छाड़िदिनु हो। बन्दीहरूमध्ये प्रतिक्रियावादी सैन्यमा कर-कापबाट भर्ना गरिएका तर क्रान्तिप्रति धेर-थोर झुकेकाहरूलाई हाम्रो सेनाको निम्ति काम गर्न ठूलो संख्यामा आफूपट्टि तान्नुपर्छ। बाँकीलाई छाड़िदिनुपर्छ र तिनले हामीसित फेरि लड़ाईं गरे र फेरि पक्रिए भने, फेरि छाड़िदिनुपर्छ। हामीले तिनलाई बेइज्जती गर्नुहुंदैन, तिनका व्यक्तिगत धन-सम्पत्तिलाई जफ्त गर्न अथवा तिनीहरूलाई सावित हुन कर लाउने गर्नुहुंदैन, तर कुनै अपवाद बिना तिनीहरूप्रति निष्कपट र दयालु व्यवहार गर्नुपर्छ। तिनीहरू जतिसुकै प्रतिक्रियावादी भए तापनि हाम्रो नीति यही हुनुपर्छ। प्रतिक्रियावादी शिविरलाई एक्लो तुल्याउने यो अत्यन्त प्रभावकारी उपाय हो।

"नीतिका विषयमा" (डिसेम्बर २५, १९४०)

लड़ाईंमा हतियारहरू महत्वपूर्ण तत्व हुन्, तर निर्णयात्मक तत्व होइनन्; निर्णायक त मानिस हुन्,

चीजहरू होइनन्। शक्तिको द्वन्द सैनिक र आर्थिक शक्तिको मात्र द्वन्द होइन, मनुष्य-शक्ति र नैतिक बल-को पनि द्वन्द हो। सैनिक र आर्थिक शक्ति निश्चित रूपबाट नै मानिसद्वारा परिचालित हुन्छन्।

"दीर्घकालीन युद्धका विषयमा" (मे १९३८)

एटम-बम कागतको बाघ हो। अमेरिकाली प्रति-क्रियावादीहरू जनतालाई तर्साउन यसको उपयोग गर्छन्। यो डरलाग्दो देखिन्छ ता पनि वास्तवमा यस्तो होइन। निश्चय नै, एटम-बम ठूलो रूपको संहारको अस्त्र हो, तर युद्धको विजय अथवा हारको परिणाम एक-दुइ नौलो किसिमका हतियारबाट होइन, जनता-बाट नै निश्चित गरिन्छ।

"अमेरिकाली संवाददात्री अन्ना लुइस स्ट्रङसित कुराकानी" (अगस्ट १९४६)

सिपाहीहरू सेनाका जग हुन्; उनीहरू प्रगति-शील राजनैतिक भावनाबाट प्रभावित नहोउन्जेल,

र त्यस्तो भावना प्रगतिशील राजनैतिक कामद्वारा नबढुन्जेल, सेना-नायक र जवानहरूको साँच्चीकै एकता प्राप्त गर्नु असम्भव हुनेछ, जापानी आक्रमण-विरोधी युद्धको निम्ति उनीहरूको उत्साहलाई पूरा मात्रामा जगाउनु असम्भव हुनेछ, र हाम्रा सबै प्राविधिक साधनहरू तथा युद्ध-कौशलहरूको सबभन्दा प्रभावकारी उपयोगको निम्ति उम्दा आधार बनाउनु असम्भव हुनेछ।

"दीर्घकालीन युद्धका विषयमा" (मे १९३८)

लाल सेनाका केही कामरेडहरूमा शुद्ध सैनिक दृष्टिकोण अत्यन्त विकसित भएको छ। यो यस किसिमबाट व्यक्त भएको छ :

१. यी कामरेडहरू सैनिक विषय र राजनीति एक-दोस्राका विरोधी हुन् भन्ने ठान्छन् र सैनिक विषय त राजनैतिक काम पूरा गर्ने उपायहरूमध्ये एउटा उपाय मात्र हो भनी स्वीकार गर्दैनन्। कोही-कोही त यसो समेत भन्छन्, "तिमी सैनिक विषयमा

असल छौ भने, स्वभावतः राजनैतिक विषयमा पनि तिमी असल छौ ; सैनिक विषयमा तिमी असल छैनौ भने, तिमी राजनैतिक विषयमा पनि असल हुन सक्तैनौ" – यो एक पाइला पर जानु हो र राजनीतिमाथि सैनिक विषयलाई नेतृत्वदायी ठाउँ दिनु हो।

... ...

"पार्टीभित्रका गलत विचारलाई सच्याउने विषयमा" (डिसेम्बर १९२९)

ठूल्ठूला राजनैतिक सङ्घर्षहरूको निमित्त सम्पूर्ण पार्टीलाई एकगठ तुल्याउनामा विचारधारात्मक शिक्षा मुख्य कुरा हो भनी बुझ्नुपर्छ। यसो नगरेसम्म पार्टीले आफ्ना राजनैतिक कामहरूमध्ये कुनै पनि पूरा गर्न सक्तैन।

"संयुक्त सरकारका विषयमा" (अप्रिल २४, १९४५)

हाल विद्यार्थी र बुद्धिजीवीहरूमा विचारधारात्मक र राजनैतिक काम घट्दै गएको छ, र केही अस्वस्थ

प्रवृत्तिहरू देखापरेका छन् । केही मानिस के ठान्छन् भने अब कसैले राजनीति अथवा मातृभूमिको भविष्य र मानव-जातिका आदर्शहरूबारे चासो लिइरहनुपर्ने कुनै आवश्यकता छैन । मार्क्सवाद कुनै बेला प्रशस्त उच्चतामा पुगेको थियो तापनि हाल यसको उस्तो चलन छैन भने झैं देखिन्छ। यस्ता प्रवृत्तिहरूका विरुद्धमा हामीले आफ्नो विचारधारात्मक र राजनैतिक कामलाई अवश्य दरो पार्नुपर्छ । विद्यार्थी र बुद्धिजीवीहरू दुवै थरीले परिश्रमपूर्वक अध्ययन गर्नुपर्छ । आफूले विशेषता प्राप्त गरेका विषयहरूका साथै, उनीहरूले विचारधारात्मक र राजनैतिक दुवै दृष्टिबाट अवश्य प्रगति गर्नुपर्छ, यसको अर्थ हो उनीहरूले मार्क्सवाद-लेनिनवाद, वर्तमान घटनाहरू र राजनीतिको अध्ययन गर्नुपर्छ। सही राजनैतिक दृष्टिकोण नहुनु प्राण नभए सरह नै हो।. . . सबै विभाग र सङ्गठनहरूले विचारधारात्मक र राजनैतिक काममा आफ्नो उत्तरदायित्व बोक्नुपर्छ। यो कुरा कम्युनिस्ट पार्टी, युवक-सङ्घ, यस कामको जिम्मा लिएका सरकारी

विभागहरू र विशेष तवरबाट शैक्षिक संस्थाका प्रमुखहरू र शिक्षकहरूप्रति लागू हुन्छ ।

"जनताका अन्तरविरोधहरूको सही सन्चालनका विषयमा" (फरवरी २७, १९५७)

राजनैतिक शिक्षा पाएपछि, लाल सेनाका सबै सिपाहीहरू वर्ग-सजग भएका छन् र उनीहरूले भूमि-वितरण, राजनैतिक सत्ताको स्थापना, मजदूर तथा किसानहरूलाई सशस्त्र पार्नु इत्यादि मुख्य कुरालाई बुझेका छन्, र हामी आफ्नै निम्ति लड़िरहेका छौं, मजदूर-वर्ग तथा किसान समुदायको लागि जुधिरहेका छौं भनी ती सबैले बुझेका छन् । यसैले उनीहरू कुनै गुनासो नगरिकन तीखो सङ्घर्षका कष्टहरूलाई सहन सक्छन् । प्रत्येक गुल्म (कम्पनी), गण (बटालियन) अथवा पल्टन (रेजिमेन्ट) को सिपाही-समिति छ जसले सिपाहीहरूका हितको प्रतिनिधित्व गर्छ र राजनैतिक काम तथा जन-कार्यलाई चलाउँछ ।

"चिङकाङ पर्वतहरूमा सङ्घर्ष" (नवम्बर २५, १९२८)

"दु:ख पोख्ने" (पुरानो समाज तथा प्रतिक्रियावादी-हरूबाट श्रमजीवी जनताप्रति गरिएका अन्यायहरू) र "तीन जाँचहरू" (वर्गीय स्रोत, कर्तव्यपरायणता तथा लड्ने संकल्प) भन्ने आन्दोलनको उचित सन्चालनले शोषित श्रमजीवी जन-समूहको मुक्तिको निमित्त, देशव्यापी भूमि-सुधारको निमित्त र जनताको समान शत्रु च्याङ काइ-शेक डाँका-दललाई नष्ट पार्ने लड़ाईं-मा सेनाभरिका सेनापति र योद्धाहरूको राजनैतिक चेतनालाई प्रशस्त बढ़ाएको छ। यसले कम्युनिस्ट पार्टी-को नेतृत्वका मातहतमा भएका सबै सेनापति र योद्धा-हरूको दृढ़ एकतालाई पनि प्रशस्त बलियो पाऱ्यो। यस आधारमा, सेनाले आफ्ना पङ्क्तिमा बर्ता शुद्धता प्राप्त गऱ्यो, अनुशासनलाई दरो तुल्यायो, तालिमको निमित्त जन-आन्दोलन चलायो, र यसका राजनैतिक, आर्थिक तथा सैनिक जनतन्त्रलाई पूरै सुसञ्चालित र क्रमबद्ध रूपबाट विकसित पाऱ्यो। यसरी सेना एउटै मानिस झैं एकगठ भएको छ, जसको प्रत्येक व्यक्तिले आफ्नो विचार र बलले योगदान गर्छ। यो सेना बलिदानबाट नडराउने र भौतिक अप्ठ्याराहरूलाई

नाघ्न समर्थ भएको छ। यो व्यापक शौर्य देखाउँछ र यसले साहसपूर्वक शत्रुलाई मार्छ। यस्तो सेना अरूबाट जित्न नसकिने हुनेछ।

"उत्तर-पश्चिममा महान् विजय र मुक्ति-सेनामा नौलो किसिमको विचारधारात्मक शिक्षा-आन्दोलनका विषयमा" (मार्च ७, १९४८)

गएका केही महीनामा सबैजसो जन-मुक्तिसेनाले लड़ाईंहरूका बीचको फुर्सतको समयलाई व्यापक ता-लीम र सुदृढ़ीकरणमा लाएको छ। यो काम पूरा तवरबाट निर्देशित, क्रमबद्ध र जनतान्त्रिक किसिमले क्रियान्वित गर्ने गरिएको छ। त्यसोहुंदा यसले सेनापति र योद्धाहरूको ठूलो समूहको क्रान्तिकारी उल्लासलाई जगाएको छ, उनीहरूलाई युद्धको उद्देश्य स्पष्ट रूपले बुझ्न समर्थ पारेको छ, सेनामा भएका अनेक गलत विचारधारात्मक प्रवृत्तिहरू तथा अवाञ्छनीय लक्षण-हरूलाई हटाएको छ, कार्यकर्ता र योद्धाहरूलाई शिक्षित तुल्याएको छ र सेनाको लड्ने दक्षतालाई

प्रशस्त बड़ाएको छ। अबदेखि, सेनामा जनतान्त्रिक तथा व्यापक रूपको यस नौलो किसिमको विचार-धारात्मक शिक्षा-आन्दोलनलाई हामीले अवश्य अगाड़ि बढ़ाउन जारी राख्नुपर्छ।

"शान्सी-सुइयुआन मुक्त क्षेत्रका कार्यकर्ता-हरूको सम्मेलनमा भाषण" (अप्रिल १, १९४८)

कलेजको शिक्षा-नीति (जापानी आक्रमण-विरोधी सैनिक र राजनैतिक कलेज) दृढ़ तथा सही राजनैतिक दिशा-बोध, परिश्रमी तथा सरल कार्य-शैली, र सजिलैसित मोड्न सकिने रणनीति तथा युद्ध-कौशललाई बढ़ाउनु हो। जापानी आक्रमण-विरोधी क्रान्तिकारी सिपाही बनाउने यी तीन जरूरी कुरा हुन्। जापानी आक्रमण-विरोधी सैनिक र राजनैतिक कलेजका कर्मचारी, शिक्षक र विद्यार्थीहरू यी तीन कुराकै अनुरूप सिकाउने वा अध्ययन गर्ने गर्छन्।

"शत्रुबाट विरोध गरिनु नजाती कुरा होइन बरु बेस कुरा हो" (मे २६, १९३९)

हाम्रो राष्ट्रको सधैं नै कड़ा सङ्घर्षको परम्परागत शैली रहिआएको छ। यसलाई हामीले विकसित पार्नुपर्छ।... यसभन्दा बढ़ी, कम्युनिस्ट पार्टीले सधैं नै दृढ़ तथा सही राजनैतिक दिशा-बोध हुनुपर्छ भन्दै आएको छ।... यो दिशा-बोध कड़ा सङ्घर्षको शैलीदेखिन् अभिन्न छ। दृढ़ तथा सही राजनैतिक दिशा-बोध बिना, कड़ा सङ्घर्षको शैलीलाई बढ़ाउनु असम्भव छ। कड़ा सङ्घर्षको शैली बिना, दृढ़ तथा सही राजनैतिक दिशा-बोधलाई धारण गर्नु असम्भव छ।

"अन्तरराष्ट्रिय श्रमिक-दिवसको उपलक्ष्य-मा भएको येनान-समारोहमा भाषण" (मे १, १९३९)

एकगठ, सतर्क, गम्भीर र फुर्तीलो होऊ।

जापानी आक्रमण-विरोधी सैनिक र राजनैतिक कलेजको निम्ति गुरुवाक्य

संसारमा साँच्ची नै विचार गरिने कुरा सद्विवेक हो, र कम्युनिस्ट पार्टी सद्विवेकी हुने कुरामा सबभन्दा बर्ता ध्यान दिन्छ।

"मास्कोमा भएका चिनियाँ विद्यार्थी र तालिमेहरूसितको भेटमा कुराकानी (नवम्बर १७, १९५७)

१३. सेना-नायक र जवानहरूको सम्बन्ध

हाम्रो सेनाको सधैं दुइ नीति रहिआएको छ। पहिलो, हामीले आफ्ना शत्रुहरूप्रति अवश्य नै निर्दय हुनुपर्छ, हामीले तिनलाई हराउनैपर्छ र निर्मूल नै पार्नुपर्छ। दोस्रो, हामीले आफन्तप्रति, जनताप्रति, आफ्ना कामरेडहरू र आफूभन्दा माथिल्लो तहका तथा आफ्नो मातहतमा काम गर्नेहरूप्रति अवश्य दयालु हुनुपर्छ, र उनीहरूसित एकगठ हुनुपर्छ।

सेनाको पृष्ठभागीय डफ्फाहरूका आदर्श अध्ययन-प्रतिनिधिहरूको निमित्त पार्टीको केन्द्रीय समितिद्वारा आयोजित स्वागत-समारोहमा भाषण (सेप्टेम्बर १८, १९४४)

हामी मुलुकको सबै भागबाट भेला भएका छौं र समान क्रान्तिकारी उद्देश्यको निमित्त सँगसँगै सामेल भएका छौं।. . . हाम्रा कार्यकर्ताहरूले प्रत्येक सिपाहीको निम्ति अवश्य ध्यान दिनुपर्छ, र क्रान्तिकारी पङ्क्तिमा भएका सबै जनाले एक-दोस्राको हेर-विचार अवश्य गर्नुपर्दछ, एक दोस्रालाई माया र सहायता अवश्य गर्नुपर्दछ।

"जनताको सेवा गर" (सेप्टेम्बर ८, १९४४)

कार्यकर्ताहरूलाई सिपाहीहरूको हेर-विचार गर्न र सिपाहीहरूलाई कार्यकर्ताहरूको समर्थन गर्न आह्वान गर्दै, प्रत्येक सैनिक-एकाईमा कार्यकर्ताहरूको समर्थन गर्ने र सिपाहीहरूको हेर-विचार गर्ने आन्दोलन चलाउनुपर्छ। उनीहरूले एक-दोस्राका कमी र गल्तीहरूका विषयमा खुला रूपले बताउनुपर्छ र छिटै तिनलाई सच्याउनुपर्छ। यस किसिमबाट उनीहरू धेरै राम्रो भित्री एकता प्राप्त गर्न समर्थ हुनेछन्।

"१९४५ को निमित्त कार्य" (डिसेम्बर १५, १९४४)

धेरै मानिस सेना-नायक र जवानहरूको तथा सेना र जनताको सम्बन्धलाई ठर्रो पार्ने कार्यप्रणाली गलत हो भन्ने ठान्दछन्, तर यो त सिपाहीहरू र जनताप्रति आदर गर्ने विषयमा आधारभूत प्रवृत्ति (वा आधारभूत सिद्धान्त)-को प्रश्न हो भनी म सधैं उनीहरूलाई भन्छु। यसै प्रवृत्तिबाट नै धेरै किसिमका नीति, कार्यपद्धति र रूपहरू निस्कन्छन्। यस प्रवृत्तिबाट हामी अलग्गियौं भने, नीति, कार्यपद्धति र रूपहरू निश्चय नै गलत हुनेछन्, र सेना-नायक तथा जवानहरूको र सेना तथा जनताका सम्बन्धहरू असन्तोषजनक भइछाड्छन्। सेनाको राजनैतिक कार्यका लागि हाम्रा तीन मुख्य सिद्धान्त छन् – पहिलो, सेना-नायक र जवानहरूमा एकता ; दोस्रो, सेना र जनतामा एकता ; र तेस्रो, शत्रुको सैन्यमा विग्रह वा फाटो। यी सिद्धान्तलाई प्रभावकारी रूपले लागू गर्ने, सिपाहीहरू र जनतालाई आदर गर्ने, र आफ्ना शस्त्रास्त्रलाई त्यागिसकेका युद्ध-बन्दीहरूको मानवीय मर्यादाप्रति आदर गर्ने मूलभूत प्रवृत्तिबाट हामीले आरम्भ गर्नुपर्छ। यस्ता कुरालाई मूलभूत प्रवृत्ति नठानेर

प्राविधिक विषय ठान्नेहरू साँच्ची नै गलत हुन्, र उनीहरूले आफ्नो प्रवृत्तिलाई सच्याउनुपर्छ ।

"दीर्घकालीन युद्धका विषयमा" (मे १९३८)

श्रमजीवी जनतामा काम गर्दा कम्युनिस्टहरूले अवश्य पनि युक्तिसङ्गतता र शिक्षाको जनतान्त्रिक पद्धतिलाई उपयोग गर्नुपर्छ र अधिकारवाद वा जबर्जस्तीको आश्रय कदापि लिनुहुंदैन । चिनियाँ कम्युनिस्ट पार्टीले यस मार्क्सवादी-लेनिनवादी सिद्धान्तको वफादारीसाथ पालन गर्दैआएको छ ।

"जनताका अन्तरविरोधहरूको सही सन्चालनका विषयमा" (फरवरी २७, १९५७)

विचारधारात्मक सुधारको निम्ति दीर्घकालीन, धीरतापूर्ण र परिश्रमयुक्त कार्य चाहिन्छ भन्ने कुरा हाम्रा कामरेडहरूले अवश्य बुझ्नुपर्छ, र जीवनका अनेक दशक लागेर बनेको मानिसहरूको विचारधारा-

लाई केही भाषणहरू दिएर नै अथवा केही बैठकहरू गरेर नै फेर्ने प्रयत्न कदापि गर्नुहुंदैन । कर-काप होइन, युक्तिसङ्गतता नै उनीहरूलाई चित्त बुझाउने एकमात्र बाटो हो । कर-कापले उनीहरूको चित्त बुझाउने परिणाम कहिल्यै ल्याउँदैन । करबलले मात्र उनीहरूको चित्त बुझाउन खोज्नाले काम बिल्कुलै चल्दैन । यस किसिमको पद्धतिलाई शत्रुसितको व्यवहारमा स्वीकृति दिन सकिन्छ, तर कामरेडहरू अथवा मित्रहरूसितको व्यवहारमा बिल्कुलै स्वीकृति दिन सकिंदैन ।

"प्रचार-कार्यका सम्बन्धमा भएको चिनियाँ कम्युनिस्ट पार्टीको राष्ट्रिय सम्मेलनमा भाषण" (मार्च १२, १९५७)

हामीले शत्रु र आफूहरूमा फरक छुट्याउनैपर्छ, र कामरेडहरूप्रति विरोधयुक्त अड़ान लिने र उनीहरूप्रति शत्रुप्रति गर्ने किसिमको व्यवहार कदापि गर्नुहुंदैन । खुलस्त रूपबाट भन्दा, प्रत्येकमा जनताको हितलाई रक्षा गर्ने र उनीहरूको राजनैतिक

चेतनालाई उकास्ने उत्कट अभिलाषा हुनैपर्छ र कसैको प्रयत्नका सम्बन्धमा खिसी-टिउरी वा आक्रमण हुनुहुंदैन ।

उपर्युक्त

१४. सेना र जनता-को सम्बन्ध

सेनाले जनतासित एक हुनैपर्छ, त्यसो भए उनीहरूले यसलाई आफ्नै सेना ठान्छन् । त्यस्तो सेना अरूबाट जित्न नसकिने हुन्छ । . . .

"दीर्घकालीन युद्धका विषयमा" (मे १९३८)

जनतामा भर गरुन्जेल, जनताको अनन्त सिर्जनात्मक शक्तिमा दृढ़तापूर्वक विश्वास गरुन्जेल र यसरी जनतालाई विश्वास गरेर उनीहरूमा आफूलाई एकात्म पारुन्जेल, हामी जस्तोसुकै अप्ठ्यारोलाई पनि नाघ्न सक्छौं, र कुनै शत्रुले पनि हामीलाई कुल्चन

सक्तैन बरु हामीले नै जुनसुकै शत्रुलाई पनि किच्न सक्छौं भन्ने कुरा बुझाउन प्रत्येक कामरेडलाई अवश्य मद्दत गर्नुपर्छ।

"संयुक्त सरकारका विषयमा" (अप्रिल २४, १९४५)

हाम्रा कामरेडहरू जहाँ गए पनि, उनीहरूले जन-समूहसित राम्रो सम्बन्ध बनाउनुपर्छ, तिनका विषयमा चासो लिने हुनुपर्दछ र आफ्ना बिघ्नबाधाहरूमाथि विजय पाउन तिनलाई सघाउनुपर्छ। हामीले जन-समूहसित एकगठ हुनैपर्छ ; जति धेरै जन-समूहसित हामी एकगठ हुन्छौं उति नै बेश।

"चुङकिङ समझौता-वार्ताका विषयमा" (अक्टोबर १७, १९४५)

एकातिर मुक्त क्षेत्रहरूमा भएको सेनाले सरकारको समर्थन र जनताको हेर-विचार अवश्य गर्नुपर्छ, अर्का-

तिर जनतान्त्रिक सरकारहरूले पनि सेनालाई समर्थन गर्ने र जापानसित जुधिरहेका सिपाहीका जहानहरू-प्रति बर्ता ममत्वपूर्ण व्यवहार गर्ने काममा जनताको नेतृत्व गर्नैपर्दछ, यस किसिमबाट सेना र जनताका सम्बन्धहरू झन् राम्रा हुनेछन्।

"संयुक्त सरकारका विषयमा" (अप्रिल २४, १९४५)

सेनामा सरकारलाई समर्थन गर्ने र जनताको हेर-विचार गर्ने काम प्रत्येक सेनापति र योद्धाको विचार-धारात्मक शिक्षाद्वारा सञ्चालित हुनुपर्छ, त्यसोभए ती सबैले यसको महत्वलाई राम्ररी बुझ्दछन्। सेनाले आफ्ना तर्फबाट यो काम राम्ररी गरुन्जेल, स्थानीय सरकार र जनताले पनि सेनासितका आफ्ना सम्ब-न्धहरूलाई सपार्नेछन्।

"१९४६ मा मुक्त क्षेत्रहरूमा गर्ने कामको नीति" (डिसेम्बर १५, १९४५)

"सरकारको समर्थन गर र जनताको हेर-विचार गर" र "सेनाको समर्थन गर र जापानसित जुधिरहेका सिपाहीका जहानहरूप्रति बर्ता ममत्वपूर्ण व्यवहार गर" भन्ने आन्दोलनहरूको क्रममा, सेनाले आफ्नो तर्फबाट र पार्टी तथा सरकारले आ-आफ्नातर्फबाट १९४३ का कमी र गल्तीहरूको पूर्ण रूपबाट जाँच गर्नुपर्दछ, र १९४४ मा तिनलाई दृढ़तापूर्वक सच्याउनुपर्दछ । अबदेखि प्रत्येक चान्द्र-वर्षको पहिलो महिनामा यस्ता आन्दोलनहरू सबै ठाउँमा चलाउनुपर्दछ, र तिनको क्रममा "सरकारको समर्थन गर र जनताको हेर-विचार गर" र "सेनाको समर्थन गर र जापानसित जुधिरहेका सिपाहीका जहानहरूप्रति बर्ता ममत्वपूर्ण व्यवहार गर" भन्ने प्रतिज्ञाहरूको बरोबर पठन हुनुपर्दछ, र यी कमी तथा गल्तीहरू पूर्ण रूपबाट सच्याइयून् भन्ने अभिप्रायले, आधार इलाकाहरूमा पार्टी वा सरकारी कर्मचारीप्रति वा नागरिकहरूप्रति फौजद्वारा कुनै अहङ्कारपूर्ण व्यवहार भएमा, अथवा पार्टी वा सरकारी कर्मचारी वा नागरिकहरूद्वारा फौजप्रति

उस्तो वास्ता नराखिएमा (प्रत्येक पक्षले आफ्नै आलोचना गर्ने, अर्को पक्षको होइन) जन-समूहका अघिल्तिर बारम्बार स्व-आलोचना हुनुपर्दछ ।

"तिरो घटाउने, उत्पादन बढ़ाउने र 'सरकारको समर्थन गर र जनताको हेर-विचार गर' भन्ने आन्दोलनलाई आधार इलाकाहरूमा फिंजाऊ" (अक्टोबर १, १९४३)

१५. तीन मुख्य क्षेत्रमा जनतन्त्र

मुख्यतया सेना-नायकहरूद्वारा हप्कीदप्की तथा कुटपिट गरिने सामन्ती व्यवहारलाई समाप्त पारेर र सेना-नायकहरू र जवानहरूले आफस्तको हिताहितमा भाग लिएर, सेनामा जनतन्त्रको उचित हदको व्यवहार गर्नुपर्छ। एक पटक यसो गरेपछि, सेना-नायक र जवानहरूमा एकताको प्राप्ति हुनेछ, शत्रुलाई खेद्ने दक्षता सेनामा प्रशस्त बढ्नेछ, र लामो, क्रूर युद्धलाई जारी राख्ने हाम्रो योग्यतामा कुनै शङ्का रहनेछैन।

"दीर्घकालीन युद्धका विषयमा" (मे १९३८)

यस्ता अभावपूर्ण भौतिक अवस्थाहरू र यस्ता बरोबरका भिड़न्तहरू हुंदाहुंदै पनि लाल सेना किन अगाड़ि बढ्दै जान सक्यो भन्ने कारण, पार्टीले पूरा गरेको भूमिका बाहेक, लाल सेनाभित्र अपनाइएको जनतन्त्रवाद हो। सेना-नायकहरू जवानहरूलाई कुटपिट गर्दैनन् ; सेना-नायक र जवानहरूले समान व्यवहार पाउँछन् ; सिपाहीहरू बैठक गर्न र खुला तवरबाट कुराकानी गर्न फुक्का छन् ; मान-अदबका अनावश्यक खालका आचारहरूलाई समाप्त गरिएको छ ; र हिसाब-किताब जाँच्न पाउने गरी सबैको निमित्त खुला छन्।... चीनमा जनतालाई मात्र होइन, सेनालाई पनि जनतन्त्र चाहिएको छ। सामन्तवादी भरौटे सेनालाई ध्वस्त पार्न हाम्रो सेनाभित्रको जनतन्त्रवाद एउटा महत्वपूर्ण हतियार हो।

"चिङकाङ पर्वतहरूमा सङ्घर्ष" (नवम्बर २५, १९२८)

सर्वसाधारण सिपाहीहरूलाई समेत, सेनापतिहरू र सबै कार्यरत कर्मचारीहरूलाई पूरा तवरबाट जागृत

तुल्याउनु र केन्द्रिकृत नेतृत्वका अन्तर्गत जनतान्त्रिक आन्दोलनद्वारा तीन मुख्य लक्ष्यहरू, अर्थात् राजनीतिमा उच्च स्तरको एकता, उच्चतर जीवन-निर्वाहको अवस्था र उच्चतर सैनिक शिल्प तथा युद्ध-कौशलको उद्देश्य पूरा गर्नु सेनाका एकाईहरूको राजनैतिक कार्यको नीति हो। हाम्रो सेनाका एकाईहरूमा हाल उत्साहपूर्वक चलाइएका तीन जाँच र तीन सुधारहरू[१] राजनैतिक र आर्थिक जनतन्त्रका कार्यपद्धतिद्वारा यी सुधारहरूमध्ये अघिल्ला दुइ प्राप्त गर्ने उद्देश्य राख्तछन्।

१ "तीन जाँचहरू" र "तीन सुधारहरू" पार्टीको सुदृढ़ीकरण र सेनामा विचारधारात्मक शिक्षाका लागि महत्वपूर्ण आन्दोलन बनेको छ। यो जनमुक्ति-युद्धका बेलामा भूमि-सुधारका सम्बन्धमा हाम्रो पार्टीद्वारा लागू गरिएको थियो। स्थानीय ठाउँहरूमा, "तीन जाँचहरू" को मतलब वर्गीय स्रोत, विचारधारा र कार्य-शैलीको जाँच हो; सशस्त्र एकाईहरूमा, तीन जाँचहरू वर्गीय स्रोत, कर्तव्य पूरागराइ र लड्ने सङ्कल्प थिए। "तीन सुधारहरू" को अर्थ सङ्गठनात्मक सुदृढ़ीकरण, विचारधारात्मक शिक्षा र कार्य-शैलीको शुद्धिकरण हो।

आर्थिक जनतन्त्रका सम्बन्धमा, सिपाहीहरूद्वारा निर्वाचित प्रतिनिधिहरूलाई गुल्म (कम्पनी) को रसद र भान्साको व्यवस्था मिलाउने काममा गुल्म (कम्पनी) को नेतृत्वलाई सहायता गर्ने (तर नाघ्ने होइन) अधिकार निश्चयनै सुरक्षित रहनुपर्छ।

सैनिक जनतन्त्रका सम्बन्धमा, तालीमका अवधि-हरूमा पारस्परिक निर्देशन हुनैपर्दछ जस्तै सेना-नायक तथा सिपाहीहरूमा र सिपाहीहरू आफूआफूमै; र लड़ाईंका अवधिहरूमा मोर्चामा भएका गुल्महरू (कम्पनीहरू) ले धेरै किसिमका ठूला-साना बैठकहरू अवश्य गर्नुपर्छ। कम्पनी-नेतृत्वको निर्देशनका मातहत, कसरी हमला गर्ने र शत्रुले ओगटेका ठाउँहरू कसरी आफ्नो पार्ने र शत्रु खेदने अरू कामहरू कसरी पूरा गर्ने भनी छलफल गर्न सर्वसाधारण सिपाहीहरूलाई समेत जागरूक तुल्याउनुपर्छ। लड़ाईं धेरै दिनसम्म चलेमा यस्ता अनेक बैठकहरू गर्नुपर्दछ। यस किसिमको सैनिक जनतन्त्र उत्तर सेन्सीमा पर्ने पान्लुङ-को लडाईंमा र सान्सी-चहार-होपेई क्षेत्रमा पर्ने शिचियाचुआङको लड़ाईंमा ठूलो सफलता सहित

व्यवहार गरिएको थियो। यस्तो व्यवहारले असल मात्र गर्न सक्छ र जे भए पनि हानि गर्न सक्तैन भन्ने सिद्ध भइसकेको छ।

"सेनामा जनतान्त्रिक आन्दोलन" (जनवरी ३०, १९४८)

वर्तमान महान् सङ्घर्षमा, पार्टीका सबै नेतृत्वदायी अङ्गहरू र सबै सदस्य तथा कार्यकर्ताहरूले आफ्नो सक्रियतालाई पूर्णतम रूपबाट विकास गर्नुपर्दछ भनी चिनियाँ कम्युनिस्ट पार्टी माग गर्दछ, यसबाट मात्र विजय निश्चित हुनसक्छ। यो सक्रियता नेतृत्वदायी अङ्गहरू, कार्यकर्ताहरू, र पार्टीका सदस्यहरूका सिर्जनात्मक रूपले काम गर्ने योग्यतामा, कर्तव्यपरायणतामा, कार्यकुशलतामा, प्रश्न गर्ने, विचार प्रकट गर्ने र त्रुटिहरूको आलोचना गर्ने उनीहरूको आँट र निपुणतामा, र नेतृत्वदायी अङ्गहरू तथा नेतृत्वदायी कार्यकर्ताहरूप्रति बन्धुत्वपूर्ण

रूपले गरिएको हेरचाहमा गहकिलो किसिमबाट अवश्य देखिनुपर्दछ। नत्र त "सक्रियता" खोक्रो कुरा हुनेछ। तर यस्तो सक्रियताको विकास पार्टी-जीवनमा जनतन्त्रको फैलावटमा निर्भर गर्छ। पार्टीमा पुग्दो गरी जनतन्त्र छैन भने यसको राम्ररी उपयोग हुनसक्तैन। जनतन्त्रको वातावरणमा मात्र ठूलो संख्यामा योग्य मानिसहरूलाई सिर्जना गर्न सकिन्छ।

"राष्ट्रिय युद्धमा चिनियाँ कम्युनिस्ट पार्टीको भूमिका" (अक्टोबर १९३८)

जुनसुकै मानिसलाई पनि, सो मानिस शत्रु तत्व होइन भने र द्रोहपूर्ण आक्रमण गर्दैन भने, उसका कुरा खुलस्त तवरबाट भन्न दिनुपर्छ। उसले कुनै कुरो बेमनासिब भन्छ भने तापनि केही परवाह छैन। सबै तहका नेताहरूको कर्तव्य अरूका कुरालाई सुन्ने हुनुपर्छ। दुइ सिद्धान्तको अवश्य पालन गर्नुपर्दछ: (१) आफूले थाहा पाएको सबै कुरा भन र कुनै कसर नराखेर भन; (२) वक्तालाई दोष नदेऊ

बरु उसका कुरालाई चेतावनी ठान। "वक्तालाई दोष नदेऊ" भन्ने सिद्धान्तलाई झूठो किसिमबाट होइन कि साँच्ची नै पालन नगरुन्जेल, "आफूले थाहा पाएको सबै कुरा भन र कुनै कसर नराखेर भन" भन्ने फल निस्कनेछैन।

"१९४५ का निम्ति कार्य" (डिसेम्बर १५, १९४४)

पार्टीभित्र जनतान्त्रिक जीवनका विषयमा शिक्षा चलाउनैपर्दछ जसबाट सदस्यहरूले जनतान्त्रिक जीवनको अर्थ, जनतन्त्र र केन्द्रीयताको सम्बन्धको अर्थ, र कुन किसिमबाट जनतान्त्रिक केन्द्रीयतालाई व्यवहारमा ल्याइन्छ भन्ने कुरा बुझ्न सक्छन्। यस किसिमबाट मात्र हामी पार्टीभित्र जनतन्त्रलाई साँच्चीनै फिंजाउन सक्छौं र साथसाथै चाहिनेभन्दा बर्ता जनतन्त्रलाई तथा अनुशासनलाई नष्ट पार्ने उच्छृङ्खल र स्वेच्छाचारी नीतिलाई पन्छाउन सक्छौं।

"राष्ट्रिय युद्धमा चिनियाँ कम्युनिस्ट पार्टीको भूमिका" (अक्टोबर १९३८)

सेना र स्थानीय सङ्गठनहरू दुवैमा, पार्टीभित्रको जनतन्त्रको अर्थ अनुशासनलाई दरो पार्नु र लड्ने दक्षतालाई बढ़ाउनु हो, तिनलाई कमजोर तुल्याउनु होइन।

उपर्युक्त

विचारधाराको क्षेत्रमा, चाहिनेभन्दा बर्ता जनतन्त्रका जराहरूलाई उखेल। पहिलो कुरा, के औंल्याउनुपर्छ भने बर्ता जनतन्त्रको खतड़ा लड्ने काम गर्ने पार्टीलाई असमर्थ पारेर तथा यसरी क्रान्तिको हारको कारण भएर यसले पार्टी-सङ्गठनलाई नोक्सान गर्छ अथवा पार्टी-सङ्गठनलाई पूरै भताभुङ्ग पार्छ र पार्टीको जुध्ने सामर्थ्यलाई कमजोर पार्छ वा पूरै हानि गर्छ भन्ने तथ्यभा निहित छ। अर्को कुरा, के औंल्याउनुपर्छ भने बर्ता-जनतन्त्रको मुहान निम्न-पूंजीपति-वर्गको अनुशासनप्रतिको व्यक्तिवादी धिङ्गन्याइँमा रहेको हुन्छ। पार्टीभित्र आएपछि यो विशिष्टता राजनैतिक र सङ्गठनात्मक रूपबाट अति-जनवादी-

करण विचारका रूपमा विकसित हुन्छ। यी विचार-हरू सर्वहारा-वर्गका जुधारु कार्यहरूका लागि बिल्कुलै नमिल्ने छन्।

"पार्टीमा भएका गलत विचारलाई सच्याउने विषयमा" (डिसेम्बर १९२९)

१६. शिक्षा र फौजहरू-को तालीम

हाम्रो शैक्षिक नीतिले शिक्षा लिने प्रत्येक व्यक्ति-लाई नैतिक, बौद्धिक र शारीरिक रूपबाट विकास गर्न र समाजवादी चेतना तथा संस्कृति दुवैले युक्त श्रम-जीवी हुन अवश्य समर्थ पार्नुपर्छ।

"जनताका अन्तरविरोधहरूको सही सन्चा-लनका विषयमा" (फरवरी २७, १९५७)

काममा होस् अथवा कार्यकर्ताहरूका स्कूलहरूमा होस्, कार्यकर्ताहरूको शिक्षाको निम्ति चिनियाँ क्रान्तिका व्यावहारिक समस्याहरूको अध्ययन गर्ने कुरामा केन्द्रित र मार्क्सवाद-लेनिनवादका मूल सि-

द्धान्तहरूलाई पथ-प्रदर्शनको रूपमा उपयोग गर्ने शिक्षा-नीतिको स्थापना गर्नुपर्छ, र मार्क्सवाद-लेनिनवादलाई स्थिरतापूर्वक र व्यवहारदेखि छुट्टै रहेर अध्ययन गर्ने पद्धतिलाई हटाउनुपर्छ ।

"हाम्रो अध्ययनलाई सुधार" (मे १९४१)

सैनिक स्कूलको निमित्त, सबभन्दा महत्वको प्रश्न निर्देशक र गुरुहरू छान्नु र शिक्षा-नीतिलाई स्वीकृत गर्नु हो ।

"चीनको क्रान्तिकारी युद्धमा रणनीतिका समस्याहरू" (डिसेम्बर १९३६)

वास्तविक परिस्थितिका अनुसार बनेको (कृत्रि-मतापूर्वक एकै ठाउँमा थुप्र्याइएको होइन), सबभन्दा सक्रिय, हक्की र चङ्ख शिक्षक, अरू अधिकारी र विद्यार्थीहरू भएको केही व्यक्तिको, अथवा एक दर्जन

वा बढ़ी व्यक्तिको नेतृत्व गर्ने डफ्फा नभएमा सय जनाको स्कूल निश्चय नै राम्ररी चल्न सक्तैन ।

"नेतृत्वको काइदा सम्बन्धी केही प्रश्न" (जून १, १९४३)

हाम्रो सेनाका सबै सेना-नायक र योद्धाहरूले अवश्य नै आफ्ना सैनिक कलामा विकास गर्नुपर्छ, नि-श्चित विजय हुने युद्धमा साहसपूर्वक अगाड़ि बढ्नुपर्छ र सबै शत्रुहरूलाई दृढ़तापूर्वक, अन्त्यसम्म, एउटा बाँकी नराखेर र सम्पूर्ण रूपले नष्ट गरिदिनुपर्छ ।

"चिनियाँ जन-मुक्तिसेनाको घोषणापत्र" (अक्टोबर १९४७)

भर्खरै थालिएको एकवर्षे दृढ़ीकरण र तालीम-कार्यक्रमका सैनिक र राजनैतिक पक्षहरूलाई बरोबर महत्व दिनुपर्छ, र दुवै पक्ष एक दोस्राको पूरक हुनुपर्छ । आरम्भमा, राजनैतिक पक्षमाथि, सेना-नायक र जवानहरूको सम्बन्ध विकसित पार्ने कुरामा, भित्री

एकतालाई बढ़ाउनामा र कार्यकर्ताहरू तथा योद्धाहरूमा उत्साहको उच्च स्तर ल्याउनामा बल दिनुपर्छ। त्यसो भए मात्र सैनिक दृढ़ीकरण र तालीमले राम्ररी अगाड़ि बढ्न पाउँछ र अझ राम्रो फल निस्कन्छ।

"१९४५ का निम्ति कार्य" (डिसेम्बर १५, १९४४)

तालीमको काइदाका विषयमा, हामीले जनस्तरमा तालीम-आन्दोलन चलाउनुपर्छ जसमा सेना-नायकहरूले सिपाहीहरूलाई सिकाउँछन्, सिपाहीहरूले सेना-नायकहरूलाई सिकाउँछन् र सिपाहीहरूले एक-दोस्रालाई सिकाउँछन्।

"मुक्त क्षेत्रहरूमा १९४६ को निमित्त काम गर्ने नीति" (डिसेम्बर १५, १९४५)

फौजहरूलाई तालीम दिने हाम्रो नारा हो, "सेना-नायकहरूले सिपाहीहरूलाई सिकाउँछन्, सिपाहीहरूले सेना-नायकहरूलाई सिकाउँछन् र सिपाहीहरूले एक-दोस्रालाई सिकाउँछन्।" योद्धाहरूलाई लड़ाईका थुप्रै व्यावहारिक अनुभव हुन्छ। सेना-नायकहरूले योद्धाहरूबाट सिक्नुपर्छ, अरूका अनुभवलाई आफ्नै तुल्याएपछि, उनीहरू अझ बढ़ी योग्य हुनेछन्।

"शान्सी-सुइयुआन दैनिकको सम्पादकीय विभागका कर्मचारीहरूसित कुराकानी" (अप्रिल २, १९४८)

तालीम-पाठ्यक्रमको निमित्त, मुख्य उद्देश्य अझै पनि तारो हान्ने, सङ्गीनले घोच्ने र गोला हुर्‍याउने तथा यस्तै कुरामा शिल्प-स्तरलाई उकास्ने र सहायक उद्देश्य युद्ध-कौशलको स्तरलाई उकास्ने हुनुपर्छ, साथै रात्रि-लड़ाईंका अभ्यासहरूउपर विशेष बल गर्नुपर्छ।

"मुक्त-क्षेत्रहरूमा १९४६ को निमित्त काम गर्ने नीति" (डिसेम्बर १५, १९४५)

१७. जनताको सेवा गर

हामीले नम्र र विवेकी हुनुपर्छ, घमण्ड र अधीरताका विरुद्ध सजग हुनुपर्छ, र चिनियाँ जनताको तनमनले सेवा गर्नुपर्छ।

"चीनका दुई सम्भावित भवितव्यता" (अप्रिल २३, १९४५)

हाम्रो कामको आरम्भ-विन्दु तनमनले जनताको सेवा गर्नु हो र कहिल्यै एक छिनको निम्ति पनि आफूलाई जन-समूहबाट नअलग्याउनु हो, आफ्नै व्यक्तिगत हित अथवा सानो दलको हितबाट होइन तर जनताको हितबाट सबै अवस्थामा लम्कनु हो, र जनताप्रतिको हाम्रो जिम्मेवारीलाई पार्टीका अगुवा अङ्गहरू-

प्रतिको हाम्रो जिम्मेवारीसित एकाकार तुल्याउनु हो।

"संयुक्त सरकारका विषयमा" (अप्रिल २४, १९४५)

राज्यका अङ्गहरूले जनवादी केन्द्रीयतालाई लागू गर्नैपर्छ, उनीहरूले जन-समूहहरूमा भर गर्नैपर्छ र उनीहरूका कर्मचारीले जनताको सेवा गर्नैपर्छ।

"जनताका अन्तरविरोधहरूको सही सन्चालनका विषयमा" (फरवरी २७, १९५७)

अरूप्रतिको निस्वार्थ र गहिरो भक्ति हुने कामरेड बेथ्युनको भावना, उहाँको काममा रहेको असीम जिम्मेवारी र सबै कामरेड र जनताप्रतिको उहाँको असीम स्नेहमा देखिएको थियो। प्रत्येक कम्युनिस्टले उहाँबाट सिक्नैपर्छ।

. . . .

हामीहरू सबैले उहाँबाट पूरा निस्वार्थ भावना

सिक्नैपर्छ। यस भावनाबाट हरेक व्यक्ति जनताको निम्ति धेरै काम लाग्ने हुन सक्छ। एक व्यक्तिको योग्यता धेरै वा थोरै हुनसक्छ तर उसँग यो भावना छ भने उ उदार, पवित्र, नैतिक, क्षुद्र स्वार्थहरूदेखि अलग्ग रहेको र जनताको निम्ति हितकर व्यक्ति हो।

"नर्मन बेथ्युनको सम्झनामा" (डिसेम्बर २१, १९३९)

हाम्रो कम्युनिस्ट पार्टी र पार्टीद्वारा नेतृत्व गरिएका आठौं मार्ग र नयाँ चौथो सेनाहरू क्रान्तिकारी पङ्क्ति हुन्। हाम्रा यी पङ्क्ति सम्पूर्ण रूपले जनताको मुक्तिको लागि हुन्, र पूर्णतया जनताको हितको लागि काम गर्छन्।

"जनताको सेवा गर" (सेप्टेम्बर ८, १९४४)

जुनसुकै दर्जाका पनि हाम्रा सबै कार्यकर्ताहरू जनताका सेवक हुन् र हामीले गर्ने जुनसुकै कुरा पनि

जनताको सेवाका निम्ति हो। अनि हामी आफ्नो कुनै खराब चीजलाई फ्याँक्न कसरी अनिच्छुक हुन सक्छौं?

"१९४५ को निम्ति कार्य" (डिसेम्बर १५, १९४४)

हाम्रो कर्तव्य जनताप्रति हामीहरू आफैंले जिम्मेवार हुनु हो। प्रत्येक शब्द, प्रत्येक काम र प्रत्येक नीति जनताका हितहरूसित सम्बन्धित हुनैपर्छ र गल्ती भएमा सच्याउनैपर्छ—जनताप्रति जिम्मेवार रहनुको अर्थ यही हो।

"जापानी आक्रमण-विरोधी लड़ाईंको विजयपछिको अवस्था र हाम्रो नीति" (अगस्ट १३, १९४५)

जहाँ सङ्घर्ष हुन्छ, त्यहाँ बलिदान हुन्छ र मृत्यु त बराबर घट्ने घटना हो। तर हाम्रो विचारमा जनताको हित छ र हाम्रो हृदयमा बहुसंख्यक

जनताको दु:ख छ भने जनताको निम्ति मर्दा हाम्रो मृत्यु गौरवशाली मृत्यु हो। तैपनि अनावश्यक बलिदान घटाउने हामीले सकेसम्म कोशिश गर्नुपर्छ।

"जनताको सेवा गर" (सेप्टेम्बर ८, १९४४)

सबैले अवश्य मर्नुपर्छ, तर मर्नुको अर्थ फरक-फरक हुन्छ। प्राचीन चिनियाँ साहित्यकार जुमा चेनले भनेका थिए, "सबैमाथि मृत्यु आए तापनि यो ताई पहाड़भन्दा गह्रौं अथवा प्वाँखभन्दा हलौं पनि हुनसक्छ।" जनताको निम्ति मर्नु ताई पहाड़भन्दा गह्रौं हुन्छ, तर फासिस्टहरुको निम्ति काम गर्नु र शोषक र थिचोमिचो गर्नेहरूको निम्ति मर्नु प्वाँख-भन्दा पनि हलौं हुन्छ।

उपर्युक्त

१८. देशभक्ति र अन्तरराष्ट्रियवाद

एक जना कम्युनिस्ट अन्तरराष्ट्रियवादी हुनाका साथै देशभक्त पनि हुन सक्छ र? हुन सक्ने मात्र होइन उसले हुनैपर्छ भन्ने हामी ठान्छौं। देशभक्तिको ठोस विषयवस्तु ऐतिहासिक अवस्थाहरूद्वारा निर्धारित हुन्छ। जापानी आक्रामकहरू र हिटलरको पनि "देशभक्ति" छ, र हाम्रो पनि देशभक्ति छ। कम्यु-निस्टहरूले जापानी आक्रामकहरू र हिटलरको "देश-भक्ति" को निश्चय नै दृढ़तापूर्वक विरोध गर्नुपर्दछ। आफ्ना देशहरूबाट चलाइएका युद्धहरूका सम्बन्धमा जापान र जर्मनीका कम्युनिस्टहरू पराजयवादी हुन्। प्रत्येक सम्भव उपायबाट जापानी आक्रामकहरू र हिटलरलाई हराउन खोज्नु जापानी र जर्मन जनता-

हरूको हितको अनुकूल छ, र सम्पूर्णरूपले हार जतिजति हुंदै जान्छ उति नै बर्ता बेस।... किनभने जापानी आक्रामकहरू र हिटलरद्वारा चलाइएका युद्ध-हरूले संसारका जनतालाई मात्र होइन स्वदेशका जनतालाई पनि हानि गरिरहेछन्। तैपनि, चीनको विषय बेग्लै छ, किनभने चीन आक्रमण को शिकार हो। यसकारण चीनका कम्युनिस्टहरूले अवश्य पनि देशभक्तिलाई अन्तरराष्ट्रियवादसित गाँस्नुपर्छ। हामी अन्तरराष्ट्रियवादी हुनाको साथै देशभक्त पनि हौं, र हाम्रो नारा हो, "मातृभूमिलाई जोगाउन आक्रमण-कारीहरूका विरुद्ध जुध।" हाम्रो निमित्त पराजयवाद अपराध हो र जापानी आक्रमण-विरोधी युद्धमा विजयको निम्ति प्रयत्न गर्नु छाड्न नसकिने कर्तव्य हो। मातृभूमिको रक्षाका लागि लड़े मात्र हामी आक्रमणकारीहरूलाई हराउन सक्छौं र राष्ट्रिय मुक्ति प्राप्त गर्न सक्छौं। राष्ट्रिय मुक्ति प्राप्त गरेर मात्र सर्वहारा र अरू श्रमजीवी जनताको निम्ति आफ्नो मुक्ति प्राप्त गर्नु सम्भव हुनेछ। चीनको जीत र चीनमाथि आक्रमण गरिरहेका साम्राज्यवादीहरूको

हारले अरू देशका जनतालाई सहायता गर्नेछन्। यसरी राष्ट्रिय मुक्तिका युद्धहरूमा देशभक्ति व्यवहृत अन्तर-राष्ट्रियवाद हो।

"राष्ट्रिय युद्धमा चिनियाँ कम्युनिस्ट पार्टी-को भूमिका" (अक्टोबर १९३८)

एक जना विदेशीलाई निस्वार्थ भई चिनियाँ जन-ताको मुक्तिको उद्देश्यलाई आफ्नै उद्देश्य ठानी चल्न लाउने यो कस्तो भावना हो ? यो अन्तरराष्ट्रियवादको भावना हो, साम्यवादको भावना हो, जसबाट प्रत्येक चिनियाँ कम्युनिस्टले अवश्य सिक्नुपर्छ।... हामीले सबै पूंजीवादी देशका सर्वहारासित एकगठ हुनुपर्छ, हामीले जापान, ब्रिटेन, अमेरिका, जर्मनी, इटाली र अरू पूंजीवादी देशका सर्वहारा लगायत सबै पूंजीवादी देशका सर्वहारासित अवश्य एकगठ हुनुपर्छ, यसो गरे मात्र साम्राज्यवादलाई परास्त गर्न, हाम्रो राष्ट्र र जनतालाई मुक्त पार्न र संसारका अरू राष्ट्र र जनता-लाई मुक्त पार्न सकिन्छ। यही हाम्रो अन्तरराष्ट्रिय-

वाद हो, जुन अन्तरराष्ट्रियवादद्वारा हामी सङ्कुचित राष्ट्रवाद र सङ्कुचित देशभक्ति दुवैको विरोध गर्दछौं।

"नर्मन बेथ्युनको सम्झनामा" (डिसेम्बर २१, १९३९)

पूर्ण मुक्तिको निम्ति लड्दा उत्पीड़ित जनताले सबभन्दा पहिले आफ्नै सङ्घर्षको भर गर्नुपर्दछ र त्यसपछि मात्र, अन्तरराष्ट्रिय सहायताको। आफ्नो क्रान्तिमा विजय पाइसकेका जनताले मुक्तिको निमित्त अझै पनि सङ्घर्ष गरिरहेका जनताहरूलाई सहायता गर्नुपर्दछ। यो हाम्रो अन्तरराष्ट्रियवादी कर्तव्य हो।

अफ्रिकाली साथीहरूसित कुराकानी (अगस्ट ८, १९६३)

समाजवादी देशहरू शोषक वर्गहरूलाई पदच्युत गरिएको र श्रमजीवी जनताको हातमा सत्ता भएका बिल्कुलै नौला किसिमका राज्यहरू हुन्। अन्तरराष्ट्रियवादलाई देशभक्तिसित मिलाउने सिद्धान्त यी

देशहरूको सम्बन्धमा लागू गरिन्छ। हामीहरू समान हित र समान आदर्शद्वारा घनिष्ठ रूपले सम्बद्ध छौं।

"महान् अक्टोबर समाजवादी क्रान्तिको ४० सौं वार्षिकोत्सव समारोहमा सो.स.ग.सं. को सर्वोच्च सोभियतको बैठकमा भाषण" (नवम्बर ६, १९५७)

समाजवादी शिविरका देशहरूमा भएका जनताले एक हुनुपर्छ, एशिया, अफ्रिका र ल्याटिन अमेरिकाका देशहरूमा भएका जनताले एक हुनुपर्छ, विश्वका सबै महादेशका जनताले एक हुनुपर्छ, सबै शान्तिप्रिय देशहरूले एक हुनुपर्छ, र अमेरिकाको आक्रमण, नियन्त्रण, हस्तक्षेप अथवा अत्याचारमा परेका सबै देशहरूले एक हुनुपर्छ, र यसरी अमेरिकाली साम्राज्यवादको आक्रमण तथा युद्धका नीतिहरूको विरोध गर्न र विश्वशान्तिलाई जोगाउन व्यापकतम संयुक्त मोर्चा बनाउनुपर्दछ।

"अमेरिकाली साम्राज्यवादका विरुद्ध पनामाली जनताको न्यायोचित देशभक्तिपूर्ण सङ्घर्षको समर्थनमा वक्तव्य" (जनवरी १२, १९६४)

घटनाहरू अविराम गतिले विकसित हुन्छन्। १९११ को क्रान्तिदेखि यता पैंतालीस वर्ष मात्र भयो, तर चीनको अनुहार पूरै फेरिइसक्यो। अर्को पैंतालीस वर्षमा, अर्थात्, २००१ सन्मा, अथवा २१ सौं शताब्दीको शुरूमा, चीनमा अझ ठूलो परिवर्तन आउनेछ। यो शक्तिशाली समाजवादी औद्योगिक देश हुनेछ। यसले त्यस्तो हुनैपर्ने हो। चीन ९६,००,००० वर्ग किलोमिटर क्षेत्रफल भएको र ६० करोड़ जनसंख्या भएको देश हो, र यसले मनुष्यतालाई अझ बर्ता योगदान गर्नुपर्ने हो। निकै समयदेखि यसको योगदान सारै थोरै रहिआएको छ। यसका लागि हामी खिन्न छौं।

तर हामीले विनम्र हुनैपर्दछ — अहिले मात्र होइन, अझै पैंतालीस वर्ष पछि पनि हामीले सधैं विनम्र हुनुपर्छ। आफ्ना अन्तरराष्ट्रिय सम्बन्धहरूमा, हामी चिनियाँ जनताले ठूलो शक्ति हौं भन्ने अहङ्कारवादबाट दृढ़तापूर्वक, राम्ररी, पूर्णतया तथा अन्तिम रूपले मुक्त हुनुपर्दछ।

"डा० सन यात-सेनको स्मृति-उत्सवमा"
(नवम्बर १९५६)

हामीले ठूलो शक्ति हौं भन्ने अहङ्कारवादको दर्पपूर्ण प्रवृत्ति कदापि लिनुहुंदैन, र हाम्रो क्रान्तिमा विजय पाउनाले र हाम्रो निर्माणमा केही उपलब्धिहरू हुंदैमा हामीले कदापि घमण्डी हुनुहुंदैन। ठूलो होस्, वा सानो, प्रत्येक राष्ट्रका असल गुण र कमीहरु हुन्छन्।

"चिनियाँ कम्युनिस्ट पार्टीको आठौं राष्ट्रिय महाधिवेशनमा उद्घाटन-भाषण (सेप्टेम्बर १५, १९५६)

१६. क्रान्तिकारी शूर्याइँ

यस सेनाको डगाउन नसकिने भावना छ र यसले सारा शत्रुहरूलाई जित्ने तथा कहिल्यै घुँडा नटेक्ने दृढ़ निश्चय गरेको छ। जस्तोसुकै अप्ठ्यारा र कष्ट आइलागे पनि, एक जनासम्म बाँकी रहुन्जेल, उ जुधिरहनेछ।

"संयुक्त सरकारका विषयमा" (अप्रिल २४, १६४५)

लड़ाईमा साहससँग लड्ने, बलिदानबाट नडराउने, थकाइबाट नडराउने, र निरन्तर लड़िरहने (अर्थात्,

नसुस्ताइकन थोरै समयभित्र एक पछि अर्को लड़ाईमा लाग्ने) हाम्रो रण-कौशलको पूरापूर विकास गर।

"वर्तमान परिस्थिति र हाम्रा कर्तव्यहरू" (डिसेम्बर २५, १६४७)

हजारौं-हजारौं शहीदहरूले जनताको हितको निम्ति आफ्नो जीवन वीरतापूर्वक अर्पण गरेका छन्; हामी तिनको झण्डालाई माथि उचालौं र तिनको रगतले गाढ़ा भएको बाटोमा अघि बढ़ौं!

"संयुक्त सरकारका विषयमा" (अप्रिल २४, १६४५)

विजय पाउन दृढ़ होऊ, बलिदानदेखिन् नडराऊ र हजारौं अप्ठ्यारालाई हटाऊ।

"पर्वत पन्छाउने मूर्ख बूढ़ो मान्छे" (जून ११, १६४५)

. . .यस्तो नाजुक बेलामा जब उत्तर अभियान अघि बढ़िरहेको थियो, कुओमिन्ताङ अधिकारीहरूद्वारा लिइएको "पार्टी-शुद्धि" र कत्लेआम गर्ने विश्वासघाती तथा जन-विरोधी नीतिले यस राष्ट्रिय संयुक्त मोर्चा — कुओमिन्ताङ, कम्युनिस्ट पार्टी र जनताका अरू अङ्गहरूको संयुक्त मोर्चा, जसले चिनियाँ जनताको मुक्तिको उद्देश्यलाई साकार रूप दियो — र यसका सबै क्रान्तिकारी नीतिहरूलाई चकनाचूर पारे।. . . त्यसको लगत्तै एकताको ठाउँ गृहयुद्धले, जनतन्त्रको ठाउँ अधिनायकवादले, र उज्यालोले भरिएको चीनको ठाउँ अँध्यारोले ढाकिएको चीनले लियो। तर चिनियाँ कम्युनिस्ट पार्टी र चिनियाँ जनतालाई न त डरको वशमा पार्न सकियो न हराउन सकियो न तिनको जरो उखेल्न नै सकियो। ती भुईंबाट उठे, रगत पुछे, बितेका कामरेडहरूको शव राम्ररी गाड़े र फेरि लड़ाईमा लागे। क्रान्तिको महान् झण्डालाई माथि उचालेर, उनीहरू सशस्त्र प्रतिरोधमा लागे र चीनको ठूलै सेरोफेरोमा तिनले जन-सरकारहरूको स्थापना गरे, भूमि-सुधारलाई कार्यान्वित गरे, जन-सेना — चिनियाँ लाल सेना — को निर्माण गरे र चिनियाँ

जनताका क्रान्तिकारी शक्तिहरूलाई सुरक्षित पारे र बढ़ाए।

"संयुक्त सरकारका विषयमा" (अप्रिल २४, १९४५)

तपाईंहरूमा असल गुणहरू धेरै छन् र तपाईंहरूले ठूलो सेवा गर्नुभएको छ, तर तपाईंहरूले घमण्डी हुनुहुंदैन भनी सधैं सम्झिराख्नुपर्छ। तपाईंहरूको सबैले आदर गरेका छन्, र यो बिल्कुलै मनासीब हो, तर यसले सजिलैसित अभिमानतिर डोऱ्याउँछ। तपाईंहरू घमण्डी हुनुभयो भने, तपाईंहरू विनम्र हुनुभएन र आफूले मिहिनेत गर्न छाड्नुभयो भने, अरू मान्छेहरू, कार्यकर्ताहरू र जन-समूहलाई आदर गर्नुभएन भने, तपाईंहरू वीर र अरूको निम्ति नमूना बन्न पनि छाड्नुहुनेछ। यस्ता मान्छेहरू अगि केही देखा परिसके, तपाईंहरूले उनीहरूको अनुसरण गर्नुहुनेछैन भन्ने मेरो आशा छ।

"हामीले आर्थिक काम गर्न अवश्य जान्नुपर्छ" (जनवरी १०, १९४५)

शत्रुलाई सखाप पार्ने र औद्योगिक तथा कृषिगत उत्पादनको पुनर्स्थापना र बृद्धि गर्ने सङ्घर्षमा, तपाईंहरूले धेरै अप्ठ्यारा र कष्टहरूलाई पार गर्नुभएको छ र सारै ठूलो साहस, बुद्धि तथा अग्रसरता देखाउनुभएको छ। तपाईंहरू सम्पूर्ण चिनियाँ राष्ट्रको निमित्त नमूना, सबै क्षेत्रमा जन-उद्देश्यको विजयपूर्ण प्रगतिका मेरुदण्ड, जन-सरकारलाई थाम्ने स्तम्भ र विशाल जन-समूहसित जन-सरकारलाई जोर्ने पूल हुनुहुन्छ।

"राष्ट्रिय युद्ध-वीरहरू र नमूना श्रमिकहरूका प्रतिनिधिहरूको बैठकलाई चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको तर्फबाट अभिनन्दन-सन्देश" (सेप्टेम्बर २५, १९५०)

हामी चिनियाँ जातिमा रगतको एक थोपा बाँकी रहेसम्म पनि शत्रुसित लड्ने जोश, मुलुकको भू-भागलाई आफ्नै प्रयत्नका भरबाट फिर्ता लिने दृढ़ निश्चय, र संसारका राष्ट्रहरूको माझमा आफ्नै गोड़ाका भरले उभिने योग्यता छ।

"जापानी साम्राज्यवादका विरुद्ध कार्यनीतिका विषयमा" (डिसेम्बर २७, १९३५)

२०. कड़ा मिहिनेत र फारोतिनो गरेर आफ्नो देश बनाउनु

हाम्रो देश ठूलो समाजवादी देश हो तापनि आर्थिक रूपमा पछि परेको र गरीब छ, र यो सारै ठूलो अन्तरविरोध हो । आफ्ना सबै कार्यकर्ता र आफ्ना सबै जनताले यो कुरा सधैं मनमा लिउन् भनी हामीले अवश्य दृष्टि दिनुपर्छ। चीनलाई सम्पन्न र बलियो बनाउन दसौं वर्षको कठिन प्रयत्न चाहिन्छ, जुन प्रयत्नमा अरू कुराहरूका साथै कठोर मितव्ययिता र अपव्ययको विरोध गर्ने प्रयत्न अर्थात् कड़ा मिहिनेत र फारोतिनोबाट आफ्नो देश बनाउने नीति सामेल छ ।

"जनताका अन्तरविरोधहरूको सही सन्चालनका विषयमा" (फरवरी २७, १९५७)

कड़ा मिहिनेत र फारोतिनोलाई कारखाना र पसलहरू चलाउने र राज्यबाट चलाइएका सबै सहयोगी समिति तथा अरू व्यावसायिक संस्थाहरूमा लागू गर्नुपर्छ । कड़ा मिहिनेत र फारोतिनोको सिद्धान्तलाई प्रत्येक कुरामा पालन गर्नुपर्छ। मितव्ययिताको यो सिद्धान्त समाजवादी अर्थ-व्यवस्थाका मूल सिद्धान्तहरूमध्ये एक हो। चीन ठूलो मुलुक हो, तर यो अझै असाध्यै गरीब छ। चीनलाई समृद्ध पार्न दसौं वर्ष लाग्नेछ। दसौं वर्षपछि पनि हामीले कड़ा मिहिनेत र फारोतिनोको सिद्धान्तलाई पालन गर्नुपर्नेछ। तर आउँदा केही दशकमा, वर्तमान पंचवर्षीय योजनाहरूको अवधिभित्र, हामीले कड़ा मिहिनेत र फारोतिनोको विशेष पक्ष लिनैपर्छ, हामीले मितव्ययितामा विशेष ध्यान दिनैपर्छ।

"कड़ा मिहिनेत र फारोतिनोबाट सहयोगसमिति चलाउने" विषयमा परिचयात्मक टिप्पणी (१९५५)

हामी जहाँ पुगे पनि हामीले आफ्नो मनुष्य-शक्ति र प्राकृतिक सम्पत्तिलाई अवश्य जतन गर्नुपर्छ, र

अवश्य अदूरदर्शी हुनुहुंदैन तथा खेर फाल्ने र अति खर्चालु बानी गर्नुहुंदैन। हामी जहाँ भए पनि, आफ्नो कामको पहिलो वर्षदेखि नै धेरै वर्ष आउन बाँकी नै छन्, जसमा दीर्घकालीन युद्ध जारी नै राख्नुपर्नेछ, प्रत्याक्रमणको सामना गर्नु नै पर्नेछ र शत्रुहरूलाई निकालेपछि पुनर्निर्माणको काम गर्नैपर्नेछ भनी हामीले हेक्का राख्नुपर्छ। एकातिर, खेर फाल्ने र बर्ता खर्चालु बानी कहिल्यै नगर ; अर्कोतिर, सक्रियतापूर्वक उत्पादन बढ़ाऊ। अघिअघि, केही ठाउँमा मानिसहरूले सारै दु:ख पाए। किनभने उनीहरूले दूरदर्शिता देखाएनन् र मनुष्य-शक्ति तथा प्राकृतिक सम्पत्तिको मितव्यियिता र उत्पादन-बृद्धिप्रति बेवास्ता गरे। यस पाठप्रति अवश्य नै ध्यान तान्नुपर्दछ।

"हामीले आर्थिक काम गर्न अवश्य जान्नुपर्छ" (जनवरी १०, १९४५)

सामन्ती व्यवस्थालाई उखेल्ने हाम्रो सङ्घर्षको क्रममा, कृषि-उत्पादन र शहरहरूको औद्योगिक

उत्पादनलाई तीव्र गतिले पुनर्स्थापना र विकास गर्न हामीले उत्पादन तथा जीविकाका सबै उपयोगी साधनलाई जोगाउने भ्याएसम्मको कोशिश अवश्य गर्नुपर्छ। कसैले तिनलाई नाश गरे अथवा खेर फाले भने तिनकाप्रति कड़ा कारवाई गर्नुपर्छ, अति खर्चालु खानपिनको विरोध गर्नुपर्छ र मितव्ययितामा ध्यान दिनुपर्छ।

"शान्सी सुइयुआन मुक्त-क्षेत्रका कार्यकर्ताहरूको सम्मेलनमा भाषण" (अप्रिल १, १९४८)

हाम्रो सरकारी खर्चमा फारो गर्नु अगुवा नीति हुनुपर्छ। भ्रष्टाचार र खेर फाल्नु सारै ठूलो अपराध हुन् भनी सबै सरकारी कर्मचारीहरूलाई प्रष्टसित बताउनुपर्छ। भ्रष्टाचार र खेर फाल्नेका विरोधमा हाम्रा सङ्घर्षले केही सफलता पाइसकेका छन्, तर अझै प्रयत्न गर्नुपर्ने खाँचो छ। हाम्रो हिसाबकिताबको व्यवस्था लड़ाई चलाउन, क्रान्तिकारी उद्देश्यको निम्ति

र आर्थिक निर्माण गर्न एउटा फुकादामसम्म पनि जोगाउने सिद्धान्तबाट निर्देशित हुनुपर्छ ।

"हाम्रो आर्थिक नीति" (जनवरी २३, १९३४)

हाम्रा धेरै कर्मचारीहरूमा डरलाग्दो प्रवृत्ति देखा परेको छ – जन-समूहका सुख-दुःखमा सामेल हुनामा अनिच्छा, व्यक्तिगत ख्याति र प्राप्तिको चासो । यो सारै खराब हो । यसमाथि विजय पाउने एउटा उपाय उत्पादन बढ़ाउने र फारोतिनो गर्ने हाम्रो आन्दोलनको क्रममा आफ्ना सङ्गठनहरूलाई सरल बनाउनु हो, र कार्यकर्ताहरूलाई तल्ला तहमा सरुवा गर्नु हो जसबाट तिनको उचित संख्या उत्पादक कार्यमा फर्कनेछ ।

"जनताका अन्तरविरोधहरूको सही सन्चालनका विषयमा" (फरवरी २७, १९५७)

आफ्नो निर्वाहको निम्ति सेनाले गरेको उत्पादनले सेनाको जीवन-निर्वाहका अवस्थाहरूलाई राम्रो पारेको

र जनतामाथिको भारीलाई हलौं तुल्याएको मात्र छैन, यसबाट सेनालाई अझ बढ़ाउन समेत सम्भव पारेको छ । साथै, यसका अनेक तात्कालिक सम्बन्धित प्रभावहरू रहिआएका छन् । ती यस प्रकार छन् :

(१) सेना-नायक र जवानहरूको सम्बन्धमा सुधार । सेना-नायक र जवानहरू उत्पादन-कार्यमा सँगसँगै काम गर्दछन् र दाजुभाइ सरह हुन्छन् ।

(२) श्रमप्रति उच्चतर दृष्टिकोण । . . . सेनाले आफ्नो निर्वाहको निम्ति उत्पादन गर्न थालेदेखि, श्रमप्रतिको दृष्टिकोण विकसित भएको छ र अल्लारे चालउपर विजय पाइएको छ ।

(३) दरो अनुशासन । लड़ाईमा र सैनिक जीवनमा अनुशासनलाई फितलो तुल्याउनुको सट्टा उत्पादनमा श्रम-अनुशासनले वास्तवमा यसलाई दरो पार्छ ।

(४) सेना र जनताको सम्बन्धमा सुधार । सशस्त्र सेनाले आफूलाई नै बन्देजमा राख्न थालेपछि जनताको सम्पत्तिमाथिका अन्यायपूर्ण मिचाइ उस्तो वा कहिल्यै हुन पाउनेछैनन् । उत्पादन-कार्यमा सेना र जनताले श्रम-विनिमय गर्ने र एक-दोस्रालाई

सघाउने हुंदा उनीहरूको मित्रता अझ्झ दरो हुन्छ ।

(५) सेनामा सरकारका विषयमा कम असन्तोष र दुइमा विकसित सम्बन्धहरू ।

(६) जनताको महान् उत्पादन-आन्दोलनमा गतिशीलता । सेनाले एक पटक उत्पादन-कार्यमा लागेपछि, सरकारी र अरू सङ्गठनहरूले त्यसै गर्नु झन् आवश्यक हुन्छ, र उनीहरूले झन् उत्साहसित यसो गर्छन् ; साथै, उत्पादन बढ़ाउन सारा जनताको व्यापक आन्दोलनको आवश्यकता बर्ता प्रष्ट हुन्छ, र यो पनि बर्ता उत्साहसित अगाड़ि बढ़ाइन्छ ।

"आफ्नो निर्वाहको निम्ति सेनाद्वारा उत्पादनका विषयमा र शुद्धिकरण तथा उत्पादनका महान् आन्दोलनहरूका विषयमा" (अप्रिल २७, १९४५)

केही मानिस के भन्छन् भने सेनाका एकाईहरू उत्पादनमा लागे भने, उनीहरू तालीम लिन र लड़ाई गर्न असमर्थ हुनेछन् र सरकारी तथा अरू सङ्गठनहरूले त्यसो गरे भने, उनीहरू आफ्नो काम गर्न असमर्थ हुनेछन् । यो गलत तर्क हो । हालका वर्षहरूमा सीमा क्षेत्रमा भएका हाम्रा सैनिक एकाईहरूले आफूलाई खाने-लाउने कुरा पुग्दो गरी जोर्न उत्पादन-कार्यलाई ठूलो तहमा चलाएका छन् र तालीमको काम पनि सँगसँगै गरेका छन् र आफ्ना राजनैतिक अध्ययन तथा साक्षरता एवं अरू पाठ्यक्रमहरूलाई अघिकोभन्दा पनि बर्ता सफलतासित चलाएका छन्, र अहिले सेनाभित्र तथा सेना र जनतामा अघिकोभन्दा बर्ता एकता छ। पोहर मोर्चामा ठूलो तहमा उत्पादन-आन्दोलन हुंदा, लड्नामा ठूला सफलताहरू प्राप्त गरिएका थिए र व्यापक तालीम-आन्दोलन पनि शुरू गरिएको थियो । उत्पादनले गर्दा नै, सरकारी र अरू सङ्गठनका कर्मचारीहरू झन् राम्ररी जीवन-निर्वाह गर्छन् र झन् ठूलो निष्ठा तथा दक्षताले काम गर्छन् ; सीमा क्षेत्र र मोर्चा दुवै ठाउँमा यही अवस्था छ ।

"हामीले आर्थिक काम गर्न अवश्य जान्नुपर्छ" (जनवरी १०, १९४५)

२१. स्वावलम्बन र गाह्रो संघर्ष

कुन आधारमा हाम्रो नीति स्थिर हुनुपर्छ ? यो हाम्रो आफ्नै बलका आधारमा स्थिर हुनुपर्छ, र त्यसको अर्थ हो आफ्नै प्रयत्नहरूबाट फेरि पलाउनु । हामी एकलै छैनौं ; साम्राज्यवादको विरोध गर्ने संसारका सबै देश र जनता हाम्रा साथी हुन् । तैपनि, हामी आफ्नै प्रयत्नद्वारा फेरि पलाउने कुरामा बल दिन्छौं । आफैंले सङ्गठित गरेका शक्तिहरूको भर गरेर, हामी सबै चिनियाँ र विदेशी प्रतिक्रियावादीहरूलाई हराउन सक्छौं ।

"जापानी आक्रमण-विरोधी युद्धमा विजयपछिको परिस्थिति र हाम्रो नीति" (अगस्ट १३, १९४५)

हामी स्वावलम्बनको पक्षमा छौं । हामी विदेशी सहायताको आशा गर्छौं तर त्यसमा भर पर्ने हुन सक्तैनौं ; हामी आफ्नै प्रयत्नहरूमाथि, सम्पूर्ण सेना र सारा जनताको सिर्जनात्मक शक्तिमाथि भर गर्छौं ।

"हामीले आर्थिक काम गर्न अवश्य जान्नुपर्छ" (जनवरी १०, १९४५)

देशव्यापी विजय प्राप्त गर्नु त हजारौं कोसको लामो अभियानमा पहिलो पाइलो मात्र हो । . . . चिनियाँ क्रान्ति महान् छ, तर क्रान्तिपछिको बाटो झन् लामो, काम झन् ठूलो र झन् गाह्रो हुनेछ । यो कुरा अहिले नै पार्टीमा अवश्य स्पष्ट गर्नुपर्छ । कामरेडहरूलाई विनम्र, विवेकी तथा अभिमानरहित र अधीरतापन देखि मुक्त रहन अवश्य सघाउनुपर्छ । कामरेडहरूलाई सरल जीवन र कठिन सङ्घर्षको शैलीलाई कायम राख्न अवश्य सघाउनुपर्छ ।

"चिनियाँ कम्युनिस्ट पार्टीको सातौं केन्द्रीय समितिको दोस्रो प्लेनममा रिपोर्ट" (मार्च ५, १९४९)

हाम्रा कार्यकर्ताहरूमा पाइने कड़ा र तीखो सङ्घर्ष बिना, पसिना र रगत नबगाइकन, सौभाग्यका भर-बाट सरल विजयहरू प्राप्त गर्ने सबै विचारलाई हामीले अवश्य नै पूरा तवरबाट हटाउनुपर्छ।

"उत्तर-पूर्वमा स्थायी आधार इलाकाहरू बनाऊ" (डिसेम्बर २८, १९४५)

हामीले संसारको प्रगतिका तथ्यहरू र हाम्रो अघिको उज्यालो भविष्यबारे जनतामा बराबर प्रचार गरिरहनुपर्छ जसबाट उनीहरूले विजयमा दरो विश्वास लिनेछन्। यसका साथै, हामीले जनता र आफ्ना कामरेडहरूलाई बाटोमा बाङ्गाटिङ्गा घुम्तीहरू हुनेछन् भनेर पनि अवश्य भन्नुपर्छ। क्रान्तिको बाटोमा अझै पनि धेरै बिघ्नबाधा र अप्ठ्याराहरू छन्। हाम्रो पार्टीको सातौं महाधिवेशनले अप्ठ्याराहरू धेरै नै हुनेछन् भनेर ठम्यायो, किनभने हामीले थोरैको सट्टा धेरै अप्ठ्याराहरू हुनेछन् भनी ठान्नुलाई प्राथमिकता दियौं। केही कामरेडहरू अप्ठ्याराहरूका सम्बन्धमा

बर्ता विचार गर्न मन पराउँदैनन्। तर अप्ठ्याराहरू त तथ्य हुन्; हामीले भए जति सबै अप्ठ्याराहरूलाई अवश्य मान्नुपर्छ र तिनलाई "मान्यता नदिने नीति" लिनुहुंदैन। हामीले अप्ठ्याराहरूलाई अवश्य मान्नुपर्छ, तिनलाई विश्लेषण गर्नुपर्छ र तीसित जुध्नुपर्छ। संसारमा सोझा बाटाहरू छैनन्; हामीले बाङ्गाटिङ्गा र घुम्तीहरू भएको बाटोमा हिंड्न अवश्य तयार हुनुपर्छ र सस्तैमा चीजहरू भेट्टाउन खोज्नुहुंदैन। एक दिन रमाइलो बिहान सारा प्रतिक्रियावादीहरूले आफूखुशी घुँड़ा टेक्नेछन् भनी कहिल्यै चिताउनुहुंदैन। एक शब्दमा, भविष्य उज्ज्वल छ भने बाटामा छेड़ा र घुम्तीहरू छन्। अझै पनि अघिल्तिर धेरै अप्ठ्यारा छन् जसलाई हामीले कदापि बेवास्ता गर्नुहुंदैन। सारा जनतासित समान प्रयत्नमा एकगठ भएर, हामीले निश्चय नै सबै अप्ठ्यारालाई पार गर्नेछौं र विजय हासिल गर्नेछौं।

"चुङकिङ समझौता-वार्ताका विषयमा" (अक्टोबर १७, १९४५)

उज्यालो पाखो मात्र देख्ने तर अप्ठ्याराहरूलाई नदेख्ने कसैले पनि पार्टीका कर्तव्यहरू पूरा गर्न प्रभाव-पूर्ण किसिमबाट लड्न सक्तैन ।

"संयुक्त सरकारका विषयमा" (अप्रिल २४, १९४५)

समाजको ऐश्वर्य मजदूर, किसान र श्रमिक बुद्धि-जीवीहरूबाट सिर्जिएको हो । उनीहरू आफ्नो भाग्य-लाई आफ्नै हातमा लिन्छन्, मार्क्सवादी-लेनिनवादी बाटोमा लाग्छन् र समस्याहरूबाट जोगिनु-उम्किनुको सट्टा तिनलाई समाधान गर्ने सक्रिय प्रवृत्ति लिन्छन् भने, उनीहरूले जित्न नसकिने कुनै अप्ठ्यारो संसार-मा हुनेछैन ।

"पार्टी-सेक्रेटरीले नेतृत्व गर्छ र सबै पार्टी-सदस्यहरूले सहयोग-समिति चलाउन मद्दत गर्छन्" का विषयमा परिचयात्मक टिप्पणी (१९५५)

पार्टीभरिका कामरेडहरूले यसलाई पूरा तवरबाट बुझ्नुपर्छ र अदम्य उत्साह लिएर तथा योजनाबद्ध

रूपबाट सबै अप्ठ्याराहरूलाई नाघ्न तयार हुनुपर्छ । प्रतिक्रियावादी शक्तिहरू र हामी दुवैका अगाडि अप्ठ्याराहरू छन् । तर प्रतिक्रियावादी शक्तिहरूका अप्ठ्याराहरू पार गर्न नसकिनेछन् किनभने ती मृत्युको छेउमा पुगेका शक्तिहरू हुन् र तिनको भविष्य छैन । हाम्रा अप्ठ्याराहरूलाई पार गर्न सकिन्छ किनभने हामी नवोदित शक्ति हौं र हाम्रो उज्यालो भविष्य छ ।

"चिनियाँ क्रान्तिको नयाँ उच्च लहरको स्वागत गर" (फरवरी १, १९४७)

अप्ठ्यारो समयमा हामीले आफ्ना सफलताहरूलाई देख्न छाड्नुहुंदैन, उज्यालो भविष्यलाई अवश्य देख्नु-पर्छ र आफ्नो साहसलाई उकास्नु पर्छ ।

"जनताको सेवा गर" (सेप्टेम्बर ८, १९४४)

कुनै पनि नवोत्पन्न चीजको हुर्काइले अप्ठ्यारा र बाङ्गाटिङ्गा बाटाहरूलाई सधैं पार लाउनुपरेको

छ। अप्ठ्यारा र बाङ्गाटिङ्गा बाटाहरू बिना अथवा कड़ा प्रयत्न नगरिकन समाजवादी कार्य सधैं नै निर्विघ्न अघि बढ्छ र यसले सजिलैसित सफलता पाउँछ भनी चिताउनु कोरा कल्पना मात्र हो।

"जनताका अन्तरविरोधहरूको सही सन्चालनका विषयमा" (फरवरी २७, १९५७)

क्रान्तिकारी सङ्घर्षको कुनै अवसरमा, अप्ठ्याराहरूले अनुकूल अवस्थाहरूलाई थिच्तछन् र यसरी अन्तरविरोधको मुख्य पक्ष तयार पार्छन् र अनुकूल अवस्थाहरूले गौण पक्ष तयार पार्छन्। तर आफ्ना प्रयत्नहरूद्वारा क्रान्तिकारीहरूले क्रमैसँग अप्ठ्याराहरूलाई पार गर्छन् र अनुकूल नौलो परिस्थिति ल्याउँछन्; यसरी अप्ठ्यारो परिस्थितिले अनुकूललाई ठाउँ दिन्छ।

"अन्तरविरोधका विषयमा" (अगस्ट १९३७)

काम के हो? काम सङ्घर्ष नै हो। ती ठाउँहरूमा अप्ठ्यारा र समस्याहरू छन्, जहाँ हामीले तिनको समाधान गर्न जानुपर्छ। हामी त्यहाँ यी अप्ठ्याराहरूलाई पार गर्ने काम तथा सङ्घर्ष गर्न जान्छौं। असल कामरेड त्यो हो जो झन् ठूला अप्ठ्याराहरू भएका ठाउँमा जान बर्ता इच्छुक हुन्छ।

"चुङकिङ समझौता-वार्ताका विषयमा" (अक्टोबर १७, १९४५)

"पर्वत पन्छाउने मूर्ख बूढ़ो मान्छे" भन्ने एउटा पुरानो चिनियाँ नीति-कथा छ। यस कथाले धेरै अघि चीनको उत्तर भागमा बस्ने एक जना बूढ़ो मानिसको वर्णन गर्छ। त्यो उत्तर पर्वतको मूर्ख बूढ़ो मानिस भनेर प्रसिद्ध थियो। उसको घर दक्षिण मुहुड़ा भएको थियो र उसको दहिलो अघिल्तिर ताइहाङ र वाङवु नाउँका दुइटा चुचुरा बाटो छेकेर तेर्सिएका थिए। दृढ़ निश्चयसित हातमा कोदाली लिई उसले आफ्ना छोराहरूसहित भएर ती पर्वतहरूलाई खन्न

थाल्यो। बुद्धिमान बूढ़ा मानिस भनी नाउँ चलेको दारी फुलेको अर्को एक जना बूढ़ोले उनीहरूलाई देख्यो र खिसी गर्दै भन्यो, "यसो गर्ने तिमीहरू कस्ता मूर्ख! यी दुई अजङ्गका पर्वतलाई तिमीहरू दुइ-चार जनाले सम्याउनु एकदम असम्भव छ।" मूर्ख बूढ़ो मानिसले जबाफ दियो, "म मरेपछि मेरा छोराहरूले फोरिरहनेछन्; उनीहरू मरेपछि तिनका छोरा र नातिहरूले गर्नेछन् र आखिरसम्म यसो गरिरहनेछन्। अहिले जतिसुकै अग्ला भए पनि पर्वतहरू बढ्ने होइनन् र हामीले एक-एक डल्लो टुक्याउँदा ती त्यति होचो भइहाल्छन्। हामी तिनलाई पन्छाउन किन सक्तैनौं?" बुद्धिमान बूढ़ो मानिसको गलत दृष्टिकोणको खण्डन गरेर, आफ्नो दृढ़ विश्वासलाई डग्न नदिई उ दिनहुं खनिरहन लाग्यो। यसबाट ईश्वर प्रभावित भए, र उनले दुइ जना देउतालाई पठाए। तिनले आफ्ना पिठ्यूँमा हालेर पर्वतहरूलाई लगे। आज चिनियाँ जनतामाथि किच्ने भारीका रूपमा दुइ ठूला पर्वत छन्। एउटा साम्राज्यवाद हो र अर्को सामन्तवाद हो। चिनियाँ कम्युनिस्ट पार्टीले निकै

अघि नै यिनलाई फोर्ने दृढ़ निश्चय गरेको छ। हामीले अवश्य हिकमत हार्नुहुंदैन र काममा लागिरहनुपर्छ। हामीले पनि ईश्वरको मनमा प्रभाव पारिछाड्नेछौं। हाम्रा ईश्वर व्यापक चिनियाँ जनता बाहेक अरू कोही होइनन्। समस्त चिनियाँ जनता उठेर हामीसित लागी खन्छन् भने यी दुइ पर्वतलाई किन पन्छाउन सकिंदैन?

"पर्वत पन्छाउने मूर्ख बूढ़ो मान्छे" (जून ११, १९४५)

२२. विचार गर्ने काइदा र काम गर्ने काइदा

मानव जातिको इतिहास आवश्यकताको राज्य-देखि स्वतन्त्रताको राज्यसम्मको निरन्तर विकास हो। यो क्रम अनन्त छ। वर्गहरू भएको कुनै पनि समाजमा वर्ग-सङ्घर्षको कहिल्यै अन्त्य हुनेछैन। वर्ग-विहीन समाजमा नौला र पुराना, सत्य र असत्यका बीचको सङ्घर्षको कहिल्यै अन्त्य हुनेछैन। उत्पादन-को लागिको सङ्घर्ष तथा वैज्ञानिक प्रयोगका क्षेत्र-हरूमा मानव जातिले निरन्तर प्रगति गर्दै जान्छ र प्रकृति निरन्तर रूपले फेरिंदै जान्छ; उनीहरू कहिल्यै एक स्तरमा रहंदैनन्। अतः मानिसले निरन्तर अनुभवको सार झिक्नुपर्छ र नयाँ कुरा पत्ता लगाउँदै, आविष्कार गर्दै, सृजना गर्दै, अघि लम्कँदै

जानुपर्छ। स्थिरता, नैराश्य, शिथिलता र सन्तोष-का सबै विचार गलत हुन्। ती गलत हुन् किनभने ती न त बितेका लाखौं वर्षका मानव-समाज-विकासका ऐतिहासिक तथ्यहरूसँग मिल्छन्, न हामीले आजसम्म थाहा पाएका प्रकृतिका ऐतिहासिक तथ्य-हरूसँग नै मिल्छन् (अर्थात्, नक्षत्र, पृथ्वी, जीवन र अरू प्राकृतिक रहस्यको इतिहासमा प्रकट भएको प्रकृति)।

"जन-गणतन्त्र चीनको तेस्रो राष्ट्रिय जन-प्रतिनिधि-सभाको पहिलो अधिवेशनमा प्रधान मन्त्री चाउ एन-लाइको सरकारी कामको विवरण" मा उद्धृत (डिसेम्बर २१–२२, १९६४)

प्रकृति-विज्ञान, स्वतन्त्रताको निम्ति सङ्घर्ष गर्दा मानिसका हतियारहरूमध्ये एक हो। समाज-मा स्वतन्त्रता पाउन, मानिसले समाजलाई बुझ्न र फेर्न समाज-विज्ञानको प्रयोग गर्नैपर्छ र सामाजिक क्रान्ति चलाउनैपर्छ। प्रकृतिको संसारमा स्वतन्त्र-ता पाउन, मानिसले प्रकृतिलाई बुझ्न, जित्न र

फेर्न प्रकृति-विज्ञानको प्रयोग गर्नैपर्छ र यसरी प्रकृतिबाट स्वतन्त्रता पाउनु पर्छ।

सीमा-प्रदेशको प्रकृति-विज्ञान अनुसन्धान सङ्घको उद्घाटन-सभामा भाषण (फरवरी ५, १९४०)

द्वन्दात्मक भौतिकवादको मार्क्सवादी दर्शनका दुई प्रमुख विशेषता छन्। एउटा यसको वर्गीय स्वभाव हो: यसले खुला रूपबाट द्वन्दात्मक भौतिकवाद सर्वहाराहरूको पक्षमा छ भनी स्वीकार गर्छ। अर्को यसको व्यावहारिकता हो: यसले व्यवहारमा सिद्धान्तको निर्भरतामाथि बल दिन्छ, सिद्धान्त व्यवहारमा आधारित हुन्छ र त्यसो हुंदा यसले व्यवहारलाई नै सघाउँछ भन्ने कुरामा बल दिन्छ।

"व्यवहारका विषयमा" (जुलाई १९३७)

मार्क्सवादी दर्शनले सबभन्दा महत्वपूर्ण समस्या वस्तुगत संसारका नियमहरू बुझ्नु र यसरी यसको

व्याख्या गर्न समर्थ हुनुमा होइन, तर यी नियमहरूको ज्ञानलाई संसारलाई फेर्न सक्रिय रूपले लागू गर्नुमा रहन्छ भन्ने सम्झन्छ।

उपर्युक्त

मानिसका सही विचार कहाँबाट आउँछन्? के ती आकाशबाट खस्छन्? अँहँ। के ती मनमा सहजै उब्जन्छन्? अँहँ। ती सामाजिक व्यवहारबाट, त्यसैबाट मात्र आउँछन्; ती तीन किसिमका सामाजिक व्यवहारबाट आउँछन्, उत्पादनको निम्ति सङ्घर्ष, वर्ग-सङ्घर्ष र वैज्ञानिक प्रयोग।

"सही विचार कहाँबाट आउँछन्?" (मे १९६३)

मानिसको सामाजिक अस्तित्वले नै उसको विचारको निर्धारण गर्दछ। एक चोटि प्रगतिशील वर्गको प्रतिनिधित्व गर्ने सही विचारलाई जन-समूहले बुझिसकेपछि ती विचारहरू भौतिक शक्तिमा परि-

णत हुन्छन् जसले समाजलाई फेर्छ र संसारलाई फेर्छ।

उपर्युक्त

मानिसहरू, आफ्नो सामाजिक व्यवहारमा, विभिन्न किसिमका सङ्घर्षमा लाग्छन् र सफलता र असफलता दुवैबाट थुप्रै अनुभव प्राप्त गर्छन्। वस्तुगत बाह्य संसारका अनगन्ती दृश्य मानिसको मस्तिष्कमा उसका पाँच ज्ञानेन्द्रियबाट—देखिने, सुन्ने, सुँघ्ने, चाख्ने र छुने इन्द्रियहरूबाट प्रतिबिम्बित हुन्छन्। पहिले, ज्ञान इन्द्रियग्राह्य हुन्छ। इन्द्रियग्राह्य ज्ञान प्रशस्त जम्मा भएपछि, त्यसले फट्को मार्छ र धारणात्मक ज्ञान, अर्थात्, विचार बन्दछ। ज्ञान-प्राप्तिको यो एउटा क्रम हो। ज्ञान-प्राप्तिको सम्पूर्ण क्रमको यो पहिलो चरण हो, वस्तुगत पदार्थबाट मनोगत चेतनामा लैजाने चरण हो, वस्तुबाट विचारमा लैजाने चरण हो। कसैका चेतना वा विचारहरू (सिद्धान्तहरू, नीतिहरू, योजनाहरू वा

उपायहरू समेत) सही रूपले वस्तुगत बाह्य संसारका नियमहरूलाई प्रतिबिम्बित गर्छन् कि गर्दैनन् भन्ने कुरा यस चरणमा अझै प्रमाणित भइसकेको हुंदैन, यस चरणमा ती कुरा सही छन् कि छैनन् भनी ठोकुवा गर्नु अझै सम्भव हुंदैन। त्यसपछि ज्ञान-प्राप्तिको क्रममा दोस्रो चरण आउँछ, यो चेतनाबाट पदार्थमा फर्काउने चरण हो, विचारबाट वस्तुमा लैजाने चरण हो, जसमा पहिलो चरणमा प्राप्त गरिएको ज्ञानलाई सिद्धान्तहरू, नीतिहरू, योजनाहरू वा उपायहरूले आशा गरिए अनुसारका सफलता पाउँछन् कि पाउँदैनन् भन्ने ठोकुवा गर्न सामाजिक कार्यमा प्रयोग गरिन्छ। सामान्य रूपबाट भन्दा, सफल भएका चाहिं सही छन् र विफल भएका सही छैनन्, र विशेष गरी प्रकृतिसित मानिसको सङ्घर्षमा यो साँचो हो। सामाजिक सङ्घर्षमा प्रगतिशील वर्गलाई प्रतिनिधित्व गर्ने शक्तिहरू कहिलेकाहीं, उनीहरूका विचारहरू सही नभएकाले होइन तर सङ्घर्षमा लागेका शक्तिहरूको सन्तुलनमा केही समयको निम्ति प्रतिक्रियाका शक्ति-

हरू सरह उनीहरू शक्तिशाली नभएकाले हार खान्छन् ; त्यस कारण उनीहरू अस्थायी रूपले पराजित हुन्छन् तर चाँड़ो वा ढिलो उनीहरूले विजय पाउनु अवश्यम्भावी छ। मानिसको ज्ञानले व्यवहारको कसीद्वारा अर्को फट्को मार्छ। यो फट्को अघिल्लोभन्दा बर्ता महत्वपूर्ण हुन्छ। किनभने यही एकमात्र फट्को हो जसले ज्ञानप्राप्तिमा पहिलो फट्कोको सही वा गल्तीलाई सिद्ध गर्न सक्छ, अर्थात्, वस्तुगत बाह्य संसारलाई प्रतिबिम्बित गर्ने क्रममा बनेका विचारहरू, सिद्धान्तहरू, नीतिहरू, योजनाहरू वा उपायहरूको सही वा गल्ती। सत्यलाई जाँच्ने अर्को बाटै छैन।

उपर्युक्त

प्रायः, पदार्थबाट चेतनामा लग्ने र फेरि पदार्थमा फर्काउने अर्थात्, व्यवहारबाट ज्ञानमा लग्ने र फेरि व्यवहारमा फर्काउने बारम्बारका अनेकौं क्रमपछि मात्र सही ज्ञान प्राप्त गर्न सकिन्छ। ज्ञान

सम्बन्धी मार्क्सवादी सिद्धान्त, ज्ञानको द्वन्दात्मक भौतिकवादी सिद्धान्त यस्तो छ।

उपर्युक्त

कसैले कुनै कुरा बुझ्न चाहन्छ भने त्यस कुराको सम्पर्कमा पुग्नु, अर्थात्, त्यस कुराको वातावरणमा रहनु (व्यवहार गर्नु) बाहेक अर्को बाटै छैन।... तपाईं ज्ञान चाहनुहुन्छ भने, तपाईंले वास्तविकतालाई फेर्ने व्यवहारमा भाग लिनैपर्छ। नास्पातीको स्वाद थाहा पाउन चाहनुहुन्छ भने तपाईंले आफैं खाएर नास्पातीलाई फेर्नुपर्छ।... क्रान्तिका सिद्धान्त र पद्धतिहरू जान्न चाहनुहुन्छ भने तपाईंले क्रान्तिमा भाग लिनैपर्छ। सबै सही ज्ञान प्रत्यक्ष अनुभवमा उब्जन्छ।

"व्यवहारका विषयमा" (जुलाई १९३७)

ज्ञान अभ्यासबाट शुरू हुन्छ, र अभ्यासबाट प्राप्त गरिएको सैद्धान्तिक ज्ञानले फेरि अभ्यासमा नै

फर्कनुपर्छ। ज्ञानको सक्रिय कार्य इन्द्रिय-ग्राह्य ज्ञान-बाट वैचारिक ज्ञानमा सक्रिय फट्कोमा मात्र होइन तर वैचारिक ज्ञानबाट क्रान्तिकारी व्यवहारतर्फको फट्कोमा प्रकट हुनैपर्छ, र यो झन् बर्ता महत्वपूर्ण छ।

उपर्युक्त

यो सर्वविदित छ कि कुनै कुरा गर्दा पनि त्यसको वास्तविक अवस्था, त्यसको स्वभाव र अरू कुरासित त्यसका सम्बन्धहरूलाई नबुझेसम्म तपाईंले त्यस-लाई संचालित गर्ने नियमहरू थाहा पाउनु हुनेछैन, वा त्यसलाई कसरी गर्ने भनी थाहा पाउनु हुनेछैन, वा त्यसलाई राम्ररी गर्न सक्नुहुनेछैन।

"चीनको क्रान्तिकारी युद्धमा रणनीतिका समस्याहरू" (डिसेम्बर १९३६)

कुनै मानिस आफ्नो काममा सफल हुन चाहन्छ भने, अर्थात्, अभीष्ट फलहरू प्राप्त गर्न चाहन्छ भने,

उसले वस्तुगत बाह्य संसारका नियमहरूसित आफ्ना विचारहरूमा एकरूपता ल्याउनैपर्छ; तिनमा एक-रूपता भएन भने, उ आफ्नो कार्यमा विफल हुनेछ। उ विफल भएपछि, उसले शिक्षाहरू लिन्छ, बाहिरी संसारका नियमहरूसित एकरूपता ल्याउन आफ्नो विचारहरूलाई सच्याउँछ, र यसरी असफलतालाई सफलतामा परिणत गर्न सक्छ; "असफलता नै सफलताकी आमा हो" र "खाडलमा खस्नु, बुद्धि बढ्नु" भन्नाको अर्थ यही हो।

"व्यवहारका विषयमा" (जुलाई १९३७)

हामीहरू मार्क्सवादी हौं, र कुनै समस्यामा हात हाल्दा हामीले अमूर्त परिभाषाबाट होइन वस्तु-गत तथ्यहरूबाट शुरू गर्नुपर्छ भनी मार्क्सवादले सिकाउँछ, र यी तथ्यहरूको विश्लेषणबाट हामीले आफ्ना निर्देशक सिद्धान्तहरू, नीतिहरू र उपायहरू झिक्नुपर्छ।

"साहित्य र कला सम्बन्धी येनान-गोष्ठीमा प्रवचन" (मे १९४२)

सबै कम्युनिस्टहरूले दृढ़तासित मनमा राख्नुपर्ने कुरा के हो भने सबभन्दा बर्ता आधारभूत कार्य-प्रणाली वास्तविक अवस्थाहरू मुताबिक हाम्रा काम गर्ने नीतिहरूको निर्धारण गर्नु हो। जब हामी आफूले गरेका गल्तीका कारणहरूको अध्ययन गर्छौं, कुनै खास समय र स्थानको वास्तविक स्थितिबाट हामी विमुख भएकाले र आफ्ना काम गर्ने नीतिहरूको निर्धारण गर्दा मनोगत भएकाले ती सबै गल्ती भएका हुन् भन्ने कुरा पाउँछौं।

"सेन्सी सुइयुआन मुक्त-क्षेत्रका कार्यकर्ताहरूको सम्मेलनमा भाषण" (अप्रिल १, १९४८)

आदर्शवाद र अ-वस्तुवाद संसारमा सबभन्दा सजिला कुरा हुन्, किनभने मानिसहरू वस्तुगत वास्तविकतामा आधार नलिई अथवा वास्तविकतामा यसलाई नजाँची जति भने पनि नचाहिंदा कुरा गर्न सक्छन्। अर्कोतिर, भौतिकवाद र द्वन्दात्मकतामा प्रयत्न चाहिन्छ। तिनले वस्तुगत वास्तविकतामा

आधारित भएको र जाँचिएको हुनैपर्छ। प्रयत्न गरेन भने आदर्शवाद र अ-वस्तुवादमा चिप्लन सक्ने हुन्छ।

"हू फेङ प्रतिक्रान्तिकारी जमात सम्बन्धी सामग्री" को परिचयात्मक टिप्पणी (मे १९५५)

कुनै कुरा हेर्दा, हामीले त्यसको सारतत्वलाई जाँच्नैपर्छ र यसको बाहिरी आकारलाई दहिलोमा भएको परिचायक सरह व्यवहार गर्नैपर्छ, र एक चोटि दहिलो नाघेर पसेपछि हामीले त्यस कुराको सारतत्व बुझ्नैपर्छ। विश्लेषणको एकमात्र विश्वासनीय र वैज्ञानिक प्रणाली यही हो।

"एउटै झिल्कोले डढ़ेलो लाउन सक्छ" (जनवरी ५, १९३०)

कुनै कुराको विकासको आधारभूत कारण बाह्य होइन भित्री हुन्छ; यो त्यस कुराभित्रको अन्तरविरोधीतामा रहेको हुन्छ। यो भित्री अन्तरविरोध

प्रत्येक कुरामा हुन्छ, त्यसैले त्यसको गति र विकास हुन्छ। कुनै कुराभित्रको अन्तरविरोधीता त्यसको विकासको आधारभूत कारण हो भने अरू कुरासित त्यसका पारस्परिक सम्बन्धहरू र पारस्परिक प्रभाव-हरू गौण कारण हुन्।

"अन्तरविरोधका विषयमा" (अगस्ट १९३७)

बाहिरी कारणहरू परिवर्तनको अवस्था र भित्री कारणहरू परिवर्तनको आधार हुन्, र भित्री कारणले गर्दा बाहिरी कारणहरू काम गर्ने हुन्छन् भनी भौ-तिकवादी द्वन्दात्मकता ठान्छ। चाहिंदो तापक्रममा फुल चल्लामा परिणत हुन्छ, तर कुनै तापक्रमले पनि ढुङ्गालाई चल्लामा परिणत गर्न सक्तैन, किनभने प्रत्येकको फरक फरक आधार हुन्छ।

उपर्युक्त

मार्क्सवादी दर्शनले विरोधहरूको सामंजस्यको नियमलाई विश्वको आधारभूत नियम हो भनी

ठान्छ। प्राकृतिक संसारमा होस्, वा मानव समाज-मा, वा मानिसको विचारमा, यस नियमले विश्व-व्यापी रूपबाट काम गर्छ। अन्तरविरोधका विरोध-हरूमा सामंजस्य र सङ्घर्ष सँगै रहेको हुन्छ, र यसैले नै वस्तुहरूमा गति र परिवर्तन ल्याउँछ। अन्तर-विरोध जहांतहीं हुन्छन्, तर भिन्नाभिन्नै कुराहरू-को भिन्नाभिन्नै स्वभाव अनुसार तिनका स्वभाव फरक हुन्छन्। कुनै खास वस्तु वा कुरामा, विरोध-हरूको सामंजस्य अवस्थाजन्य, अस्थायी र संक्रमण-शील हुन्छ, र यसैले सापेक्ष छ, जब कि विरोध-हरूको सङ्घर्ष निरंकुश हुन्छ।

"जनताका अन्तरविरोधहरूको सही सन्चालनका विषयमा" (फरवरी २७, १९५७)

विश्लेषणात्मक प्रणाली द्वन्दात्मक हुन्छ। विश्ले-षण भन्नाले, हाम्रो भनाइ विषयहरूमा रहेका अन्तर-विरोधहरूको विश्लेषण गर्नु हो र जीवनको गहिरो

ज्ञान बिना तथा प्रस्तुत अन्तरविरोधहरूको वास्तविक ज्ञान बिना ठीक विश्लेषण असम्भव छ।

प्रचार-कार्य सम्बन्धी चिनियाँ कम्युनिस्ट पार्टीको राष्ट्रिय सम्मेलनमा भाषण (मार्च १२, १९५७)

वास्तविक अवस्थाहरूको वास्तविक विश्लेषण, "मार्क्सवादमा सबभन्दा सारभूत कुरा हो, यो मार्क्सवादको ओजस्वी प्राण हो भनेर लेनिनले भन्नुभएको छ। विश्लेषणात्मक दृष्टिकोणको अभावले गर्दा, हाम्रा धेरै कामरेडहरू जटिल कुराहरूमा गहिरिएर चिन्तन-मनन गर्न चाहंदैनन्, तर पूर्णतः सकारात्मक वा पूर्णतः नकारात्मक रूपले सरल निष्कर्श झिक्न खोज्छन्।... अबदेखि हामीले यस किसिमको व्यवहारलाई हटाउनुपर्छ।

"हाम्रो अध्ययन र वर्तमान परिस्थिति" (अप्रिल १२, १९४४)

समस्याहरूलाई हेर्ने यी कामरेडहरूको तरीका गलत हो। उनीहरू समस्याहरूका सारभूत वा मुख्य पक्षहरूलाई हेर्दैनन् तर नचाहिंदा वा सानातिना पक्षहरूमा बल दिन्छन्। यी नचाहिंदा वा सानातिना पक्षहरूलाई बेवास्ता गर्नुहुंदैन र एक एक गरी राम्ररी हल गर्नुपर्छ भनी औंल्याउनुपर्छ। तर ती पक्षहरूलाई सारभूत वा मुख्य पक्षहरू भनी लिनुहुंदैन, वा हामीले दोधारमा पर्नुहुंदैन।

"कृषि-सहयोगको प्रश्नका विषयमा" (जुलाई ३१, १९५५)

यस संसारमा कुराहरू जटिल छन् र धेरै कारणहरूद्वारा निर्धारित हुन्छन्। हामीले समस्याहरूलाई विभिन्न पक्षबाट हेर्नुपर्छ, एउटै पक्षबाट मात्र होइन।

"चुङकिङ समझौता-वार्ताका विषयमा" (अक्टोबर १७, १९४५)

समस्याहरूप्रति आफ्नो सोचाइ मनोगत, एकतर्फे र देखावटी भएकाहरूले मात्र घटनास्थलमा

पुग्ने बित्तिकै आफ्नो चित्त बुझाई, परिस्थितिको विचारै नगरी, ती कुराहरूको पूर्ण रूपले निरीक्षण नै नगरी (तिनीहरूको इतिहास र सम्पूर्ण वर्तमान अवस्था) र ती कुराको सारतत्व नै नबुझी (तिनको स्वभाव र एक अर्कासितको भित्री सम्बन्ध) आदेशहरू वा निर्देशनहरू दिन्छन्। यस्ता मानिसले ठक्कर खानु र लड्नु अवश्यम्भावी छ।

"व्यवहारका विषयमा" (जुलाई १९३७)

समस्याको अध्ययन गर्दा, हामीले मनोगतता, एकतर्फीपना र बोझेपनालाई छाड्नुपर्छ। मनोगत हुनुको अर्थ वस्तुगत रूपबाट समस्याहरू नहेर्नु हो, अर्थात्, समस्याहरू हेर्दा भौतिकवादी दृष्टिकोणको प्रयोग नगर्नु हो। यो कुरा मैले "व्यवहारका विषयमा" नामक मेरो लेखमा विस्तार गरिसकेको छु। एकतर्फी हुनुको अर्थ समस्याहरूलाई सबै पक्षबाट नहेर्नु हो।... अथवा यसलाई समग्रलाई नहेरी एक पक्ष मात्र हेर्नु, रूखहरू हेर्नु तर जङ्गल नहेर्नु

पनि भन्न सकिन्छ। यस किसिमबाट अन्तरविरोधको समाधान गर्ने पद्धति फेला पार्नु असम्भव हुन्छ, क्रान्तिका कार्यहरू पूरा गर्नु असम्भव हुन्छ, आफ्नो काम राम्ररी चलाउनु अथवा पार्टीभित्रका विचारधारात्मक सङ्घर्षलाई सही तरीकाले विकसित गर्नु असम्भव हुन्छ। सून उ-त्जुले सैनिक विज्ञानको विषयमा छलफल गर्दा, "शत्रुलाई चिन र आफैंलाई चिन, र त्यसपछि तिमी पराजयको कुनै डर बिना सय लड़ाई लड्न सक्छौ" भन्दा उहाँले लड़ाईका दुवै पक्षको उल्लेख गर्नुभएको हो। ताङ राजवंशका वेई चेङले पनि आफूले "दुवै पक्षमा ध्यान दिनू र तिमीले सत्य कुरा देख्नेछौ, एकै पक्षमा मात्र ध्यान दियौ भने अन्धकारले छोपिनेछौ" भन्दा एकपक्षीयताको भूललाई बुझेका थिए। तर हाम्रा कामरेडहरूले समस्याहरूलाई प्रायः एकै पक्षबाट मात्र हेर्छन्, र यसरी उनीहरू ठक्कर खान्छन्।... लेनिनले भन्नुभएको थियो :

...कुनै कुरालाई साँच्चै बुझ्न, हामीले त्यसका सबै पक्ष, सबै सम्बन्ध र "मध्यस्थहरू" लाई

अँगाल्नैपर्छ, ती सबैको अध्ययन गर्नैपर्छ। हामी यो पूर्णतः कहिल्यै प्राप्त गर्न सक्तैनौं, तर सबै पक्षीयताको माग भूलहरू र कट्टरताका विरुद्ध सुरक्षा हो।

हामीले उहाँका कुराहरू सम्झिराख्नुपर्छ। उड़न्ते वा बोक्रे हुनुको अर्थ न त समग्र रूपमा अन्तरविरोधका विशेषताहरूउपर ध्यान दिनु हो न त यसको प्रत्येक पक्षका विशेषताहरूउपर नै ध्यान दिनु हो; यसको अर्थ कुनै कुरामा गहिरिएर पस्ने र यसको अन्तरविरोधका विशेषताहरूलाई सूक्ष्म रूपले अध्ययन गर्ने आवश्यकतालाई अस्वीकार गर्नु हो, र त्यसको सट्टा खालि टाढ़ाबाट पुलुक्क हेर्नु र, यसो रूप-रेखाको एक झलक हेरेपछि तुरुन्तै अन्तरविरोधलाई समाधान गर्न खोज्नु (प्रश्नको जवाफ दिनु, झगड़ा छिन्नु, काम सह्माल्नु, अथवा सैनिक कारवाईको निर्देशन गर्नु) हो। यस्तो किसिमबाट काम गर्नाले अवश्य नै खराब नतीजामा लैजानेछ।... एकपक्षीय र उड़न्ते वा बोक्रे हुनु नै मनोगत समेत हुनु हो। किनभने सबै वस्तुगत कुरा वास्तवमा परस्पर सम्बन्धित छन् र भित्री नियमहरूद्वारा संचालित छन्, तर विषयहरूलाई जस्ताको तस्तै प्रतिबिम्बित गर्ने काम गर्नु सट्टा केही मानिस विषयहरूलाई एकपक्षीय भएर वा बाहिरी रूपले मात्र हेर्छन् र न तिनका भित्री सम्बन्ध बुझ्छन् न त तिनका भित्री नियमहरू नै र यसैले तिनको पद्धति मनोगतवादी हुन्छ।

"अन्तरविरोधका विषयमा" (अगस्ट १९३७)

एकपक्षीयताको अर्थ जथाभावीसित सोच्नु हो, अर्थात्, समस्याहरूप्रति अ-वस्तुवादी दृष्टिकोण हो। हाम्रो कामको मूल्याङ्कनमा प्रत्येक कुरालाई सबै सकारात्मक वा सबै नकारात्मक सम्झनु एकपक्षीयता हो।... प्रत्येक कुरालाई सकारात्मक रूपबाट लिनु खराब चाहिं नदेखेर असल मात्र देख्नु हो, र आलोचना चाहिं होइन प्रशंसा मात्र सहनु हो। प्रत्येक विषयमा हाम्रो काम राम्रो भए झैं गरी कुरा गर्नु तथ्यको विपरीत हुन्छ। प्रत्येक कुरा राम्रो छ भन्नु

साँचो होइन ; कमीहरू र गल्तीहरू पनि हुन्छन् । तर न त प्रत्येक कुरा खराब छ भन्नु नै साँचो हो, र त्यसो भन्नु पनि तथ्यको विपरीत हुन्छ । यहाँनिर विश्लेषणको आवश्यकता छ । कुनै विश्लेषण नगरी प्रत्येक कुरालाई नकारात्मक रूपबाट लिनु, कुनै कुरा पनि राम्ररी गरिएको छैन र समाजवादी निर्माणको महान् कार्यलाई, यस महान् सङ्घर्षलाई जसमा करोड़ौं मानिस भाग लिइरहेछन्, कुनै टीका-टिप्पणीको निम्ति लायक नभएको पूर्णतः खिचड़ी सम्झनु हो । यस्तो विचार लिने धेरै मानिस र समाजवादी व्यवस्थाप्रति शत्रुता गर्ने मानिसहरूमा भिन्नता हुन्छ तापनि यी विचारहरू अत्यन्त गलत र हानिकारक छन् र यिनले जनतालाई निरुत्साही मात्र पार्न सक्छन् । हाम्रो कामको मूल्याङ्कन गर्दा प्रत्येक कुरा सकारात्मक छ भन्ने दृष्टिकोणबाट, वा प्रत्येक कुरा नकारात्मक छ भन्ने दृष्टिकोणबाट हेर्नु गल्ती हो ।

"प्रचार-कार्य सम्बन्धी चिनियाँ कम्युनिस्ट पार्टीको राष्ट्रिय सम्मेलनमा भाषण" (मार्च १२, १९५७)

समस्याप्रतिको सोचाइमा, मार्क्सवादीले अंशहरू-का साथै सम्पूर्णलाई हेर्नुपर्छ । कुवाको ब्याङले भन्छ, "आकाश इनारको मुखभन्दा ठूलो छैन ।" त्यो झुट्टा हो, किनभने आकाश इनारको मुख जत्रो आकार-को मात्र छैन । यसले "आकाशको एक भाग इनार-को मुखको आकार जत्रै छ" भन्यो भने त्यो सत्य हुनेछ, किनभने यो तथ्यसँग मिल्छ ।

"जापानी साम्राज्यवाद-विरोधी कार्यनी-तिका विषयमा" (डिसेम्बर २७, १९३५)

हामीले समस्याहरूलाई सबै पक्षबाट, विषय-हरूको सुल्टो तथा उल्टो दुवै पक्ष हेर्न जान्नैपर्छ । खास अवस्थाहरूमा, खराब कुराले असल र असल कुराले खराब नतीजामा पुऱ्याउन सक्छ ।

"जनताका अन्तरविरोधहरूको सही सन्चा-लनका विषयमा" (फरवरी २७, १९५७)

इतिहासको सामान्य विकासमा, भौतिक कुराले मानसिक कुराको निर्धारण गर्छ र सामाजिक अस्ति-

त्वले सामाजिक चेतनाको निर्धारण गर्छ ,भन्ने हामी जब मान्छौं, भौतिक कुराहरूमा मानसिक प्रतिक्रिया, सामाजिक जीवनमा सामाजिक चेतनाको प्रतिक्रिया, र आर्थिक आधारमा माथिल्लो तहको प्रतिक्रिया पनि हामीले वास्तवमा मान्नैपर्छ। यो भौतिकवादको विरुद्ध छैन ; यसको विपरीत, यसले यान्त्रिक भौतिकवादलाई त्याग्छ र दृढ़तासित द्वन्दात्मक भौतिकवादलाई उठाउँछ।

"अन्तरविरोधका विषयमा" (अगस्ट १९३७)

विजय खोज्दा, युद्धको निम्ति निर्देशन दिनेहरूले वस्तुगत अवस्थाहरूले दिएका सीमालाई नाघ्न सक्दैनन् ; तर ती सीमाभित्र रही उनीहरूले विजय पाउने प्रयत्नमा सशक्त भूमिका खेल्न सक्छन् र खेल्नैपर्छ। युद्धका सेनापतिहरूको निम्ति कार्यको मञ्च वस्तुगत सम्भावनाहरूकै आधारमा बनाउनुपर्छ, तर उक्त मञ्चमा आवाज र रङ्ग, शक्ति र

महत्वले परिपूर्ण भएका धेरै नाटकहरू खेल्ने निर्देशन दिन सक्छन्।

"दीर्घकालीन युद्धका विषयमा" (मे १९३८)

मानिसहरूले आफ्नो सोचाइलाई परिवर्तित अवस्थाहरूका अनुकूल तुल्याउनैपर्छ। निश्चय नै, कसैले पनि कल्पनाको जथाभावी उड़ानतिर लाग्नुहुंदैन, वा वस्तुगत परिस्थितिले नदिने गरी कामको योजना बनाउनुहुंदैन वा असम्भव कुरामा हात हाल्नुहुंदैन। तैपनि आजको समस्या के हो भने दक्षिणपन्थी अनुदारवादी विचारले अझै धेरै क्षेत्रमा बाधा पुऱ्याइरहेछ। यसले गर्दा यी क्षेत्रका कामहरूलाई वस्तुगत परिस्थितिको विकासको अनुकूल तुल्याउन असमर्थ छ। वर्तमान समस्या के हो भने परिश्रम गरेको भए आफूबाटै पूरा भइसक्ने कुरामा पनि धेरै मानिस त्यसलाई असम्भव ठान्छन्।

"चीनका गाउँहरूतिर समाजवादी लहर"
को प्रस्तावना (डिसेम्बर २७, १९५५)

हामीले प्रत्येक कुरामा होशियारीपूर्वक सधैं आफ्नो मगज खियाउनुपर्छ र विचार गर्नुपर्छ। साधारण भनाइ छ "निधार खुम्च्याऊ र तिमीले जुक्ति फेला पार्नेछौ।" अरू शब्दमा भन्ने हो भने, धेरै विचार गर्नाले बुद्धि आउँछ। हाम्रो पार्टीमा नराम्ररी व्याप्त भएको मूढ़ताबाट मुक्त हुन, हामीले हाम्रा कामरेडहरूलाई विचार गर्न, विश्लेषणको प्रणाली सिक्न र विश्लेषण गर्ने बानीलाई विकसित गर्न हौस्याउनैपर्छ।

"हाम्रो अध्ययन र वर्तमान परिस्थिति"
(अप्रिल १२, १९४४)

कुनै काममा धेरै अन्तरविरोध छन् भने, तीमध्ये एउटा नेतृत्वदायी र निर्णयात्मक भूमिका भएको मुख्य अन्तरविरोध हुनैपर्छ, जब बाँकी भएका अरूले गौण र सहायक स्थान लिएका हुन्छन्। अतः, दुई वा बढ़ी अन्तरविरोध भएको कुनै जटिल क्रमको अध्ययन गर्दा हामीले मुख्य अन्तरविरोधलाई पत्ता लगाउन हरेक कोशिश गर्नैपर्छ। एक चोटि यस

मुख्य अन्तरविरोधलाई बुझेपछि, सबै समस्याहरूको सजिलैसित समाधान हुन सक्छ।

"अन्तरविरोधका विषयमा" (अगस्ट १९३७)

दुई अन्तरविरोधी पक्षहरूमा एउटा प्रधान र अर्को गौण हुनैपर्छ। अन्तरविरोधमा नेतृत्वदायी भूमिका खेल्ने चाहिं प्रधान पक्ष हो। कुनै कुराको स्वभाव मुख्यतः आधिकारिक अवस्था प्राप्त गरेको अन्तरविरोधको प्रधान पक्षद्वारा निर्धारित हुन्छ।

तर यो स्थिति स्थिर हुंदैन; अन्तरविरोधका प्रधान र अ-प्रधान पक्षहरू स्वयं एक-अर्कामा बदलिन्छन् र वस्तुको स्वभाव पनि त्यसै अनुसार बदलिन्छ।

उपर्युक्त

काम प्रस्तुत गर्नु नै पर्याप्त हुंदैन, हामीले तिनलाई कार्यान्वित गर्ने प्रणालीहरूको समस्यालाई पनि

समाधान गर्नैपर्छ। हाम्रो काम नदी तर्नु हो भने, पूल अथवा नाउ बिना हामी त्यसलाई तर्न सक्तैनौं। पूल वा डुङ्गाको समस्या समाधान नभएसम्म, नदी तर्ने कुरा गर्नु व्यर्थ हुन्छ। कार्य-प्रणालीको समस्या समाधान नभएसम्म, त्यस कामको विषयमा कुरा गर्नु निरर्थक छ।

"जनताको सञ्चो-सुविस्ताको विचार गर, कार्य-प्रणालीमा ध्यान देऊ" (जनवरी २७, १९३४)

कुनै काममा पनि, सामान्य तथा व्यापक आह्वान जारी गरिएन भने, व्यापक जन-समूहलाई त्यस काममा लाउन सकिंदैन। तर नेतृत्वदायी स्थानमा रहेका व्यक्तिहरूले आफूलाई सामान्य आह्वानभित्र सीमित राखे भने—उनीहरू व्यक्तिगत रूपमा केही सङ्गठनमा, आह्वान गरिएको विषयमा गहिरिएर वास्तविक रूपमा लाग्दैनन्, कुनै एक विन्दुमा प्रयत्न केन्द्रित पार्दैनन्, अनुभव प्राप्त गर्दैनन् र अरू एकाईहरूलाई निर्देशित गर्न यस अनुभवको प्रयोग गर्दैनन्

भने—तिनले आफ्नो सामान्य आह्वानको औचित्यलाई जाँच्ने वा त्यस आह्वानको विषयवस्तुलाई समृद्ध पार्ने बाटो पाउनेछैनन्, र यसबाट केही प्राप्त नहुने खतड़ा छ।

"नेतृत्व-पद्धति सम्बन्धी केही प्रश्न" (जून १, १९४३)

मातहतमा रहेका विशेष एकाईहरूका विशेष व्यक्तिहरू र घटनाहरूबाट वास्तविक अनुभव प्राप्त नगरेसम्म नेतृत्वदायी स्थानमा रहेका कोही पनि सबै एकाईहरूलाई सामान्य निर्देशन दिन समर्थन हुंदैन। यस प्रणालीलाई जतातत्तै लागू गर्नुपर्छ जसबाट सबै स्तरका नेतृत्वदायी कार्यकर्ताहरूले यसलाई लागू गर्न सिकून्।

उपर्युक्त

कुनै ठाउँमा, एउटै समयमा अनेकौं केन्द्रीय कार्य हुन सक्तैनन्। जुनसुकै बेला पनि महत्वको दोस्रो

वा तेस्रो क्रमका अरू कार्यद्वारा अङ्ग पुऱ्याइएको एउटा मात्र केन्द्रीय कार्य हुनसक्छ। त्यसोहुंदा, विशेष ठाउँको सम्पूर्ण दायित्व बोकेको व्यक्तिले त्यहाँको सङ्घर्षको इतिहास तथा परिस्थितिहरूमा ध्यान दिनुपर्छ र विभिन्न कार्यहरूलाई यथोचित क्रममा राख्नुपर्छ; उसले आफ्नो योजना बिना माथिल्लो सङ्गठनबाट आएको हरेक निर्देशनलाई कार्यान्वित गर्नुहुंदैन, र त्यसरी थुप्रै "केन्द्रीय कार्यहरू" तथा गड़बड़ी र पसारोको अवस्था सिर्जनुहुंदैन। न त माथिल्लो सङ्गठनले नै सापेक्षिक महत्व र जरूरीपना नदेखाई वा कुन चाहिं केन्द्रीय हो भनी नजनाई एकै चोटि धेरै काम सुम्पनुहुन्छ, किनभने त्यसले आफ्नो काम गर्न लाग्दा तल्ला सङ्गठनहरूलाई भ्रममा पार्छ र कुनै निश्चित फलहरू प्राप्त हुनेछैनन्। प्रत्येक ठाउँका ऐतिहासिक अवस्थाहरू तथा हालका परिस्थितिहरूलाई ध्यानमा राखी, सम्पूर्ण परिस्थितिको विचार गरेर, प्रत्येक अवधिको निम्ति कामको केन्द्रविन्दु र क्रमिकताका विषयमा सही निर्णय लिनु, यस निर्णयलाई दृढ़तापूर्वक

कार्यान्वित गर्नु, र निश्चित फलहरू प्राप्त गरिछाड्नु नेतृत्व-कलाकै अङ्ग हो।

उपर्युक्त

यसले (पार्टीको केन्द्रीय समितिको प्रादेशिक वा उप-प्रादेशिक ब्युरोले) निरन्तर रूपबाट कामको प्रगतिलाई समाउनुपर्छ, अनुभव साटासाट गर्नुपर्छ र भूलहरू सच्याउनुपर्छ। सामान्य जाँचबुझ तथा गल्तीहरूको सामान्य सुधारको निम्ति समीक्षा-सभाहरू हुनुभन्दा अघि महिनौं, आधा वर्ष वा एक वर्षसम्म यसले पर्खनुहुंदैन। पर्खनाले ठूलो हानि हुन्छ भने गल्तीहरू हुने बित्तिकै सच्याउनाले हानि कम हुन्छ।

"उद्योग तथा वाणिज्य सम्बन्धी नीतिका विषयमा" (फरवरी २७, १९४८)

समस्या नथुप्रिएसम्म र तिनलाई समाधान गर्ने कोशिश गर्नुभन्दा अघि नै थुप्रै अप्ठ्याराहरू आइ-

नलागेसम्म नपर्ख। नेताहरूले आन्दोलनभन्दा अघि लम्कनुपर्छ, पछि पर्नुहुंदैन।

"मौसमी आधारमा ठेक्का" को परिचयात्मक टिप्पणी (१९५५)

हामीले चाहेको उत्साहपूर्ण तर शान्त मनस्थिति र छिटो तर सिलसिला मिलेको काम हो।

"चीनको क्रान्तिकारी युद्धमा रणनीतिका समस्याहरू" (डिसेम्बर १९३६)

२३. जाँचबुझ र अध्ययन

व्यावहारिक काममा लागेको प्रत्येक व्यक्तिले तल्ला स्तरका अवस्थाहरूबारे खोजी-नीति गर्नैपर्छ। यस्तो खोजी-नीति खास गरी सिद्धान्त मात्र जानेका तर वास्तविक अवस्थाहरू नबुझेकाहरूको निम्ति विशेष आवश्यक छ नत्र उनीहरू सिद्धान्तलाई व्यवहारसित मिलाउन समर्थ हुनेछैनन्। "अनुसन्धान नभए बोल्ने अधिकार हुंदैन" भन्ने मेरो भनाइलाई "संकुचित व्यवहारवाद" भनी हाँसो उड़ाए तापनि यसो भनिएकोमा मलाई आजसम्म पछुताउ लागेको छैन; पछुताउ मान्नुको सट्टा म अझै जोड़ दिएर भन्छु, खोजी-नीति बिना सम्भवतः बोल्ने कुनै अधिकार हुन सक्तैन। "अफिसको बग्गीबाट ओर्लने बित्तिकै" फतफत गर्ने, विचार पोख्ने, यसको आलो-

चना गर्ने, त्यसको कुरा काट्ने धेरै मानिस हुन्छन् ; तर वास्तवमा ती दशमध्ये दशै जना आखिरमा असफल नै रहनेछन् । किनभने पूर्ण अनुसन्धानमा आधारित नभएका त्यस्ता दृष्टिकोण वा आलोचनाहरू आधारहीन नचाहिंदो बकवाद बाहेक केही होइनन् । यी "शाही दूतहरू" ले गर्दा हाम्रो पार्टीलाई अनगन्ती पल्ट नोक्सान भएको छ । जताततै दौड्ने यस्ता "शाही दूतहरू" झण्डै सबै ठाउँमा हुन्छन् । "क्रान्तिकारी व्यवहारसित सम्बन्धित भएन भने सिद्धान्त व्यर्थको हुन्छ" भनी स्तालिन मनासिबै भन्नुहुन्छ । र उहाँ यसमा यो कुरा उचितै थप्नुहुन्छ "क्रान्तिकारी सिद्धान्तबाट बाटो छर्लङ्ग्याइएन भने व्यवहार अन्धकारमय हुन्छ ।" भविष्यप्रति स्पष्ट दृष्टिकोण तथा दूरदर्शिता नभएका र अँध्यारोमा छामछाम-छुमछुम गर्ने "व्यावहारिक मान्छे" बाहेक अरू कसैलाई पनि "संकुचित व्यवहारवाद" को कल्की लाइदिनुहुंदैन ।

"ग्राम्य सर्भेक्षणको भूमिका र परिशिष्ट
(मार्च र अप्रिल १९४१)

यस्तो प्रवृत्ति लिनु तथ्यहरूबाट सत्य खोज्नु हो । वस्तुगत रुपमा रहेका सबै कुरा "तथ्य" हुन्, "सत्य" को अर्थ तिनका आन्तरिक सम्बन्धहरू हुन्, अर्थात्, तिनलाई संचालित गर्ने नियमहरू हुन्, र "खोज्नु" को अर्थ अध्ययन गर्नु हो । हामीले देश, प्रान्त, जिल्ला वा इलाकाका भित्री तथा बाहिरी वास्तविक अवस्थाहरूबाट आफ्नो अध्ययन थाल्नुपर्छ, र काल्पनिक होइन बरु तिनैबाट तिनलाई संचालित गर्ने वास्तविक नियमहरू झिकेर अर्थात् आफ्ना वरिपरि घटिरहेका घटनाहरूका आन्तरिक सम्बन्धहरू पत्ता लगाएर हाम्रा कार्यहरूलाई निर्देशित गर्नुपर्छ । र त्यसो गर्न हामीले मनोगत कल्पनामा होइन, क्षणिक उत्साहमा होइन, निर्जीव पुस्तकहरूमा होइन, वस्तुगत रूपमा रहेका तथ्यमा नै भर पर्नुपर्छ ; हामीले विस्तृत रूपमा सामग्रीहरूको अवश्य उपयोग गर्नुपर्छ र मार्क्सवाद-लेनिनवादका सर्वमान्य सिद्धान्तहरूद्वारा निर्देशित भई यसबाट सही निष्कर्शहरू झिकनुपर्छ ।

"हाम्रो अध्ययनलाई सुधार" (मे १९४१)

"आँखामा पट्टी बाँधेर भंगेरा समात्ने" वा "माछा समात्न खोज्ने अन्धो" ले झैं व्यवहार गर्नु, अधकल्चो र होस्ल्याङ हुनु, नचाहिने गफमा लाग्नु, अल्पज्ञानमै सन्तुष्ट भएर रहनु—हाम्रो पार्टीका धेरै कामरेड-हरूमा अझै रहेको धेरै नराम्रो कार्य-प्रणाली यही हो, यो प्रणाली मार्क्सवाद-लेनिनवादको आधारभूत भाव-नाको बिल्कुलै विपरीत छ। मार्क्स, एङ्गेल्स, लेनिन र स्तालिनले हामीलाई हामीले अवस्थाहरूको पूर्ण चेतन रूपले अध्ययन गर्नु आवश्यक छ र मनोगत इच्छाहरूबाट नभई वस्तुगत वास्तविकताबाट शुरू गर्नुपर्छ भनी सिकाउनुभएको छ; तर हाम्रा निकै कामरेडहरू यस सत्यको प्रत्यक्ष उल्लङ्घन गर्छन्।

उपर्युक्त

के तपाईं त्यस समस्याको समाधान गर्न सक्नुहुन्न? त्यसोभए त्यस समस्याका वर्तमान तथ्यहरू र विगत इतिहासको अनुसन्धान गर्नुहोस्! समस्याको पूर्ण रूपले जाँचबुझ गरिसकेपछि यसको समाधान कसरी

गर्ने भनी तपाईंले थाहा पाउनुहुनेछ। अनुसन्धानपछि मात्र निष्कर्षहरू निस्कन्छन् त्यसभन्दा अघिबाटै होइन। कुनै अनुसन्धान नगरी "समाधान निकाल्छु" वा "विचार पहिल्याउँछु" भनी मूर्खले मात्र आफैं वा डफ्फा सहित मगज थिलथिल्याउँछ। यसले अवश्य नै कुनै प्रभावकारी समाधान वा राम्रो विचारतिर लग्न सक्दैन भन्ने कुरा बुझ्नुपर्छ।

"पुस्तक-पूजाको विरोध गर" (मे १९३०)

अनुसन्धान भनेको गर्भ रहेको बेलाका लामा महिनाहरू झैं हो भने समस्याको समाधान गर्नु सुत्केरी भएको दिन झैं हो। कुनै समस्याको अनुसन्धान गर्नु नै वास्तवमा त्यसको समाधान गर्नु हो।

उपर्युक्त

(मार्क्सवादी-लेनिनवादी दृष्टिकोण लिएर) वरि-परिको वातावरणको क्रमबद्ध तथा पूर्ण अनुसन्धान र अध्ययनमा मार्क्सवाद-लेनिनवादका सिद्धान्त र प्रणा-

लीको उपयोग गर्नुपर्छ। उत्साहले मात्र होइन, तर स्तालिनले भन्नुभए झैं, क्रान्तिकारी जोशलाई व्यावहारिकतासित मिलाएर काम गर्नुपर्छ।

"हाम्रो अध्ययनलाई सुधारें" (मे १९४१)

अवस्थाहरू बुझ्ने एउटै बाटो सामाजिक अनुसन्धान गर्नु हो, समाजका विभिन्न वर्गहरूको जीवित अवस्थाको जाँच-बुझ गर्नु हो। कामलाई सन्चालन गर्ने जिम्मा लिएकाहरूको निम्ति अवस्थाहरू जान्ने आधारभूत तरीका केही सहर र गाउँमा दिगो रूपले बसेर मार्क्सवादको मौलिक दृष्टिकोण, अर्थात्, वर्ग-विश्लेषणको तरीका लिई योजनाबद्ध रूपले अनेक पल्ट पूर्ण अनुसन्धान गर्नु हो।

"ग्राम्य-सर्भेक्षणको भूमिका र परिशिष्ट"
(मार्च र अप्रिल १९४१)

तथ्य कुरा पत्ता लगाउने सभा ठूलो हुनुहुंदैन ; तीनदेखि पाँच वा सात-आठ जना पर्याप्त छन्।

चाहिंदो समय अवश्य दिनुपर्छ र अनुसन्धानको निम्ति रूपरेखा अवश्य तयार गर्नुपर्छ ; त्यस बाहेक, उ आफैंले प्रश्नहरू गर्नैपर्छ, भनेका कुराहरू टिप्नुपर्छ र उपस्थित भएकाहरूसित छलफल गर्नैपर्छ। अतः पूर्ण उत्साह, तलतिर हेर्ने निश्चय र ज्ञान प्राप्त गर्ने तिर्खा बिना र आडम्बरको कुरूप मखुण्डो नफुकाली तथा जिज्ञासु शिष्य नबनी कसैले पनि निश्चय नै अनुसन्धान गर्न सक्तैन वा गरे पनि राम्ररी गर्न सक्तैन।

उपर्युक्त

सेनापतिका सही बन्दोबस्तहरू निजका सही सङ्कल्पहरूबाट टुसाउँछन्, उसका सही सङ्कल्पहरू उसका सही निर्णयहरूबाट टुसाउँछन्, र सही निर्णयहरू सम्बन्धित ठाउँको पूर्ण र आवश्यक सैनिक जाँचबुझ तथा त्यस्तो जाँचबुझबाट जम्मा गरिएका विभिन्न किसिमका तथ्याङ्कहरूलाई शृङ्खलाबद्ध रूपबाट विचार गर्नाले निस्कन्छन्। उसले सैनिक जाँचबुझका सबै सम्भव र आवश्यक तरीकाहरूको उपयोग गर्छ

र शत्रुको स्थितिबारे जम्मा गरिएको सूचनामा काम नलाग्नेलाई पयाँकेर र आवश्यक छानेर, असत्यलाई मिल्काएर र सत्यलाई च्यापेर, एकदेखि अर्कोसम्म र बाहिरदेखि भित्रसम्म गहिरो विचार गर्छ, अनि उसले आफ्ना अवस्थाहरूको विषयमा ध्यान दिन्छ र दुवै पक्षहरू र त्यसका अन्तरसम्बन्धहरूको अध्ययन गर्छ र त्यसबाट आफ्ना निर्णयहरू झिक्दछ, निश्चित निधोमा पुग्दछ र योजना बनाउँछ। युद्ध-शास्त्रीले रणनीतिक योजना, अभियान-योजना वा लड़ाईंको योजनाको व्यवस्थापन गर्नुभन्दा अघि स्थितिलाई बुझ्ने पूरा क्रम यही नै हो।

"चीनको क्रान्तिकारी युद्धका रणनीतिका समस्याहरू" (डिसेम्बर १९३६)

२४. गलत विचारहरूलाई सच्याउनु

हामीले आफ्नो काममा ठूलठूला सफलताहरू हासिल गऱ्यौं भने पनि घमण्डी र अभिमानी हुने त्यस्तो कुनै कारण छैन। नम्रताले मानिसलाई अघि लम्कन मदत गर्छ भने घमण्डले उसलाई पछि पार्छ। यो हामीले सधैं मनमा राख्नुपर्ने सत्य हो।

"चिनियाँ कम्युनिस्ट पार्टीको आठौं राष्ट्रिय महाधिवेशनमा उद्घाटन-भाषण" (सेप्टेम्बर १५, १९५६)

विजयको साथसाथै, पार्टीभित्र केही मनोवृत्ति उत्पन्न हुन सक्छन्—अभिमान, मैले ठूलो योगदान गरेको छु भन्ने घमण्ड, शिथिलता र प्रगति गर्न अनि-

च्छा, ऐश आरामको चाहना र अनवरत कठिन जीवनप्रति अरुचि । विजयको साथसाथै, जनता हामीप्रति कृतज्ञ हुनेछन् र पूंजीपतिहरू हाम्रो झूठो प्रशंसा गर्न आउनेछन् । शत्रुहरूले हामीलाई शस्त्र-बल द्वारा जित्न सक्तैनन् भन्ने कुरा प्रमाणित भइसकेको छ । तैपनि हाम्रा पङ्क्तिभित्रका फितला मन भए-काहरूलाई पूंजीपतिका चिप्ला कुराले वशमा पार्नु सम्भव छ । केही कम्युनिस्टहरू बन्दूक भिरेका शत्रु-हरूद्वारा नजितिएका र त्यस्ता शत्रुका अगाड़ि डट्ने बहादुर भन्न सुहाउने तर चासनी लाएको गोलीको सामना गर्न नसक्ने हुन्छन् ; ती चासनी लाएका गोलीहरूद्वारा पराजित हुनेछन् । हामीले यस्तो परिस्थितिबाट अवश्य सजग रहनुपर्छ ।

"चिनियाँ कम्युनिस्ट पार्टीको सातौं केन्द्रीय समितिको दोस्रो प्लेनममा रिपोर्ट"
(मार्च ५, १९४९)

हामी आँखा चिम्लेर, गुण-दोष नकेलाई उनी-हरूमा लाग्यौं भने धेरै कुरा गुन्टा हुन सक्छन्, बोझ-

हरू हुन सक्छन् । केही उदाहरण लेखौं । गल्ती गरिसकेपछि तपाईंलाई जे आइपरोस् भन्ने लाग्न सक्छ र यसरी निरुत्साही हुनुहुन्छ । गल्ती गर्नुभए-को छैन भने तपाईंलाई आफू भूलबाट मुक्त छु भन्ने लाग्न सक्छ र यसरी घमण्डी बन्नुहुन्छ । काममा उपलब्धि भएन भने यसले नैराश्य र शिथिलता ल्याउनु सम्भव छ भने उपलब्धिले घमण्ड र अभि-मान ल्याउन सक्छ । सङ्घर्षको छोटो इतिहास भए-को कामरेड यसकारणले गर्दा जिम्मेवारीबाट पन्छिनु सम्भव छ भने सङ्घर्षको लामो इतिहासले गर्दा खपिस चाहिं हठी हुनु सम्भव छ । मजदूर र किसान कामरेडहरूले आफ्नो वर्ग-स्रोतको घमण्डले गर्दा बु-द्धिजीवीहरूलाई हेला गर्नु सम्भव छ भने बुद्धिजीवी-हरूले उनीहरूसँग केही ज्ञान भएकोले मजदूर तथा किसान कामरेडहरूलाई हेला गर्नु सम्भव छ । कुनै विशिष्ट सिपलाई आफ्नो पूंजी झैं व्यवहार गर्नु सम्भव छ र यसरी अभिमान र अरूको घृणातिर घचेटिनु सम्भव छ । कसैको उमेर नै पनि अभिमान-को क्षेत्र हुनु सम्भव हुन्छ । तन्नेरीहरूले उनीहरू

तेजिला र समर्थ भएकाले पाको उमेरकालाई हेला गर्नु सम्भव हुन्छ र पाकाहरूले अनुभवमा आफू धनी भएकाले तन्नेरीहरूलाई हेला गर्नु सम्भव छ। यस्ता सबै कुरा आलोचनात्मक चनाखोपना भएन भने बोझ अथवा भारी हुन्छन्।

"हाम्रो अध्ययन र तात्कालिक परिस्थिति" (अप्रिल १२, १९४४)

सेनामा रहेका केही कामरेडहरू घमण्डी र सिपाहीहरू जनता, सरकार तथा पार्टीप्रतिको व्यवहारमा उच्छृङ्खल भएका छन्, उनीहरू स्थानीय काम गरिरहेका कामरेडहरूलाई सधैं दोष दिन्छन् तर आफू कहिल्यै लाग्दैनन्। उनीहरू सधैं आफ्नै उपलब्धिहरू मात्र देख्छन् तर कहिल्यै आफ्ना कमीहरू देख्तैनन् र सधैं झूठो प्रशंसाको स्वागत गर्छन् तर कहिल्यै आलोचनाको स्वागत गर्दैनन्।... सेनाले यस्ता दोषहरू हटाउने प्रयत्न गर्नैपर्छ।

"सङ्गठित होऊ!" (नभेम्बर २९, १९४३)

कठिन काम बोक्न भनी हामीलाई हाँक दिइरहेको हाम्रो अगाड़ि राखिएको भारी झैं हो। कुनै भारी हलौं छन्, कुनै गह्रौं। केही मानिस गह्रौंभन्दा हलौं रोज्छन्। उनीहरू हलौं चाहिं आफू लिन्छन् र गह्रौं अरूलाई पन्छाउँछन्। यो राम्रो प्रवृत्ति होइन। केही कामरेडहरू भिन्नै हुन्छन्। उनीहरू सजिलो र सुविस्ता अरूको निम्ति छोड्छन् र आफू गह्रौं भारी लिन्छन्। दुःख-कष्ट सहन सबभन्दा अघि सर्छन् र सुविस्ता खोज्न सबभन्दा पछि बस्छन्। तिनीहरू असल कामरेड हुन्। हामी सबैले उनीहरूबाट कम्युनिस्ट भावना सिक्नुपर्छ।

"चुङकिङ समझौता-वार्ता" (अक्टोबर १७, १९४५)

गाह्रोभन्दा सजिलो काम मनपराउने, गाह्रो काम अरूलाई पन्छाउने र आफ्नो निम्ति सजिलो रोज्ने यसरी आफ्नो कामप्रति अनुत्तरदायी मानिसहरू थोरै छैनन्। हरेक काममा उनीहरू अरूकोभन्दा आफ्नो

बर्ता विचार गर्छन्। केही सानो देन दिंदा घमण्डले फुल्छन् र अरूलाई थाहा नहोला भन्ने डरले धाक लाएर हिंड्छन्। उनीहरू कामरेडहरू र जनताको स्नेह गर्दैनन् बरु तीप्रति रूखो, वास्ता नगर्ने र उदासीन हुन्छन्। वास्तवमा यस्ता मानिसहरू कम्युनिस्ट होइनन् अथवा कमसेकम, उनीहरूलाई सच्चा कम्युनिस्ट भनी गन्न सकिंदैन।

"नर्मन बेथ्युनको सम्झनामा" (डिसेम्बर २१, १९३९)

यस्तो किसिमको "स्वाधीनता" खोज्नेहरू खास गरी "मलाई पहिले" भन्ने मतका अनुयायी हुन् र सामान्यतया व्यक्ति र पार्टीको सम्बन्धको प्रश्नमा गलत छन्। पार्टीप्रति उनीहरू शब्दद्वारा आदर गर्दछन् तापनि व्यवहारमा उनीहरू आफूलाई पहिलो स्थान र पार्टीलाई दोस्रो स्थान दिन्छन्। ती मानिस केका पछि छन्? उनीहरू ख्याति र पदवीका पछि छन् र प्रकाशमा रहन चाहन्छन्। कामको केही जिम्मा लिंदा उनीहरू आफ्नो "स्वाधीनता"

खोज्छन्। यस उद्देश्यले, उनीहरू केही मानिसलाई भित्र तान्छन्, अरूलाई बाहिर घचेट्छन् र कामरेडहरूका बीच घमण्ड गर्ने, झुठो प्रशंसा र दलाली गर्ने व्यस्त हुन्छन्। यसरी कम्युनिस्ट पार्टीभित्र पूंजीवादी राजनैतिक पार्टीहरूको नीच प्रणाली भित्र्याउँछन्। उनीहरूलाई शोकमा पार्ने कुरो उनीहरूकै बेईमानी हो। मलाई विश्वास छ हामीले ईमानदारीपूर्वक काम गर्नुपर्छ, किनभने ईमानदार प्रवृत्ति बिना संसारमा कुनै कुरा पनि पूरा गर्नु बिल्कुलै असम्भव छ।

"पार्टीको कार्य-प्रणालीलाई सच्याऊ" (फरवरी १, १९४२)

कम्युनिस्टहरूले अंशका आवश्यकताहरूलाई सम्पूर्णका आवश्यकताहरूको अधीनस्थ राख्ने सिद्धान्तलाई बुझ्नैपर्छ। कुनै प्रस्ताव आंशिक स्थितिको निम्ति, तर सम्पूर्ण स्थितिको निम्ति होइन, व्यावहारिक देखिन्छ भने त्यस बेला अंशले सम्पूर्णलाई बाटो दिनुपर्छ। यसको विपरीत, कुनै प्रस्ताव आंशिक स्थितिको निम्ति होइन सम्पूर्ण स्थितिलाई

ध्यानमा राखी हेर्दा व्यावहारिक देखिन्छ भने पनि अंशले नै सम्पूर्णलाई बाटो दिनुपर्छ। सम्पूर्ण स्थितिलाई ध्यानमा राख्नुको अर्थ यही हो।

"राष्ट्रिय युद्धमा चिनियाँ कम्युनिस्ट पार्टीको भूमिका" (अक्टोबर १९३८)

सोख खोज्नु। लाल सेनामा यस्ता मानिस पनि कम छैनन् जसको व्यक्तिवाद सोख खोज्नुमा व्यक्त हुन्छ। उनीहरू सधैं आफ्नो एकाई ठूल्ठूला सहरमा जानेछ भनी आशा गर्छन्। उनीहरू काम गर्न होइन तर मज्जा उड़ाउन त्यहाँ जान चाहन्छन्। उनीहरूको निम्ति सबभन्दा अनिच्छित कुरा कठिन जीवन बिताउनुपर्ने लाल क्षेत्रहरूमा काम गर्नु हो।

"पार्टीभित्रका गलत विचारहरूलाई सच्याउने विषयमा" (डिसेम्बर १९२९)

हामीले स्वार्थी विभागीयवादको प्रवृत्तिको, जसबाट अरूको हितलाई वास्ता नगरी आफ्नै एकाईको

मात्र हित हेरिन्छ, विरोध गर्नैपर्छ। अरूका अप्ठ्याराहरूप्रति वास्ता नराख्ने, अरू एकाईहरूले आग्रह गर्दा कार्यकर्ताहरू पठाउन इन्कार गर्ने अथवा तल्ला कार्यकर्ताहरू मात्र पठाउने, "आफ्नो खेतमा बर्ता भएको पानी पठाउन छिमेकीको खेतलाई निकासको रूपमा प्रयोग गर्ने" र अरू विभाग, ठाउँ र मानिसहरूको अलिकति पनि विचार नगर्ने व्यक्ति साम्यवादको भावनालाई पूर्ण रूपले गुमाएको स्वार्थी विभागीयवादी हो। सम्पूर्णको विचार नराख्नु र अरू विभाग, ठाउँ र मानिसहरूप्रति पूरै वास्ता नराख्नु स्वार्थी विभागीयवादीका विशेषताहरू हुन्। यस्ता व्यक्तिहरूलाई शिक्षित पार्न र स्वार्थी विभागीयवाद गुटवादको प्रवृत्ति हो र यसलाई विकसित हुन दिइयो भने यो ज्यादै डरलाग्दो हुनेछ भन्ने कुरा उनीहरूलाई बुझ्न लाउन हामीले आफ्ना प्रयत्नहरू बढ़ाउनैपर्छ।

"पार्टीको कार्य-प्रणालीलाई सच्याऊ" (फरवरी १, १९४२)

उदारवाद विभिन्न रूपमा देखा पर्छ। कसैले स्पष्ट रूपमा गल्ती गरे तापनि, पुरानो चिनजानको, एकै ठाउँको, स्कूलको साथी, घनिष्ठ मित्र, प्रियपात्र र पुरानो सहकर्मी अथवा मातहतमा रहेको हो भनी शान्ति र मित्रताको लागि केही नभनी बस्नु, सिद्धान्तको आधारमा तर्क नगर्नु अथवा राम्रो सम्बन्ध रहिरहोस् भनी पूर्ण रूपमा समाधान गर्नुको सट्टा हलौं तवरबाट आलोचना गर्नु। फलस्वरूप सङ्गठन र व्यक्ति दुवैको नोक्सान हुन्छ। यो पहिलो किसिम हो।

सङ्गठनको अगाड़ि आफ्ना सुझाउहरू सक्रिय रूपबाट राख्नुको सट्टा व्यक्तिगत तहमा अनुत्तरदायी आलोचनामा लाग्नु। मानिसहरूका अगाड़ि केही नभनी उनीहरूका पछिल्तिर कुरा काट्नु अथवा सभामा केही नभन्नु तर पछि कुरा काट्नु। सामूहिक जीवनका सिद्धान्तहरूप्रति बिल्कुलै ध्यान नदिनु तर आफ्नै इच्छानुसार चल्नु। यो दोस्रो किसिम हो।

व्यक्तिगत रूपमा सम्बन्ध नभए चूप लागेर बस्नु ; गल्ती के हो भन्ने कुरा राम्ररी थाहा पाउँदा-

पाउँदै पनि सकेसम्म कम बोल्नु ; दुनियाको अगाड़ि आफूलाई बुद्धिमान ठान्नु र आफ्नो बचाउको निम्ति दोषारोपण पन्छाउन मात्र खोज्नु। यो तेस्रो किसिम हो।

आदेशहरूको पालन नगर्नु तर आफ्नो मतलाई पहिलो स्थान दिनु। सङ्गठनबाट विशेष सहूलियतको माग गर्नु तर अनुशासनको पालन गर्न अस्वीकार गर्नु। यो चौथो किसिम हो।

एकता अथवा प्रगति वा काम सुचारू रूपबाट होस् भनी गलत विचारहरूका विरुद्ध सङ्घर्ष गर्नु र वाद-विवाद चलाउनुको सट्टा व्यक्तिगत आक्षेपमा लाग्नु, झै-झगड़ा गर्नु, व्यक्तिगत शिकायत गर्नु अथवा बदला लिन खोज्नु। यो पाँचौं किसिम हो।

खण्डन नगरी गलत विचारहरू सुनिरहनु र प्रतिक्रान्तिकारी कुराहरू सुनेर पनि रिपोर्ट नदिनु, अझ केही नभए झैं गरी चूप लागेर ती कुरा सहिरहनु। यो छैठौं किसिम हो।

कम्युनिस्ट हुँ भन्ने बिर्सेर, आफूलाई साधारण

अ-कम्युनिस्ट जस्तो ठानी जनताका बीच हुंदा पनि प्रचार र आन्दोलन गर्न वा सभाहरूमा भाषण गर्न वा अनुसन्धान र सोधपूछ गर्न चुक्नु, र जनताको वास्ता नगर्ने हुनु र उनीहरूको सन्चो-सुविस्तापट्टि ध्यान नदिनु। यो सातौं किसिम हो।

कसैले जन-समूहको हितमाथि आघात पुऱ्याइरहेको देखेर पनि रिस नउठ्नु, अथवा त्यसलाई त्यसो नगर नभन्नु वा नरोक्नु अथवा उसलाई वस्तु-स्थिति नबुझाउनु बरु उसलाई यसो गरिरहन दिनु। यो आठौं किसिम हो।

कुनै निश्चित योजना वा लक्ष्य बिना मन नलाइकन काम गर्नु; कुनै विचार नगरी मेशीनले झैं काम गर्नु, "भिक्षु भएसम्म घण्टी बजाउँदै जान्छु" भनी जसो तसो गरी काम गर्नु। यो नवौं किसिम हो।

आफूले क्रान्तिको निम्ति ठूलो योगदान दिएँ भनी सम्झनु, आफू खपिस छु भनी गर्व गर्नु, ठूलो काममा आफू अयोग्य भए पनि सानो कामलाई हेला गर्नु, काममा लापरवाही र अध्ययनमा अल्छी हुनु।

यो दसौं किसिम हो।

आफ्नो गल्ती थाहा पाउँदापाउँदै पनि आफू-प्रति उदार दृष्टिकोण लिएर सच्याउने प्रयत्न नगर्नु। यो एघारौं किसिम हो।

"उदारवादको विरोध गर" (सेप्टेम्बर ७, १९३७)

क्रान्तिकारी समूहको लागि उदारवाद ज्यादै हानिकारक छ। यो एक किसिमको खियाउने चीज हो, जसले एकतालाई नाश गरिदिन्छ, सम्बन्धलाई खुकुलो पार्छ, कामलाई निस्क्रिय तुल्याउँछ र मत-भेद उत्पन्न गरिदिन्छ। यसले क्रान्तिकारी पङ्क्तिको ठोस सङ्गठन र दृढ अनुशासनलाई भङ्ग गरिदिन्छ, नीतिहरूलाई पूर्ण कार्यान्वयनबाट रोक्छ र पार्टीले नेतृत्व गर्ने जन-समूहबाट पार्टी-सङ्गठनहरूलाई अलग्ग पार्छ। यो हुनुसम्म खराब प्रवृत्ति हो।

उपर्युक्त

उदारवादी मानिसहरू मार्क्सवादी सिद्धान्तहरूलाई खोक्रो सुत्रका रूपमा हेर्छन् । उनीहरू मार्क्स वादलाई स्वीकार गर्छन् तर व्यवहारमा लागू गर्न अथवा पूर्णतया लागू गर्न तयार हुंदैनन्; उनीहरू आफ्नो उदारवादलाई पन्छाएर मार्क्सवाद लिन तयार हुंदैनन्। यी मानिससँग मार्क्सवाद त हुन्छ तर उनीहरूसित तिनको उदारवाद पनि हुन्छ— उनीहरू मार्क्सवादको कुरा गर्छन् तर व्यवहारमा उदारवाद लागू गर्छन् ; उनीहरू अरूको निम्ति मार्क्सवाद लागू गर्छन् र आफ्नो निम्ति भने उदारवाद लागू गर्छन्। उनीहरूको भंडारमा दुवै किसिमका सामान हुन्छन् र ती हरेकको प्रयोग गर्छन्। कुनै कुनै मानिसको मगजले यसै गरी काम गर्छ।

उपर्युक्त

जनताको राज्यले जनताको रक्षा गर्छ। जनताको यस्तो राज्य भएपछि मात्र देशव्यापी रूपले हरेकले भाग लिएर उनीहरू आफैंले जनतान्त्रिक प्रणालीद्वारा शिक्षित हुन र परिष्कृत हुन सक्छन् । स्वदेशी तथा विदेशी प्रतिक्रियावादीहरूको प्रभाव (यो प्रभाव अहिलेसम्म धेरै बलियो रहेको छ, धेरै समयसम्म रहिरहने छ र तुरून्तै नष्ट गर्न नसकिने छ) लाई फ्याँक्न सक्छन्, पुरानो समाजमा प्राप्त खराब बानी र विचारहरूबाट उम्कन सक्छन्, प्रतिक्रियावादीहरूबाट आफूलाई पथभ्रष्ट गर्न नदिन सक्छन् र निरन्तर अघि लम्कन — समाजवादी र साम्यवादी समाजतिर लम्कन सक्छन् ।

"जनताको जनवादी अधिनायकत्वका विषयमा" (जून ३०, १९४९)

कसैले पनि एक-दुई राम्रा काम गर्नु गाह्रो छैन। गाह्रो कुरा त जीवनभरि राम्रो काम गर्नु हो र खराब कुरा कहिल्यै नगर्नु हो, सधैंभरि व्यापक जनसमूह, तन्नेरीहरू र क्रान्तिको हित अनुसार काम गर्नु हो र आखिरसम्म, कैयौं दशकसम्म कठिन सङ्घर्षमा लाग्नु हो। सबैभन्दा गाह्रो काम यही हो !

"कामरेड वू यु-चाङको ६० यौं जन्मदिवसमा शुभ-कामना-सन्देश" (जनवरी १५, १९४०)

२५. एकता

हाम्रो देशको एकीकरण, हाम्रा जनताको एकता र हाम्रा विभिन्न जातिहरूको एकता नै हाम्रो उद्देश्यको निश्चित विजयको आधारभूत ग्यारण्टी हुन् ।

"जनताका अन्तरविरोधहरूको सही सन्चा-
लनका विषयमा" (फरवरी २७, १९५७)

कम्युनिस्ट पार्टीको एकताद्वारा मात्र सम्पूर्ण वर्ग-को एकता र सम्पूर्ण राष्ट्रको एकता प्राप्त गर्न सकिन्छ, र सम्पूर्ण वर्ग र सम्पूर्ण राष्ट्रको एकताद्वारा मात्र

शत्रुलाई पराजित गर्न सकिन्छ र राष्ट्रिय र जनवादी क्रान्ति पूरा गर्न सकिन्छ ।

"जापानी आक्रमण-विरोधी राष्ट्रिय संयुक्त
मोर्चाको लागि लाखौंको संख्यामा जन-
समूहहरूलाई आफूपट्टि तान" (मे ७,
१९३७)

हामी आफ्नो पार्टीका सबै शक्तिलाई सङ्गठन र अनुशासनका जनतान्त्रिक केन्द्रीयतावादी सिद्धान्त-हरूमा दृढ़तापूर्वक एकगठ पार्नेछौं । पार्टीका कार्यक्रम, विधान र निर्णयहरूलाई मान्ने जुनसुकै कामरेडसित पनि हामी एकता गर्नेछौं ।

"संयुक्त सरकारका विषयमा" (अप्रिल
२४, १९४५)

जनताका अन्तरविरोधहरूको समाधान गर्ने यस जनवादी तरीकालाई "एकता, आलोचना, एकता" भन्ने सूत्रको रूपमा १९४२ मा सारांश निकालिएको थियो । स्पष्ट रूपमा भन्ने हो भने यसको अर्थ एकताको

इच्छाद्वारा शुरू गर्नु, आलोचनाद्वारा वा सङ्घर्षद्वारा अन्तरविरोधहरूको समाधान गर्नु र नयाँ आधारमा, नयाँ एकतामा पुग्नु हो। हाम्रो अनुभवमा, जनताका अन्तरविरोधहरूलाई समाधान गर्ने सही प्रणाली यही नै हो।

"जनताका अन्तरविरोधहरूको सही सन्चालनका विषयमा" (फरवरी २७, १९५७)

यो (हाम्रो) सेनाले आफ्नो पङ्क्तिभित्र र पङ्क्ति बाहिरकाहरूसित उल्लेखनीय एकता हासिल गरेको छ। भित्र, सेना-नायक र जवानहरूमा, उपल्ला र तल्ला पङ्क्तिहरूमा र सैनिक कार्य, राजनैतिक कार्य र पृष्ठभागीय सेवा-कार्यमा एकता छ; र बाहिर, सेना र जनतामा, सेना र सरकारी सङ्गठनहरूमा र हाम्रो सेना र मित्र-सेनाहरूमा एकता छ। यस एकतालाई हानि पुर्‍याउने जुनसुकै कुरामाथि पनि हामीले विजय प्राप्त गर्नैपर्छ।

"संयुक्त सरकारका विषयमा" (अप्रिल २४, १९४५)

२६. अनुशासन

जनताका पङ्क्तिभित्र, जनवाद केन्द्रसित र स्वतन्त्रता अनुशासनसित सम्बद्ध छ। ती एकै अस्तित्वका दुइ विपरीत पक्ष हुन्, परस्पर विरोधी हुनाका साथै संयुक्त पनि हुन् र हामीले एकतर्फी भएर एउटालाई अस्वीकार गरी अर्कोलाई मात्र जोड़ दिनुहुंदैन। जनताका पङ्क्तिहरूभित्र, स्वतन्त्रता बिना हामी चल्न सक्तैनौं न अनुशासन बिना नै चल्न सक्छौं; जनवाद बिना हामी चल्न सक्तैनौं न केन्द्रीयता बिना नै चल्न सक्छौं। जनवाद र केन्द्रीयताको, स्वतन्त्रता र अनुशासनको सम्मिश्रणले हाम्रो जनवादी केन्द्रीयता बन्दछ। यस व्यवस्थामा, जनताले पर्याप्त जनवाद र

स्वतन्त्रताको उपभोग गर्छन् तर यसका साथै उनीहरूले समाजवादी अनुशासनका सीमाभित्र रहनुपर्दछ।

"जनताका अन्तरविरोधहरूको सही सन्चालनका विषयमा" (फरवरी २७, १९५७)

हामीले पार्टीको अनुशासनलाई पुनर्पुष्टि गर्नैपर्छ, जस्तै—

(१) व्यक्ति सङ्गठनको अधीनस्थ हुन्छ ;

(२) अल्पमत बहुमतको अधीनस्थ हुन्छ ;

(३) तल्लो तह माथिल्लो तहको अधीनस्थ हुन्छ र

(४) जम्मै सदस्यता केन्द्रीय समितिको अधीनस्थ हुन्छ।

कसैले अनुशासनका यी नियमहरूको उल्लङ्घन गर्छ भने उसले पार्टी-एकतालाई भङ्ग गर्छ।

"राष्ट्रिय युद्धमा चिनियाँ कम्युनिस्ट पार्टीको भूमिका" (अक्टोबर १९३८)

अल्पमतले बहुमतलाई मान्यता दिनु पार्टी-अनुशासनहरूमध्ये एक हो। अल्पमतको विचार अस्वीकृत गरिएको छ भने यसले बहुमतले स्वीकृत गरेको निर्णयलाई समर्थन गर्नैपर्छ। आवश्यक पऱ्यो भने, अर्को सभामा यसले पुनः विचारार्थ त्यस कुरालाई ल्याउन सक्छ तर त्यस बाहेक कुनै किसिमबाट पनि यसले निर्णयको विरुद्ध काम गर्नुहुन्न।

"पार्टीभित्रका गलत विचारहरूलाई सच्याउने विषयमा" (डिसेम्बर १९२९)

अनुशासनका तीन मुख्य नियम यी हुन् :

(१) आफ्ना सबै काममा आदेशहरूको पालन गर।

(२) जनताबाट एउटा सियो र धागोको टुक्रासम्म पनि नलेऊ।

(३) कब्जा गरेको प्रत्येक कुरा सङ्गठनलाई बुझाऊ।

ध्यान दिनुपर्ने आठ कुरा यी हुन् :

(१) नम्र भएर बोल ।

(२) आफूले किनेका मालको सुपथ मोल तिर ।

(३) आफूले पैंचो लिएको प्रत्येक कुरो फर्काऊ ।

(४) आफूले बिगारेको जुनसुकै कुराको पनि मोल तिर ।

(५) जनतालाई कुटपिट र हप्काउने नगर ।

(६) बाली नबिगार ।

(७) स्वास्नीमानिसहरूसित छाड़ा व्यवहार नगर ।

(८) बन्दीहरूसित नराम्रो व्यवहार नगर ।

"अनुशासनका तीन मुख्य नियम र ध्यान दिनुपर्ने आठ कुराहरूको पुनर्प्रकाशनमा—चिनियाँ जन-मुक्तिसेनाको केन्द्रीय कार्यालयको निर्देशन" (अक्टोबर १०, १९४७)

तिनीहरू (हाम्रो सेनाका सबै सेना-नायक र सिपाहीहरू)-ले अनुशासनको भावनालाई ऊंचो उठाउनैपर्छ र आदेशहरू, हाम्रो नीति, अनुशासनका तीन मुख्य नियम र ध्यान दिनुपर्ने आठ कुराहरूको (सेना र जनता, सेना र सरकार, सेना-नायक र सिपाहीहरू र सम्पूर्ण सेनासित संयुक्त भएर) दृढ़तापूर्वक पालन गर्नैपर्छ र अनुशासन तोड्न दिनुहुन्न ।

"चिनियाँ जन-मुक्तिसेनाको घोषणापत्र" (अक्टोबर १९४७)

२७. आलोचना र स्व-आलोचना

कम्युनिस्ट पार्टी आलोचनादेखि डराउँदैन किनभने हामीहरू मार्क्सवादी हौं, सत्य हाम्रो पक्षमा छ, र आधारभूत जन-समूह, मजदूर र किसानहरू हाम्रो पक्षमा छन् ।

"प्रचार-कार्य सम्बन्धी चिनियाँ कम्युनिस्ट पार्टीको राष्ट्रिय सम्मेलनमा भाषण" (मार्च १२, १९५७)

पूर्णतः भौतिकवादीहरू निडर हुन्छन् ; हाम्रा सबै योद्धा साथीहरूले आफ्ना जिम्मेवारीहरू साहस-पूर्वक वहन गर्नेछन्, सबै कठिनाइलाई जित्नेछन्,

बाधादेखि नडराई अरूले आफूलाई खिसी गर्लान् अथवा के भन्लान् भनेर अनकनाउनेछैनन्, न हामी कम्युनिस्टहरूलाई आलोचना गर्न र सुझाउहरू दिन अनकनाउने नै छन् भनी हामी आशा गर्छौं। "जो हजारौं मारबाट हुने मृत्युदेखि डराउँदैन उसले नै बादशाहलाई घोड़ाबाट खसाल्ने आँट गर्छ" — समाज-वाद र साम्यवादको निर्माण गर्न हाम्रो सङ्घर्षमा चाहिने दुर्जय भावना यही हो ।

उपर्युक्त

हामीहरूसँग आलोचना र स्व-आलोचनाको मार्क्स-वादी-लेनिनवादी हतियार छ। हामीहरू खराब शैली-लाई फ्याँक्न सक्छौं र असललाई जोगाउन सक्छौं ।

"चिनियाँ कम्युनिस्ट पार्टीको सातौं केन्द्रीय समितिको दोस्रो प्लेनममा रिपोर्ट" (मार्च ५, १९४९)

स्व-आलोचनाको सचेतन अभ्यास हाम्रो पार्टी-लाई अरू सबै राजनैतिक पार्टीहरूबाट छुट्याउने

अर्को चिन्ह हो। कोठा नियमित रूपले बढ़ारिंदैन भने धुलो जम्मा हुनेछ, आफ्नो मुख नियमित रूपले धोएनौं भने फोहर होला भनी हामीहरूले भनेका थियौं। हाम्रा कामरेडहरूको विचार र हाम्रो पार्टीको काममा पनि धुलो लाग्नु सम्भव छ र बढ़ार्नु र धुनु आवश्यक छ। "बगिरहेको पानी कहिल्यै बासी हुंदैन र ढोकाको कब्जा किराले खाँदैन" भन्ने उखानको अर्थ निरन्तरको गतिले जीवाणुहरू र अरू जीवजन्तुहरूको आक्रमणलाई रोक्छन् भन्ने हो। आफ्नो कामको नियमित रूपले जाँच गर्नु, र जाँच गर्ने क्रममा जनतान्त्रिक कार्य-प्रणाली विकसित गर्नु, आलोचना अथवा स्व-आलोचनादेखि नडराउनु, र "आफूले थाहा पाएका जम्मै कुरा भन, केही बाँकी नराखी भन", "वक्तालाई दोष नदेऊ तर उसका भनाइबाट होसियार होऊ" र "आफूले गल्ती गरेको भए सच्याऊ, र गल्ती गरेका छैनौ भने हुन नपाउन् भनी चनाखो होऊ" जस्ता असल र प्रख्यात चिनियाँ उखानहरू प्रयोग गर्नु नै हाम्रा कामरेडहरूको विचार र हाम्रो पार्टीको शरीरलाई दूषित गर्ने सबै किसिमका राजनैतिक धुलो र

जीवाणुहरूलाई रोक्ने एक मात्र प्रभावकारी बाटो हो।

"संयुक्त सरकारका विषयमा" (अप्रिल २४, १९४५)

पार्टीभित्र विभिन्न किसिमका विचारहरूका बीच विरोध र सङ्घर्ष निरन्तर चलिरहन्छन्; यो समाज-मा भएका वर्ग-अन्तरविरोध र नयाँ तथा पुरानाका बीचका अन्तरविरोधको पार्टीभित्र पर्ने प्रतिबिम्ब हो। पार्टीभित्र अन्तरविरोधहरू रहेनन् भने र तिनलाई समाधान गर्ने विचारधारात्मक सङ्घर्षहरू भएनन् भने पार्टीको जीवनको अन्त्य हुनेछ।

"अन्तरविरोधका विषयमा" (अगस्ट १९३७)

हामीहरू सक्रिय सैद्धान्तिक सङ्घर्षको पक्षमा छौं किनभने यो हाम्रो सङ्घर्षको हितको निम्ति पार्टी-भित्र र क्रान्तिकारी सङ्गठनहरूभित्र एकता कायम

गर्ने हतियार हो। प्रत्येक कम्युनिस्ट र क्रान्तिकारीले यो हतियार लिनुपर्छ।

तर उदारवादले सैद्धान्तिक सङ्घर्षलाई इन्कार गर्छ र सिद्धान्तहीन शान्तिको पक्ष लिन्छ, यसरी भ्रष्ट, उत्ताउलो प्रवृत्तिलाई जन्म दिएर पार्टी तथा क्रान्तिकारी सङ्गठनभित्रका केही एकाई र व्यक्ति-हरूमा राजनैतिक पतन ल्याइदिन्छ।

"उदारवादको विरोध गर" (सेप्टेम्बर ७, १९३७)

मनोगतवाद, गुटवाद र अपरिवर्तनीय पार्टी-लेखको विरोध गर्दा हामीले दुइ उद्देश्यलाई ध्यानमा राख्नु-पर्छ: पहिलो, "भविष्यमा जोगिन बितेका गल्तीहरूबाट सिक" र दोस्रो, "रोगीलाई बचाउन रोगलाई निको तुल्याऊ"। बितेको समयका भूलहरूलाई कसैको मुला-हिजा नगरी अवश्य उदाङ्ग पार्नुपर्छ; भविष्यको काम बर्ता होशियारीसित र राम्ररी गर्न गत समयमा भएका नराम्रा कुराको वैज्ञानिक दृष्टिकोणबाट विश्ले-

षण र आलोचना गर्नु आवश्यक छ। "भविष्यमा जो-गिन बितेका गल्तीहरूबाट सिक" भन्नुको अर्थ यही हो। तर भूलहरूलाई उदाङ्ग पार्ने र कमीहरूको आलोचना गर्ने हाम्रो उद्देश्य डाक्टरको जस्तो हो जसको एकमात्र उद्देश्य रोग हटाउन रोगीलाई बचाउनु हो, उसलाई मार्न भनेर उपचार गर्नु होइन। आपे-न्डिसाइटिस भएको व्यक्ति शल्यचिकित्सकले उसको आपेन्डिस झिकिदियो भने बाँच्छ। आफूले गल्ती गरेको व्यक्तिले जबसम्म उपचारदेखि डराएर आफ्नो रोगलाई लुकाउँदैन अथवा आफ्नो गल्तीमा हठपूर्वक लाग्दैन र असाध्य अवस्थामा पुगेको छैन भने, जबसम्म उ ईमानदारीपूर्वक तथा हृदयदेखि निको हुन चाहन्छ र आफ्नो गल्ती सपार्न चाहन्छ, हामी-हरूले उसलाई स्वागत गर्नुपर्छ र उसको रोगलाई निको तुल्याउनुपर्छ जसबाट उ एक असल कामरेड हुन सकोस्। उसमाथि झम्टी मात्र रह्यौं भने हामीहरू कहिल्यै सफल हुन सक्तैनौं। सैद्धान्तिक र राजनैतिक रोगको उपचार गर्दा, कसैले पनि रूखो र अविवेकी हुनुहुंदैन बरु "रोगीलाई बचाउन रोग निको पार्ने"

बाटो लिनुपर्छ, यही मात्र सही र प्रभावकारी तरीका हो ।

"पार्टीको कार्य-शैलीलाई सच्याऊ" (फरवरी १, १९४२)

पार्टीभित्रको आलोचनाको सम्बन्धमा उल्लेख गर्नुपर्ने अर्को विषय चाहिं केही कामरेडहरूले आलोचना गर्दा ठूला विषयमा वास्ता नगरी सानातिना कुरामा ध्यान दिन्छन् भन्ने हो । आलोचनाको मुख्य काम राजनैतिक र सङ्गठनात्मक भूलहरूलाई औंल्याउनु हो भन्ने उनीहरू बुझ्दैनन् । व्यक्तिगत कमीहरूको हकमा, ती राजनैतिक र सङ्गठनात्मक भूलहरूसित सम्बन्धित नभए त्यसमा बढ़ी आलोचक हुनु अथवा सम्बन्धित कामरेडहरू अलमल्ल पर्ने गरी चल्नु त्यति आवश्यक छैन । फेरि, यस्ता आलोचनाहरू एक चोटि विकसित भएपछि, पार्टीभित्र सानातिना गल्तीहरूमा मात्र ध्यान केन्द्रित हुने, र प्रत्येक व्यक्ति कातर र

अनावश्यक रूपले होशियार हुने र पार्टीका राजनैतिक कार्यहरू गर्न बिर्सने ठूलो खतड़ा हुन्छ ।

"पार्टीभित्रका गलत विचारहरूलाई सच्याउने विषयमा" (डिसेम्बर १९२९)

पार्टीभित्रको आलोचनामा मनोगतवाद, निरङ्कुशता र उच्छृङ्खल आलोचनाको विरोधमा सचेत होऊ ; भनाइहरू तथ्यमा आधारित हुनुपर्छ र आलोचनाले राजनैतिक पक्षलाई जोड़ दिनुपर्छ ।

उपर्युक्त

पार्टीभित्रको आलोचना पार्टी-सङ्गठनलाई सुदृढ़ पार्ने र यसको सङ्घर्ष गर्ने शक्तिलाई बढ़ाउने हतियार हो । तैपनि लाल सेनाको पार्टी-सङ्गठनभित्र आलोचना कहिलेकाहीं त यस किसिमको छैन र आलोचनाले व्यक्तिगत आक्षेपको रूप लिन्छ । फलस्वरूप, यसले व्यक्तिहरू र पार्टी-सङ्गठनलाई पनि हानि पुऱ्याउँछ । यो निम्न बुर्जुवा व्यक्तिवादको अभिव्य-

क्ति हो। यसलाई सच्याउने तरीका पार्टी-सदस्यहरूलाई आलोचनाको तात्पर्य वर्ग-सङ्घर्षमा विजय प्राप्त गर्ने सङ्घर्ष गर्ने शक्ति बढ़ाउनु हो र यसलाई व्यक्तिगत आक्षेप गर्ने साधन झैं प्रयोग गर्नुहुंदैन भन्ने कुरा बुझ्न मदत गर्नु हो।

उपर्युक्त

हामीमा कमीहरू छन् भने, तिनलाई कसैले देखाउँदा वा आलोचना गर्दा हामी डराउँदैनौं किनभने हामी जनताको सेवा गर्छौं। कसैले पनि हाम्रा कमीहरूलाई देखाउन सक्छ। उसले भनेको सही छ भने हामी ती गल्तीहरू सच्याउछौं। उसले प्रस्ताव राखेकोबाट जनतालाई फाइदा हुन्छ भने हामीहरू त्यसरी नै काम गर्छौं।

"जनताको सेवा गर" (सेप्टेम्बर ८, १९४४)

चिनियाँ जनताको बहुसङ्ख्यक समूहका सर्वोच्च हितहरूमा आफ्ना सबै कार्यहरूलाई आधारित गर्ने र आफ्नो उद्देश्य पूर्ण रूपले न्यायोचित छ भन्ने कुराप्रति विश्वस्त भएका हामी चिनियाँ कम्युनिस्टहरू कुनै पनि व्यक्तिगत त्यागदेखि कहिल्यै डराउँदैनौं र जुनसुकै समयमा पनि उद्देश्यको निम्ति ज्यान दिन तयार छौं भने के हामीहरू जनताका आवश्यकतासित नमिल्ने कुनै विचार, दृष्टिकोण, मत वा कार्य-प्रणालीलाई फ्याँक्न अनिच्छुक हुन सक्छौं? के हामीहरू आफ्ना सफा मुखमा फोहर तुल्याउन अथवा हाम्रा स्वस्थ शरीरहरूलाई दूषित पार्ने राजनैतिक धूलो र किटाणुहरू रहन दिन इच्छुक हुन सक्छौं? अनगन्ती क्रान्तिकारी शहीदहरूले जनताको हितको लागि आफ्नो ज्यान दिइसकेका छन् र हामी जिउँदाहरूले उनीहरूको विषयमा विचार गर्दा हाम्रो हृदय दुःखले भरिन्छ — यसो भएपछि हामीले त्याग गर्न नसक्ने कुनै व्यक्तिगत स्वार्थ अथवा हामीले नहटाउने कुनै गल्ती हुन सक्छ?

"संयुक्त सरकारका विषयमा" (अप्रिल २४, १९४५)

हामीले कुनै सफलतामा पनि सन्तुष्ट हुनुहुंदैन। फोहर हटाउन र सफा राख्न जसरी हामीले दिनहुँ

मुख धुनुपर्छ र भुईं बढ़ार्नुपर्छ त्यसरी नै हाम्रो स्व-सन्तोषलाई रोक्नुपर्छ र हाम्रा गल्तीहरूको निरन्तर आलोचना गर्नुपर्छ।

"सङ्गठित होऊ!" (नभेम्बर २९, १९४३)

आलोचना गर्दा, समयमै आलोचना गर, घटना घटेपछि मात्र आलोचना गर्ने बानीमा नफस।

"कृषि-सहयोगको प्रश्नका विषयमा" (जुलाई ३१, १९५५)

गल्ती र बाधाहरूबाट सिकाइएकाले, हामीहरू झन् बुद्धिमान भएका छौं र बर्ता राम्ररी कामहरूको सन्चालन गर्छौं। कुनै पनि राजनैतिक पार्टी अथवा व्यक्तिले गल्तीहरू नगर्नु गाह्रो हुन्छ तर हामीले जति सक्यो उति थोरै गल्ती गर्नुपर्छ। एक चोटी गल्ती गरेपछि, हामीले त्यसलाई सच्याउनुपर्छ र जति चाँड़ो र पूर्णतः सच्याउँछौं उति राम्रो हुन्छ।

"जनताको जनवादी अधिनायकत्वका विषयमा" (जून ३०, १९४९)

२८. कम्युनिस्ट

कम्युनिस्टको हृदय विशाल हुनुपर्छ, उ ईमानदार र सक्रिय हुनुपर्छ, क्रान्तिका हितहरूलाई उसले आफ्नो ज्यानभन्दा प्यारो सम्झनुपर्छ र आफ्नो व्यक्तिगत हितलाई क्रान्तिको हितको अधीनमा राख्नुपर्छ। पार्टीको सामूहिक जीवनलाई मजबूत तुल्याउन र पार्टी र जनताका सम्बन्धहरूलाई अझ बलियो पार्न उसले सधैं र जहाँ पनि सही सिद्धान्तमा अड़िरहनुपर्छ र सबै गलत विचार र कामहरूको विरोधमा अथक सङ्घर्ष चलाउनुपर्छ ; कुनै व्यक्तिकोभन्दा बर्ता उसले पार्टी र जनताको चिन्ता लिनुपर्छ र आफ्नोभन्दा बर्ता अरूहरूको वास्ता गर्नुपर्छ। यसो भए मात्र उसलाई कम्युनिस्ट मान्न सकिन्छ।

"उदारवादको विरोध गर" (सेप्टेम्बर ७, १९३७)

कम्युनिस्टको कुनै पनि कुरा र काम जाँच्ने सर्वोत्तम कसी उनीहरूसित जनताको अति बहुसङ्ख्याको सबभन्दा बढ़ी हितहरू गाँसिएका छन्-छैनन् र समर्थन प्राप्त गर्छन्-गर्दैनन् भन्ने हो भन्ने कुरो प्रत्येक कामरेडलाई बुझ्न लगाउनैपर्छ।

"संयुक्त सरकारका विषयमा" (अप्रिल २४, १९४५)

कुनै पनि समय र कुनै पनि अवस्थामा, कम्युनिस्टले आफ्नो व्यक्तिगत हितलाई पहिलो स्थान दिनुहुंदैन ; उसले आफ्ना हितहरूलाई राष्ट्र र जनताका हितहरूको अधीनमा राख्नुपर्छ। अतः स्वार्थीपना, शिथिलता, भ्रष्टाचार, आफू प्रकाशमा आउन खोज्नु र यस्तै कुरा अति घृणित छन् जब निस्वार्थ, तत्परताका साथ काम गर्ने, जनताप्रतिको कर्तव्यमा सम्पूर्ण हृदयबाट भक्ति हुने र साह्रै कठिन परिश्रम गर्ने भावनाले मात्र सम्मान पाउनेछन्।

"राष्ट्रिय युद्धमा चिनियाँ कम्युनिस्ट पार्टीको भूमिका" (अक्टोबर १९३८)

कम्युनिस्टहरूले सधैं सत्यको पक्षमा डट्न तयार हुनुपर्छ, किनभने सत्य जनताका हितहरूको अनुकूल हुन्छ; कम्युनिस्टहरूले सधैं आफ्ना गल्तीहरू सच्याउन तयार हुनैपर्छ, किनभने गल्तीहरू जन-हितको विरुद्ध हुन्छन् ।

"संयुक्त सरकारका विषयमा" (अप्रिल २४, १९४५)

कम्युनिस्टहरूले सधैं कुनै कुरोमा पनि किन, केको निम्ति भनी खोतल्नुपर्छ, आफ्नो बुद्धि खियाउनैपर्छ र त्यो कुरा वास्तविकतासित मेल खान्छ खांदैन साँच्ची नै तर्कयुक्त हो-होइन भनी होशियारीपूर्वक विचार गर्नुपर्छ; कुनै पनि किसिमबाट उनीहरूले आँखा चिम्लेर पछि लाग्नुहुंदैन र दासत्वलाई हौसला दिनुहुंदैन ।

"पार्टीको कार्य-शैलीलाई सच्याऊ" (फरवरी १, १९४२)

हामीले कामरेडहरूलाई सम्पूर्णका हितहरूलाई ध्यानमा राख्न हौसला दिनुपर्छ । प्रत्येक पार्टी-सदस्य, कार्यको प्रत्येक शाखा, प्रत्येक भनाइ र प्रत्येक कार्य सम्पूर्ण पार्टीको हितलाई ध्यानमा राखेर नै शुरू गर्नुपर्छ; यो सिद्धान्तलाई कुनै हालतमा पनि उल्लङ्घन गर्न दिनुहुंदैन ।

उपर्युक्त

कम्युनिस्टहरूले व्यावहारिक तथा दूरदर्शी हुनुमा दृष्टान्त प्रस्तुत गर्नुपर्छ । किनभने व्यावहारिक भए मात्र उनीहरू दिइएको कामलाई पूरा गर्न सक्छन् र दूरदर्शीताले मात्र अघि लम्कने दिशा भुल्नुबाट उनीहरूलाई जोगाउन सक्छ ।

"राष्ट्रिय युद्धमा चिनियाँ कम्युनिस्ट पार्टीको भूमिका" (अक्टोबर १९३८)

कम्युनिस्टहरूले सबभन्दा बर्ता दूरदर्शी, सबभन्दा बर्ता त्यागी, सबभन्दा बर्ता दृढ़ हुनुपर्छ, र स्थितिहरू

बुझ्नामा विनम्र हुन सक्नुपर्छ, र जन-समूहहरूको बहुसङ्ख्यामा भर गर्नुपर्छ र उनीहरूको समर्थन पाउनुपर्छ।

"जापानी आक्रमण-विरोधी युद्धको समयमा चिनियाँ कम्युनिस्ट पार्टीका कार्यहरू" (मे ३, १९३७)

कम्युनिस्टहरूले अध्ययनमा दृष्टान्त प्रस्तुत गर्नुपर्छ ; सधैंभरि उनीहरूले जनताका शिष्य तथा शिक्षक बन्नुपर्छ ।

"राष्ट्रिय युद्धमा चिनियाँ कम्युनिस्ट पार्टीको भूमिका" (अक्टोबर १९३८)

जन-आन्दोलनमा काम गरिरहेको प्रत्येक कम्युनिस्टले जनताको साथी बन्नुपर्छ, उनीहरूको मालिक बन्ने होइन, अथक गुरु बन्नुपर्छ र नोकरशाही राजनीतिज्ञ होइन।

उपर्युक्त

कम्युनिस्टहरूले जन-समूहको बहुसङ्ख्याबाट कहिल्यै अलग्गिनुहुंदैन अथवा एक्लो परेका केही प्रगतिशील डफ्फाहरूलाई अघि सारेर बहुसङ्ख्यक जन-समूहको बेवास्ता गर्नुहुंदैन, तर जन-समूहको बहुसङ्ख्या र प्रगतिशील तत्वहरूमा घनिष्ठ सम्बन्धहरू जोड्न अवश्य ध्यान दिनुपर्छ। बहुसङ्ख्याको विषयमा बिचार गर्नुको अर्थ यही हो।

उपर्युक्त

हामी कम्युनिस्टहरू बिउ झैं हौं र जनता माटो झैं हुन्। हामी जहाँ पुग्छौं हामीहरूले त्यहाँका जनतासित एक हुनुपर्छ, जनतामा जरा हाल्नुपर्छ र जनतामै फुल्नुपर्छ।

"चुङकिङ सम्झौता-वार्ताका विषयमा" (अक्टोबर १७, १९४५)

हामी कम्युनिस्टहरूले सबै कुरामा जन-समूहसित मिसिन सक्नुपर्छ। हाम्रा पार्टी-सदस्यहरू आफ्ना सम्पूर्ण जीवन कोठाभित्र बसी बिताउँछन् भने, आँधी-

सित जुध्ने ग्राँट गर्दैनन् भने, र संसारको सामुन्ने पर्न बाहिर निस्कंदैनन् भने, चिनियाँ जनताको निम्ति उनीहरू के कामका होलान् ? बिल्कुल फाइदा हुनेछैन, र हामीलाई पार्टी-सदस्यहरूका रूपमा त्यस्ता मानिस-को ग्रावश्यकता छैन । हामी कम्युनिस्टहरूले ग्राँधी-सित जुध्ने ग्राँट गर्नुपर्छ र संसारको सामना गर्ने ग्राँट गर्नुपर्छ; यो ग्राँधी जन-सङ्घर्षको शक्तिशाली ग्राँधी हो र यो संसार जन-सङ्घर्षको ठूलो संसार हो ।

"सङ्गठित होऊ!" (नभेम्बर २९, १९४३)

कम्युनिस्टहरूको दृष्टान्तयोग्य ग्रग्रगामी भूमिका ग्रति महत्वपूर्ण हुन्छ । ग्राठौं मार्ग-सेना र नयाँ चौथो सेनामा भएका कम्युनिस्टहरूले बहादूरीसित लड्नुमा, ग्रादेशहरूलाई कार्यान्वित गर्नुमा, ग्रनुशासनको पालन गर्नुमा, राजनैतिक कार्य गर्नुमा र भित्री एकता र सुदृढ़ता बढ़ाउन दृष्टान्त प्रस्तुत गर्नुपर्छ ।

"राष्ट्रिय युद्धमा चिनियाँ कम्युनिस्ट पार्टी-को भूमिका" (ग्रक्टोबर १९३८)

कम्युनिस्टले ग्राफू प्रत्येक कुरामा ग्रसल छु र ग्ररूहरू भने कुनै कुरामा पनि ग्रसल छैनन् भनी सोचेर हठी ग्रथवा घमण्डी कहिल्यै हुनुहुंदैन ; उसले कोठा-भित्र ग्राफै थुनिएर कहिल्यै बस्नुहुंदैन ग्रथवा ग्राफ्नो प्रशंसा गर्ने, घमण्ड गर्ने र ग्ररूमाथि शासन चलाउने गर्नुहुन्न ।

"सेन्सी-कान्सू-निङसिया सीमा प्रदेशका प्रतिनिधिहरूको परिषद्मा भाषण" (नभेम्बर २१, १९४१)

कम्युनिस्टहरूले पार्टी बाहिरका व्यक्तिहरूका विचारहरू ध्यान दिएर सुन्नैपर्छ र उनीहरूलाई ग्राफ्नो कुरा भन्न दिनुपर्छ । उनीहरूले भनेको कुरा सही छ भने हामीले त्यसलाई स्वागत गर्नुपर्छ र उनीहरूका ग्रसल गुणबाट सिक्नुपर्छ ; उनीहरूले भनेको कुरा गलत छ भने हामीले उनीहरूको कुरा भनिसक्न दिनुपर्छ र त्यसपछि धैर्यपूर्वक उनीहरूलाई ती कुराको व्याख्या गरिदिनुपर्छ ।

उपर्युक्त

आफ्नो काममा गल्तीहरू गर्ने व्यक्तिहरूमध्ये सुध्रनै नसक्नेहरू बाहेक उनीहरूप्रति कम्युनिस्टहरूको प्रवृत्ति उनीहरूलाई हटाउने होइन कि सुध्रन र फेरि प्रयत्न गर्न उनीहरूलाई सघाउने, प्रोत्साहनपूर्ण हुनुपर्छ।

"राष्ट्रिय युद्धमा चिनियाँ कम्युनिस्ट पार्टीको भूमिका" (अक्टोबर १९३८)

राजनैतिक रूपले पछि परेकाहरूको हकमा, कम्युनिस्टहरूले उनीहरूलाई हेला वा घृणा गर्नुहुंदैन, बरु उनीहरूलाई साथी तुल्याउनुपर्छ, उनीहरूसँग मिल्नुपर्छ, उनीहरूको चित्त बुझाउनुपर्छ र अघि लम्कन उनीहरूलाई हौसला दिनुपर्छ।

उपर्युक्त

२९. कार्यकर्ता

हाम्रो पार्टी र देशले आफ्नो रङ्ग नफेरून् भन्ने कुरा निश्चित तुल्याउन हामीले सही बाटो र सही नीतिहरू मात्र लिएर पुग्दैन, सर्वहारावादी क्रान्तिको उद्देश्यलाई अगाड़ि बढ़ाउँदै लैजाने लाखौं उत्तराधिकारीहरूलाई तालीम दिनु र हुर्काउनु पनि पर्छ।

अन्तिम विश्लेषणमा, सर्वहाराहरूको क्रान्तिकारी उद्देश्यको लागि उत्तराधिकारीहरूलाई तालीम दिने प्रश्न सर्वहारावादी क्रान्तिकारीहरूको पुरानो पुस्ताले चलाएको मार्क्सवादी-लेनिनवादी क्रान्तिकारी उद्देश्यलाई बढ़ाउँदै लान सक्ने मानिसहरू होलान् कि नहोलान्, सर्वहारावादी क्रान्तिकारीहरूकै हातमा हाम्रो पार्टी र राज्यको नेतृत्व रहन्छ कि रहंदैन, मार्क्सवाद-लेनिनवादले स्थापित गरेको सही बाटोबाट हाम्रा

सन्तान हिंड्ने हुन् कि होइनन्, अथवा, अर्को शब्दमा, चीनमा हामीले ख्रुश्चोभ-संशोधनवादको उत्पत्तिलाई सफलतापूर्वक रोक्न सक्छौं कि सक्तैनौं भन्ने प्रश्न हो। छोटकरीमा, यो अति नै महत्वपूर्ण सवाल हो, हाम्रो पार्टी र देशको निम्ति जीवन र मरणको सवाल हो। यो सय र हजार मात्र होइन दस हजार वर्षसम्मलाई, सर्वहारावादी क्रान्तिकारी उद्देश्यको निम्ति आधारभूत महत्वको सवाल हो। सोभियत सङ्घमा आएको परिवर्तनमा भर परेर, साम्राज्यवादी भविष्यवक्ता भनाउँदाहरू चिनियाँ पार्टीको तेस्रो वा चौथो पुस्तामा "शान्तिपूर्ण विकास" को आशा गरिरहेछन्। हामीले यी साम्राज्यवादी भविष्यवाणीहरूलाई चकनाचूर गर्नैपर्छ। हाम्रा सर्वोच्च सङ्गठनहरूदेखि लिएर सबभन्दा तल्लो तहसम्म हामीले जहांतहीं क्रान्तिकारी उद्देश्यको निम्ति उत्तराधिकारीहरूलाई तालीम दिने र हुर्काउने कुरामा सधैंभरि ध्यान दिनैपर्छ।

सर्वहारा-वर्गको क्रान्तिकारी उद्देश्यको निम्ति लायक उत्तराधिकारी हुन चाहिने आवश्यकताहरू के के हुन्?

उनीहरूले सच्चा मार्क्सवादी-लेनिनवादी हुनैपर्छ, मार्क्सवाद-लेनिनवादको साइनबोर्ड झुन्ड्याएको ख्रुश्चोभ जस्तो संशोधनवादी होइन।

उनीहरूले चीन र सम्पूर्ण संसारका अति बहुसङ्ख्यक जनताको सम्पूर्ण हृदयले सेवा गर्ने क्रान्तिकारी हुनैपर्छ, र आफ्नो देशको सुविधा सम्पन्न बुर्जुवा वर्गका एक मुठी सदस्यहरूको हित र विदेशी साम्राज्यवाद तथा प्रतिक्रियावादका हितहरूको लागि सेवा गर्ने ख्रुश्चोभ जस्तो होइन।

उनीहरूले अति बहुसङ्ख्यक जनतासित एकगठ हुन र सँगै काम गर्न सक्ने सर्वहारावादी राजनीतिज्ञ हुनैपर्छ। उनीहरूले आफूसित सहमत हुनेहरूसित मात्र होइन, आफूसँग असहमत हुनेहरूसँग अझ अघि आफ्नो विरोध गरेका र पछि व्यवहारमा गलत सिद्ध भइसकेकाहरूसित पनि एकगठ हुन सक्नुपर्छ। तर उनीहरूले विशेष गरी ख्रुश्चोभ जस्ता महत्वाकाँक्षी र षड्यन्त्रकारीहरूमाथि सतर्कतापूर्ण दृष्टि राख्नुपर्छ र यस्ता खराब तत्वहरूलाई पार्टी र राज्यको कुनै पनि स्तरको नेतृत्व हात पार्नुबाट रोक्नैपर्छ।

उनीहरूले पार्टीको जनवादी केन्द्रीयतालाई प्रयोग गर्न नमूना बन्नैपर्छ, "जनताबाट ल्याई जनतामा लैजाने" सिद्धान्तमा आधारित नेतृत्वको तरीकामा राम्ररी दक्षता हासिल गर्नैपर्छ र जनतान्त्रिक प्रणालीमा आफ्नो बानी-बेहोरालाई ढाल्नुपर्छ र जनताको कुरा चाख लिएर सुन्न सक्ने हुनुपर्छ। उनीहरूले ख्रुश्चोभ जस्तो निरङ्कुश हुनुहुंदैन र पार्टीको जनवादी केन्द्रीयतालाई उल्लङ्घन गर्नुहुंदैन, कामरेडहरूमाथि आकस्मिक हमला गर्नु अथवा स्वेच्छाचारितापूर्वक र अधिनायकवादी रूपले काम गर्नुहुंदैन।

उनीहरूले नम्र र विवेकी हुनुपर्छ र घमण्ड तथा अधीरताको विरुद्ध सजग हुनुपर्छ ; उनीहरूमा स्व-आलोचनाको भावना भरिएको हुनुपर्छ र आफ्ना काममा रहेका कमी र गल्तीहरू सच्याउने आँट हुनुपर्छ। उनीहरूले ख्रुश्चोभले झैं आफ्ना गल्तीहरूलाई ढाकछोप गर्ने, जश जति जम्मै आफू लिने र दोष जति अरूमाथि थोपर्ने कहिल्यै गर्नुहुंदैन।

सर्वहाराको क्रान्तिकारी उद्देश्यका उत्तराधिकारीहरू जन-सङ्घर्षमा पैदा हुन्छन् र क्रान्तिका ठूलठूला

आँधी-बेहरीहरूमा खारिन्छन् र हुर्कन्छन्। कार्यकर्ताहरूलाई जाँच्ने तथा छुट्याउने र उत्तराधिकारीहरूलाई छान्ने र तालीम दिने काम जन-सङ्घर्षको लामो क्रममा गर्नुपर्छ।

"ख्रुश्चोभको नक्कली साम्यवाद र संसारलाई यसका ऐतिहासिक पाठहरू" मा उद्धृत (जुलाई १४, १९६४)

हाम्रा पार्टी-सङ्गठनहरूलाई अवश्य पनि देशभरि फिंजाउनुपर्छ र हामीले निश्चित उद्देश्यका साथ दसौं हजार कार्यकर्ताहरूलाई र पहिलो दर्जाका सयौं नेताहरूलाई तालीम दिनुपर्छ। उनीहरूले मार्क्सवाद-लेनिनवादमा निपुण भएका, राजनैतिक रूपले दूरदर्शी, काममा खुबै सिपालु, त्यागको गहिरो भावनाले भरिएका, आफैं अघि सरेर समस्याहरूसँग जुध्ने कुशलता भएका, अति अप्ठ्यारा अवस्थाहरूमा समेत विचलित नहुने, राष्ट्र, सर्वहारा-वर्ग र पार्टीको सेवा गर्न वफादार र भक्त कार्यकर्ता र नेता हुनैपर्छ। यस्ता कार्यकर्ता र नेताहरूमा नै पार्टीले आफ्ना सदस्यहरू तथा जनता-

सितको सम्बन्धको निम्ति भर गर्छ, र जनताको दृढ़ नेतृत्वको लागि उनीहरूमा भर परेर नै पार्टी शत्रुलाई पराजित गर्न सफल हुन्छ। यस्ता कार्यकर्ता र नेताहरूले स्वार्थीपनाबाट, व्यक्तिवादी शुन्याइँ र आडम्बरबाट, आलस्य र उदासीनताबाट र आफ्नै कुरा माथि पार्ने गुटवादबाट मुक्त हुनुपर्छ र उनीहरूले अवश्य पनि निस्वार्थ भएर राष्ट्रिय तथा वर्गीय वीर योद्धा हुनुपर्छ; हाम्रो पार्टीका सदस्य, कार्यकर्ता र नेताहरूमा हुनुपर्ने गुणहरू र कार्य-शैली यस्तै हुन्।

"जापानी आक्रमण-विरोधी राष्ट्रिय संयुक्त मोर्चाको निम्ति लाखौं जन-समूहलाई आफूपट्टि तान" (मे ७, १९३७)

एक चोटि राजनैतिक दिशा निश्चित भएपछि कार्यकर्ताहरू निर्णयात्मक तत्व हुन्छन्। अतः योजनाबद्ध तरीकाले ठूलो सङ्ख्यामा नयाँ कार्यकर्ताहरूलाई तालीम दिनु हाम्रो सङ्घर्षमयी कार्य हो।

"राष्ट्रिय युद्धमा चिनियाँ कम्युनिस्ट पार्टीको भूमिका" (अक्टोबर १९३८)

कम्युनिस्ट पार्टीले कार्यकर्ता सम्बन्धी आफ्नो नीतिमा लागू गर्नुपर्ने सिद्धान्त एउटा कार्यकर्ता पार्टीको नीतिलाई कार्यान्वित गर्न दृढ़ छ छैन, पार्टी-अनुशासनलाई पालन गर्छ गर्दैन, जनतासित उसको गाढ़ा सम्पर्क छ छैन, उसमा आफ्नो स्थिति स्वतन्त्रतापूर्वक पहिल्याउन सक्ने सामर्थ्य छ छैन र उ सक्रिय, मेहनती र निस्वार्थी छ छैन भन्ने हो। "गुण हेरी मानिसहरूलाई भर्ना गर्नु" भन्ने नीति यही हो।

उपर्युक्त

सामूहिक उत्पादन-श्रममा कार्यकर्ताहरूलाई भाग लिन लाउने व्यवस्थालाई कायम राख्नु आवश्यक छ। हाम्रो पार्टी र राज्यका कार्यकर्ताहरू साधारण श्रमजीवी हुन् र जनताको बुई चढ़ेका शासकहरू होइनन्। सामूहिक उत्पादन-श्रममा भाग लिएर कार्यकर्ताहरूले श्रमजीवी जनतासित व्यापक, निरन्तर र घनिष्ठ सम्पर्क राख्छन्। समाजवादी व्यवस्थाको निम्ति यो आधारभूत महत्वको ठूलो साधन हो। यसले नोकर-

शाहीलाई हटाउन र संशोधनवाद तथा कट्टर मतवादलाई रोक्न मदत गर्छ ।

> "ख्रुश्चोभको नक्कली साम्यवाद र संसारलाई यसका ऐतिहासिक पाठहरू" मा उद्धृत (जुलाई १४, १९६४)

कार्यकर्ताहरूलाई कसरी जाँच्ने भनी हामीले थाहा पाउनैपर्छ । हामीले आफ्नो निर्णयलाई कार्यकर्ताको जीवनको छोटो अवधि वा एउटै घटनाको सीमाभित्र आधारित पार्नुहुंदैन, तर उसको जीवन र कार्यको सम्पूर्ण रूपमा विचार गर्नुपर्छ । कार्यकर्ताहरूलाई जाँच्ने मुख्य तरीका यही हो ।

> "राष्ट्रिय युद्धमा चिनियाँ कम्युनिस्ट पार्टीको भूमिका" (अक्टोबर १९३८)

हामीलाई कार्यकर्ताहरूको कसरी राम्ररी प्रयोग गर्ने भन्ने कुरा थाहा हुनैपर्छ । अन्तिम विश्लेषणमा, नेतृत्वका दुई मुख्य जिम्मेवारी हुन्छन् : विचारहरूलाई कार्य रूप दिनु, र कार्यकर्ताहरूको राम्ररी प्रयोग गर्नु ।

"विचारहरूलाई कार्य रूप दिनु" मा योजना बनाउनु, निर्णय लिनु र आदेश तथा निर्देशनहरू दिनु जस्ता जम्मै कुराहरू पर्छन् । विचारलाई व्यवहारमा परिणत गर्न हामीले कार्यकर्ताहरूलाई एकगठ तुल्याउनुपर्छ र कार्यक्षेत्रमा जान उनीहरूलाई हौसला दिनुपर्छ । यो कुरा "कार्यकर्ताहरूको राम्ररी प्रयोग गर्नु" भन्ने विभागमा पर्छ ।

> उपर्युक्त

हामीले कार्यकर्ताहरूको राम्ररी हेर-विचार कसरी गर्ने भनी थाहा पाउनैपर्छ । यसो गर्ने विभिन्न तरीकाहरू छन् ।

पहिलो, उनीहरूलाई निर्देशन देऊ । यसको अर्थ आफ्नो काममा उनीहरूलाई स्वतन्त्रतापूर्वक चल्न दिनु हो जसबाट उनीहरूमा जिम्मेवारी वहन गर्ने आँट होस् र, साथसाथै उनीहरूलाई समयोचित निर्देश दिनु हो जसबाट पार्टीको राजनैतिक दिशामा डोरिएर उनीहरू आफ्नो कार्यतत्परतालाई पूर्णतया प्रयोग गर्न समर्थ हुन्छन् ।

दोस्रो, उनीहरूको स्तर उठाऊ। यसको अर्थ उनीहरूलाई अध्ययन गर्ने अवसर दिएर शिक्षित पार्नु हो जसबाट उनीहरूले आफ्नो सैद्धान्तिक समझदारी र काम गर्ने क्षमतालाई बढ़ाउन सकून्।

तेस्रो, उनीहरूको काम जाँच र उनीहरूको अनुभवको सार झिक्न सघाऊ, उनीहरूका उपलब्धिहरूलाई अघि बढ़ाऊ र उनीहरूका भूलहरू सच्याऊ। बिना जाँचको काम गर्न दिनु र ठूल्ठूला गल्ती भइसकेपछि मात्र हेर्नु — कार्यकर्ताहरूको हेर-विचार गर्ने तरीका होइन।

चौथो, सामान्यतया, गल्ती गरेका कार्यकर्ताहरूप्रति सम्झाउने-बुझाउने तरीकाको प्रयोग गर र उनीहरूलाई आफ्ना गल्तीहरू सच्याउन मदत गर। ठूल्ठूला गल्ती गरे पनि निर्देशन लिन नमान्नेहरूप्रति मात्र सङ्घर्षको तरीका लिनुपर्छ। यहाँ धैर्यको आवश्यकता हुन्छ। सजिलैसित "अवसरवादी" भनी मानिसहरूलाई दोष लाउनु र उनीहरूको विरोधमा सजिलैसित "सङ्घर्षहरू छेड्न" खोज्नु गल्ती हो।

पाँचौं, उनीहरूका कठिनाइमा मदत गर। बिरामी

पर्नाले, आर्थिक सङ्कष्टले अथवा घरेलु अरू दु:खले गर्दा आपतमा परेका कार्यकर्ताहरूलाई हामीले जति सक्यो उति बर्ता हेर-विचार गर्ने हुन सक्नुपर्छ।

कार्यकर्ताहरूको राम्ररी हेर-विचार गर्ने तरीका यही हो।

उपर्युक्त

साँच्ची नै संयुक्त र जन-समूहसित सम्बन्ध जोरेको नेतृत्वदायी डफ्फा जन-सङ्घर्षको क्रममा मात्र क्रमश: बन्न सक्छ, यसबाट अलग्ग रहेर होइन। महान् सङ्घर्षको क्रममा, सबैजसो अवस्थामा नेतृत्वदायी डफ्फाको स्वरूप शुरू, मध्य र अन्तिम चरणहरूमा पूर्णतया अपरिवर्तित भएर रहनुहुंदैन र त्यसरी रहन पनि सक्तैन। सङ्घर्षको क्रममा अगाड़ि आउने सक्रियहरूलाई यीभन्दा थोरै गुण वा योग्यता भएका अथवा पतित भएका नेतृत्वदायी डफ्फाका पुराना सदस्यहरूको ठाउँमा अवश्य पदोन्नति गर्दै जानुपर्छ।

"नेतृत्व-पद्धति सम्बन्धी केही प्रश्न" (जून १, १९४३)

हाम्रो पार्टीमा धेरै नयाँ कार्यकर्ताहरू पुराना कार्यकर्ताहरूसित एकता र सहयोग अन्तर्गत काम गरिरहेका छैनन् भने हाम्रो उद्देश्य रोकिने छ। अतः सबै पुराना कार्यकर्ताहरूले नयाँ कार्यकर्ताहरूलाई अत्यन्त उत्साहित स्वागत गर्नुपर्छ र उनीहरूको हेरचाह गर्नुपर्छ। साँच्ची नै, नयाँ कार्यकर्ताहरूका आफ्ना कमीहरू हुन्छन्। उनीहरूले क्रान्तिमा धेरै समय बिताएको हुंदैन र अनुभवको अभाव हुन्छ र छाड्न नसक्दा केहीले पुरानो समाजको कलुषित विचारधाराका अवशेषहरू अर्थात् निम्न बुर्जुवा व्यक्तिवादी विचारधाराका अवशेषहरू ल्याएका हुन्छन्। तर यस्ता कमीहरूलाई शिक्षाद्वारा र क्रान्तिमा खारिन लाउँदै क्रमशः हटाउन सकिन्छ। नयाँ कार्यकर्ताहरूको असल गुण, स्तालिनले भन्नुभए झैं, के हो भने उनीहरू नयाँ विषयप्रति तीव्र रूपले चेतनशील हुन्छन्, तसर्थ उनीहरू प्रशस्त मात्रामा उत्साहित तथा सक्रिय हुन्छन्—यी गुणहरूको केही पुराना कार्यकर्ताहरूमा अभाव हुन्छ। समान उद्देश्यमा एक भई बांधिन र सङ्कुचित प्रवृत्तिहरूको विरोधमा सजग हुन नयाँ र

पुराना कार्यकर्ताहरूले परस्परमा आदर गर्नुपर्छ, परस्परमा सिक्नुपर्छ र परस्परका असल गुणहरूबाट सिकेर आफ्ना गल्तीहरूलाई हटाउनुपर्छ।

"पार्टीको कार्य-शैलीलाई सच्याऊ" (फरवरी १, १९४२)

हाम्रो ध्यान पार्टी-कार्यकर्ताहरूका साथै पार्टीका सदस्य नभएका कार्यकर्ताहरूमा पनि जानुपर्छ। पार्टीदेखि बाहिर पनि सुयोग्य मानिसहरू धेरै छन्। कम्युनिस्ट पार्टीले कहिल्यै तिनको बेवास्ता गर्नुहुंदैन। प्रत्येक कम्युनिस्टको कर्तव्य एकलकांटेपना र घमण्डबाट आफूलाई मुक्त पार्नु र पार्टीका सदस्य नभएका कार्यकर्ताहरूसित राम्ररी काम गर्नु, उनीहरूलाई हृदयदेखि मदत दिनु, उनीहरूप्रति घनिष्ठ, बन्धुत्वपूर्ण दृष्टिकोण लिनु र जापानी आक्रमणको विरोधमा लड्ने र राष्ट्रको पुनर्निर्माण गर्ने महान् उद्देश्यमा उनीहरूको कार्यतत्परतालाई सामेल गर्नु हो।

"राष्ट्रिय युद्धमा चिनियाँ कम्युनिस्ट पार्टीको भूमिका" (अक्टोबर १९३८)

३०. युवक

संसार तिमीहरूको हो, हाम्रो पनि हो, तर अन्तिम विश्लेषणमा तिमीहरूकै हो। शक्ति र चेतनापूर्ण तिमी युवकहरू बिहान आठ-नौ बजेको सूर्य झैं जीवनको फक्रंदो बेलामा छौ। हाम्रो आशा तिमीहरूमै रहेको छ।

. . . .

संसार तिमीहरूको हातमा छ। चीनको भविष्य तिमीहरूकै हातमा छ।

"मास्कोमा चिनियाँ विद्यार्थी र तालिमे-हरूको सभामा प्रवचन" (नभेम्बर १७, १९५७)

हामीले हाम्रा सबै तन्नेरीहरूलाई हाम्रो देश अझै धेरै गरीब छ, हामीले यस अवस्थालाई तुरुन्तै छोटो

अवधिमा फेर्न सक्तैनौं, र हाम्रो नयाँ पुस्ता र हाम्रा सबै जनताको संयुक्त प्रयासबाट उनीहरूका आफ्नै हातले मात्र चीनलाई कैयौं दशकमा बलियो र समृद्ध तुल्याउन सक्छौं भन्ने कुरा बुझाउन कोशिश गर्नैपर्छ। हाम्रो समाजवादी व्यवस्थाको स्थापनाले भविष्यको आदर्श समाजतिर लाने बाटो खोलिदिएको छ तर यस आदर्शलाई वास्तविकतामा परिणत गर्नु हाम्रा कड़ा परिश्रममा निर्भर छ।

"जनताका अन्तरविरोधहरूको सही सन्चा-लनका विषयमा" (फरवरी २७, १९५७)

राजनैतिक र सामाजिक अनुभवको अभावले गर्दा, "धेरै तन्नेरीहरू पुरानो र नयाँ चीनको फरक देख्न असमर्थ छन्, उनीहरूको लागि हाम्रो जनताले साम्रा-ज्यवादीहरू र कुओमिन्ताङ प्रतिक्रियावादीहरूको थिचोमिचोबाट उम्किन गरेको सङ्घर्षमा सामना गरेका कैयौं दुःख-कष्टहरू अथवा सुखमय समाज-वादी समाजको स्थापना गरिसक्नुभन्दा अघि अथक

परिश्रमको लामो अवधि चाहिन्छ भन्ने कुरा सम्पूर्ण रूपले बुझ्नु सजिलो छैन। त्यसैले जन-समूहमा हामीले निरन्तर जिउँदो र प्रभावकारी राजनैतिक शिक्षा चलाउनुपर्छ र देखा पर्ने अप्ठ्याराहरूको सत्यताको विषयमा सधैं भन्नुपर्छ र ती अप्ठ्यारालाई कसरी पार गर्ने भन्ने विषयमा उनीहरूसँग छलफल गर्नुपर्छ।

उपर्युक्त

तन्नेरीहरू सम्पूर्ण समाजका सबभन्दा बर्ता सक्रिय र जिउँदा शक्ति हुन्। उनीहरू सिक्न सबभन्दा बर्ता इच्छुक हुन्छन् र सोचाइमा सबभन्दा कम रूढ़िवादी हुन्छन्। खास गरी समाजवादको युगमा यस्तो हुन्छ। विभिन्न ठाउँका स्थानीय पार्टी-सङ्गठनहरूले युवक-सङ्घका सङ्गठनहरूलाई मदत गर्नेछन् र उनीहरू-सित काम गर्नेछन् र खास गरी हाम्रा तन्नेरीहरूको शक्तिको पूर्ण सन्चालन गर्ने प्रश्नमा सोच्नेछन्। पार्टी-सङ्गठनहरूले उनीहरूसित अरूसित गर्ने किसिमको व्यवहार गर्नुहुंदैन र उनीहरूका विशेष विशेषताहरू-

लाई बेवास्ता गर्नुहुंदैन भनी हामी आशा गर्छौं। स्वभावतः तन्नेरीहरूले बूढ़ा र अरू प्रौढ़हरूबाट सिक्नुपर्छ, र उनीहरूको सहमतिबाट सबै किसिमका उपयोगी कामहरूमा जति सक्यो उति बर्ता संलग्न हुन खोज्नुपर्छ।

"चुङसान जिल्लाको सिन्पिङ मौजाको नं० ६ कृषि-उत्पादक सहयोग-समितिको अग्रगामी युवा-दल" को परिचयात्मक टिप्पणी" (१६५५)

एक युवक क्रान्तिकारी छ कि छैन भनी हामीले कसरी जाँच्नुपर्छ? हामी कसरी छुट्याउन सक्छौं? यसमा एउटै मात्र कसी हुन सक्छ, त्यो हो, उ मजदूर र किसानहरूको समूहसित एकाकार भई मिल्न इच्छुक छ कि छैन र व्यवहारमा पनि त्यसै गर्छ कि गर्दैन। उ यसो गर्न इच्छुक छ र वास्तवमा यस्तै गर्छ भने उ क्रान्तिकारी हो; नत्र उ अ-क्रान्तिकारी अथवा प्रतिक्रान्तिकारी हो। उसले आज मजदूर र किसान-

हरूका समूहमा आफूलाई एकरूप पार्छ भने उ आज क्रान्तिकारी हुन्छ ; भोलि उ त्यसो गर्न छोड्छ र साधारण जनतालाई थिच्नतिर लाग्छ भने उ अक्रान्तिकारी अथवा प्रतिक्रान्तिकारी हुन्छ ।

"युवक-आन्दोलनको दिशा" (मे ४, १९३९)

बुद्धिजीवीहरूले क्रान्तिकारी जन-सङ्घर्षहरूमा तन-मन दिएर नलागेसम्म अथवा जनताका हितहरूको सेवा गर्ने सङ्कल्प नगरेसम्म र उनीहरूसित एक नभएसम्म ती प्रायः मनोगतवादी तथा व्यक्तिवादी र सोचाइमा अव्यावहारिक र काममा अदृढ़ हुन्छन् । त्यसकारण चीनको क्रान्तिकारी बुद्धिजीवी समुदायले अग्रगामी भूमिका पूरा गर्न सक्छन् अथवा जनताका सम्बन्ध-सूत्रका रूपमा सेवा गर्न सक्छन् तापनि उनीहरू-मध्ये सबै अन्त्यसम्म क्रान्तिकारी भइरहंदैनन् । तीमध्ये केही सङ्कष्टको अवस्थामा क्रान्तिकारी तहबाट खस्छन् र निस्क्रिय हुन्छन् भने केही त

क्रान्तिका शत्रु नै पनि हुन पुग्छन् । बुद्धिजीवीहरूले लामो अवधिको जन-सङ्घर्षमा मात्र यस किसिमका कमीहरूलाई जित्न सक्छन् ।

"चिनियाँ क्रान्ति र चिनियाँ कम्युनिस्ट पार्टी" (डिसेम्बर १९३९)

पार्टीको केन्द्रीय कार्यसित समन्वयपूर्वक काम गर्दै जानुको साथसाथै, युवक-सङ्घले युवकका विशेष विशेषताहरूलाई सुहाउँदा आफ्नै काम गर्नुपर्छ । नयाँ चीनले आफ्ना तन्नेरीहरूको अवश्य हेरचाह गर्नुपर्छ र नयाँ पुस्ताको हुर्काईमा ध्यान दिनुपर्छ । तन्नेरीहरूले अध्ययन गर्नु र काम गर्नु छ, तर उनीहरू शारीरिक वृद्धिको उमेरमा छन् । अतः उनीहरूको काम र अध्ययन, र उनीहरूको मनोरंजन, खेल र आराम दुवैप्रति पूरा ध्यान दिनैपर्छ ।

युवक-सङ्घको दोस्रो राष्ट्रिय महाधिवेशनको अध्यक्ष-मण्डलसँगको भेटघाट-समारोहमा प्रवचन (जून ३०, १९५३)

३१. महिला

चीनमा एक जना पुरुष विशेष गरी तीन किसिमका अधिकारहरूका व्यवस्थाहरूको थिचोमिचोमा पर्छ (राजनैतिक अधिकार, जातीय अधिकार र धार्मिक अधिकार) ।... महिलाहरूको हकमा यी तीन अधिकारका व्यवस्थाहरूको थिचोमिचोको साथसाथै उनीहरू पुरुष (लोग्नेको अधिकार) बाट पनि थिचिएका छन् । यी चार अधिकार–राजनैतिक, जातीय, धार्मिक र मर्दाना – सम्पूर्ण सामन्ती पितृसत्तात्मक विचारधारा र व्यवस्थाका साकार रूप हुन् र चिनियाँ जनतालाई खास गरी किसानहरूलाई बाँध्ने चार वटा मोटा डोरी हुन् । किसानहरूले गाउँका जमीनदारहरूको राजनैतिक शक्तिलाई कसरी पल्टाएका छन् भन्ने कुराको माथि नै वर्णन गरिसकिएको छ । जमीनदार-

हरूको राजनैतिक अधिकार नै अरू सबै व्यवस्थाहरूको ढाड़ हो । त्यसलाई पल्टाएपछि, जातीय अधिकार, धार्मिक अधिकार र लोग्नेको अधिकार सबै हल्लिन थाल्छन् ।... लोग्नेको अधिकारका विषयमा, यो गरीब किसानहरूमा सधैं निर्धो भइआएको छ किनभने, आर्थिक आवश्यकताले गर्दा धनी वर्गका स्वास्नीमान्छेहरूलेभन्दा यी वर्गका स्वास्नीमान्छेहरूले बर्ता शारीरिक श्रम गर्नुपर्छ र त्यसोहुंदा पारिवारिक विषयमा उनीहरूले धेरै कुरा भन्न पाउँछन् र उनीहरूको निर्णयात्मक शक्ति बर्ता हुन्छ । हालका वर्षहरूमा भएको ग्रामीण अर्थ-व्यवस्थाको बढ्दो टाट पल्टाइले गर्दा, स्वास्नीमानिसहरूमाथिको लोग्नेमानिसहरूको थिचोमिचोको आधार उहिले नै भत्किसकेको छ । किसान-आन्दोलनको उदयले गर्दा धेरै ठाउँका स्वास्नीमान्छेहरूले गाउँले आइमाईका सङ्घहरू सङ्गठित गर्न थालिसके ; उनीहरूले आफ्नो टाउको ठाड़ो पार्ने अवसर पाएका छन् र हरेक दिन लोग्नेको अधिकार झन्झन् निर्धो हुंदैछ । छोटकरीमा भनूँ भने, किसानहरूको शक्तिको उत्थानले गर्दा सम्पूर्ण

सामन्ती पितृसत्तात्मक विचारधारा र व्यवस्था हल्लिंदैछ ।

"हुनानमा किसान-आन्दोलनको जाँचबुझ सम्बन्धी रिपोर्ट" (मार्च १९२७)

स्वास्नीमान्छेहरूको आर्थिक तथा राजनैतिक स्तरलाई उकास्न संयुक्त होऊ र उत्पादन तथा राजनैतिक कार्यमा भाग लेऊ ।

"नयाँ चीनका महिला" पत्रिकाको निम्ति अभिलेख (जुलाई २०, १९४९)

युवक, महिला र केटाकेटीहरूका हितको रक्षा गर—पढ्न नपाएका विद्यार्थीहरूलाई सहायता देऊ, जापानी आक्रमण-विरोधी युद्ध र सामाजिक प्रगतिको निम्ति काम लाग्ने सबै कार्यमा समान स्तरमा भाग लिनलाई युवक र महिलालाई सङ्गठन गर्न सघाऊ, विवाहस्वतन्त्रता र लोग्नेमान्छे र स्वास्नीमान्छेहरूमा

समानतालाई कायम गर र युवकहरू र केटाकेटीहरूलाई काम लाग्ने शिक्षा देऊ । . . .

"संयुक्त सरकारका विषयमा" (अप्रिल २४, १९४५)

कृषि-उत्पादनमा हाम्रो मौलिक काम श्रम-शक्तिको उपयोगलाई सङ्गठित रूप दिनु र स्वास्नीमान्छेहरूलाई उत्पादनको काममा भाग लिन प्रोत्साहित गर्नु हो ।

"हाम्रो आर्थिक नीति" (जनवरी २३, १९३४)

महान् समाजवादी समाजको निर्माणको लागि, स्वास्नीमान्छेहरूको ठूलो समूहलाई उत्पादन कार्यमा सम्मिलित गराउन जागृत तुल्याउनु सबभन्दा महत्वपूर्ण छ । उत्पादनमा लोग्नेमान्छे र स्वास्नीमान्छेहरू दुवै थरीले समान कार्यको निम्ति समान ज्याला पाउनैपर्छ । सम्पूर्ण समाजको समाजवादी रूपान्तरको बाटो-

मा मात्र स्त्री र पुरुषका बीच साँचो समानता प्राप्त गर्न सकिन्छ ।

"महिलाहरू श्रम-मोर्चामा गएका छन्" को परिचयात्मक टिप्पणी (१९५५)

कृषि-सहयोगको समाप्तिपछि, धेरै सहयोग-समितिमा श्रम-शक्तिको अभाव भइरहेछ । अघि खेतमा काम नगर्ने स्वास्नीमान्छेहरूको ठूलो समूहलाई श्रमको मोर्चामा भाग लिन लाउन जागृत गर्ने आवश्यकता भएको छ । . . . चीनका स्वास्नीमान्छे-हरू श्रम-शक्तिका ठूला स्रोत हुन् । अवश्य नै यस स्रोतलाई निकालेर महान् समाजवादी देशको निर्माण गर्ने सङ्घर्षमा लाउनुपर्छ ।

"उत्पादनमा सम्मिलित हुन महिलाहरूलाई जागृत तुल्याई श्रम-शक्तिको खाँचो समाधान गर्नु" को परिचयात्मक टिप्पणी (१९५५)

समान कार्यको समान ज्यालाको सिद्धान्त अनुसार काम गर्न सक्ने प्रत्येक स्वास्नीमान्छेलाई श्रमको मोर्चामा भाग लिन समर्थ तुल्याऊ । यो जति सक्यो उति चाँड़ो गर्नुपर्छ ।

"कृषि-सहयोग-समितिको आन्दोलनमा महिला-कार्यको क्षेत्रलाई विस्तृत पार्ने विष-यमा" को परिचयात्मक टिप्पणी (१९५५)

३२. संस्कृति र कला

संसारमा आज सबै संस्कृति, सबै साहित्य र कला विशेष वर्गहरूका अधीनमा छन् र विशेष राजनैतिक दिशातिर हाँकिएका हुन्छन् । वास्तवमा कला कलाको निम्ति, वर्गहरूभन्दा माथिको कला, राजनीतिबाट अलग्ग वा स्वतन्त्र कला भन्ने कुरा केही छैन । सर्वहारावादी साहित्य र कला सम्पूर्ण सर्वहारावादी क्रान्तिकारी उद्देश्यका एक भाग हुन् ; लेनिनले भन्नुभए झैं, ती सम्पूर्ण क्रान्तिकारी मेशीनका "दाँती र पेच-किला" हुन् ।

"साहित्य र कला सम्बन्धी येनान-गोष्ठीमा प्रवचन" (मे १९४२)

क्रान्तिकारी संस्कृति बहुसंख्यक जनताको निम्ति शक्तिशाली क्रान्तिकारी हतियार हो । यसले क्रान्ति आउनुभन्दा अघि विचारधारात्मक रूपले भूमि तयार पार्छ र यो क्रान्तिको बेलामा व्यापक क्रान्तिकारी मोर्चामा महत्वपूर्ण, साँच्चै आवश्यक, सङ्घर्षशील एक मोर्चा हो ।

"नयाँ जनवादका विषयमा" (जनवरी १९४०)

हाम्रा सबै साहित्य र कला जन-समुदायको निम्ति हुन् र सर्वप्रथम मजदूर, किसान र सिपाहीहरूको निम्ति हुन् ; ती मजदूर, किसान र सिपाहीहरूको निम्ति सृजिएका हुन् र उनीहरूकै उपयोगको लागि हुन् ।

"साहित्य र कला सम्बन्धी येनान-गोष्ठीमा प्रवचन" (मे १९४२)

साहित्य र कलाको क्षेत्रका हाम्रा कार्यकर्ताहरूले यस कर्तव्यलाई अवश्य पूरा गर्नुपर्छ र उनीहरूले

आफ्नो पुरानो अड़ानलाई छोड्नुपर्छ ; उनीहरूले मजदूर, किसान र सिपाहीहरूको पक्षमा, सर्वहाराको पक्षमा उनीहरूका बीचमा गहिरिएर जाने क्रमद्वारा र व्यावहारिक सङ्घर्षहरूका बीच गहिरिएर जाने क्रमद्वारा र मार्क्सवाद तथा समाजलाई अध्ययन गर्ने क्रमद्वारा क्रमशः आफ्नो पाइला चाल्नैपर्छ। यसरी मात्र हामीले साँच्ची नै मजदूर, किसान र सिपाही-हरूको निम्तिकै साहित्य र कला, साँच्चैको सर्वहारा-वादी साहित्य र कला पाउनेछौं।

उपर्युक्त

(हाम्रो उद्देश्य के हो भने) साहित्य र कला सम्पूर्ण क्रान्तिकारी मेशीनको आंशिक भाग झैं यस्तरी अड़ियून् जसले गर्दा तिनलाई जनतालाई एक पार्ने तथा शिक्षा दिने र शत्रुलाई आक्रमण गर्ने र नष्ट पार्ने शक्तिशाली हतियारको रूपमा प्रयोग गर्न, र जनतालाई एकै तनमनले शत्रुसित जुध्न मदत गर्न सकियोस्।

उपर्युक्त

साहित्य र कलाको आलोचनाका दुइ मापदण्ड छन्, राजनैतिक र कलात्मक।...

यहाँ एक राजनैतिक मापदण्ड छ र दोस्रो कलात्मक मापदण्ड छ ; यी दुइमा के सम्बन्ध छ ? राजनीतिलाई कलाको दाँजोमा राख्न सकिंदैन, न त व्यापक विश्व-दृष्टिकोणलाई कलात्मक सिर्जना र आलोचनाको पद्धतिको दाँजोमा राख्न सकिन्छ। अमूर्त र बिल्कुलै अपरिवर्तनशील राजनैतिक मापदण्ड हुन्छ भन्ने कुरालाई मात्र होइन अमूर्त र बिल्कुलै अपरिवर्तनशील कलात्मक मापदण्ड हुन्छ भन्ने कुरालाई पनि हामी मान्दैनौं ; प्रत्येक वर्गीय समाजमा हरेक वर्गको आफ्नै राजनैतिक र कलात्मक मापदण्ड हुन्छ। तर सबै वर्गीय समाजमा सबै वर्गले अनिवार्य रूपबाट राजनैतिक मापदण्डलाई पहिलो र कलात्मक मापदण्डलाई दोस्रो स्थान दिएका हुन्छन्।...हामीले माग गरेको कुरा राजनीति र कलाको एकता, विषयवस्तु र रूपको एकता, क्रान्तिकारी राजनैतिक विषयवस्तु र कलात्मक रूपको सर्वोच्च सम्भव पूर्णताको एकता हो। राजनैतिक रूपबाट जतिसुकै प्रगतिशील भए

पनि कलाका कृतिहरूमा कलात्मक गुण भएन भने तिनमा शक्ति हुंदैन । अतः, हामीहरू गलत राजनैतिक दृष्टिकोण भएका र "पोस्टर तथा नारावादी शैली" तर्फको प्रवृत्ति भएका, जो राजनैतिक दृष्टिकोणले ठीक हुंदाहुंदै पनि कलात्मक शक्ति नभएका हुन्छन्, दुवै थरी कला-कृतिहरूको विरोध गर्छौं । हामीले साहित्य र कलाका प्रश्नहरूमा दुवै मोर्चामा सङ्घर्ष चलाउनुपर्छ ।

उपर्युक्त

कला र विज्ञानको प्रगतिलाई अगाड़ि बढ़ाउन र हाम्रो देशमा समाजवादी संस्कृतिलाई समुन्नत पार्न सय फूल फुल्न दिने र विचारका सय शाखामा प्रतियोगित हुन दिने नीति छ । कलाका विभिन्न रूप तथा शैलीले स्वतन्त्र रूपबाट विकास गर्नुपर्छ र विज्ञानका विभिन्न शाखामा स्वतन्त्र रूपबाट प्रतियोगित हुनुपर्छ । कलाको एक थरी शैली अथवा विचारको एक थरी शाखालाई लाद्न र अर्को थरीलाई रोक्न प्रशासनिक कारवाई गर्नु कला र

विज्ञानको विकासको निमित्त हानिकारक छ भन्ने हामी ठान्छौं । कला र विज्ञानमा सही र गलत भन्ने प्रश्नहरूलाई कला र विज्ञानकै क्षेत्रको स्वतन्त्र छलफल र यी क्षेत्रको व्यावहारिक कार्यद्वारा टुङ्गो लाउनुपर्छ । तिनलाई सरल किसिमबाट टुंग्याउनुहुंदैन ।

"जनताका अन्तरविरोधहरूको सही सन्चालनका विषयमा" (फरवरी २७, १९५७)

सांस्कृतिक बिनाको सेना बोधो सेना हो, र बोधो सेनाले शत्रुलाई हराउन सक्तैन ।

"सांस्कृतिक कार्यमा संयुक्त मोर्चा" (अक्टोबर ३०, १९४४)

३३. अध्ययन

पछि परेको कृषि-प्रधान चीनलाई विकसित औद्योगिक देशमा परिणत गर्न, हामीहरूले कठिन कामहरूको सामना गर्नु छ र हाम्रो अनुभव पर्याप्त छैन। तसर्थ हामीले सिक्नमा सिपालु हुनैपर्छ।

"चिनियाँ कम्युनिस्ट पार्टीको आठौं राष्ट्रिय महाधिवेशनको उद्घाटन-भाषण" (सेप्टेम्बर १५, १९५६)

सधैंभरि अवस्थाहरू फेरिंदैछन्, र आफ्नो विचारलाई नयाँ अवस्थासित अनुकूल हुने तुल्याउन अध्ययन गर्नैपर्छ। मार्क्सवादलाई राम्ररी बुझेकाहरू र सर्वहारावादी अड़ानमा अपेक्षाकृत दृढ़ रहेकाहरूले

समेत अध्ययन गर्दैजानुपर्छ, नयाँ कुरो बुझ्नुपर्छ र नयाँ समस्याहरूको अध्ययन गर्नुपर्छ।

"प्रचार-कार्य सम्बन्धी चिनियाँ कम्युनिस्ट पार्टीको राष्ट्रिय सम्मेलनमा भाषण" (मार्च १२, १९५७)

हामी आफूलाई थाहा नभएको कुरा सिक्न सक्छौं। हामीहरू पुरानो संसारलाई ध्वस्त गर्न मात्र सिपालु छैनौं, नयाँ संसारलाई बनाउन पनि सिपालु छौं।

"चिनियाँ कम्युनिस्ट पार्टीको सातौं केन्द्रीय समितिको दोस्रो प्लेनमलाई रिपोर्ट" (मार्च ५, १९४९)

अहिले, अरूबाट सिक्ने विषयमा दुइ भिन्न दृष्टिकोण छन्। एउटा चाहिं, हाम्रा अवस्थाहरूसित सुहाउँदो होस् अथवा नहोस् जुनसुकै कुरा पनि लागू गर्ने कट्टरपन्थी दृष्टिकोण हो। यो राम्रो होइन। अर्को चाहिं आफूले विचार गरेर, हाम्रा अवस्थाहरूलाई सुहाउँदा ती कुराहरू सिक्ने, अर्थात्, हामीलाई काम

लाग्ने जुनसुकै अनुभव पनि लिने दृष्टिकोण हो। हामीले लिनुपर्ने दृष्टिकोण यही हो।

"जनताका अन्तरविरोधहरूको सही सन्चा-लनका विषयमा" (फरवरी २७, १९५७)

मार्क्स, एङ्गेल्स, लेनिन र स्तालिनको सिद्धान्त सर्वत्र लागू गर्न योग्य छ। हामीले यसलाई कट्टरता झैं होइन तर काममा पथ-प्रदर्शक झैं ठान्नुपर्छ। यसलाई अध्ययन गर्नु खालि शब्द र वाक्यांश सिक्ने कुरा होइन, तर क्रान्तिको विज्ञानको रूपमा मार्क्सवाद-लेनिनवाद सिक्नु हो। यो मार्क्स, एङ्गेल्स, लेनिन र स्तालिनले वास्तविक जीवनको विस्तृत अध्ययन र क्रान्तिकारी अनुभवबाट सार खिचेका सामान्य नियमहरूलाई बुझ्ने कुरा मात्र होइन, तर समस्याहरू जाँच्ने तथा समाधान गर्ने उहाँहरूको अड़ान र तरीकाको अध्ययन गर्नु हो।

"राष्ट्रिय युद्धमा चिनियाँ कम्युनिस्ट पार्टी-को भूमिका" (अक्टोबर १९३८)

हामीसँग सही सिद्धान्त भएर पनि हामी त्यसलाई खालि पाठ गर्छौं, दराजमा थन्क्याउँछौं मात्र र कार्यमा प्रयोग गर्दैनौं भने त्यो सिद्धान्त जतिसुकै राम्रो भए पनि महत्वहीन छ।

"व्यवहारका विषयमा" (जुलाई १९३७)

मार्क्सवादी सिद्धान्तमा पूरा ज्ञान प्राप्त गर्नु र त्यसको प्रयोग गर्नु आवश्यक छ, प्रयोग गर्ने मुख्य हेतुले नै यसमा पूरा ज्ञान प्राप्त गर। तिमी एक-दुइ व्यावहारिक समस्याहरूको व्याख्या गर्न मार्क्सवादी-लेनिनवादी दृष्टिकोणलाई प्रयोग गर्न सक्छौ भने तिम्रो प्रशंसा गर्नुपर्छ र केही उपलब्धि सहित तिमीले जस पाउनुपर्छ। बर्ता समस्याहरूको व्याख्या गर्छौ भने र बर्ता विस्तृत रूपमा र गहीरोसित तिमी त्यसो गर्छौ भने तिम्रो उपलब्धि त्यति नै ठूलो हुनेछ।

"पार्टीको कार्य-शैलीलाई सच्याऊ" (फर-वरी १, १९४२)

मार्क्सवादी-लेनिनवादी सिद्धान्तलाई चिनियाँ क्रान्तिको कार्यसित कसरी गाँस्ने ? साधारण भाषामा भन्ने हो भने, यो "निशानामा वाण हान्नु सरि" हो। वाण निशानाको निम्ति भए जस्तै, मार्क्सवाद-लेनिनवाद चिनियाँ क्रान्तिको निम्ति हो। तैपनि केही कामरेडहरूले "निशाना बिना नै हानिरहेछन्", जथाभावीसित हानिरहेछन्, र यस्ता मानिसहरूले क्रान्तिलाई नोक्सान पुऱ्याउँछन्।

उपर्युक्त

काममा अनुभवी भएकाहरूले सिद्धान्तको अध्ययनमा लाग्नैपर्छ र गम्भीरतापूर्वक पढ्नैपर्छ ; अनि मात्र उनीहरूले आफ्नो अनुभवलाई व्यवस्थित पार्न तथा सार रूप दिन र सिद्धान्तको स्तरमा उठाउन समर्थ हुनेछन्, अनिमात्र उनीहरूले आफ्नो आंशिक अनुभवलाई विश्वव्यापी सत्य ठान्ने गल्ती गर्नेछैनन् र अनुभववादका भूलहरू गर्नेछैनन्।

उपर्युक्त

पढ्नु सिक्नु हो, तर प्रयोग गर्नु पनि सिक्नु नै हो र त्यो बर्ता महत्वपूर्ण खालको सिक्नु हो। हाम्रो मुख्य तरीका युद्धबाटै युद्ध सिक्नु हो। स्कूलमा जाने अवसर नपाएको व्यक्तिले पनि युद्ध सिक्न सक्छ — उसले युद्धमा लड़ेर सिक्न सक्छ। क्रान्तिकारी युद्ध जन-कार्य हो ; यो अक्सर गरी पहिले सिक्ने र अनि गर्ने कुरा होइन, तर पहिले गर्ने अनि सिक्ने हो किनभने गर्नु नै सिक्नु हो।

"चीनको क्रान्तिकारी युद्धका रणनीतिका समस्याहरू" (डिसेम्बर १९३६)

साधारण नागरिक र सिपाहीको बीच रिक्तता छ, तर यो ठूलो पर्खाल होइन, र यसलाई तुरुन्तै जोड्न सकिन्छ र यसलाई जोड्ने बाटो क्रान्तिमा, युद्धमा भाग लिनु हो। सिक्नु र प्रयोग गर्नु सजिलो छैन भन्नाको हाम्रो अभिप्राय सम्पूर्ण रूपले सिक्नु र दक्षतापूर्वक प्रयोग गर्नु गाह्रो छ भन्नु हो। नागरिकहरू धेरै चाँड़ो सिपाही हुन सक्छन् भन्नुमा हाम्रो अभिप्राय संघार

नाघ्नु गाह्रो छैन भन्ने हो। यी दुइ भनाइलाई एकै चोटि भन्दा, हामीहरू यस चिनियाँ उखानलाई दृष्टान्तको रूपमा दिन सक्छौं, "आफूले ध्यान दिने मान्छेको निम्ति संसारमा कुनै कुरा पनि गाह्रो हुंदैन।" संघार नाघ्नु गाह्रो छैन र काममा मन दियो र सिक्न सिपालु छ भने राम्ररी दक्षता प्राप्त गर्नु पनि सम्भव छ।

उपर्युक्त

कसरी गर्ने भन्ने थाहा पाएकाहरू जोसुकै भए पनि ती सबैबाट हामीले आर्थिक कार्यहरू गर्न सिक्नैपर्छ। हामीले उनीहरूलाई गुरुहरूलाई झैं मान राख्नुपर्छ, उनीहरूबाट आदरपूर्वक र सजग भएर सिक्नुपर्छ। हामीले आफूलाई थाहा नहुंदानहुंदै पनि थाहा पाएको बहाना गर्नु हुंदैहुन्न।

"जनताको जनवादी अधिनायकत्वका विषयमा" (जून ३०, १९४९)

ज्ञान विज्ञानको कुरा हो, र बेईमानी अथवा घमण्ड कुनै पनि हुनुहुन्न। चाहिएको कुरा यसको बिल्कुलै उल्टो छ – ईमानदारी र नम्रता।

"व्यवहारका विषयमा" (जुलाई १९३७)

सन्तोष अध्ययनको शत्रु हो। हामीहरूले सन्तोषबाट नजोगिएसम्म कुनै कुरा पनि साँच्ची नै सिक्न सक्दैनौं। आफूप्रति हाम्रो दृष्टिकोण "सिक्न असन्तोषी" र अरूप्रति "सिकाउन नथाक्ने" हुनुपर्छ।

"राष्ट्रिय युद्धमा चिनियाँ कम्युनिस्ट पार्टीको भूमिका" (अक्टोबर १९३८)

केही मानिसहरूले अलिकति मार्क्सवादी किताबहरू पढ़ेका छन् र आफूलाई अति विद्वान् सम्झन्छन्, तर उनीहरूले पढ़ेको कुरा तिखारिएको छैन, त्यसले उनीहरूको विचारमा जरो गाड़ेको छैन, तसर्थ उनीहरूलाई त्यो कसरी प्रयोग गर्ने भन्ने थाहा छैन र उनीहरूका वर्गीय भावनाहरू पुरानै छन्। फेरि यस्ता मा-

निसहरू पनि छन्, जो खुबै घमण्डी छन् र केही किताबी वाक्यांशहरू सिकेर आफूलाई डरलाग्दो सम्झन्छन् र खूब धृष्ट छन् ; तर जब आँधी चल्छ, उनीहरूले मजदूर र किसानहरूको बहुसंख्याकोभन्दा धेरै फरक अड़ान लिन्छन् । पछिल्लाहरू दृढ़ रहंदा उनीहरू डग्मगिन्छन्, पछिल्लाहरू निर्णयात्मक हुंदा उनीहरू दोधारमा पर्छन् ।

"प्रचार-कार्य सम्बन्धी चिनियाँ कम्युनिस्ट पार्टीको राष्ट्रिय सम्मेलनमा भाषण" (मार्च १२, १९५७)

मार्क्सवादलाई वास्तविक रूपमा बुझ्न, किताबबाट मात्र सिक्नैपर्छ भन्ने होइन तर खास गरी वर्ग-सङ्घर्ष, व्यावहारिक कार्य र मजदूरहरू र किसान-समूहसितको घनिष्ठ सम्पर्कद्वारा नै सिक्नुपर्छ । जब हाम्रा बुद्धिजीवीहरूले मार्क्सवादी किताबहरूको अध्ययनको साथसाथै मजदूरहरू र किसान-समूहसितको घनिष्ठ सम्पर्कद्वारा र आफ्ना व्यावहारिक कार्यद्वारा केही ज्ञान हासिल गरेका हुन्छन्, हामीहरू

सबै त्यही भाषा बोलिरहेका हुनेछौं, देशभक्तिको समान भाषा, समाजवादी व्यवस्थाको समान भाषा मात्र होइनन् तर सम्भवतः साम्यवादी विश्व-दृष्टि-कोणको समान भाषा पनि बोलिरहेका हुनेछौं । यसो भयो भने, हामीहरू सबैले निश्चयनै बर्ता राम्ररी काम गर्नेछौं ।

उपर्युक्त

毛 主 席 语 录

*

外文出版社出版（北京）

1972年版

编号：（尼泊尔）1050—539

00077

1—N—734Pc